श्री विशेष अदालत, काठमाडौं समक्ष पेश गरेको

<u>आरोप-पत्र</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत अच्युतमणि नेउपाने समेतको प्रतिवेदनले नेपाल सरकार .....१ **वादी**

<u>विरुद्धः</u>

१. क्षेत्रसिं देउजाको नाति, गोपालसिं देउजाको छोरा, भक्तपुर जिल्ला, साविक चित्तपोल गा.वि.स. वडा नं. २ हाल भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. १०, देउजागाउँ बस्ने मालपोत कार्यालय, काठमाण्डौंका तत्कालीन मालपोत अधिकृत बर्ष ६८ को कलाधर देउजा (ना.प्र.नं. ४१४५/०२३, मोबाइल नं.९८४१२५२०४४).....१ **प्रतिवादी**

२. उमानाथ आचार्यको नाति, दामोदर आचार्यको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.५ बस्ने बर्ष ७७ का तत्कालिन भुमिसुधार तथा व्यवस्था विभागका महानिर्देशक मुकुन्द प्रसाद आचार्य (मिति २०७२।१२।२३ मा मृत्यु).....१

३. उत्तरमान कपालीको नाति, उदयमान कपालीको छोरा, जिल्ला काठमाण्डौं, साविक काठमाण्डौं महानगरपालिका वडा नं २७ घर भई हाल वडा नं. २५ बस्ने मालपोत कार्यालय, डिल्लीबजार,

काठमाण्डौंका तत्कालीन मालपोत अधिकृत बर्ष ७४ को सुरेन्द्रमान कपाली (ना.प्र.नं.२०८७/०४५/२०,काठमाण्डौं, मोबाइल नं. ९८४१७०२९६१).....१

४. महेश्वर गौतमको नाति, दाताराम गौतमको छोरा, साविक ईलाम जिल्ला, ईलाम नगरपालिका वडा नं.३ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ७ बस्ने मालपोत विभागका तत्कालीन शाखा अधिकृत बर्ष ७५ को धर्म प्रसाद गौतम (क.सं.नं. १२०९/०४५, मोबाइल नं. ९८४१४२०४३८).....१

५. पुरुषोत्तम पुडासैनीको नाति, दुर्गा प्रसाद पुडासैनीको छोरा काठमाण्डौं जिल्ला, कागेश्वरी मनहरा नगरपालिका वडा नं.३ बस्ने जगत प्रसाद पुडासैनी (मिति २०७६।०१।१९ मृत्यु).....१

६. भीम बहादुर श्रेष्ठको नाति, राम प्रसाद श्रेष्ठको छोरा, साविक पर्वत जिल्ला, फलेवास नगरपालिका, वडा नं.६ हाल काठमाण्डौं महानगरपालिका वडा नं.१६ बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन खरिदार युक्त प्रसाद श्रेष्ठ बर्ष ५८ को (ना.प्र.नं. १४५/०३६/५/१२, मोबाइल नं. ९८५१०६९१४४) १

७. कविराज श्रेष्ठको नाति, कृष्णराज श्रेष्ठको छोरा, साविक प्युठान जिल्ला, प्युठान नगरपालिका वडा नं.४, विजुवार बजार हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१५, खुमलहाइट बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलका तत्कालीन महानिर्देशक ६७ वर्षको रुद्र कुमार श्रेष्ठ (ना.प्र.नं.४८६०/०४६, कर्मचारी संकेत नं. ७७२२०, मोबाइल नं. ९८५१०४०६१९).....१

८. देवदत्त उपाध्यायको नाति, हरिलाल उपाध्यायको छोरा, जिल्ला डोटी बस्ने भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल काठमाण्डौंका तत्कालीन निर्देशक, पुष्पराज उपाध्याय, (कर्मचारी संकेत नम्बर ८०८२१).....१

९. कमलाकान्त ढुंगानाको नाति, लिलाम्वर ढुंगानाको छोरा, साविक स्याङजा जिल्ला, छाङछाडदी गा.वि.स. वडा नं.३ (परिवर्तित भिर्कोट न.पा. वडा नं.४) हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं

महानगरपालिका वडा नं.७, चावहिल, बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलका तत्कालीन शाखा अधिकृत वर्ष ६४ को इन्द्र प्रसाद ढुंगाना (ना.प्र.नं. ८३५/२८०४५, कर्मचारी संकेत नं. ५९६३७, मोबाइल नं. ९८५१०५०४५४).....१

१०. नयनानन्द घिमिरेको नाति, जगन्नाथ घिमिरेको छोरा, साविक खोटाङ जिल्ला रिब्दुङ वडा नं.९ हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं.८, मण्डिखाटार बस्ने मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत वर्ष ५९ को टिकाराम घिमिरे (ना.प्र.नं. १९१२/१९१८, मोबाइल नं. ९८४१६६८४४४).....१

११. लाल बहादुर वुढा क्षेत्रीको नाति, भक्त बहादुर वुढा क्षेत्रीको छोरा, साविक दैलेख जिल्ला, पिलाडी गा.वि.स वडा नं. ३ हाल काठमाण्डौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ११, मनमैजु बस्ने तत्कालीन मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंका तत्कालीन नायब सुब्बा वर्ष ६९ को टिका बहादुर वि.सी. (ना.प्र.नं.३३८७, कर्मचारी संकेत नं. ९१४१९, मोबाइल नं.९८५१०३३४८४).....१

१२. पिताम्वर पोखरेलको नाति, शंकरी प्रसाद पोखरेलको छोरा, साविक जिल्ला झापा, भद्रपुर नगरपालिका वडा नं. ५ घर भई मालपोत कार्यालय, काठमाण्डौंका तत्कालीन खरिदार जिवनाथ पोखरेल (ना.प्र.नं.११८०१००३६).....१

१३. बलभद्र भण्डारीको नाति, यदुकुमार भण्डारीको छोरा, साविक काठमाण्डौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ४ हाल तारकेश्वर नगरपालिका वडा नं.२, बालाजु बस्ने समरजङ्ग कम्पनीका तत्कालीन कार्यालय प्रमुख वर्ष ६९ को अर्जुन प्रसाद भण्डारी (ना.प्र.नं. २७६६, मोबाइल नं. ९८४१३९४९५३).....१

१४. शेष गुल्जारको नाति, शेष रहमत अलीको छोरा, साविक सर्लाही जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.८ घर भई हाल चक्रघट्टा गाउँपालिका वडा नं. ४, बस्ने काठमाण्डौं नापी कार्यालय, डिल्लीबजारका तत्कालीन नापी अधिकृत वर्ष ५९ को मोहम्मद साविर हुसैन (ना.प्र.नं. ३७८/४७२, कर्मचारी संकेत नं. १७०९५२, मोबाइल नं.९८५१०८४७२३).....१

१५. बुबा हरि प्रसाद पुडासैनी तथा आमा तुलसा पुडासैनीको छोरा, साविक काठमाण्डौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ३ हाल काठमाण्डौं महानगरपालिका वडा नं. १६, बनस्थली, कल्याणनगर बस्ने काठमाण्डौं मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन नायव सुब्बा वर्ष ६४ को श्रीहरि पुडासैनी (ना.प्र.नं. ५१८३/१७०५९, मोबाइल नं. ९८४३२२७९१४).....१

१६. खम बहादुर क्षेत्रीको नाति, वेद बहादुर क्षेत्रीको छोरा, साविक इलाम जिल्ला, श्रीअन्तु गा.वि.स. वार्ड नं.३ हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २५, भैसेपाटी बस्ने काठमाण्डौं मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन खरिदार वर्ष ५९ को श्याम कुमार क्षेत्री (न.प्र.नं. ८४२३/१४७१/इलाम, कर्मचारी संकेत नं. ११४९१५, मोबाइल नं. ९८५११७७७०२ र ९८२३५०५६३५).....१

१७. लक्ष्मीनारायण तिमिल्सिनाको नाति, भीमनाथ तिमिल्सिनाको छोरा, साविक झापा जिल्ला, दमक-५ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.३१, भीमसेन गोला बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुख वर्ष ६० को हरि कृष्ण तिमिल्सिना (ना.प्र.नं४१६९/पाँचथर, मोबाइल नं. ९८५१११८८०७).....१

१८. श्री प्रसाद पोखरेलको नाति, बाबुराम पोखरेलको छोरा जिल्ला लमजुङ, मध्यनेपाल नगरपालिका वडा नं.७ बस्ने बर्ष ५५ को परशुराम पोखरेल (ना.प्र.नं.४८७/ मृत्यु २०७४।१२।०३)...१

१९. पदम राज पौडेलको नाति, डम्बर राज पौडेलको छोरा, साविक भक्तपुर जिल्ला, खैरेनीटार गा.वि.स वडा नं. ७ हाल चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १२ बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन शाखा अधिकृत वर्ष ६० को कृष्ण प्रसाद पौडेल (ना.प्र.नं. १४३, कर्मचारी संकेत नं. १०१९१६, मोबाइल नं. ९८५१०८२९८८).....१

२०. मनिराज भट्टको नाति, नारद भट्टको छोरा, साविक डोटी जिल्ला, सिलगढी नगरपालिका वडा नं.५ हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ३, थानकोट बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन नायव सुब्बा वर्ष ६६ को प्रकाश नारायण भट्ट (ना.प्र.नं. ३७१/२८७२/५७६, मोबाइल नं. ९८६९१७६९८१).....१

२१. मोतीलाल पौडेलको नाति, दुर्गादत्त पौडेलको छोरा, साविक स्याङजा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं.१४ हाल काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.४ बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालिन नायव सुब्बा वर्ष ५८ को टंकनाथ पौडेल (ना.प्र.नं. १५३२, कर्मचारी संकेत नं. ९९५९३, मोबाइल नं. ९८५१०६८७११).....१

२२. रामप्रसाद खापुङको नाति, जीत बहादुर खापुङको छोरा, साविक तेह्रथुम जिल्ला, खाम्लालुङ गा.वि.स. वडा नं.२ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १६, बालाजु बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत वर्ष ६४ को प्रेम बहादुर खापुङ (ना.प्र.नं. २७/६९/२६४७, मोबाइल नं. ९८५१०७५१८३).....१

२३. तारानाथ खतिवडाको नाति, नुरदेव खतिवडाको छोरा, ओखलढुंगा जिल्ला दियाले गा.वि.स.वडा नं. ५ बस्ने मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन खरिदार वर्ष ५६ को अर्जुन कुमार खतिवडा (ना.प्र.नं. ७४६/२१०९, मोबाइल नं. ९८२३१३५६९०).....१

२४. बुबा राम प्रसाद सुवेदी तथा आमा क्षत्र कुमारी सुवेदीको छोरा, साविक चितवन जिल्ला, रत्ननगर-१३, जयमंगला हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ४, चण्डौल बस्ने भूमिसुधार कार्यालय, काठमाण्डौंका तत्कालीन भूमिसुधार अधिकारी वर्ष ५७ को शंकर प्रसाद सुवेदी (ना.प्र.नं. ३९९९, कर्मचारी संकेत नं. ८७४६८, मोबाइल नं. ९८४१३४५५४२).....१

२५. गणेशदत्त सिग्देलको नाति, विष्णु प्रसाद सिग्देलको छोरा, साविक बारा जिल्ला, कलैया नगरपालिका वडा नं. २ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ९ बस्ने भूमिसुधार कार्यालय, काठमाण्डौंका तत्कालीन नायव सुब्बा वर्ष ४९ को अंगुर कुमार सिग्देल (ना.प्र.नं. १६३३/०८७३, मोबाइल नं. ९८४९३०३८७०).....१

२६. बुद्धीलाल श्रेष्ठको नाति, कृष्ण लाल श्रेष्ठको छोरा, साविक काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. ८ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ११ बस्ने भूमिसुधार कार्यालय, काठमाण्डौंका तत्कालीन नायव सुब्बा वर्ष ६२ को केदार प्रसाद श्रेष्ठ (ना.प्र.नं. ३०-०१-७५-०२५५१, मोबाइल नं. ९८४१२९७५५०).....१

२७. ऋषिराम घिमिरेको नाति, तुलसी राम घिमिरेको छोरा, साविक गुल्मी जिल्ला, धुर्कोट, रजस्थल-६ लुङखर्क हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२, सहयोगीनगर बस्ने नापी कार्यालय, डिल्लीबजारका तत्कालीन नापी अधिकृत वर्ष ४८ को कमल घिमिरे (ना.प्र.नं. ५४८८/गुल्मी, कर्मचारी संकेत नं. १५७८५१,मोबाईल नं.९८४१३३३४९९).....१

२८. धर्मराज लामिछानेको नाति, गौरव बहादुर लामिछानेको छोरा, साविक पर्वत जिल्ला,जलजला गाँउपालिका वडा नं.३ हाल काठमाण्डौं जिल्ला, टोखा नगरपालिका बस्ने नापी कार्यालय, डिल्लीबजारका तत्कालीन सर्भेक्षक वर्ष ५४ को देव बहादुर लामिछाने (ना.प्र.नं. २०५६, कर्मचारी संकेत नं. १०२२५५, मोबाइल नं.९८५१०६११७३).....१

२९. कबिराम अर्यालको नाति, दुधमान अर्यालको छोरा, गुल्मी जिल्ला, मालीका गाउँपालिका वडा.नं.५, बस्ने नापी कार्यालय, डिल्लीबजारका तत्कालीन अमिन वर्ष ३६ को भरतचन्द्र अर्याल (ना.प्र.नं. २२५९६, कर्मचारी संकेत नं. १८६८७४, मोबाइल नं. ९८५७८३६०१७).....१

३०. बुबा मोहनलाल भण्डारी तथा आमा चन्द्रादेवी भण्डारीको छोरा, साविक दाङ जिल्ला, टरीगाउँ-७, तुलसीपुर हाल भक्तपुर जिल्ला, मध्यपुर ठीमी, लोकन्थली बस्ने नापी कार्यालय, डिल्लीबजारका तत्कालीन नापी अधिकृत वर्ष ४८ को जनक बहादुर भण्डारी (ना.प्र.नं. ७२१/१४५८, कर्मचारी संकेत नं. १४१२०२, मोबाइल नं.९८५१०९८३३६).....१

३१. चतुर्भुज के.सी. (निरौला)को नाति, कृष्ण भक्त के.सी.(निरौला)को छोरा, साविक उदयपुर जिल्ला, बेल्टार-८ हाल भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका वडा नं. १ लोकन्थली बस्ने मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन मालपोत अधिकृत वर्ष ६२ को हुपेन्द्रमणी के.सी (ना.प्र.नं. २१३/१२१३/काठमाण्डौं, मोबाइल नं. ९८६०७८२२९९).....१

३२. बुबा मनिराज थापा तथा आमा बसुन्धरा थापाको छोरा, साविक पर्वत जिल्ला, फलेवास नगरपालिका वडा नं. ४ हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ९, नयाँ कोलोनी बस्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सह-सचिव वर्ष ६२ को जीत बहादुर थापा (ना.प्र.नं. २९७/२६६४, कर्मचारी संकेत नं. ८७२७०, मोबाइल नं. ९८५१०८५२५२).....१

३३. विरादत्त पन्तको नाति,कमलाकान्त पन्तको छोरा, साविक बैतडी जिल्ला, पाटन नगरपालिका वडा नं. ६ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२, सुविधानगर बस्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव वर्ष ६६ को छविराज पन्त (ना.प्र.नं. १५२९९, मोबाइल नं. ९८५१११११६५९).....१

३४. पुननारायण श्रेष्ठको नाति, दिर्घनारायण श्रेष्ठको छोरा, साविक चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ९, मिलनचोक हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, रुद्रनगर, रातोपुल वस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारका तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री वर्ष ६८ को डम्बर श्रेष्ठ (ना.प्र.नं. ५०६५३, मोबाइल नं. ९८५११९४७२३).....१

३५. निरबहादुर श्रेष्ठको नाति, मणिक लाल श्रेष्ठको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१९,कुलेश्वर बस्ने भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगरका तत्कालीन ईन्जिनियर वर्ष ६३ को राजेन्द्रमान श्रेष्ठ (ना.प्र.नं. ८६४/काठमाण्डौं, कर्मचारी संकेत नं. ७०३००, मोबाइल नं.९८४१२३६४८०).....१

३६. विष्णु दास श्रेष्ठको नाति, कृष्ण भक्त श्रेष्ठको छोरा, साविक काठमाण्डौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. ८, पाँगा हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बस्ने भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगरका तत्कालीन सिनियर डिभिजनल ईन्जिनियर वर्ष ५८ को वालकृष्ण श्रेष्ठ (ना.प्र.नं. ५०९०/काठमाण्डौं, कर्मचारी संकेन नं. ११३२२१, मोबाइल नं.९८५१०९६७२०).....१

३७. ढुण्डीराज राजकर्णिकारको नाति, बुद्धिराज राजकर्णिकारको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२७, भोटाहिटी बस्ने भवन निर्माण तथा संभार डिभिजन कार्यालय, अनामनगरका तत्कालीन डिभिजन प्रमुख (सुपरिटेन्डेण्ट ईन्जिनियर) वर्ष ६३ को सुरोज राज राजकर्णिकार (ना.प्र.नं. ५५०८, कर्मचारी संकेत नं. ८४१४३, मोबाइल नं. ९८५१०४९१७८).....१

३८. तारानाथ उप्रेतीको नाति, खगेन्द्र नाथ उप्रेतीको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १०, बुद्धनगर बस्ने शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलका तत्कालीन महानिर्देशक वर्ष ६५ को अशोकनाथ उप्रेती (ना.प्र.नं. ६४८४/काठमाण्डौं, मोबाइल नं. ९८४९०१९०४२ र ९८५११७२५०२).....१

३९. हर्क बहादुर बस्न्यातको नाति, नर्सिङ बहादुर बस्न्यातको छोरा, साविक उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा नं.२ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९ काठमाण्डौं महानगरपालिका वडा नं.९, बत्तिसपुतली बस्ने भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव वर्ष ६७ को दीप बस्न्यात (ना.प्र.नं. १०२००/काठमाण्डौं,मोबाइल नं. ९८५१२१५०३१).....१

४०. बुबा काशीनाथ गौतम तथा आमा सीतादेवी गौतमको छोरा, साविक मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ४, हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.३०, मैतिदेवी बस्ने तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन उपसचिव (कानून) वर्ष ५१ को विनोदकुमार गौतम (ना.प्र.नं. १३६१, कर्मचारी संकेत नं. १५८५३८, सम्पर्क नं.०१-४४३४४९९).....१

४१. शिवधन गच्छादारको नाति, सिरु गच्छादारको छोरा, साविक सुनसरी जिल्ला, दुहवी नगरपालिका वडा नं. २, पचिरा हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका मण्डिखाटार बस्ने तत्कालीन उप-प्रधानमन्त्री तथा भौतिक योजना तथा निर्माण मन्त्रालयका विभागीय मन्त्री वर्ष ६६को विजय कुमार गच्छदार (मोबाइल नं. ९८५१०३३४५०).....१

४२. भोजराज आचार्यको नाति, नारायण प्रसाद आचार्यको छोरा, साविक ललितपुर जिल्ला, झरुवावासी वडा नं.९ घर भई हाल ललितपुर महानगरपालिका वडा नं १४, ताल्छीखेल बस्ने गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन उप-प्रशासक वर्ष ६८ को हरिबोल आचार्य (ना.प्र.नं. २८-०१-०६५-०२५८३, मोबाइल नं. ९८४१६१५२३४).....१

४३. खड्गपाणी विडारीको नाति, चिरञ्जिवि विडारीको छोरा, साविक काठमाण्डौं जिल्ला, नैकाप हाल चन्द्रागिरी नगरपालिका वडा नं. १२ बस्ने तत्कालीन गुठी संस्थान तहशिल शाखा कार्यालय,

काठमाण्डौंका वरिष्ठ सहायक बर्ष ५७ को रामेश्वर विडारी (ना.प्र.नं.५१०, काठमाण्डौं, मोबाइल नं.९८५१०५५६४२).....१

४४. राम प्रसाद चापागाईंको नाति, वुद्धि कृष्ण चापागाईंको छोरा, साविक काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स.वडा नं.६ हाल चितवन जिल्ला, खैरेनी नगरपालिका वडा नं.४ बस्ने गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन प्रशासक वर्ष ५४ को सेमन्तराज चापागाईं (ना.प्र.नं. ३०-०१-७४-००७१२, मोबाइल नं. ९८५१०४७८५८).....१

४५. होमनाथ सुवेदीको नाति, काशीनाथ सुवेदीको छोरा, साविक ओखलढुंगा जिल्ला, फेदीगुठ वडा नं. ३ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४, कुमारीटोल, धुम्बाराही बस्ने गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन सह-प्रशासक वर्ष ६० को हेमराज सुवेदी (ना.प्र.नं. २१, मोबाइल नं. ९८४१३१३८००).....१

४६. नारायण पाण्डेको नाति, टिकाराम पाण्डेको छोरा, साविक डडेल्धुरा जिल्ला, अजयमेरु गाउँपालिका वडा नं.३ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२, लाजिम्पाट बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारका तत्कालीन सहसचिव वर्ष ५७ को तेजराज पाण्डे (ना.प्र.नं. १२३७, डडेल्धुरा, कर्मचारी संकेत नं. १२४०१६, मोबाइल नं. ९८४१३५७२३८).....१

४७. दुर्गाहरि अधिकारीको नाति, नन्दनहरि अधिकारीको छोरा, साविक सर्लाही जिल्ला, हरिवन गा.वि.स (हाल न.पा.) वडा नं.८ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९ करुणामार्ग, बत्तिसपुतली बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारका तत्कालीन सचिव वर्ष ६२ को दिनेशहरि अधिकारी (ना.प्र.नं. १९५५०, काठमाण्डौं, कर्मचारी संकेत नं. ८९३५०, मोबाइल नं. ९८५१०६७१३१).....१

४८. गङ्गादत्त जोशीको नाति, जगन्नाथ जोशीको छोरा, दार्चुला साविक जिल्ला, शंकरपुर वस्ती, दार्चुला भई हाल काठमाण्डौं महानगरपालिका, मध्यबानेश्वर बस्ने तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारका तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री चन्द्रदेव जोशी (ना.प्र.नं. २४५३/दार्चुला, मोबाइल नं.९८४१५५२५८५).....१

४९. बज्रमोहन पोखरेलको नाति, नरनाथ पोखरेलको छोरा, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं.८ बस्ने बर्ष ५२ को तुलसी पोखरेल (ना.प्र.नं.२७४/खोटाङ/मृत्यु २०७०।१२।०६).....१

५०. धनन्जय जोशीको नाति, जगन्नाथ जोशीको छोरा, साविक डोटी जिल्ला, मान्नाकापडी-१ (हाल वडिकेदार गाँउपालिका वडा नं. ४) हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. २ बस्ने गुठी संस्थान प्रधान कार्यालय, काठमाण्डौंका उप-प्रशासक वर्ष ५४ को हरि प्रसाद जोशी (ना.प्र.नं. २४३५, कर्मचारी संकेत नं.०६,मोबाइल नं. ९८४१३७२९१६).....१

५१. बाबुराम साह तेलीको नाति, भुदुर साह तेलीको छोरा, साविक पर्सा जिल्ला, भेडिहारी गा.वि.स वडा नं. ८ हाल कालिकामाई गाँउपालिका वडा नं.२ बस्ने गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन प्रशासक वर्ष ५० को बलिराम प्रसाद तेली (ना.प्र.नं. १३५९२२०४, मोबाइल नं. ९८५११३५६५७).....१

५२. बुबा राम प्रसाद भट्ट तथा आमा चम्पादेवी भट्टको छोरा, साविक सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं.१ हाल ललितपुर जिल्ला,ललितपुर महानगरपालिका वडा नं.३ बस्ने गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन कायम मुकायम प्रशासक वर्ष ६६ को दिलिप कुमार भट्ट (ना.प्र.नं.४/९१६८/४०१८, मोबाइल नं. ९८५११६३०८९).....१

५३. विष्णुहरि पौडेलको नाति, रेवती रमण पौडेलको छोरा, साविक काठमाण्डौं जिल्ला, वालुवा गा.वि.स वडा नं. ९ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.४ बस्ने गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंका तत्कालीन सहायक वर्ष ५७ को नवराज पौडेल (ना.प्र.नं. ६५०२/१८८, काठमाण्डौं, मोबाइल नं. ९८४१४१२५१९).....१

५४. भानुभक्त पौडेलको नाति, नन्द प्रसाद पौडेलको छोरा, साविक तनहुँ जिल्ला, रुपाकोट-५ हाल भानु नगरपालिका वडा नं.९ बस्ने तत्कालीन गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंका तत्कालिन

सहायक प्रशासक वर्ष ३८ को शैलेन्द्र पौडेल (ना.प्र.नं. ३१७६८, मोबाइल नं. ९८४१६२६५४३).....१

५५. धर्म प्रसाद रेग्मीको नाति, बाबुराम रेग्मीको छोरा, साविक गोरखा जिल्ला,घ्याल्चोक-५ हाल काठमाण्डौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं.२ बस्ने तत्कालीन गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंका कार्यालय प्रमुख (उप-प्रशासक) वर्ष ५४ को जय प्रसाद रेग्मी (ना.प्र.नं.१३७६, कर्मचारी संकेत नं. ०७, मोबाइल नं.९८५१०९८४७७).....१

५६. बद्रिनाथ दाहालको नाति, रेवती प्रसाद दाहालको छोरा, साविक उदयपुर जिल्ला, कटारी नगरपालिका वडा नं.५ भूल्के हाल भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं.२, बालकोट बस्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंका तत्कालीन नायव सुब्बा वर्ष ४९ को फणिन्द्र प्रसाद दाहाल (ना.प्र.नं. २४६७/उदयपुर, कर्मचारी संकेत नं. १९८०३६, मोबाइल नं. ९८४३०३८७०८).....१

५७. बुबा ज्ञान बहादुर राना तथा आमा रामसुन्दरी रानाको छोरा, साविक सर्लाही जिल्ला, वरहथवा - ४ हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं.४ बस्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंका तत्कालीन नायव सुब्बा वर्ष ४१ को मणि कुमार राना (ना.प्र.नं. ०८९०६४७०, कर्मचारी संकेत नं. ११५७०६, मोबाइल नं. ९८४६०३७४४४).....१

५८. पहलमान कार्कीको नाति, तिर्थ बहादुर कार्कीको छोरा, साविक खोटाङ जिल्ला, बाहुनीडाँडा वडा नं.३ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९, सिनामंगल बस्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंका तत्कालीन शाखा अधिकृत ५२ बर्षको बद्री बहादुर कार्की (ना.प्र.नं. १७९३/खोटाङ, कर्मचारी सकेत नं. ११४८१५, मोबाइल नं.९८५१०५२०८०)...१

५९. अनन्त राम उप्रेतीको नाति, जगत प्रसाद उप्रेतीको छोरा, साविक झापा जिल्ला, मेची नगरपालिका वडा नं.४ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.३१, नयाँबानेश्वरबस्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंका तत्कालीन उप-सचिव वर्ष ६१ को लक्ष्मी

नारायण उप्रेती (ना.प्र.नं. २७७१७९८, कर्मचारी संकेत नं. ११८७७४, मोबाइल नं. ९८४१२५२६२५).....१

६०. पद्मनाथ शर्माको नाति, विष्णु प्रसाद शर्माको छोरा, साविक मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ४,वरगाछी हाल भक्तपुर जिल्ला, मध्यपुरथिमी नगरपालिका वडा नं.७, धुन्चेपाखा बस्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंका तत्कालीन प्रमुख मालपोत अधिकृत ६४ वर्षको दिनेश प्रसाद शर्मा (ना.प्र.नं. १२४२/३३३, मोरङ, कर्मचारी संकेत नं. १०९५८३, मोबाइल नं. ९८४१३५५४९८).....१

६१. हिरण्य शमशेर ज.ब.रा.को नाति, सुवर्ण समशेर ज.ब.रा.को छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ९, बत्तीसपुतली बस्ने बर्ष ८४ को रुक्म शम्शेर ज.ब.रा. (ना.प्र.नं. १२०७८/०४५/१/७, मोबाइल नं.९८५१०२०२०२).....१

६२. सुवर्ण शमशेर ज.ब.रा.को नाति, कान्चन शमशेर ज.ब.रा.को छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १९हाल काठमाण्डौं महानगरपालिका वडा नं. ९ बस्ने बर्ष ६० को हाटक शमशेर (ना.प्र.नं. ७९११, मोबाइल नं. ९८४१३५१०४८).....१

६३. सुवर्ण शम्शेर ज.ब.रा.को नाति, कान्चन शम्शेर ज.ब.रा.को छोरा जिल्ला काठमाण्डौं,काठमाण्डौं महानगरपालिका वडा नं.९, बत्तिसपुतली बस्ने बर्ष ४९ का हेमन शम्शेर ज.ब.रा. (मिति २०६४।०९।२९ मा मृत्यु).....१

६४. रामसामन्त भोस्लेकी नातिनी, खेम सामन्त भोस्लेकी छोरी, कनक शम्शेर ज.ब.रा.को श्रीमती काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४ बस्ने बर्ष ८१ की सुनिती राणा (मिति २०७०।०१।१३ मृत्यु).....१

६५. उपेन्द्र विक्रम शाहकी नातिनी, स्वयम् प्रकाश विक्रम शाहकी छोरी, कान्चन शम्शेर ज.ब.रा.की पत्नी काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९, बत्तिसपुतली बस्ने बर्ष ६५ की शैलजा राणा (ना.प्र.नं.२३६५/१३६४६/०४० काठमाण्डौं/मृत्यु २०६१।५।१३).....१

६६. सुवर्ण शमशेर ज.ब.रा.को नाति, कनक शमशेर ज.ब.रा.को छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ४, बालुवाटार बस्ने वर्ष ६१ को हेमाद्रि शमशेर ज.ब.रा. (ना.प्र.नं.२८९४/७५९५ मोबाइल नं. ९८५१०५०२१०).....१

६७. मानवीर महर्जनको नाति, देउसिं महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २२,टोवहाल हाल काठमाण्डौं महानगरपालिका वडा नं. १७, ढल्कु बस्ने बर्ष ८१ को बिलवहादुर महर्जन (ना.प्र.नं. १७९/७१६५) (मोबाइल नं. ९८६८१५३४७७).....१

६८. टुटु महर्जनको नाति, दस महर्जनको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२५ बस्ने हर्क नारायण महर्जन भन्ने हर्ष महर्जन (ना.प्र.नं.२०८/काठमाण्डौं).....१

६९. डि.एल.एफ.डेभलपर्स प्रा.लि.,काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.११, थापाथली (दर्ता नं.४८१३२/०६४/६५) का तर्फबाट संचालक कैलाशचन्द्र गोयल.....१

७०. लोक बहादुर थापाको छोरी, दीप बहादुर सुवेदीको बुहारी, राम कुमार सुवेदीको श्रीमती साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ वाडभङ्ग्याङ हाल काठमाण्डौं महानगरपालिका वडा नं.१३, कालीमाटी बस्ने बर्ष ५१ को माधवी सुवेदी (ना.प्र.नं. ४३८१ काठमाण्डौं, मोबाइल नं. ९८४३२९२९८४) १

७१. छविलाल तिवारीको छोरी, प्रजापति ढकालको बुहारी, शोभाकान्त ढकालको श्रीमती, साविक नवलपरासी जिल्ला, कावसोती नगरपालिका वडा नं. ७ हाल काठमाण्डौं जिल्ला, नार्गाजुन नगरपालिका वडा नं. १ बस्ने बर्ष ६० को उमाकुमारी ढकाल्नी (ना.प्र.नं. ९/३४६२ नवलपरासी, फोन नं.०१-४८८४८६) १

७२. पञ्च नारायण महर्जनको नाति, लक्ष्मी नारायण महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३० हाल काठमाण्डौं महानगरपालिका वडा नं. २७ बस्ने बर्ष ६७ को श्रीकृष्ण महर्जन (ना.प्र.नं. १२२४/३०६/५१७६ काठमाण्डौं, मोबाइल नं. ९८४१४३३२५४) १

७३. बम बहादुर श्रेष्ठको नातिनी, दील बहादुर श्रेष्ठको छोरी, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ बस्ने चमेली श्रेष्ठ (ना.प्र.नं.८८६/धनकुटा).....१

७४. कुलमान महर्जनको नाति, भाजुमान महर्जनको छोरा, काठमाण्डौं जिल्ला,काठमाण्डौं महानगरपालिका वडा नं. २, ज्ञानदिप मार्ग बस्ने बर्ष ८३ को कान्छा महर्जन (ना.प्र.नं. ४१४३/६६२३ काठमाण्डौं, फोन नं. ४४३३०२६).....१

७५. आशाकाजी महर्जनको नाति, नारायण महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २, लाजिम्पाट बस्ने बर्ष ५५ को देवनारायण महर्जन (ना.प्र.नं. ५९०२/०५१/५२ काठमाण्डौं, मोबाइल नं. ९८६९६६५४०३) १

७६. अष्टमान महर्जनको बुहारी, नाती महर्जनको श्रीमती, साविक काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३ हाल काठमाण्डौं महानगरपालिका, पानीपोखरी बस्ने बर्ष ७५ को तीर्थमाया महर्जन (ना.प्र.नं. ९४६ काठमाण्डौं, फोन नं. ०१-४४२८४९८).....१

७७. पदम बहादुर गुरुङ्गको नातिनी, कर्ण बहादुर गुरुङ्गको छोरी, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका साविक वडा नं.२, लाजिम्पाट हाल काठमाण्डौं महानगरपालिका वडा नं. १६, बनस्थली बस्ने बर्ष ६४ को रेना गुरुङ्ग (ना.प्र.नं. १३६५३/३४३०/ काठमाण्डौं, मोबाइल नं. ९८४३०४९७५७) १

७८. तुयु महर्जनको नाति, तुयुभाइ महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १७ हाल काठमाण्डौं महानगरपालिका वडा नं. १६, नयाँबजार बस्ने बर्ष ६७ को बाबुराजा महर्जन (ना.प्र.नं. १५०४, मोबाइल नं.९८४१९०२३५५) १

७९. सै.महर्जनको बुहारी, न्हुछे महर्जनको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १३ बस्ने मचानानी महर्जन(१३९२३/काठमाण्डौं).....१

८०. हरिकृष्ण महर्जनको नाति, नारायण महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९ हाल काठमाण्डौं महानगरपालिका वडा नं. ५, भाटभटेनी बस्ने बर्ष ७१ को ग्वाराभाइ महर्जन (ना.प्र.नं २०७५३/काठमाण्डौं, मोबाइल नं ९८४३३३६९५८).....१

८१. न्हुछे महर्जनको नाति, जगत मान महर्जनको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२ बस्ने बर्ष ५५ को द्वारिका मान महर्जन (ना.प्र.नं. ४६२९/१७५५२ काठमाण्डौं, मोबाइल नं. ९८५११२६१६०).....१

८२. पद्मनिधि पनेरुको नातिनी, कृष्ण प्रसाद पनेरुको छोरी, भीम प्रसाद पोखरेलको श्रीमती, साविक भक्तपुर जिल्ला, बागेश्वरी- ४ हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ९ बस्ने बर्ष ३८ को रजनी पनेरु (ना.प्र.नं. २१९१७ काठमाण्डौं, मोबाइल नं. ९८४१६३५८०८)...१

८३. सुर्यमानसिंह वस्न्यातको नातिनी, नेत्रमान सिंह वस्न्यातको छोरी, गणेश बहादुर कार्कीको श्रीमती,काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३०, कमलपोखरी बस्ने बर्ष ६० को बाबा कार्की (ना.प्र.नं. ५२४६/४५२३ काठमाण्डौं, मोबाइल नं. ९८४९३६५०२२).....१

८४. हरीप्रसाद ढुङ्गानाको नाति, प्रसाद ढुङगानाको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ बस्ने अगम ढुङ्गाना (ना.प्र.नं.१९८४).....१

८५. तुल्सीराम खरेलको नाति, टिकादत्त खरेलको छोरा, काठमाण्डौं जिल्ला,काठमाण्डौं महानगरपालिका वडा नं. ३, बसुन्धरा बस्ने बर्ष ६३ को खेमलाल खरेल (ना.प्र.नं. ५६६१/४६३४, मोबाइल नं.९८५१०२१७१७).....१

८६. काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.५ स्थित भाटभटेनी डेभलपमेन्ट कम्पनी प्रा.लि (दर्ता नं.३२८३६/०६१/०६२) का तर्फबाट संचालक मीन बहादुर गुरुङ.....१

८७. प्रजापति ढकालको नातिनी, शोभाकान्त ढकालको छोरी, काठमाण्डौं जिल्ला, साविक इचंगुनारायण-०९ हाल नागार्जुन नगरपालिका वडा नं. १ बस्ने लक्ष्मी ढकाल (ना.प्र.नं.६५६६९).....१

८८. शंकनारायण महर्जनको बुहारी, आशा नारायण महर्जनको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४ बस्ने तिर्थमाया महर्जन(ना.प्र.नं.५७६/काठमाण्डौं)....१

८९. तरी महर्जनको नाति, नाति महर्जनको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२४ बस्ने देवनारायण महर्जन (५५०६/४१२५).....१

९०. साहु महर्जनको छोरी, कृष्ण महर्जनको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१९ बस्ने वर्ष ७८ को श्रीमती मोहन महर्जन (ना.प्र.नं. १०६२८, मोबाइल नं.९८४१३७८३५४).....१

९१. जीतनारायण महर्जनको नाति, जीत बहादुर महर्जनको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १२, ब्रम्हटोल बस्ने वर्ष ५० का संजय कुमार महर्जन (ना.प्र.नं. ४५९८, मोबाइल नं. ९८४१४८८५०२).....१

९२. जीतनारायण महर्जनको नाति, जित बहादुर महर्जनको छोरा, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १२ भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, ज्वागल बस्ने ५३ वर्षको सकुला नन्द महर्जन (ना.प्र.नं. २७-०१-७३-१३३३४,मोबाइल नं. ९८४१३६८३३३).....१

९३. भीमबहादुर थापाको नाति, डम्बर बहादुर थापाको छोरा, साविक पाल्पा जिल्ला, वेणीमणिपुर गा.वि.स. वडा नं. ७ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२,सुविधानगर, तिनकुने बस्ने बर्ष ६८ को इन्द्र बहादुर थापा क्षेत्री (ना.प्र.नं. १२२५,मोबाइल नं. ९८४१२७६०६०).....१

९४. औशंकर प्रधानाङ्गको छोरी, गजेन्द्रमान कपालीको बुहारी, रविन्द्रमान कपालीको श्रीमती काठमाडौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २५,ज्याठा बस्ने बर्ष ५२ की शान्ती मल्ल प्रधानाङ्ग (ना.प्र.नं. १२२६८ काठमाण्डौं, मोबाइल नं. ९८४९८२३९५५).....१

९५. काली प्रसाद पुडासैनीको नातिनी, दुर्गा प्रसाद पुडासैनीकी छोरी, लिला प्रसाद चापागाईंकी श्रीमती, साविक काठमाण्डौं जिल्ला, कागेश्वरी मनहरा नगरपालिका वडा नं.६, गोठाटार बस्ने बर्ष ७३ की मिठुदेवी चापागाईं (मिति २०६४।०८।०२ मृत्यु).....१

९६. राम प्रसाद श्रेष्ठको बुहारी, देविप्रसाद श्रेष्ठको छोरी, साविक पर्वत जिल्ला, हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १६, बालाजुहाइट बस्ने बर्ष ५३ की सरस्वती कुमारी श्रेष्ठ (ना.प्र.नं. १४१०/ पर्वत,मोबाइल नं. ९८४१२३७३३४) १

९७. राम प्रसाद श्रेष्ठको छोरी,योगेन्द्र कुमार श्रेष्ठको श्रीमती, साविक गुल्मी जिल्ला, वामी गा.वि.स. वडा नं. २ टक्सार बजार हाल मुसिकोट नगरपालिका वडा नं. ७, बस्ने बर्ष ४८ की निर्मला देवी श्रेष्ठ (ना.प्र.नं. ३०००३/ गुल्मी मोबाइल नं. ९८६७७३८१११) १

९८. ब्रम्हलाल भट्टराईको नाति, पदम प्रसाद भट्टराईको छोरा, साविक झापा जिल्ला, हल्दीवारी गाउँपालिका वडा नं. ३ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.६ सरस्वतीनगर बस्ने बर्ष ४६ को मोहन प्रसाद भट्टराई (ना.प्रा.नं. ११८०४४६/झापा, मोबाइल नं. ९८४१७६६३९७).....१

९९. बद्रिनाथ रेग्मीको नाति, गजेन्द्र नाथ रेग्मीको छोरा, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.३, सानेपा बस्ने बर्ष ५९ को बैकुण्ठ शर्मा रेग्मी (ना.प्र.नं. ४०८३९/ललितपुर, मोबाइल नं. ९८५१०६९८५२) १

१००. दामोदर प्रसाद गौतमकी छोरी, होमनाथ पौडेलकी बुहारी, विनोद प्रसाद पौड्यालकी श्रीमती, साविक काठमाण्डौं जिल्ला, कपन ७, जगडोल भई हाल गोकर्णेश्वर नगरपालिका वडा नं. ८ बस्ने बर्ष ५६ की विद्या पौडेल गौतम (ना.प्र.नं. ५४०७/८३९० काठमाण्डौं मोबाइल नं. ९८४३२११९७२).....१

१०१. गंगा प्रसाद भट्टराईको छोरी, मुक्तिनाथ चापागाईंको बुहारी, योगेन्द्रराज चापागाईंको श्रीमती, साविक भोजपुर जिल्ला, फुर्केथला वडा नं. १० हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१०, नयाँ बानेश्वर बस्ने बर्ष ७३ की सोदा कुमारी चापागाईं (ना.प्र.नं. ७६०८४९८२ मोबाइल नं. ९८४१३३७०४४) १

१०२. मुक्तिनाथ चापागाईंको नातिनी, योगेन्द्रराज चापागाईंको छोरी, गेहनाथ भण्डारीको श्रीमती, साविक भोजपुर जिल्ला, मुलपानी गा.वि.स वडा नं. ५ (परिवर्तित षडानन्द नगरपालिका वडा नं.५) हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ४ धुम्वाराही, सुकेधारा, धर्मभक्त मार्ग बस्ने बर्ष ५८ की भुवन कुमारी चापागाईं (ना.प्र.नं. ३४९८, मोबाइल नं. ९८४१५९९८७२).....१

१०३. रणबहादुर लिम्बुको छोरी, प्रेम बहादुर खापुङ्गको श्रीमती, साविक काठमाण्डौं जिल्ला, ताप्लेजुङ गा.वि.स. वडा नं. ५ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १६, बालाजुबस्ने बर्ष ६३ की खिमादेवी आङबुहाङ (ना.प्र.नं. ७५१३/६२०, मोबाइल नं. ९८०३१४३५३०).....१

१०४. संसेर बहादुर तुम्बाहाम्फेको छोरी, रन बहादुर आङबुहाङको बुहारी, मिन बहादुर आङबुहाङकी श्रीमती साविक जिल्ला ताप्लेजुङ, चाँगे गा.वि.स. वार्ड नं.५ हाल आठराई त्रिवेणी गाउँपालिका वडा नं.४ बस्ने शशीकला सुब्बा (ना.प्र.नं.१००५/४०४६).....१

१०५. नुरमर्दन शाहको नातिनी, बालकृष्ण शाहको छोरी, सुधिर कुमार शाहको श्रीमती, साविक रुकुम जिल्ला, वाफिकोट गा.वि.स. वडा नं.१ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४, धुम्वाराही बस्ने बर्ष ५८ की उर्मिला शाह (ना.प्र.नं. १६२४/२७३६ मोबाइल नं. ९८४१८६१४२५१).....१

१०६. लक्ष्मीनाथ घिमिरेको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १६ बस्ने रामनाथ घिमिरे(ना.प्र.नं.३७५३/काठमाण्डौं).....१

१०७. इन्द्र बहादुर अधिकारीको नाति, क्षेत्र बहादुर अधिकारीको छोरा, साविक तनहुँ जिल्ला, आँवुखैरेनी वडा नं. ६ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.५, कालोपूल बस्ने बर्ष ४२ को राम कल्याण अधिकारी (ना.प्र.नं. ३६०/४२९०१ तनहुँ, मोबाइल नं. ९८६४५३४४६६ र ९८०१०६१०७४) १

१०८. प्रेमनारायण ढकालको नाति, प्रजापती ढकालको छोरा, साविक नवलपरासी जिल्ला, कावासोति नगरपालिका वडा नं.६ हाल काठमाण्डौं जिल्ला, नार्गाजुन नगरपालिका वडा नं.१, एराहीटी, बालाजु बस्ने बर्ष ६३ को शोभाकान्त ढकाल (ना.प्र.नं.९०९४, मोबाइल नं.९८५१०७००२०) १

१०९. जोगराज सुवेदीको नाति, दिप बहादुर सुवेदीको छोरा, साविक काठमाण्डौं जिल्ला, वाडभञ्याङ वडा नं. १हाल काठमाण्डौं महानगरपालिका वडा नं. १३, ताहाचल बस्ने बर्ष ५५ को रामकुमार सुवेदी (ना.प्र.नं. ८३७०, मोबाइल नं.९८४०६३०७८९).....१

११०. मेहर बहादुर गुरुङको नाति, वृष बहादुर गुरुङको छोरा, साविक खोटाङ जिल्ला, दुवेकोल वडा नं.१ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका ५ बस्ने बर्ष ६५ को मिन बहादुर गुरुङ (ना.प्र.नं. २३५५/२०३६/३३१/ काठमाण्डौं, मोबाइल नं. ९८०१११३३३५) १

१११. रत्नमान सिंह तुलाधरको नातिनी, द्रव्य मान सिंह तुलाधरको छोरी, अमिताम्भ तुलाधरको श्रीमती, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२२, खिचापोखरी हाल काठमाण्डौं महानगरपालिका वडा नं.२, गैरीधारा बस्ने वर्ष ५९ को कल्पना तुलाधर (ना.प्र.नं. ५९६३, मोबाइल नं.९८०३२६७७६०).....१

११२. पुष्पराज शाक्यको नातिनी, अमृतराज शाक्यको छोरी, सुदन रत्न बज्राचार्यको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३, सोल्टीमोड, कालिमाटी बस्ने वर्ष ५३ को शर्मिला शाक्य बज्राचार्य (ना.प्र.नं.२९६१, मोबाइल नं. ९८४१९४०२० र ९८५१०५८९२२).....१

११३. उदाररत्न कंसाकारको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.३० बस्ने प्रगती कंसाकार (ना.प्र.नं.१४१२६/काठमाण्डौं).....१

११४. गैरआवासीय नेपाली संघ(Non-Resident Nepali Association (NRNA)) काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका साविक वडा नं.१२ हाल वडा नं.४ (फोन नं.०१-४४११५३०) का तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत राजेश शम्शेर राणा.....१

११५. वृष बहादुर गुरुङ्गको नातिनी, मिन बहादुर गुरुङ्गको छोरी, काठमाण्डौं, जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ५, भाटभटेनी बस्ने कामना गुरुङ (१००५/काठमाण्डौं).....१

११६. वृष बहादुर गुरुङ्गको नाति, मिन बहादुर गुरुङ्गको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ५, भाटभटेनी बस्ने वर्ष ४५ को कल्याण गुरुङ (ना.प्र.नं. ८४४, मोबाइल नं. ९८५१०१४४३५).....१

११७. महावीर प्रसाद माडवारीको नाति, बावुलाल प्रसाद अग्रवालको छोरा, पर्सा जिल्ला, विरगंज महानगरपालिका वडा नं. ६ बस्ने वर्ष ६२ को सज्जन कुमार चाचान (ना.प्र.नं. १६०३०४९२३, मोबाइल नं. ९८०२९२२१३७).....१

११८. महेश गोयलको छोरी, सुनिल कुमार वंशलको छोरी, सुमीत कुमार बंशलको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९, बल्खु बस्ने वर्ष २७ को देवान्शी गोयल (ना.प्र.नं. १०६०/५७७६२, मोबाइल नं. ९८०११०२८०१).....१

११९. धञ्जुमान घलेको नातिनी, मदन मान घलेको छोरी, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ५, कालोपुल बस्ने वर्ष ५२ को सरस्वती घले गुरुङ्ग (ना.प्र.नं. ३४१५/२०९३६, मोबाइल नं. ९८५११४४४१६).....१

१२०. मदनमान घलेको छोरी, बृष बहादुर गुरुङको बुहारी, पहलमान गुरुङको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ५ मा बस्ने वर्ष ५० को सरला गुरुङ (ना.प्र.नं. ५५८/०४७, मोबाइल नं. ९८५११२४६२८).....१

१२१. वृजलाल केडियाको नाति, तारा चन्द केडियाको छोरा, साविक पर्सा जिल्ला, विरगंज महानगरपालिका वडा नं.७ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३, गणेशमान सिंह पथ बस्ने वर्ष ५१ को मनोज कुमार केडिया (ना.प्र.नं.१६०३१८६४६, मोबाइल नं. ९८५१०२०४४२).....१

१२२. अनिरुद्र गौतमको नाति, फत्त प्रसाद गौतमको छोरा, साविक रामेछाप जिल्ला, गुन्सी वडा नं.१ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१०, नयाँ बानेश्वर बस्ने वर्ष ६० को मनोज कुमार गौतम (ना.प्र.नं.२१९३/९८८/३६४१, मोबाइल नं. ९८४३२३३९१५).....१

१२३. आनन्दकृष्ण गोर्खालीकी छोरी, नवीनमान प्रधानकी श्रीमती, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.८ बस्ने वर्ष ३९ को मन्ती गोर्खाली (ना.प्र.नं.१९/१०१७, मकवानपुर, मोबाइल नं. ९७५१०७५२८२).....१

१२४. किसनलाला पोदारको छोरी, ओम प्रकाश गोयलको बुहारी, कैलाश चन्द्र गोयलको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.९, बत्तिसपुतली वस्ने वर्ष ५२ को निर्मलादेवी गोयल (ना.प्र.नं.९३/२३२७४, मोबाइल नं. ९८०१०२२९९९).....१

१२५. धर्मरत्न तुलाधरको नातिनी, मणिकरत्न तुलाधरको छोरी, आशिष तुलाधरको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २, गैह्रिधारा बस्ने वर्ष ३७ को निकिता तुलाधर (ना.प्र.नं. २१८७, मोबाइल नं. ९८५११०५४२५१).....१

१२६. कुलरत्न तुलाधरको नाति, तेजरत्न तुलाधरको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२२, खिचापोखरी हाल काठमाण्डौं महानगरपालिका वडा नं.२, गैह्रिधारा बस्ने वर्ष ६० को अमिताम्भ तुलाधर (ना.प्र.नं. २०४/२४४४, मोबाइल नं. ९८०३३३४८५०)..... १

१२७. रत्नप्रसाद खरेलको छोरी, टिका प्रसाद प्रसाईंको बुहारी, विष्णु प्रसाद प्रसाईंको श्रीमती सावित्रक काभ्रेपलाञ्चोक जिल्ला, वरबन्दी-१ हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१० बस्ने वर्ष ४९ को उमा प्रसाईं (ना.प्र.नं. २५४/१५३७, सम्पर्क नं. ०१-५५२३१३८).....१

१२८. कुलरत्न तुलाधरको छोरी, हिरा रत्न तुलाधरको श्रीमती, भवानी रत्न तुलाधारको श्रीमती काठमाण्डौं जिल्ला, सावित्रक काठमाण्डौं महानगरपालिका वडा.नं. ३० हाल वडा नं. २७ बस्ने वर्ष ७३ को युरिशोभा तुलाधर (ना.प्र.नं. १३१६३, मोबाइल नं. ९८४१२२२०३९).....१

१२९. आषाहर्ष बज्राचार्यको नातिनी, धर्महर्ष बज्राचार्यको छोरी, समज्वल रत्न बज्राचार्यको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२, लाजिम्पाट बस्ने वर्ष ६२ को रेणुका बज्राचार्य (ना.प्र.नं. १११६३, मोबाइल नं. ९८४१२३४२५५).....१

१३०. सुर्यमान सिं बानियाको छोरी, खड्गमान तुलाधारको बुहारी, प्रकाश मान तुलाधरको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, कमलपोखरी बस्ने वर्ष ६१ को सुविस्ता तुलाधर (ना.प्र.नं. २३५/काठमाण्डौं, मोबाइल नं. ९८४१२८८९६४).....१

१३१. रुपशोभा ताम्राकारको छोरी, खड्गमान तुलाधारको बुहारी, प्रमोद तुलाधरको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका सावित्रक वडा नं. २७ भई हाल वडा नं.१, कमलपोखरी बस्ने वर्ष ४६ को अञ्जना तुलाधर ताम्राकार (ना.प्र.नं. ७३३५, मोबाइल नं.९८४१५२९१११).....१

१३२. माणिकरत्न कंसाकारको छोरी, खड्गमान तुलाधारको बुहारी, प्रविण तुलाधरको श्रीमती, काठमाण्डौं जिल्ला, सावित्रक काठमाण्डौं महानगरपालिका वडा नं.२२ असनहाल काठमाण्डौं महानगरपालिका वडा नं,१, कमलपोखरी बस्ने वर्ष ५३ को चन्द्रिका कंसाकार (तुलाधर) (ना.प्र.नं. २२४, मोबाइल नं. ९८४१५२९१९१).....१

१३३. मञ्जुबज्र बज्राचार्यको छोरी, प्रज्वलरत्न वज्राचार्यको श्रीमती, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२ लाजिम्पाट, हाल नागार्जुन नगरपालिका वडा नं.४ बस्ने वर्ष ६७ वर्षको सानुछोरी बज्राचार्य (ना.प्र.नं. १२८४/०३३/०३४/४२१९, मोबाइल नं. ९८०३३५९४९).....१

१३४. संतोष गोयलको छोरी, निरजंन लाल खेतानको बुहारी, नवीन खेतानको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.३१, कमलादी, गणेशस्थान, बस्ने ४४ वर्षको सिपिका खेतान (ना.प्र.नं. ११४२०/१०५६, मोबाइल नं. ९८५१०१८६८९).....१

१३५. विरेन्द्र बज्राचार्यकी श्रीमती काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४ बस्ने सुष्मा बज्राचार्य (शाक्य) (ना.प्र.नं.२०६ काठमाण्डौं/मृत्यु २०७०।१०।२६).....१

१३६. सिद्धिरत्न शाक्यको छोरी,प्रेमरत्न बज्राचार्यको बुहारी,सरोज बज्राचार्यको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१६, बालाजु बस्ने वर्ष ४४ को सन्ध्या शाक्य (ना.प्र.नं. ८/९६९, मोबाइल नं. ९८५११४४९११).....१

१३७. मोहनलालजी कोठारी राखेचाको छोरी, श्री चन्द्रजी बोथराको बुहारी, राजेन्द्र बोथराको श्रीमती, साविक मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ९, विराटनगर हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१ गुसिङ्गाल बस्ने वर्ष ५० को संगिता कोठारीराखेचा बोथरा (ना.प्र.नं. १९१, मोबाइल नं. ९८०२०२४०३३).....१

१३८. रत्नकुमार श्रेष्ठको छोरी, कस्तुरी बहादुर श्रेष्ठको बुहारी, मधुकर बहादुर श्रेष्ठको श्रीमती, साविक गोरखा जिल्ला, गोरखकाली-१ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २९, पुतलीसडक वस्ने वर्ष ६१ को नुतन श्रेष्ठ (ना.प्र.नं. १३४०, मोबाइल नं. ९८४३०८९९९१).....१

१३९. हर्षरत्न शाक्यको छोरी, धनरत्न शाक्यको बुहारी, प्रकाशरत्न शाक्यको श्रीमती, साविक काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३० हाल वडा नं. २७, असन

कमलादी बस्ने वर्ष ५२ को धर्मशोभा शाक्य (ना.प्र.नं. ४४२४, फोन नं. ०१-४२२६४३५).....१

१४०. राधेश्याम बंशलको छोरी, गोविन्दराम बगडियाको बुहारी, अनिल कुमार बगडियाको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३१ कमलादी बस्ने वर्ष ४४ को डिम्पल वंशल (ना.प्र.नं. १२४०३, मोबाइल नं. ९८०८४७४९४७ र ९८२८७११९४७).....१

१४१. राम बहादुर श्रेष्ठको छोरी, तुलसी प्रसाद मानन्धरको बुहारी, उत्तम कृष्ण मानन्धरको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २३ बस्ने वर्ष ६२ को सरिता मानन्धर श्रेष्ठ (ना.प्र.नं. १०५९१/२५००, फोन नं. ०१-४२४१९४५).....१

१४२. युवकपाणी गौतमको छोरी, थानिश्वर खनालको बुहारी, गोपाल खनालको श्रीमती काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३, बसुन्धारा बस्ने वर्ष ५० को गीता गौतम खनाल (ना.प्र.नं. ६२९५, मोबाइल नं.९८४१२५०१२७).....१

१४३. शेर वहादुर थापाको छोरी, पूर्व बहादुर गुरुङको बुहारी, हेम बहादुर गुरुङ्गको श्रीमती, साविक कास्की जिल्ला, लेखनाथ -८ हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ५ बस्ने वर्ष ५१को नितु गुरुङ्ग (ना.प्र.नं. ६१४९, मोबाइल नं. ९८०२०२४६९२).....१

१४४. घनानाथ गौतमको श्रीमती, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं.३३ बस्ने रीता ओझा गौतम (ना.प्र.नं.८०७/काठमाण्डौं).....१

१४५. दिव्यरत्न बज्राचार्यको छोरी, जनबज्र बज्राचार्यको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२९, महाबौद्ध बस्ने वर्ष ६७ को रत्नहिरा बज्राचार्य (ना.प्र.नं. २७१०६०/१११४६७, मोबाइल नं. ९८४३४२०६२३).....१

१४६. श्यामानन्द बैद्यको छोरी, हिरालाल प्रधानको बुहारी, रघुराम प्रधानको श्रीमती, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं. २३, झोछे हाल काठमाण्डौं महानगरपालिका वडा नं. २४, कमलादी बस्ने वर्ष ६२ को प्रतिमा वैद्य प्रधान (ना.प्र.नं. १५८, मोबाइल नं. ९८५१२०४१५०).....१

१४७. भिम बहादुर ताम्राकारको नाति, भाईराजा ताम्राकारको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १३ बस्ने वर्ष ५३ को प्रविन ताम्राकार (ना.प्र.नं. १३७७३, मोबाइल नं.९८५१०२६६७९).....१

१४८. माणिकमान ताम्राकारको नाति, पुर्णमान ताम्राकारको छोरा, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २२ हाल वडा नं. १३ बस्ने वर्ष ५३ को विजय ताम्राकार (ना.प्र.नं. १३४७१, मोबाइल नं. ९८५१०४१७८६).....१

१४९. सरल गौचनको छोरी, लोप्साङ शेर्पाको बुहारी, छिरिङ शेर्पाको श्रीमती, काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ७ बस्ने वर्ष ४५ को माया शेर्पा गौचन (ना.प्र.नं. ६०६७, मोबाइल नं. ९८५१०३२४४२).....१

१५०. कीर्तिमान सिं तुलाधरको नाति, काजीमान सिं तुलाधरको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २७ बस्ने वर्ष ५८ को महेशराजा तुलाधर (ना.प्र.नं. ८४८/५२४६/काठमाण्डौं, मोबाइल नं. ९८४१३०८१८३).....१

१५१. इन्द्रलाल श्रेष्ठको नातिनी, हिरालाल श्रेष्ठको छोरी, सोमलाल कायस्थको श्रीमती, साविक काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३, कालिमाटी हाल काठमाण्डौं महानगरपालिका वडा नं.३, बसुन्धरा बस्ने वर्ष ७२ को द्वारिका देवी श्रेष्ठ (ना.प्र.नं. २६८/९०६, मोबाइल नं.९८४९५२२६९९).....१

१५२. मान बहादुर गुरुङ्गको नाति, टेक बहादुर गुरुङ्गको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ४, चन्डोल बस्ने वर्ष ५७ को इन्द्रदेव गुरुङ्ग (ना.प्र.नं. १८७५, मोबाइल नं. ९८५१०४८२७०).....१

१५३. नरराज शर्माकी बुहारी, तिर्थराम शर्माकी श्रीमती, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं.३३ बस्ने ईन्दु शर्मा (ना.प्र.नं.२४२२ काठमाण्डौं).....१

१५४. प्रजापति ढकालको नाति, शोभाकान्त ढकालको छोरा, काठमाण्डौं जिल्ला, साविक इचंगुनारायण-०९, हाल नागार्जुन नगरपालिका वडा नं. १ बस्ने वर्ष २३ को संदिप ढकाल (ना.प्र.नं. २७१०३६/११८२८०, मोबाइल नं. ९८५१०७००२०).....१

१५५. धिरजवीर कायस्थको नातिनी, गणेशलाल कायस्थको छोरी, राजाराम जोशीको श्रीमती, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं. ३२ हाल वडा नं. २९, पुतलीसडक बस्ने वर्ष ६९ को भवानी जोशी (ना.प्र.नं. ९१०६, फोन नं. ४४१७१५४).....१

१५६. ध्रुब पाण्डेको छोरी, शुशील प्रसाईको श्रीमती, विष्णु प्रसाद प्रसाईंको बुहारी, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१०, कुपण्डोल बस्ने वर्ष ४४ को भारती पाण्डे (ना.प्र.नं. ५५७१८, मोबाइल नं. ९८५१०३५७२६).....१

१५७. दिप बहादुर सुवेदीको नाती, राम कुमार सुवेदीको छोरा, काठमाण्डौं जिल्ला, साविक वाडभञ्याङ वडा नं. १ हाल काठमाण्डौं महानगरपालिका वडा नं. १३, ताहाचल बस्ने विवेक कुमार सुवेदी (ना.प्र.नं. १०५०/१०१३) १

१५८. बुद्धरत्न तुलाधरको नाति,हर्ष रत्न तुलाधरको छोरा, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं.३० हाल वडा नं. १६, नयाँ बजार बस्ने वर्ष ५६ को केशव तुलाधर (ना.प्र.नं.१९२८/२००२, मोबाइल नं. ९८५१०९३४३४).....१

१५९. किरणमान ताम्राकारको श्रीमती, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं.३० बस्ने अनितादेवी कंसाकार (ना.प्र.नं.३४१६/काठमाण्डौं).....१

१६०. मोतिमान ताम्राकारको नाति, अकल मान ताम्राकारको छोरा, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं.३० हाल वडा नं. २७, महाबौद्ध बस्ने वर्ष ५५ को ॐ विरमान ताम्राकार (ना.प्र.नं. २७२९-५५२०९, मोबाइल नं. ९८५१०२००६५).....१

१६१. पुर्णमान ताम्राकारको नाति, अमरमान ताम्राकारको छोरा, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं. ३० वडा नं. २७ बस्ने वर्ष ४७ को अनिलमान ताम्राकार (ना.प्र.नं. १९४०३, मोबाइल नं. ९८४१२२१५९७).....१

१६२. नारायणदास संघईको नाति, गोपाल राय संघईको छोरा, काठमाण्डौं जिल्ला, साविक काठमाण्डौं महानगरपालिका वडा नं. २५ हाल वडा नं. २८ बस्ने वर्ष ५५ को गोविन्दलाल संघई (ना.प्र.नं.५९८३/८८४५-५१००६, मोबाइल नं. ९८५१०३६७२०).....१

१६३. भक्तमान श्रेष्ठको नातिनी, गोविन्दमान श्रेष्ठको छोरी, पूर्णवीर सिंह कंसाकारको श्रीमती, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, गैह्रिधारा बस्ने वर्ष ६९ को गायत्री कंसाकार (ना.प्र.नं. २७-०१-७२-०३९७१, मोबाइल नं.९८५१०३२१३०).....१

१६४. कुलमान महर्जनको नाति, भाजुनारायण महर्जनको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ४, बालुवाटार बस्ने सानुकान्छा भन्ने पञ्च नारायण महर्जन.....१

१६५. खगपति सिग्देलको नातिनी, गिरीधारी सिग्देलको छोरी, मणिराज आचार्यको श्रीमती, काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.१ बस्ने वर्ष ४८ को राधा सिग्देल आचार्य (ना.प्र.नं. २८, मोबाइल नं. ९८४१७२९१७६).....१

१६६. बुद्दिमान प्रजापतिको नाति, अष्टमान प्रजापतिको छोरा, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.४, बालुवाटार बस्ने मचाबाबु प्रजापति.....१

१६७. दिप बहादुर सुवेदीको नाती, राम कुमार सुवेदीको छोरा, काठमाण्डौं जिल्ला, साविक वाडभञ्याङ वडा नं. १ हाल काठमाण्डौं महानगरपालिका वडा नं. १३, ताहाचल बस्ने रुपेश कुमार सुवेदी (ना.प्र.नं. ४८) १

१६८. प्रजापति ढकालको नाति, शोभाकान्त ढकालको छोरा, काठमाण्डौं जिल्ला, साविक इचंगु नारायण-९ हाल नागार्जुन नगरपालिका वडा नं. १, नर्सरी चोक बस्ने वर्ष २९ को सरोज ढकाल (ना.प्र.नं. २७१०३६/३२३२, मोबाइल नं. ९८०१११५३३१).....१

१६९. मेहरमान गुरुङको नाति, बृष बहादुर गुरुङको छोरा, साविक खोटाङ जिल्ला, दुबेकोल-१ हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ५, भाटभटेनी बस्ने वर्ष ५६ को पहलमान गुरुङ्ग (ना.प्र.नं. ३६७६, मोबाइल नं. ९८५११३६९५६) १

१७०. इन्द्रथान पौड्यालको नाति, टेकनाथ पौडेलको छोरा, काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ बस्ने वर्ष ५७ को पुरुषोत्तम पौड्याल (ना.प्र.नं. ५३२१/५२१७, मोबाइल नं. ९८५१०२०५३८).....१

१७१. पतिराम शेरचनको नाति, दिलिप कुमार शेरचनको छोरा, जिल्ला म्याग्दी, ओखरबोट वडा नं.५ बस्ने प्रमोद शेरचन (१५३४/म्याग्दी).....१

१७२. जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका वडा नं. ४, बालुवाटारस्थित कनक हर्बल (द.नं. ३९७४९).....१

१७३. जोतिराज श्रेष्ठको नाति, आनन्दराज श्रेष्ठको छोरा, साविक ललितपुर जिल्ला, ललितपुर महानगरपालिका साँहाल टोल हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २३, बसन्तपुर बस्ने वर्ष ५९ को अच्युतराज श्रेष्ठ (ना.प्र.नं. १५४३, मोबाइल नं. ९८५१०२३८२७).....१

१७४. महेन्द्र गोविन्द जोशीको नाति, नुतन गोविन्द जोशीको छोरा, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१, कुपण्डोल बस्ने वर्ष ५७ को विजेन्द्र जोशी (ना.प्र.नं. १६४४/०३४/३५, मोबाइल नं. ९८०२०२१६९२).....१

१७५. चन्द्रमान श्रेष्ठको नातिनी, नरेन्द्रमान श्रेष्ठको छोरी, रामविर श्रेष्ठको श्रीमती जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं.२१ हाल वडा नं.२०, पिम्बहाल बस्ने बर्ष ६३ की बद्री लक्ष्मी श्रेष्ठ (ना.प्र.नं.१२०२/०३०/०३१, मोबाईल नं.९८४१८९३४९९).....१

मुद्दा :- <u>ललिता निवास क्याम्पभित्रको सरकारी, सार्वजनिक जग्गा गैह्रकानूनीरुपमा व्यक्ति तथा संस्थाविशेषको नाममा कायम गरी हिनामिना गरी भ्रष्टाचार गरेको ।</u>

१. उजुरीको संक्षिप्त व्यहोराः

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको सरकारले मुआब्जा समेत दिई अधिग्रहण गरेर लिएको २९९-९-२-० रोपनी सरकारी, सार्वजनिक र गुठी समेतका जग्गाहरू जफत भएको भनी मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारका कर्मचारीहरू समेतको मिलेमतोमा विभिन्न मितिमा गैह्रकानूनी तरिकाले व्यक्तिविशेषलाई जग्गाधनी र मोही कायम गरेर फिर्ता दिई भ्रष्टाचार गरेकोले छानबिन गरी दोषीलाई कारबाही गरिपाऊँ भन्ने समेत व्यहोराको उजुरी निवेदनको सम्बन्धमा व्यवस्थापिका संसद अन्तर्गतको सुशासन तथा अनुगमन समितिको च.नं. ११४/०७३/०७४ मिति २०७४/०१/२४ को पत्रसाथ लेखिआएको साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट शारदा प्रसाद त्रिताल संयोजक रहेको *सरकारी, सार्वजनिक, गुठी र सरकारद्वारा अधिग्रहण तथा जफत गरिएको जग्गाहरूको हिनामिना सम्बन्धी छानबिन समितिको प्रतिवेदन, २०७५* ले गरेको सिफारिस बमोजिम आयोगबाट आवश्यक अनुसन्धान गर्नको लागि लेखिआएको पत्रलाई उजुरीको रुपमा दर्ता गरिएको साथै विभिन्न व्यक्ति तथा संस्थाहरूको नामबाट ललिता निवासभित्रको सरकारी जग्गा हिनामिना भएको विषयमा छानविन गरिपाऊँ भनी

विभिन्न मितिमा आयोगमा दर्ता गराएका उजुरी निवेदनहरू प्राप्त भएकोमा यसै विषयमा आयोगमा यसभन्दा अगाडि पनि उजुरी दर्ता भई अनुसन्धान पश्चात् तत्कालीन अवस्थामा आयोगको मिति २०६०/३/१८ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम तामेलीमा राखेको देखिएकोमा हाल दर्ता हुन आएका विभिन्न निवेदनहरू र छानबिन समितिको प्रतिवेदनसाथ सरकारले तत्कालीन अवस्थामा जग्गा प्राप्ति ऐन, २०१८ मुताविकका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी काठमाण्डौं उपत्यकाभित्रकामा ललिता निवास लगायत विभिन्न ६ वटा दरबारहरू र तिनले चर्चेको कम्पाउण्डभित्रका घर जग्गाहरू सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको क्षतिपूर्ति समेत दिई आवश्यक सुनुवाईको मौका समेत प्रदान गरेर मिति २०२२/२/२४ मा सरकारीकरण गरेको खुल्ने मिति २०२१/८/१७ मा प्रकाशित नेपाल गजेट, अधिग्रहण गरिएको घर जग्गाको क्षतिपूर्ति दिने सूचना, क्षतिपूर्ति बुझ्न आउने जनाउ समेतका सूचना प्रकाशित भएका मिति २०२३/०७/०७ र मिति २०२५/१०/०८ का गोरखापत्र दैनिकका प्रमाणित फोटोकपीहरू लगायतका थप महत्वपूर्ण ठोस प्रमाणहरू प्राप्त हुन आएको।

२. अनुसन्धानको संक्षिप्त विवरणः

(अ) सम्बन्धित प्रमाण कागजातहरुः

(क) मिति २०१७।०३।२९ मा भूमि प्रशासन कार्यालयबाट पारित भएको र.नं. १५४७ को हालैदेखिको बकस पत्रः

सुवर्ण शम्शेरले मिति २०१७।०३।२९ मा मालपोत कार्यालयको र.नं. १५४७ बाट काठमाण्डौं जिल्लाको ललिता निवास क्याम्प क्षेत्रको मात्र श्री ३ भीम शम्शेर ज.व.रा.का नाउँमा वि. सं. १९८८ साल माघ २५ गते भएको लालमोहर बमोजिमको कूल २८७ रोपनी ५ आना २ पैसा साढे २ दाम जग्गा मध्येबाट श्रीमती स्वेतप्रभा देवी राणालाई ५८ रोपनी र छोराहरू कनक शम्शेर ज.व.रा., कंचन

शम्शेर ज.व.रा. र रुक्म शम्शेरलाई प्रतिव्यक्ति करिब ५७ रोपनीका दरले प्राप्त गर्नेगरी गरिदिएको हालैदेखिको बकस पत्र ।

(ख) मिति २०१८/११/१९ को नेपाल गजेट भाग ३ अतिरिक्ताङ्क ४३ मा प्रकाशित सुवर्ण समेतको नाउँमा जारी भएको उपस्थित हुन आउने बारेको सूचनाः

विशेष परिस्थिति नियन्त्रण ऐन, २०१७ अनुसार सुवर्ण शम्शेर ज.ब.रा. सहित ७६ जनालाई सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र नेपाल अधिराज्यमा प्रवेश गरी आ-आफ्नो घरद्वारमा बसी म्यादभित्रै सोको जानकारी सम्बन्धित जिल्ला बडाहाकिम वा मेजिष्ट्रेट समक्ष आफैं उपस्थित भई उल्लेखित सूचना दिनु भन्ने समेत व्यहोराको गृहमन्त्रालयबाट जारी भएको सूचना ।

(ग) मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित जग्गा अधिग्रहण गर्ने सूचनाः

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) बमोजिम तत्कालीन श्री ५ को सरकार (म.प.) को मिति २०२१।०८।१५ को निर्णयानुसार काठमाण्डौं उपत्यकाभित्रका विभिन्न ६ वटा घर, दरबारहरू सार्वजनिक प्रयोजनको लागि उचित क्षतिपूर्ति समेतको व्यवस्था गरी प्राप्त गर्ने निर्णय भएको भनी मिति २०२१।०८।१७ को नेपाल गजेटमा सूचना प्रकाशन भएको।

(१) महाविर भवन, नक्साल, काठमाण्डौं १५४-४-२-० र सो जग्गामा रहेको सबै घरहरू,

(२) हरिहर भवन, ललितपुर पुल्चोकको २४०-१-२-० जग्गा र जग्गामा रहेका सबै घरहरू,

(३) सीताभवन, नक्साल काठमाण्डौंको ११९-१२-३-० जग्गा र सोमा रहेका सबै घरहरू,

(४) लक्ष्मी निवास, महाराजगंजको २५८-१४-०-० जग्गा र सोमा रहेको सबै घरहरू,

(५) बबरमहल कुरिया गाउँ २५३-३-३-१ जग्गामध्ये भरत शम्शेरको भागको घर र जग्गा १२-१२-२-० श्री ५ को सरकार लागिसकेकाले (जफत भइसकेको) सो कट्टा गरी बाँकी रोपनी २४०-५-३-१ रोपनी जग्गा र सोमा रहेका सबै घरहरू,

(६) ललिता निवास, बालुवाटारको २९९-९-२-० जग्गामध्ये सुवर्ण शम्शेर र कंचन शम्शेरको भागमा रहेको १४-११-०-० जग्गा श्री ५ को सरकार लागिसकेकोले (जफत भएको) सो कट्टा गरी बाँकी २८४-१४-३-० जग्गा र सोमा रहेका सबै घरहरू ।

(घ) जग्गा प्राप्ति ऐन, २०१८ को दफा १० बमोजिम 'हक दावीको दरखास्त दिने जनाउ' सम्बन्धी सूचनाः

जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम सरकारले अधिग्रहण गरेका घर, जग्गामा १५ दिनभित्र हकदैया र भोगचलन गरिरहेका सबै सरोकारवालाले के-कस्तो हकदैया र भोगचलन छ सो बापत के कति क्षतिपूर्ति दाबी गर्ने हो, सो विषयमा दाबी जिकिर र ऐ. ऐन बमोजिम गरिएको नाप नक्सामा कुनै उजुरी भए सो समेतको उजुरी र दावी जिकिरले म्याद भित्र यस अफिसमा दरखास्त दिनु भनी मेजिस्ट्रेट अफिस काठमाण्डौंको मिति २०२१।९।६ मा गोरखापत्रमा हक दावीको दरखास्त दिने जनाउ सम्बन्धी सार्वजनिक सूचना प्रकाशन भएको।

(ङ) जग्गा प्राप्ति ऐन, २०१८ को दफा १० बमोजिम जग्गाको क्षतिपूर्ति लिन आउनुहोस भनी टाँसपूर्जी भएको सूचनाः

जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम सरकारले अधिग्रहण गरेका घर, जग्गामा १५ दिनभित्र हकदैया र भोगचलन गरिरहेका सबै सरोकारवालाले के-कस्तो हकदैया र भोगचलन छ सो बापत के कति क्षतिपूर्ति दाबी गर्ने हो, सो विषयमा दाबी जिकिर र ऐ. ऐन बमोजिम गरिएको नाप नक्सामा कुनै उजुरी भए सो समेत दिनु भनी कानून बमोजिमको सुनुवाईको मौका समेत दिई मेजिस्ट्रेट अफिस काठमाण्डौंको मिति २०२१।९।६ मा गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन भएको।

(च) अंचलाधीशको अफिस, बागमती अंचलको मिति २०२३।०६।०७ गतेको क्षतिपूर्ति लिन आउने बारेको सूचनाः

सरकारले मिति २०२१|२२ सालमा अधिग्रहण गरेको उल्लेखितत जग्गाका सम्बन्धमा २०२२।०२३ सालको पाउने क्षतिपूर्ति वितरण भइरहेको हुँदा क्षतिपूर्ति लिन बाँकी भएका

व्यक्तिहरूले सबूद प्रमाण लिई शीघ्र लिन आउनूहोला भनी अंचलाधीशको अफिस, बागमती अंचलको नामबाट मिति २०२३।०६।०७ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशित भएको।

(छ) मिति २०२५ माघ ८ गते गोरखापत्रमा प्रकाशित बुझ्न बाँकी मुआब्जा रकम भूमि प्रशासन कार्यालयको धरौटी राखिदिएको सूचनाः

मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित सूचना अनुसारका घर, जग्गाहरूको जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम श्री ५ को सरकारले अधिग्रहण गरेकोमा मुआब्जा एवं क्षतिपूर्ति निर्धारण गरेपश्चात् सीता भवनका केही जवानहरूले मुआब्जा लिन नआएको अवस्थामा लामो समयसम्म राखी राख्न मनासिव नहुने भएकाले त्यस्तो मुआब्जा रकम भूमि प्रशासन कार्यालयको धरौटी राखिदिएकोले आफ्ना प्रमाणहरूसहित सम्पर्क राख्न जानू भनी मिति २०२५ माघ ८ गतेको गोरखापत्रमा सूचना प्रकाशित भएको।

(ज) मेजिष्ट्रेट अफिस, काठमाण्डौंको घर कम्पाउण्ड सरकारीकरण भएको भन्ने व्यहोराको मिति २०२२।०२।२४ को सूचनाः

ललिता निवास क्षेत्रको स्वेतप्रभा, कनक शम्शेर, रुक्म शम्शेर, शैलजा, हेमन शम्शेर र हाटक शम्शेर समेतका नाउँको जग्गा रोपनी २७२-१५-२-२.५ को हाल नाप ठहर रोपनी २८४-१४-३-० जग्गा (सुवर्ण शम्शेर र कंचन शम्शेरको भागको पहिले नै सरकार लागिसकेको क्षेत्रफल १४-११-०-० रोपनी बाहेक) जग्गा प्राप्ति ऐन, २०१८ को दफा १६ बमोजिमको अधिकार प्रयोग गर्दै ऐ. ऐनको दफा १२ बमोजिम ठहर गरेपछि तोकिएको अधिकारीले सरकारका तर्फबाट जग्गा कब्जामा लिन हुन्छ र सो भए गरेका मितिदेखि उक्त जग्गामा कसैको कुनै कुराको हकदैया कायम नरही जग्गा श्री ५ को सरकारको हुनेछ भन्ने भए बमोजिमको मेजिष्ट्रेट अफिस, काठमाण्डौंको मिति २०२२।०२।२४ को गोरखापत्र दैनिकमा प्रकाशित "घर कम्पाउण्ड जग्गाहरू कब्जा लिएको सूचना" ।

(झ) तत्कालीन श्री ५ को सरकारको मिति २०२२।०४।१० को मे.क. कनक शम्शेरलाई ८ रोपनी जग्गा बिक्री गर्ने सम्बन्धी निर्णय र सोको जानकारीः

अधिग्रहण भएपश्चात् नेपाली सेनामा कार्यरत मे.क. कनक शम्शेरले क्याम्पमा रहेको गोठ, तबेला सहित आठ रोपनी जग्गामा बसोबास गर्नका लागि पाऊँ भनी निवेदन गरेपछि तत्कालीन श्री ५ को सरकारको मिति २०२२।०४।१० को निर्णयबाट निजलाई आठ रोपनी जग्गा दिने निर्णय भएकोले तत्कालीन गृह पंचायत मन्त्रालयको २०२२।०४।१४ को पत्रबाट उक्त आठ रोपनी जग्गा श्री ५ को सरकारले खरिद गरेको मोलमा बिक्री गरिदिने निर्णय भएको व्यहोरा मेजिष्ट्रेट अफिस, काठमाडौंको च.नं. १२३५ मिति २०२२।५।१३ को पत्रबाट जानकारी गराएको देखिएकोमा बागमती अंचलाधीश कार्यालयको च.नं.१४९६ मिति २०२६।०१।२९ को पत्र र २०२२।०४।२० को मेजिष्ट्रेट अफिस, काठमाण्डौंको पत्रबाट समेत सरकारले खरिद गरेको मोल तिरी निज कनक शम्शेरले ८ रोपनी जग्गा पुनः खरिद गरेको देखिएको ।

(ञ) कनक शम्शेरले साविक नगर ४ कि.नं. २५ क्षे.फ. ८-०-०-० रोपनी जग्गा रु. ४५,८८२।६९ मा खरिद गरी आफ्नो नाममा श्रेस्ता कायम गरेकोः

सुवर्ण शम्शेरको छोरा मे.क. कनक शम्शेर ज.व.रा.को वारेस कर्ण बहादुर गुरुङ्गले उक्त व्यहोराको पत्र प्राप्त भएको भनी वि.सं. २०३५ साल असोज ११ र वि.सं. २०३५ साल पौष ९ गते मालपोत कार्यालय, काठमाडौंमा निवेदन दिएको देखिएकोमा उक्त पत्रमा उल्लेख गरे बमोजिमको रु. ४५,८८२।६९ (पैंतालीस हजार आठ सय बयासी रुपैयाँ पैसा उनान्सत्तरी मात्र) चुक्ता गरी निज कनक शम्शेरले सरकारको निर्णय मुताविक आफ्नो माग बमोजिमको साविक काठमाण्डौं नगर वडा नं. २३ स कि.नं. १६ क्षे.फ. ८-१२-२-० रोपनी कित्ताफोड भई कायम कि.नं. २५ क्षेत्रफल ८-०-०-० रोपनी र कि.नं. २६ क्षेत्रफल ०-१२-२-० रोपनीमध्ये का.न.पं.वडा नं. ४ बालुवाटारको कि.नं. २५ क्षेत्रफल ८-०-०-० रोपनी जग्गा मिति २०३६।०७।२३ मा आफ्नो नाममा श्रेस्ता

कायम गरिलिएको र कि.नं. कि.नं. २६ क्षेत्रफल ०-१२-२-० रोपनी तत्कालीन श्री ५ को सरकारको नाममा बाँकी रहेको देखिएको।

(ट) साविक हाँडिगाउँ मौजा हा.नं ४५६ को लगतको व्यहोरा :

"मोही श्वेतप्रभा राणा १, कनक सम्सेर १, रुकम सम्सेर १, सैलजा १, हेमन्त सम्सेर १, हाटक सम्सेर १ समेत जना ६ का.ई.(काठमाण्डौं ईलाका) बालुवाटार" उल्लेख भएको मौजा हाँडिगाउँ हा.नं. ४५६ नं. को लगतभित्र मिति २०२१/३/३०/३ मा २९६ रोपनी भन्दा बढी जग्गा रहेको देखिएको, सोही लगतमा मिति २०२२/११/२१/६ मा "ने.रा. बैंकको आजैका मितिको दर्खास्त र यस अड्डाको तोक वमोजिं रोपनी २७२।।।^{३}।।२।। मध्ये रोपनी ६० साठी ने.रा. बैंकका नाउँमा दर्ता भयो" भनी उल्लेख भएको र मिति २०२५/२/७/२ मा "भूमि विभागको यस आयो ३०(११३) ०२४/०२५ च.नं. २८९६-२४ मिति ०२४/१२/३० को पत्र मुताविक जम्मा ६ दर्तावालाको पोत रु. ३११।२२ लागेको २७२।।।^{३}।।२।। जग्गामध्ये रोपनी साठी जग्गा ने.रा. बैंकका नाउँमा दर्ता भैसकी बाँकी रोपनी २१२।।।^{३}।।२।। समर जं कम्पनीको रेखदेखमा रहेको जग्गाको २०२२ सालदेखिको पोत र जग्गाको लगत कट्टा यो जग्गा समर जं कम्पनीको रेखदेखमा रहेको छ" भन्ने समेत ब्यहोराको लगत।

(ट) बागमती अंचलाधीश कार्यालयको श्री ५ को सरकारको नाममा लालपूर्जा बनाईदिने भन्ने समेत व्यहोराको पत्रः

गृह मन्त्रालयलाई बोधार्थ दिई आवास तथा भौतिक योजना तथा निर्माण मन्त्रालयलाई उक्त मन्त्रालयको च.नं. १०७५ मिति २०४४।११।२३ को पत्रको जवाफ दिंदै बागमती अंचलाधीश कार्यालयद्धारा प्रेषित गरिएको ललिता निवासको घर कम्पाउण्डको जग्गा क्षेत्रफल २९९-९-२-०-९-३-० रोपनी मध्येबाट श्री ५ महाराजधिराजको हु.प्र. र श्री ५ को सरकारको मिति २०३६।०२।२७ को निर्णय समेतबाट श्री पविता देविलाई वडा नं. २३क्ष बाट १ रोपनी, दामोदर प्रसाद उपाध्यायलाई वडा नं. २३स कि.नं. ८५ बाट १ रोपनी र कुमार बस्नेतलाई २३स कि.नं.

२२ बाट २ रोपनी ७ आना २ पैसा पूरै जग्गा र श्री ५ को सरकारको निर्णय अनुसार ललिता निवासको घर जग्गाबाट मे.क. कनक शम्शेरलाई गोठ, तबेला समेत आठ रोपनी जग्गा छुट्याई दिइसकेको हुँदा बाँकी जग्गामा नेपाल राष्ट्र बैंक र प्रधानमन्त्री क्वाटर, प्रधान न्यायाधीश क्वाटर समेत बनेको, यसदेखि बाँकी जग्गा समरजंग कम्पनीको जिम्मा रहेको र नेपाल गजेट भाग- ३ मा श्री ५ को सरकार गृह मन्त्रालयको मिति २०२१।०८।१७ गतेको सूचना अनुसार सम्बन्धित व्यक्तिहरूले क्षतिपूर्ति लिइसकेको, साथै चाहिएको बखत छोड्ने गरी मोहीहरूलाई कमाउन दिई किसिम बमोजिमको आएको आयस्ताको रकम समरजंग कम्पनीबाटै राजश्वमा जम्मा समेत गरिएको देखिन आएको हुँदा उक्त जग्गा मातपोत कार्यालय, काठमाण्डौंलाई श्री ५ को सरकारको नाउँमा दर्ता गरी लालपूर्जाको व्यवस्था गर्न मिति २०४४।१०।२२ मा लेखी पठाइसकेको हुँदा गुरु योजना अन्तर्गत भवन निर्माण आदि गर्न सकिने भन्ने समेत व्यहोराको पत्र।

(ठ) राजनीतिक कारणले हरण भएका जग्गा फिर्ता दिने भन्ने सम्बन्धमा मन्त्रिपरिषद्बाट वि.सं. २०४७ सालमा भएका निर्णयहरूः

१) मिति २०४७।०२।१४ को निर्णयः

"२०१७ सालपछि प्रजातन्त्रको पुनस्थापनाका लागि भएको संघर्षहरूमा संलग्न भएको कारणबाट विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले गर्दै आएको छानबिनको प्रक्रियालाई अझ तदारुकताका साथ गर्ने। साथै, सोही सिलसिलामा रोक्का रहेको विभिन्न व्यक्तिहरूको सम्पत्ति फुकुवा गर्ने।

२) मिति २०४७।०४।०८ को निर्णय :

"२०१७ सालपछि प्रजातन्त्रको पुनस्थापनाको लागि भएका संघर्षहरूमा संलग्न रहेको कारणबाट विभिन्न व्यक्तिहरूको हरण भएको सम्पत्तिको विषयमा गृह मन्त्रालयले छानबिन गर्ने गरी श्री ५ को सरकार (म.प.) बाट मिति २०४७।०२।१४ मा निर्णय भैरहेकोमा त्यसरी छानबिनबाट फिर्ता दिनुपर्ने देखिएको सम्पत्ति देहाय बमोजिम फिर्ता दिने"।

जफत भएको घर जग्गा तथा अन्य सम्पत्तिमध्ये जग्गाको हकमा प्रचलित कानूनले दिएको हदसम्मको मात्र फिर्ता दिने ।

जफत भएको घर, जग्गा तथा सम्पत्ति मध्ये श्री ५ को सरकारको अधिनमा रहेका जती जानकारीमा आउनासाथ तुरुन्त फिर्ता दिने ।

श्री ५ को सरकारबाट अन्यत्र स्वामित्व हस्तान्तरण भैसकेका घर, जग्गा तथा सम्पत्तिको हकमा के कस्तो प्रक्रिया अपनाई के कसरी दिन सकिन्छ तत्सम्बन्धमा पेश गर्ने ।

फिर्ता दिनु पर्ने यस्ता सम्पत्तिहरू मध्ये पत्ता लाग्न बाँकीको हकमा फिर्ता दिने कारबाहीको क्रमलाई गृह मन्त्रालयले अझ छिटो गर्ने।

३) मिति २०४७।०५।०३ को निर्णयः

"२०१७ सालपछि प्रजातन्त्रको पुनर्स्थापनाको लागि भएका संघर्षहरूमा संलग्न भएको कारणबाट जफत भएका व्यक्तिगत सम्पत्तिहरू फिर्ता दिने निर्णयको क्रममा जग्गाको हकमा प्रचलित कानूनले दिएको हदसम्मको मात्र फिर्ता दिने गरी मन्त्रिपरिषद्बाट मिति ०४७।०४।०८ मा निर्णय भैरहेकोमा भूमिसुधार व्यवस्था लागू हुनु अगावै जफत भएका जग्गाको सम्बन्धमा देहाय बमोजिम गर्ने"।

अंशियारको अंश छुट्टयाएर मात्र सर्वस्व हुने कानूनी व्यवस्था भएको हुँदा कुनै कारणले सो नभई सम्बन्धित व्यक्तिको नाममा भएका सबै जग्गा जफत भएको भए उक्त मौका प्रदान गर्ने । साथै, ७ नं. फाराम भर्न मौका नपाएको भएमा सो को लागि पनि मौका दिने ।

अंशियारको अंश छुट्टयाई सकेपछि पनि सम्बन्धित व्यक्तिको नाममा तराइमा २८ विगाहा, पहाडमा ९६ रोपनी र उपत्यकामा ५८ रोपनी भन्दा बढी जग्गा भएको देखिएमा हदबन्दी व्यवस्था लागू हुने भएकाले सो लागू नगरी सबै जग्गा फिर्ता दिएमा भूमि सम्बन्धी ऐनको बर्खिलाप हुने हुनाले राख्न पाउने हदसम्मको जग्गा रोजी राख्न दिने र हदभन्दा बढी जग्गाको मुआब्जा मात्र दिने ।

(ड) सरकारी, सार्वजनिक, गुठी र सरकारद्वारा अधिग्रहण तथा जफत गरिएको जग्गाहरूको हिनामिना सम्बन्धी छानबिन समितिको समितिको प्रतिवेदन, २०७५ः

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) बमोजिम तत्कालीन श्री ५ को सरकार (म.प.) को मिति २०२१।०८।१५ को निर्णयअनुसार नेपाल गजेटमा २०२१।०८।१७ मा सूचना प्रकाशन भई सम्बन्धित जग्गावाला व्यक्तिहरूलाई जानकारी गराएको, ऐ ऐनको दफा १० बमोजिम टाँसपुर्जी गरी उजुर गर्ने मौका दिइएको, मिति २०२१।०९।०७ मा जग्गाको क्षतिपूर्ति लिन आउनूहोस् भनी गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरिएको, क्षतिपूर्ति किस्ताबन्दीमा दिइएको, मिति २०२२।२३ सालको क्षतिपूर्ति लिन केहीको बाँकी देखिएको भनी मिति २०२३।०६।०७ मा गो. प. मा सूचना प्रकाशित गरी शिघ्र लिन आउनूहोस् भनी जानकारी दिइएको, ऐनको दफा १३ का आधारमा कसैले लिन नआएमा राजस्व खातामा जम्मा हुने व्यहोराको जानकारी दिइएको र बाग्मती अंचलाधीश कार्यालयले मालपोत कार्यालयलाई मिति २०४४।१०।२२ मा लगत कट्टा गर्न र श्री ५ को सरकारका नाममा जग्गाधनी लालपुर्जा बनाउन पत्राचार गरेको देखिंदा जग्गा प्राप्ति ऐन, २०१८ अनुसारका सबै कानूनी प्रावधानहरू पूरा गरी जग्गा अधिग्रहण भएको प्रष्ट देखिन आयो ।

अधिग्रहण गर्ने सम्बन्धी सूचना बमोजिम सुवर्ण शम्शेर र कंचन शम्शेरको भागमा रहेको १४–११–०–० जग्गा मात्र जफत गरिएको देखिन आयो । ललिता निवास क्षेत्रको २८४–१४–३–० जग्गा प्रधानमन्त्री निवास र अन्य विशिष्ट पदाधिकारीको निवास एवं नेपाल राष्ट्र बैंकको केन्द्रिय कार्यालयको लागि जग्गा प्राप्ति ऐन, २०१८ का आधारमा अधिग्रहण गरेको देखिन आयो । अधिग्रहण गरेको जग्गाको मुआब्जा कानूनबमोजिम दिएको पनि विभिन्न सूचना र पत्राचारबाट पुष्टि भएको देखियो ।

मालपोत कार्यालय, डिल्लीबजारले तत्कालीन श्री ५ को सरकार (म.प.) का मिति २०४७।०२।१४, २०४७।०४।०८ र २०४७।०५।०३ गतेका निर्णयहरू कार्यान्वयन

गर्दा जफत गरिएको जग्गा र अधिग्रहण गरिएको जग्गा कति हो यकिन गर्नुपर्ने, क्षेत्रफल र कित्ता स्पष्ट गर्नुपर्ने, तत्पश्चात् अधिग्रहणमा परेको जग्गाको मुआब्जा एवं क्षतिपूर्ति प्राप्त गरे नगरेको बुझ्नु पर्ने, हदबन्दीभित्र पर्ने नपर्ने सुनिश्चित गर्नुपर्ने र क्षतिपूर्ति नपाएको अवस्था देखिएमा पुनः विभाग, मन्त्रालय मार्फत् निर्णय गर्ने निकाय समक्ष प्रतिवेदन गर्नुपर्ने र प्रतिवेदन उपर भएको निर्णय वा निकासा बमोजिम कार्य अगाडि बढाउनु पर्नेमा यी कुनै पनि प्रक्रिया पुऱ्याएको देखिएन। तसर्थ हदबन्दी किटान नभई र सो जानकारी सम्बन्धित साधिकार निकाय भूमिसुधार कार्यालयबाट प्राप्त नगरी मालपोत कार्यालय आफैंले जग्गा दर्ता गर्न गरेको निर्णय कानूनसम्मत देखिएन ।

मिति २०२१।०८।१७ को सूचनाबमोजिम अधिग्रहण भएका अन्य ५ वटा दरबार र तिनले चर्चेको जग्गामा जग्गाधनी तथा मोहीहरूले मुआब्जा पाएपछि सुवर्ण शम्शेरका हकदारहरूले पनि पाएको हुनुपर्ने, नपाएको भए सम्बन्धित निकायमा उजुरी निवेदन दिएको हुनुपर्ने र अदालतमा रिट जानुपर्ने हो तर त्यस्तो भए गरेको कहीं कतै नदेखिएको हुँदा उनीहरूले पनि मुआब्जा पाएका थिए भन्न सकिन्छ।

गुठी संस्थानबाट मिति २०४२।०१।१८ मा केही जग्गा गुठीको जनाउने निर्णय गरेको र मालपोत कार्यालयले सो बमोजिम मिति २०४२।०३।१६ मा जग्गाधनी श्रेस्ता पुर्जा गुठीको जनाई निर्णय गरेको र मालपोत कार्यालय, डिल्लीबजारले पुनः २०४९।०७।२५ र २०४९।०८।३० मा पहिलेको श्रेस्ता सच्याई अर्को व्यक्तिविशेषका नाममा श्रेस्ता कायम गरेको देखिंदा दोहोरो श्रेस्ता कायम गरेको देखिन आयो ।

पशुपति टिकिन्छा गुठी हो भनी विभिन्न व्यक्तिहरूले २१ कित्ता जग्गामा मोही कायम गर्न २०५८ सालदेखि निवेदन दिएपनि गुठी संस्थानको प्रस्ताव अनुसार तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले म.प. मा प्रस्ताव पेश गर्दा साविक का.न.पा. वडा नं २३ को ४ कित्ता जग्गामात्र गुठीमा कायम गरेको तर उक्त गुठीको भूगोल कहाँ हो, कुन ठाउँमा रहेको भन्ने

विषयमा जग्गाधनी गुठी संस्थान नै अस्पष्ट रहेको र मन्त्रालयले पनि सत्यतथ्य खोजी नगरी निर्णयको लागि म.प. मा प्रस्ताव पेश गरेको देखियो ।

मुआब्जा पाए नपाएको सम्बन्धमा २०४७ सालमा तत्कालीन सरकारले निर्णय गर्दा समेत ध्यान दिएको देखिंदैन। केवल राजनीतिक कारणले जफत गरिएको भन्नेमा मात्र ध्यान दिई कानूनबमोजिम अधिग्रहण भई सरकारको नाममा आएको जग्गासमेत जफत गरिएको भन्ने नाममा कुनै कानूनी व्यवस्थाका आधारमा नभई भावनामा बगी राजनीतिक निर्णय गरेको देखिन आयो । तसर्थ, तत्कालीन श्री ५ को सरकारका निर्णयहरू कानूनी भन्दा पनि सैद्धान्तिक निर्णय भएको देखिन्छ । जग्गाजमिनको सम्बन्धमा निर्णय गर्दा प्रचलित कानूनका प्रावधानको उल्लेख नगरेमा कानूनको बर्खिलाप हुन जान्छ भन्नेतर्फ ध्यान नदिएको कारण गलत र गैह्रकानूनी निर्णय भएको देखियो ।

कानूनी राज्यमा व्यक्तिको होइन, विधिको शासन हुने हुनाले विधिको प्रावधान सबैले पालना गर्नूपर्छ। कानूनी आधार उल्लेख नगरी गरिएको निर्णय मात्र होइन, काम पनि कानूनसम्मत भएको मान्न सकिंदैन । तसर्थ, सरकारले जग्गा फिर्ता दिने निर्णय गर्दा कुन कानूनको कुन दफा वा नियम बमोजिम फिर्ता गर्ने हो भन्ने खुलाउनु पर्नेमा सो अनुरुप नखुलाएका निर्णयहरू कानून अनुसार भएको मान्न सकिने अवस्था रहेन ।

जग्गाजमिन वा सम्पत्तिका सम्बन्धमा मन्त्रिपरिषद्ले गर्ने निर्णयहरू तथ्यपूर्ण, कानूनसम्मत्, र विवेकपूर्ण हुनुपर्नेमा प्रस्तुत विषयका कतिपय निर्णयहरू त्रुटिपूर्ण भएको देखिन आयो । यसमा मुख्यतः सम्बन्धित मन्त्रालयले म.प मा पेश गर्ने प्रस्ताव तयार गर्दा नै कानूनी र तथ्यगत विषयमा प्रवेश नै नगरी नियतवश गलत मनसायले मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गराउन प्रयास गरेको देखियो । प्रस्ताव पेश गर्न टिप्पणी फायल उठाउने, राय दिने, निर्णय गर्न मन्त्री समक्ष पेश गर्ने सचिव र प्रस्ताव पठाउन निर्णय गर्ने मन्त्रीहरू समेत उपर अधिकार सम्पन्न निकायले अनुसन्धान गर्नुपर्ने समेत देखिन आयो ।

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूमा जुन कामका लागि कानूनले जुन निकाय वा पदाधिकारीलाई अधिकार दिएकोछ, सो कार्य सोही निकाय वा पदाधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप वा संकुचन हुनेगरी अन्य कुनै निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न नपाउने मान्यता रहेकोले सो को विपरित हुनेगरी मालपोत कार्यालय, काठमाण्डौंले प्रस्तुत विषयमा निर्णय गरेको देखिय। तसर्थ, अधिकारविहीन निकायबाट भएको काम कारबाहीको कानूनी मान्यता रहदैन। यसरी हेर्दा मिसिल नं १०२४ र १०२५ बाट मालपोत कार्यालय, डिल्लीबजारले गरेका निर्णयहरू सुरूदेखि नै गैह्रकानूनी देखिए ।

(आ) कानूनसम्मत नदेखिएका विभिन्न मितिमा भएका निर्णयहरुः

(१) वि.सं.२०४९ सालमा भएका कानूनसम्मत नदेखिएका निर्णयहरूः

(क) मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२४ मिति २०४९/०७/२५ को निर्णयः

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको तत्कालीन श्री ५ को सरकारको नाममा श्रेस्ता पूर्जा भएको २९९-९-२-० रोपनी जग्गामध्येबाट तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजा, मालपोत अधिकृत सुरेन्द्रमान कपाली, नायव सुब्बा जगत प्रसाद पुडासैनी र खरिदार युक्तप्रसाद श्रेष्ठको प्रत्यक्ष संलग्नतामा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि. नं. १०२४ मिति २०४९/०७/२५ बाट का. जि. नगर २३क्ष कि. नं. ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४३, ४४, ५१, ५३, ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२, ७२, ७४, ७५, ७९ र ८० का कित्ता संख्या २६ को जम्मा क्षेत्रफल २६-६-१-० रोपनी जग्गा सुवर्ण शम्शेरका हकवालाहरू सुनिती राणा, शैलजा राणा, रुक्म शम्शेर समेतको नाममा ना.सा.,दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिएको।

(ख) मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२५ मिति २०४९/०७/२५ को निर्णयः

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको तत्कालीन श्री ५ को सरकारको नाममा श्रेस्ता पूर्जा भएको २९९-९-२-० रोपनी जग्गामध्येबाट जग्गामध्येबाट तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजा, मालपोत अधिकृत सुरेन्द्रमान कपाली, नायव सुब्बा जगत प्रसाद पुडासैनी र खरिदार युक्तप्रसाद श्रेष्ठको प्रत्यक्ष संलग्नतामा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२५ मिति २०४९/०७/२५ मा का.जि. नगर २३ह कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२, ३४, ३६, १७, २०, १८, १९, २१, २३, ८, १३, १४, २६, २७, ११ र नगर २३ क्ष कि.नं. १८, २०, २१, २२, २३, २४ गरी कित्ता संख्या २७ को जम्मा क्षेत्रफल ४९-०-३-० रोपनी जग्गा सुवर्ण शम्शेरका हकवालाहरू शैलजा राणा, हेमन शम्शेर र हाटक शम्शेरको संयुक्त नाममा ना.सा., दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिएको।

(ग) मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२४ मिति २०४९/०९/२३ को निर्णयः

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको तत्कालीन श्री ५ को सरकारको नाममा श्रेस्ता पूर्जा भएको २९९-९-२-० रोपनी जग्गामध्येबाट जग्गामध्येबाट तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजा, मालपोत अधिकृत सुरेन्द्रमान कपाली, नायव सुब्बा जगत प्रसाद पुडासैनी र खरिदार युक्तप्रसाद श्रेष्ठको प्रत्यक्ष संलग्नतामा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि. नं. १०२४ मिति २०४९/०९/२३ मा का. जि. नगर २३क्ष कि. नं. ३०, ३१, ३२, ४१, ४५, ४६, ४७, ४९, ५०, ५२, ६४, ६५, ६६, ६७, ७०, ७१, ८१, ८२ र ८३ का कित्ता संख्या १९ को जम्मा क्षेत्रफल २८-१५-१-० रोपनी जग्गा सुवर्ण शम्शेरका हकवालाहरू रुक्म शम्शेर, शैलजा राणा र सुनिती राणा समेतको संयुक्त नाममा ना.सा., दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिएकोमा तत्कालीन मालपोत विभागको च.नं. ३९२४ मिति २०४९/०९/२३ को पत्रबाट उक्त जग्गा व्यक्तिविशेषको नाममा दाखिल खारेज नामसारी गर्नको लागि विभागको मिति

२०४९/०९/२० को निर्णयानुसार सहमति प्रदान गरेको भनी तत्कालीन महानिर्देशक मुकुन्द प्रसाद आचार्य र शाखा अधिकृत धर्म प्रसाद गौतमको प्रत्यक्ष संलग्नतमा सहमति प्रदान गरेको देखिएको।

(घ) मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२५ मिति २०४९/०९/२३ को निर्णयः

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको तत्कालीन श्री ५ को सरकारको नाममा श्रेस्ता पूर्जा भएको २९९-९-२-० रोपनी जग्गामध्येबाट मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि. नं. १०२५ मिति २०४९/०९/२३ मा का.जि. नगर २३क्ष कि. नं. २५, २६, २७ र २९ का कित्ता संख्या ४ को जम्मा क्षेत्रफल ७-१४-०-० रोपनी जग्गा सुवर्ण शम्शेरका हकवालाहरू शैलजा राणा, हेमन शम्शेर र हाटक शम्शेरको संयुक्त नाममा ना.सा., दाखिल खारेज, दर्ता गर्ने गरी निर्णय गरेको देखिएकोमा तत्कालीन मालपोत विभागको च.नं.३९२४ मिति २०४९/०९/२३ को पत्रबाट उक्त जग्गा व्यक्तिविशेषको नाममा दाखिल खारेज नामसारी गर्नको लागि विभागको मिति २०४९/०९/२० को निर्णयानुसार भनी तत्कालीन महानिर्देशक मुकुन्द प्रसाद आचार्य र शाखा अधिकृत धर्म प्रसाद गौतमको प्रत्यक्ष संलग्नतमा सहमति प्रदान गरेको देखिएको।

(ङ) सरकारी जग्गा आफ्नो नाममा बकस लिने कानूनसम्मत नदेखिएको निर्णयः

ललिता निवास क्याम्पभित्रको ११२ रोपनी बढी सरकारी जग्गा रुक्म शम्शेर जबरा समेतका सुवर्ण शम्शेरका हकदारलाई मालपोत कार्यालय, डिल्लीबजार र भूमिसुधार तथा व्यवस्थापन विभागका कर्मचारी, पदाधिकारीहरूको मिलेमतोमा फिर्ता दिने भनी मिति २०४९/७/२५ र मिति २०४९/९/२३ मा निर्णय गरिसकेपछि त्यसको लगतै जग्गा फिर्ता दिने निर्णय प्रक्रियामा संलग्न मालपोत कार्यालय, डिल्लीबजारका कर्मचारीहरू प्रमुख मालपोत अधिकृत कलाधर देउजा, मालपोत अधिकृत सुरेन्द्र कपाली, नायब सुब्बा जगत प्रसाद पुडासैनी र खरिदार युक्त प्रसाद श्रेष्ठले ललिता निवास क्याम्पभित्र राणाहरूलाई फिर्ता दिएको जग्गामध्येबाट हालैदेखिको बकसपत्रको लिखत पारित गरी-गराई आफ्नै परिवारका सदस्य तथा नजिकैका नातेदारको नाममा जग्गा लिएको देखिन्छ।

त्यस्तैगरी जग्गा फिर्ताको लागि सहमति दिने कार्यमा संलग्न विभागका महानिर्देशक मुकुन्द प्रसाद आचार्य र शाखा अधिकृत धर्म प्रसाद गौतम समेतका आफन्तका नाममा सोही मध्येको जग्गा हालैदेखिको बकसपत्रको लिखत मार्फत् प्राप्त गरेको देखिन्छ ।

(च) संलग्न व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोरा

(अ) संलग्न कर्मचारीहरूको बयानः

१) तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजाले गरेको बयानः-

म २०४९ सालतिर मालपोत कार्यालय डिल्लीबजारमा कार्यालय प्रमुखको रुपमा कार्यरत थिएँ। मालपोत कार्यालय डिल्लीबजारको मि.नं.१०२४ र १०२५ बाट मिति २०४९।०७।२५ र मिति २०४९।०९।२३ मा भएका निर्णयहरूमा भएको हस्ताक्षर मेरै हो। ललिता निवास क्याम्पभित्र रहेको सुवर्ण शम्शेर र कञ्चन शम्शेरका नामको जफत भएको जग्गा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०४७।२।१४, २०४७।४।८ र ०४७।५।३ को निर्णय बमोजिम फिर्ता दिने भनी लेखिआए अनुसार सुनिती राणा समेतका नाममा जग्गा दर्ता गरी दाखिल खारेजगरी दिने कार्य भएको हो। त्यसबेला मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत मातहतका कर्मचारीले ललिता निवास क्याम्पभित्रका जग्गा मन्त्रिपरिषद्बाट जग्गा हकदारका नाममा फिर्ता दिने निर्णय गरेको छ फिर्ता दिन मिल्ने जग्गा हो भनी सबै प्रकृया पूरा गरी शा.अ.(मा.अ.) समेतले दर्ता बाँकी जग्गा हो भनी टिप्पणी पेश गरेकोले त्यसबेला ठिकै हो भनी सोचेर निर्णय गरें। हाल आएर तत्कालीन श्री ५ को सरकारको नामको जग्गा रहेछ भन्ने थाहा पाएँ। निर्णयको अवस्थामा फाँटबाट नेपाल सरकारको श्रेस्ता देखाएको भए उक्त निर्णय हुने थिएन। काठमाण्डौं महानगरपालिका वडा नं.३२ बस्ने ईन्द्र बहादुर थापासँग मेरो साढुभाई नाता पर्दछ।निज लगायत अन्य कर्मचारीहरूका आफन्तका नाउँमा जग्गा कसरी कायम हुनगयो मलाई थाहा छैन। निजले कसबाट बकसपत्र गरी लिएको हो वहाँलाई नै बुझ्दा थाहा हुन्छ भन्ने समेत व्यहोराको कलाधर देउजाले गरेको बयान।

२) **तत्कालीन मालपोत अधिकृत सुरेन्द्रमान कपालीले गरेको बयानः-**

मि.नं. १०२४ र मि.नं. १०२५ बाट दुई पटक गरी मिति २०४९।७।२५ र मिति २०४९।९।२३ को निर्णयमा भएको हस्ताक्षर मेरो हो। उक्त जग्गाहरू फिर्ता दिन सम्बन्धित फाँटबाट सबै प्रमाणहरू संलग्न गरी पेश भएको व्यहोरा मनासिबै लागि निर्देशनार्थ कार्यालय प्रमुख समक्ष पेश गरेको हुँ। कुनै पनि कुराको अन्तिम निर्णय गर्ने नगर्ने वा कुनै कैफियत देखिए वा कुनै कुरा बुझ्नुपरे निर्णय नगरी तल फिर्ता पठाउन सक्ने अधिकार कार्यालय प्रमुखमा रहन्छ। निर्णय गलत भए जग्गा नाप गर्नेलाई समेत कारबाही गरी उक्त जग्गाहरू पुन नेपाल सरकारमा गर्नुपर्ने हो। जग्गा दर्ता गर्नेमा मेरो कुनै मिलोमतो छैन। मेरो भतिजा बुहारी नाता पर्ने शान्ति मल्ल प्रधानाङ्गको नाउँमा जग्गा कसरी आयो मलाई थाहा छैन। मैले बुझेसम्म उक्त जग्गा उसको बुबा ओम शंकर प्रधानाङ्गले किनिदिएको र पछि उनले नै बेचिदिएको भन्ने बुझ्नआएको सम्म मलाई थाहा छ भन्ने समेत व्यहोराको सुरेन्द्रमान कपालीले गरेको बयान।

३) **तत्कालीन खरिदार युक्त प्रसाद श्रेष्ठले गरेको बयानः-**

मलाई मिसिल नं. याद सम्झना भएन, आज भन्दा करिव २७/२८ वर्ष अगाडि भएको निर्णय मलाई सबैकुरा सम्झना आएन । आजसम्म बदनियतपूर्वक काम गरेको छैन कुनै सजाय पाएको पनि छैन। सुवर्ण शम्शेर राणाका हकदारहरूले जग्गा फिर्ता गरिपाऊँ भनी निवेदनसाथ कागजातहरू संलग्न गरी निवेदन पेश गरेकोले तोक आदेश भै फाँटमा आएको फायल कारबाहीको लागि अगाडि बढाउँदा फाँटवालाको कर्तव्य भएकोले सो अनुसार मैले टिप्पणीसम्म पेश गरेको हुँ, उक्त टिप्पणीमा पेश गरेको हस्ताक्षर मेरो हो भन्ने समेत व्यहोराको युक्त प्रसाद श्रेष्ठले गरेको बयान।

४) **तत्कालीन शाखा अधिकृत धर्म प्रसाद गौतमको बयानः-**

म मालपोत विभागमा २०४७ देखि २०५६ सालसम्म शाखा अधिकृतको रुपमा कार्यरत थिएँ। मिति २०४९।०९।२२ मा मालपोत कार्यालय, डिल्लीबजारलाई प्रेषित उक्त पत्रको

फोटोकपीमा उल्लेखित हस्ताक्षर मेरो हो । श्री ५ को सरकारको जग्गा श्री ५ को सरकारको कायम गरी सकेपछि सो जग्गा जफत भएको हो होइन यकिन गरी मं. प. को निर्णय बमोजिम प्रकृया अन्तर्गत मात्र जफत भएको जग्गा ठहरिएपछि मात्र निवेदकहरूका नाउँमा दर्ता हुनुपर्नेमा मालपोत कार्यालयले श्री ५ को सरकारका नाममा दर्ता श्रेस्ता कायम नगरी जफत भएको यकिन नगरी दर्ता नामसारी गरेको कार्य त्रुटिपूर्ण छ। विभागबाट म.प.को सैद्धान्तिक निर्णय बमोजिम जफत भएका जग्गा फिर्ता गर्न सम्म निर्देशन मैले विभागीय प्रमुखको निर्णय बमोजिम पठाएको हो। विभागबाट पत्र पठाएकै दिन हतारमा निर्देशन अनुसार नाम संशोधन कार्य म.प.को निर्णयको प्रकृया नअपनाई मालपोत कार्यालयले किन जग्गा दर्ता नामसारी गरेको हो सोही कार्यालयका पदाधिकारीले पुष्ट्याई गर्न सक्नुहोला। काठमाण्डौं महानगरपालिका वडा नं.६ सरस्वतीनगरमा बस्ने मोहन प्रसाद भट्टराईको नातामा म सानोबुबा पर्दछु।निजको नाममा जग्गा कायम भएको सम्बन्धमा मेरो कुनै भूमिका थिएन। निजले कसरी के आधारमा सो जग्गा कायम गराएका हुन्, निजले नै जान्ने विषय हो भन्ने समेत व्यहोराको धर्म प्रसाद गौतमले गरेको बयान।

५) संलग्न कर्मचारीहरूको मृत्युदर्ताको प्रमाणपत्रः-

भूमिसुधार विभागका तत्कालीन महानिर्देशक मुकुन्द प्रसाद आचार्य, तत्कालीन नायब सुब्बा जगत प्रसाद पुडासैनीको मृत्यु भइसकेकोले निजहरूको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरिएको।

(आ) गैह्रकानूनी रुपमा जग्गा फिर्ता लिने व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोराः-

१) रुक्म शम्शेर जबराको बयानः-

२०४७ सालको मन्त्रिपरिषद्को मिति २०४७।२।१४, २०४७।२।१६ र २०४७।५।३ मा सबै राजनीतिक व्यक्तिको जफत तथा हरण भएको जग्गा फुकुवा तथा फिर्ता गर्ने निर्णय र सो निर्णय बमोजिम मालपोतको मिति २०४७।७।२५ र २०४७।१।२३ को निर्णयले जफत

गरिएको सुवर्ण शम्शेर र कञ्चन शम्शेरको जग्गा कुल ११४ रोपनी फुकुवा गरियो ।यी सम्पतिहरू हाम्रो पैत्रिक सम्पति भएकाले हामीले कुनै व्यक्ति तथा कर्मचारीलाई कुनै प्रकारको प्रभावमा पारेका छैनौं । Lt.Con. कनक शम्शेरले ललिता निवास पूरै सरकारले लिईसकेको अवस्थामा उहाँलाई बसोवासको निमित्त बासस्थान चाहेकोले बेलाको नियम अनुसार उनले आफ्नो घर घडेरीको निम्ति सरकारसँग ८ रोपनी जग्गा सरकारी दरमा पाउन आग्रह गरेका हुन्। मोहीको विषयमा मलाई केही थाहा छैन, यी मोहीहरूसँग मेरो कुनै सरोकार छैन । तपाईहरूको जग्गा फिर्ता आउँछ भनी विभिन्न मान्छेहरू आई सम्पूर्ण प्रक्रियाहरू उनीहरूले नै पूरा गरे। उनीहरूले नै मोहीको भाग कट्टा गरी आधा भाग मात्र दिए ।का.जि. बालुवाटार ललिता निवासको घर जग्गा हाम्रा बाबुबाट हामी अंशियारबिच मिति २०१७।३।३१।५ र.नं. १५४७ बाट बण्डा भएको सम्पूर्ण सम्पत्ति जफत एवं रोक्का गरिएको थियो। हाम्रो सम्पति (सुवर्ण शम्शेर र कन्चन शम्शेरको) २०१८ सालमा नै जफत गरी रोक्का राखी समरजंग कम्पनीलाई रेखदेखको जिम्मा दिएको । २०२१ सालका नापी आउँदा कोहीले आफूले कमाए अनुसार साँध किलो देखाई कित्ता कायम गरी मोही महलमा मोहीको नाम लेखाएका रहेछन् । भने हाम्रा जग्गा जिम्मा लिने समरजंग कम्पनी लाई बाली बुझाई आएको व्यहोरा उल्लेख गरेका रहेछ ।उक्त जग्गा २०४५ सालतिर पुनः नापी हुँदाको समयमा पनि जोतभोग अनुसार नापी गरी मोहीहरूले मोही महलमा नाम लेखाएका रहेछन् भन्ने समेत व्यहोराको रुक्म शम्शेर ज.ब.रा.ले गरेको बयान।

२) हाटक शम्शेर जबराको बयानः-

२०४७ सालमा मन्त्रिपरिषद्ले जफत भएको जग्गा फिर्ता दिने भनी निर्णय गरेको सोही निर्णयको आधारमा मालपोत कार्यालयबाट निर्णय गरेर म समेतको नाममा कायम गरिदिएको हो । जफत भएको जग्गा अधिग्रहण भएको सुनेको हो तर हामी त्यस प्रक्रियापट्टि गएनौं । हामीले जफत भएको २ भाग जग्गा पाउने थाहा पाएर काम गरिदिन्छौं भनेर धेरै मान्छेहरू आए, त्यसमा

रामनाथ अधिकारी भन्ने मान्छे आएर म सबै काम गरिदन्छु भन्यो र सबै काम गरिदियो। जफत गर्दा हाम्रो जग्गामा मोही थिएन । पछि जग्गा पाऊँदा मोही पनि लागेर आयो। तपाँइहरूको जग्गा फिर्ता आउँछ भनेर मान्छेहरू आए, सम्पूर्ण प्रक्रिया उनीहरूले नै गरे। हामीलाई मोहीको आधा भाग कट्टा गरेर बाँकीको पैसा दियो । केही व्यक्तिहरूको नाममा बकसमार्फत् जग्गा गएको सम्बन्धमा मेरो मुवा (शैलजा राणा) ले रामनाथ अधिकारीले सिफारिस गरेका मान्छेहरूलाई बिक्री गर्नुभएको थियो, सबै कामहरू निजबाटै भएको थियो भन्ने समेत व्यहोराको हाटक शम्शेर ज.ब.रा.ले गरेको बयान।

३) जग्गा फिर्ता लिने व्यक्तिहरूको मृत्युदर्ताको प्रमाणपत्रः-

जग्गा फिर्ता लिनेहरू मध्येका शैलजा राणा, सुनिती राणा र हेमन शम्शेरको मृत्यु भइसकेकोले निजहरूको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरिएको।

(इ) मोही भनिएका व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोरा :-

१) बिल बहादुर महर्जनको बयान

जग्गाको नापी नक्सा आएको बेला मेरो मोही कायम भएको हो । यसबारे सबै लेखापढी काम रामकुमार सुवेदीले गरेको हो । मोही कायम गर्ने सम्बन्धमा रामकुमार सुवेदीले जिम्मा लिएको थियो निजले नै मोहीको नामको लालपूर्जा आयो भन्यो त्यसपछि हामी मोहीहरूलाई कागजपत्रहरूमा सही गर्न लगायो। हामीलाई लालपुर्जा पनि देखाएको छैन। रामकुमारले मोहीको भागको भनेर मलाई नौ लाख अठासी हजार दिएको हो भन्ने व्यहोराको बिल बहादुर महर्जनले गरेको बयान।

२) लक्ष्मी नारायण महर्जन समेतको नामको सार्वजनिक सूचनाः

मिति २०७६।०३।११ गते गोरखापत्र राष्ट्रिय दैनिकमा उपस्थित हुन आउनू भनी, कान्छा महर्जन, लक्षीमाया महर्जन, अस्त महर्जन, कृष्ण महर्जन, कुल बहादुर महर्जन, पञ्च नारायण महर्जन, श्रीमाया तण्डुकारनी, आश नारायण महर्जन, चैत्य नारायण महर्जन, पूर्णमाया डंगोलनी,

जोगलाल महर्जन, जित बहादुर महर्जन, नारायण महर्जन, पूर्णविर महर्जन, अष्टमान महर्जन, देव नारायण महर्जन, ड्राइभर भाइचा, लक्ष्मी नारायण, धन बहादुर महर्जन, न्हुच्छे बहादुर महर्जन, लक्ष्मी माया डंगोल, न्हुच्छे बहादुर, माया प्रजापति, अष्ट महर्जन, लक्ष्मी नारायण डंगोल, कान्छा महर्जन, लक्ष्मी माया डंगोलनी, चैत नारायण महर्जन, पञ्च नारायण महर्जन, अष्ठ महर्जन, कर्ण बहादुर गुरुङ, आश नारायण डंगोल, तरी महर्जन, जोगचा महर्जन, वेख नारायण महर्जन, नुच्छे मान, हर्क नारायण डंगोल, नाति महर्जन, पञ्च नारायण महर्जन, लक्ष्मी महर्जन, साहिला महर्जन, भाजु नारायण महर्जन, मोहन माया तण्डुकार, हेरमान महर्जन, मचाभाई महर्जन, हेरामान महर्जन, लक्ष्मी नारायण महर्जन, रत्नमाया डंगोलनी, नारायण डंगोल, नाति महर्जन, कुल बहादुर महर्जन, बेखा नारायण महर्जन, लक्ष्मी माया महर्जन, सुकु महर्जन, कान्छाभाई महर्जन, नाति महर्जन समेतको नाममा सार्वजनिक सूचना जारी गरिएकोमा निजहरू उपस्थित हुन नआएको।

(ई) गैह्रकानूनी रुपमा जग्गा बकस गरिलिने व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोराः-

१) इन्द्र बहादुर थापा क्षेत्रीको बयानः-

म उद्योग मन्त्रालय अन्तर्गत राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.मा २०४० साल देखि २०६५ सम्म कार्यरत थिएँ। राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन। मेरो साढुदाई कलाधर देउजा मालपोत कार्यालयमा अधिकृत पदमा हुँदा वहाँले बालुवाटारमा एउटा जग्गा छ तपाईले आफ्नो नाममा राखिदिनुहोस् भनी अनुरोध गर्नुभएकाले सहयोगसम्म गरेको हुँ। आफ्नो नाममा लिएको एक दुई वर्ष पछाडि बिक्री गर्दा रु. १० लाख प्राप्त गरेको थिएँ। उक्त जग्गामध्ये एक कित्ता मैले पनि किनेको र पछि बिक्री गरिसकेको छु भन्ने समेत व्यहोराको ईन्द्र बहादुर थापा क्षेत्रीले गरेको बयान।

२) शान्ति मल्ल प्रधानाङ्गको बयानः-

सुरेन्द्रमान कपाली मेरो काका ससुरा हो उहाँ मालपोत कार्यालयमा थियो थिएन मलाई थाहा छैन। ललिता निवास क्याम्पभित्रका जग्गाहरू मलाई बुबाले मालपोत कार्यालय लानुभई कसबाट

किनिदिनु भएको हो थाहा भएन, उक्त जग्गा रु. ८१,०००।- मा किनिदिनुभएकोमा ४/५ वर्ष राखेर रु.८,००,०००।- मा बिक्री गरिदिनु भएको थियो भन्ने समेत व्यहोराको शान्ति मल्ल प्रधानाङ्गले गरेको बयान।

३) **सरस्वती कुमारी श्रेष्ठको बयानः-**

युक्त प्रसाद श्रेष्ठ मेरो श्रीमान् हुनुहुन्छ। ललिता निवास क्याम्पभित्रको जग्गा मैले मिति २०४९ साल चैत्रमा मिठुदेवी चापागाईंबाट जग्गाको कारोबार गर्ने व्यक्ति मार्फत् जग्गा खरिद गरेको हुँ। राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन। बकस गरिलिएको सम्बन्धमा त्यसबेला कसरी सहज हुन्थ्यो त्यही अनुसार गरेको जस्तो लाग्छ। मलाई कानूनी वा लिखतबारे थाहा छैन। मैले उक्त जग्गा २०४९ सालमा त्यस्तै रु. ८५ हजार जतिमा खरिद गरेको हुँ। त्यतिबेला मेरो श्रीमान् डिल्लीबजार मालपोतमा कार्यरत हुनुहुन्थ्यो। अहिले त्यहाँ मेरो कुनै पनि एकल वा संयुक्त रुपमा जग्गा छैन भन्ने समेत व्यहोराको सरस्वती कुमारी श्रेष्ठले गरेको बयान कागज।

४) **निर्मलादेवी श्रेष्ठको बयानः-**

मेरो सहोदर दाजु युक्त प्रसाद श्रेष्ठ मालपोत कार्यालय, चारखाल, डिल्लीबजारमा खरिदार पदमा कार्यरत हुँदा बहिनी मैले तिम्रो नाममा सानो टुक्रा जग्गा किनेको छु सही गर भनेर सहिछाप गरिदिएको हुँ। कति आना कति रोपनी क्षेत्रफल कतिमा किनबेच भएको हो, केही पनि थाहा छैन। पछि २०५३ सालमा मेरो विवाह भएर गुल्मी गएको केही बर्षपछि दाजु युक्त प्रसाद श्रेष्ठले बहिनी मलाई ऋण लाग्यो तिम्रो नाममा रहेको जग्गा बेच्नुपर्‍यो नागरिकता लिई तुरुन्तै आउनू भनी बोलाएकोले म यहाँ आएर दाजुसँग गएर जग्गा बिक्री गर्न सहिछाप गरिदिएको हुँ भन्ने समेत व्यहोराको निर्मलादेवी श्रेष्ठले गरेको बयान।

५) **उर्मिला शाहको बयानः-**

२०४९ साल मंसिर १ गते शैलजा राणा र भुवन कुमारी चापागाईंले संयुक्त रुपमा खरिद गरी लिएका थियौं। उक्त जग्गाहरू हामीले २०६० सालमा राम कुमार सुवेदीको परिवारलाई बिक्री

गरिसक्यौं। मैले जग्गा खरिद गर्दा मेरो श्रीमान् सुधिर कुमार शाह भक्तपुर मालपोत कार्यालयमा शाखा अधिकृत पदमा हुनुहुन्थ्यो। उक्त जग्गा बकस लिखत पारित गरी खरिद गरेको हो, मलाई जग्गाधनीसँग भेटाउने व्यक्ति जग्गा दलाल रामनाथ शर्मा हुन् भन्ने समेत व्यहोराको उर्मिला शाहले गरेको बयान।

६) सोदा कुमारी चापागाईंको बयानः-

राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन। मेरी छोरीले मलाई बोलाएर जग्गा किन्नुपर्ने भयो भनी कुनै कार्यालय जस्तो स्थानमा लगेर सहि गर्न लगाइन्, मैले के हो भन्ने थाहा नै नपाई छोरीको भनाईमा लागेर छोरीले जे भनीन् त्यही गरें। केही समयपछि छोरीले नै आमा त्यो जग्गा बेच्नुपर्ने भयो भनीन्, मैले मन्जुरीनाम दिएँ। हाल मेरो नाममा कुनै पनि जग्गा जमिन रहेको छैन। छोरीको नाम भुवन भण्डारी हो, ज्वाईंको नाम गेहनाथ भण्डारी हो। उहाँ गृह मन्त्रालयमा निजामती सेवामा हुनुहुन्थ्यो भन्ने समेत व्यहोराको सोदा कुमारी चापागाईंले गरेको बयान।

७) भुवन कुमारी चापागाईंको बयानः-

ललिता निवास क्याम्पभित्रका जग्गाहरू २०४९।८।१ गते मेरो नाममा हाटक शम्शेर राणा, हेमन शम्शेर राणा, शैलजा राणाबाट खरिद गरिआएको जस्तो लाग्दछ, उक्त जग्गा हामी दुईजना उर्मिला शाह र म भुवन कुमारी चापागाईंको नाममा संयुक्त रुपमा आएको हो। हाल उक्त जग्गाहरू हाम्रो नाममा छैन। उक्त जग्गा खरिद गरी लिएको अवस्थामा मेरो श्रीमान गेहनाथ भण्डारी शाखा अधिकृत पदमा योजना आयोगमा कार्यरत हुनुहुन्थ्यो। राणा परिवारका सदस्यहरूसँग हाम्रो परिवारको कुनै चिनजानी थिएन। मलाई जग्गा किनाइदिने व्यक्तिलाई मैले शर्मा दाई भन्थें, उहाँको पूरा नाम रामनाथ शर्मा भएको मैले मेरो नाम फोटोसहित कान्तिपुरमा आएको समाचारबाट रामनाथ अधिकारी भएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको भुवन कुमारी चापागाईंले गरेको बयान।

८) **विद्या पौडेल गौतमको बयानः-**

ललिता निवास क्याम्पभित्र मेरो नाममा कित्ता नं. ३४ र २१ कायम भएको थियो ।राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन। त्यो जग्गा शैलजा, हेमन र हाटक शं. बाट २०५०।२।२९ गते मेरो नाममा आयो, मैले त्यो जग्गा ४,००,०००।- मा किनेको हो। उक्त जग्गाको बारेमा मेरो ससुरा बुबा र श्रीमानको साथी जगत पुडासैनीमार्फत् जानकारी भएको थियो, राजश्व कम लाग्छ भनेर मैले बकस पत्र गरी लिएको हो। हाल त्यो जग्गा मेरो नाममा छैन मैले बेचिसकें, मैले जग्गा किन्दा मेरो श्रीमान् समरजंग कार्यालयमा स.ले.पा.मा हुनुहुन्थ्यो भन्ने समेत व्यहोराको विद्या पौडेल गौतमले गरेको बयान।

९) **खिमादेवी आङवुहाङ्गको बयानः-**

राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन, ललिता निवास क्याम्पभित्रका जग्गा आएको छ तपाईहरूले खरिद गर्नूहुन्छ भनी जग्गाका काम गर्नेहरूले कुरा ल्याएकोले मोहन भट्टराई र म भएर संयुक्त जग्गा खरिद गरेको हो। सँधियार हकवालाहरूले झमेला नगर्ने गरी पक्का कागज गरिदिनु भन्दा उहाँहरूले बकस कागज पक्का हुन्छ भनेर यस्तो कागज लेखिदिएपछि त्यही सही गरी खरिद गरेको हो।उक्त जग्गा शैलजा राणाबाट लिएको भन्थे राम्ररी थाहा छैन। खरिद गरेको साल ४९-५० जस्तो लाग्छ।त्यतिबेला मेरा श्रीमान् प्रेम बहादुर खापुङ भूमिसुधार विभाग अन्तरर्गत हुनुहुन्थ्यो यकिन थाहा भएन। उक्त जग्गा खरिद गर्दा मोटामोटी १,५०,००० जती तिरेको हो भन्ने समेत व्यहोराको खिमादेवी आङवुहाङले गरेको बयान।

१०) **बैकुण्ठ शर्मा रेग्मीको बयानः-**

मैले ललिता निवास क्याम्पभित्रको जग्गा खरिद गरेको छैन, मेरा ससुरा मुकुन्द प्रसाद आचार्य तत्कालीन मालपोत विभागको महानिर्देशक पदमा भएको बेला आफ्नो कार्यकक्षमा बोलाई केही कागजपत्रमा सही गर्न भनेकोमा मैले के कसो हो भन्दा ससुराको विश्वास छैन र ? भनेपश्चात विश्वासमा परी उक्त कागजातमा सही गरेको थिएँ तर हाल लगभग २०-२५ बर्षपछि आयोगले

उक्त कागजपत्र जग्गा सम्बन्धी कारोबारको सम्बन्धमा रहेछ भन्ने कुराको जानकारी पाएँ। मैले गरेको उक्त दस्तखत तथा निजको आफ्नो पदको दुरुपयोग गर्ने कार्य निजले गरेका हुन् यस सम्बन्धमा मलाई केही जानकारी छैन भन्ने समेत व्यहोराको बैकुण्ठ शर्मा रेग्मीले गरेको बयान।

११) **मोहन प्रसाद भट्टराईको बयानः-**

धर्म प्रसाद गौतम मेरो आमाको कान्छी बहिनीको श्रीमान् हुन। ललिता निवास क्याम्पभित्रका जग्गाहरू शैलजा राणाबाट हामी खिमादेवी आङबुहाङ्ग, सशिकला आङबुहाङ्ग समेतले संयुक्त रुपमा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंबाट बकस पास गरी लिएका थियौं। राणा परिवारहरूसँग मेरो कुनै चिनजान छैन, जग्गा किनबेच गराउने व्यक्तिले परिचय गराई हामीसँग जग्गाको मूल्य लिएर मात्र पास गरिदिएको हो। सो व्यक्ति जग्गा खरिदका बखत मात्र भेटेको हुनाले अहिले अमुक व्यक्ति भनेर मलाई थाहा छैन भन्ने समेत व्यहोराको मोहन प्रसाद भट्टराईले गरेको बयान।

१२) **रामकल्याण अधिकारीको बयानः-**

बालुवाटारमा मैले जग्गा खरिद गरेको हुँ तर करिब २५ वर्ष पूरानो मिति मलाई यकिन छैन। जमिन खरिद गर्दाका जग्गाधनी रुक्म शम्शेर राणा, शैलजा राणा, सुनिती राणाको नाममा सम्झना छ। डिल्लीबजार चारखालमा काम गर्ने बिचौलिया मार्फत् जानकारी पाएर राजिनामा लिखतबाट जग्गा खरिद गरेको हुँ। यदि बकस नै रहेछ भने पनि जग्गाको मूल्य र सरकारी राजश्व तिरेर खरिद गरेको हुँ। साक्षी बसेको कुरामा म मालपोतमा जग्गाको लिने दिने कार्यको कारोवारी भएकाले चिनेको लेखनदासले लिखतमा साक्षी राखिदिएको हुनसक्छ। खरिद गर्दाको लिखत र बिक्री गर्दाको लिखत साथै खारेज भएको पुर्जाको नक्कल मालपोत कार्यालय डिल्लीबजारबाट उतार गरी पेश गर्नसक्छु। यो जग्गा सरकारी थियो वा व्यक्तिको थियो मलाई

जग्गा खरिद गर्दा जानकारी भएन, हा.नं. ४५६ मौजाको जग्गा सरकारको हो भने सरकारले लिदाँ मेरो कुनै दु:ख मनाउ हुँदैन भन्ने समेत व्यहोराको रामकल्याण अधिकारीले गरेको बयान।

१३) मिठुदेवी चापागाईंको मृत्यु भईसकेकोले निजको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि मिसिलसाथ संलग्न गरिएको।

१४) रामनाथ घिमिरेको नामको सार्वजनिक सूचनाः-

मिति २०७६।०५।१८ गते गोरखापत्र राष्ट्रिय दैनिकमा आयोगमा उपस्थित हुन आउनू भनी रामनाथ घिमिरेको नाममा सार्वजनिक सूचना जारी गरिएकोमा निज उपस्थित हुन नआएको।

१५) शशिकला सुब्बाको नाममा जारी गरिएको म्याद सूचनाः-

मिति २०७६।०८।२० गतेको पत्रसाथ आयोगमा उपस्थित हुन आउनू भनी शशिकला सुब्बाको घर ठेगानामा निजको नाममा म्याद तामेल गरिएकोमा निज उपस्थित हुन नआएको।

(ई) बुझिएका व्यक्तिको कागज संक्षिप्त व्यहोराः-

१. तत्कालीन मन्त्री नवराज सुवेदीको कागजः

म २०२४/२०२५ सालतिर मन्त्री पदमा थिएँ। त्यसबेला सरकारी प्रयोजनका लागि काठमाण्डौं उपत्यकाभित्रका विभिन्न ६ बटा दरबारहरू सरकारले अधिग्रहण गरेको थियो त्यसमध्येको बालुवाटारस्थित ललिता निवास क्यायाम्पभित्रको सुवर्ण शमशेरको नाममा रहेको १४ रोपनी जग्गामा पहिले नै सरकार लागि सकेको बाँकी रहेको २८४ रोपनी जग्गा त्यसबेलाको चलनचल्तीको मूल्य भन्दा २०/२५% बढि नै मूल्य तिरेर अञ्चलाधीश कार्यालयबाट अधिग्रहण भएको हो। उक्त जग्गाको मुआव्जा २०२१।२०२२ सालदेखि २०२५।२०२६ सालसम्म पटक पटक गरी किस्ता किस्तामा दिइएको थियो। मेरो सम्झनामा भएसम्म अन्दाजी १५/१६ लाख रकम ललिता निवासको जग्गाको लागि क्षतिपूर्ति दिएको जस्तो लाग्छ। उक्त जग्गा सरकारले लिएपछि ६० रोपनी जग्गा २०२२ सालतिर नेपाल राष्ट्र बैंकलाई दिएको र बाँकी रहेको जग्गामा रेखदेख गर्नका लागि सरमजंग कम्पनीलाई दिएको थियो। सरकारले अधिग्रहण

गरेका ६ वटै घर दरवारका व्यक्तिहरूले मुआव्जा बुझेका थिए। यदि अन्य कसैले मुआव्जा नबुझेका भए अरु पनि मुआव्जा पाएनौं भनेर आउने थिए होला। तत्कालीन शाही नेपाली सेनामा मेजर कर्णेल रहेका सुवर्ण शम्शेरका छोरा कणक शम्शेरलाई घर बासको लागि सरकारले अधिग्रहण गरेको जग्गा मध्येबाटै ८ रोपनी जग्गा सरकारले खरिद गरेकै मूल्य तिर्नेगरी निजलाई दिएको थियो, यसबाट पनि तत्कालीन सरकारले प्रचलित खरिद मूल्यभन्दा बढी क्षतिपूर्ति दिएर कानूनबमोजिम अधिग्रहण गरेका काठमाण्डौं उपत्यकाका घर दरवारहरू सरकारी नै भएको पुष्टि हुन्छ भन्ने व्यहोराको तत्कालीन मन्त्री नवराज सुवेदीले गरेको कागज।

तालिका नं. १.

ललिता निवास क्याम्पभित्रको जग्गा व्यक्ति विशेषलाई फिर्ता दिने निर्णय प्रक्रियामा संलग्न कर्मचारीहरूको संलग्नताको विवरणः

क्र.सं.	कर्मचारीको विवरण			निर्णय		संलग्नताको विवरण	कैफियत
	नाम	पद	कार्यालय	मिति	व्यहोरा		
१.	कलाधर देउजा	प्रमुख मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार	२०४९/७/२५ २०४९/९/२३	मि.नं. १०२४ र मि.नं. १०२५ बाट तत्कालीन श्री ५ को सरकार, श्री ५ को गुठी र श्री ५ को सरकार गुठीको नाममा कायम रहेका जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा दाखिल खारेजना.सा. दर्ता गर्ने गरी श्रेस्ता कायम गरिदिने तथा अनाधिकृत व्यक्तिहरूलाई	मालपोत प्रमुखको हैसियतले सरकारी जग्गा गैह्रकानूनी रुपमा व्यक्तिलाई फिर्ता दिनेगरी निर्णय गरे-गराएको।	साढुभाई नाता पर्ने इन्द्र बहादुर थापाको क्षेत्रीको नाममा सोही मध्येको जग्गा बकस गरे गराएको।

					मोही कायम गरिदिने।		
२.	सुरेन्द्रमान कपाली	मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार	२०४९/७/२५ २०४९/९/२३	मि.नं. १०२४ र मि.नं. १०२५ बाट तत्कालीन श्री ५ को सरकार, श्री ५ को गुठी र श्री ५ को सरकार गुठीको नाममा कायम रहेका जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा दाखिल खारेज, ना.सा. दर्ता गर्ने गरी श्रेस्ता कायम गरिदिने तथा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरिदिने।	मालपोत प्रमुखको हैसियतले सरकारी जग्गा गैह्रकानूनी रुपमा व्यक्ति विशेषलाई फिर्ता दिनको लागि प्रमुख	आफ्नै भतिजा बुहारी शान्ति मल्ल प्रधानाङ्गको नाममा जग्गा बकस गरे गराएको।
३.	जगत प्रसाद पुडासैनी	नायब सुब्बा	मालपोत कार्यालय, डिल्लीबजार	२०४९/७/२५ २०४९/९/२३	मि.नं. १०२४ र मि.नं. १०२५ बाट तत्कालीन श्री ५ को सरकार, श्री ५ को गुठी र श्री ५ को सरकार गुठीको नाममा कायम जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा दाखिल खारेजना.सा. दर्ता गर्ने गरी श्रेस्ता कायम गरिदिने तथा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरिदिने।	जग्गा फिर्ता दिने निर्णयको लागि टिप्पणी पेश गरेको।	आफ्नै दिदी नाता पर्ने मिठूदेवी चापागाईंको नाममा सोही मध्येको जग्गा बकस गरे-गराएको।
४.	युक्त	खरिदार	मालपोत	२०४९/७/२५	मि.नं. १०२४ र मि.नं.	जग्गा फिर्ता दिने	आफ्नै श्रीमती

	प्रसाद श्रेष्ठ		कार्यालय, डिल्लीबजार	२०४९/९/२३	१०२५ बाट तत्कालीन श्री ५ को सरकार, श्री ५ को गुठी र श्री ५ को सरकार गुठीको नाममा कायम जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा दाखिल खारेजना.सा. दर्ता गर्ने गरी श्रेस्ता कायम गरिदिने तथा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरिदिने।	निर्णयको लागि राय-टिप्पणी पेश गरेको।	सरस्वती कुमारी श्रेष्ठ र सहोदर बहिनी निर्मला देवी श्रेष्ठको नाममा सोही मध्येको जग्गा बकस गरे-गराएको।
५.	धर्म प्रसाद गौतम	शाखा अधिकृत	भूमिसुधार तथा व्यवस्थापन विभाग	२०४९/९/२०	श्री ५ को सरकार गुठीको नाममा कायम रहेको जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा कायम गर्नको लागि मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको।	भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं ३९२४ मिति २०४९।०९।२३ को पत्रबाट मालपोत कार्यालय डिल्लीबजारमा पत्राचार गरेको।	आफ्नै सालीको छोरा नाता पर्ने मोहन प्रसाद भट्टराईको नाममा सोही मध्येको जग्गा बकस गरे-गराएको।
६.	मुकुन्दप्रसाद आचार्य	महानिर्देशक	भूमिसुधार तथा व्यवस्थापन विभाग	२०४९/९/२०	श्री ५ को सरकार गुठीको नाममा कायम रहेको जग्गाहरू सुवर्ण शम्शेरका हकवालाहरूको नाममा कायम गर्नको लागि	जग्गा फिर्ता दिनको लागि सहमति दिने निर्णय गरेको।	आफ्नै छोरी ज्वाई नाता पर्ने बैकुण्ठ प्रसाद रेग्मीको

					मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको।		नाममा सोहीमध्येको जग्गा बकस गरे-गराएको।

तालिका नं. २

मिति २०४९/७/२५ र २०४९/९/२३ मा सरकारी जग्गा गैह्रकानूनी रुपमा फिर्ता लिने कार्यमा संलग्न व्यक्तिहरूको संलग्नताको विवरणः-

क्र.सं.	नाम थर	गैह्रकानूनी रुपमा फिर्ता लिएको जग्गाको विवरण		संलग्नताको विवरण	कैफियत
		कि.नं.	क्षेत्रफल (रोपनी)		
१.	शैलजा राणा सुनिती राणा रुक्म शम्शेर ज.व.रा.	नगर २३ क्ष कि.नं. ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ५४, ५५, ५६, ५७, ५८, ६०, ६१, ६२, ७२, ७४, ७५, ८०, ४३, ४४, ५१, ५३, ५९, ७९	२६-६-१-०	श्री ५ को सरकारको नाममा कायम रहेका आफ्ना नाता पुर्खाको नामबाट सरकारले अधिग्रहण गरिलिएको सरकारी जग्गा राष्ट्रसेवक कर्मचारी समेतलाई प्रभावमा पारी गैह्रकानूनी रुपमा आफू समेतको नाममा फिर्ता लिएको।	जग्गाधनीको हैसियतले प्राप्त गरेको

२.	शैलजा राणा, हाटक शम्शेर राणा, हेमन शम्शेर ज.व.रा.	नगर २३ ह कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२, ३४, ३६, १७, २०, १८, १९, २१, २३, ८, १३, १४, १६, २७, ११ र नगर २३ क्ष कि.नं. १८, २०, २१, २२, २३, २४	४९-०-३-०		जसमध्ये २३ ह को कि.नं. ८ को ३-१०-०-० प्रधानमन्त्री निवास कम्पाउण्डमा पर्ने र २३ क्ष कि.नं. १८ को २-१४-०-० प्रधानन्यायाधीश निवास कम्पाउण्डमा पर्ने,
३.	शैलजा राणा, सुनिती राणा, रुक्म शम्शेर ज.व.रा.	नगर २३ क्ष कि.नं. ३०, ३१, ३२, ४१, ४५, ४६, ४७, ४९, ५०, ५२, ६४, ६५, ६६, ६७, ७०, ७१, ८१, ८२, ८३	२८-१५-१-०		
४.	शैलजा राणा, हेमन शम्शेर ज.व.रा., हाटक शम्शेर ज.व.रा.	नगर २३ क्ष कि.नं. २५, २६, २७ र २९	७-१४-०-०		
५.	नाति महर्जन	३३, ३६,		सरकारले कानूनी प्रक्रिया पूरा	मोहीको हैसियतले

६.	लक्ष्मी नारायण महर्जन	३४		गरी आफ्नो नाममा लिएको र चाहेका बखत छाड्ने तथा समरजंङ्ग कम्पनीलाई आयस्ता बुझाउने गरी किसानलाई कमाउन दिएको जग्गामा आफूहरूलाई मोही भनी झुठ्ठा दाबी गरी सरकारी कर्मचारीलाई अनुचित प्रभावमा पारी आफ्नो नाममा मोही कायम गराएको।	प्राप्त गरेको
७.	कान्छा महर्जन	३५			
८.	लक्षीमाया महर्जन्नी	३७, ३२			
९.	अस्त महर्जन	३८			
१०.	कृष्ण महर्जन	३९			
११.	कुल बहादुर महर्जन	४०, ५८			
१२.	पञ्च नारायण महर्जन	५४, २३			
१३.	श्रीमाया तण्डुकारनी	५५, ५६			
१४.	आश नारायण महर्जन	६०			
१५.	चैत्य नारायण महर्जन	५७			
१६.	पूर्णमाया डंगोलनी	६१			
१७.	जोगलाल महर्जन	६२			
१८.	जित बहादुर महर्जन	७२, ३१			
१९.	नारायण महर्जन	७४			
२०.	पूर्णविर महर्जन	७५			
२१.	अष्टमान महर्जन	८०, ८२			
२२.	देव नारायण महर्जन	४३, ४४, ५३			
२३.	ड्राइभर भाइचा	५१			

२४.	लक्ष्मी नारायण	५९			
२५.	धन बहादुर महर्जन	७९			
२६.	न्हुच्छे बहादुर महर्जन	३३, ३८			
२७.	लक्ष्मी माया डंगोल	३९			
२८.	न्हुच्छे बहादुर	२८			
२९.	माया प्रजापति	२९			
३०.	अष्ट महर्जन	३०			
३१.	लक्ष्मी नारायण डंगोल	३२			
३२.	कान्छा महर्जन	३४			
३३.	लक्ष्मी माया डंगोलनी	३६			
३४.	चैत नारायण महर्जन	१७, २०, ४१, २७			
३५.	पञ्च नारायण महर्जन	१८, १९			
३६.	अष्ठ महर्जन	२१			
३७.	कर्ण बहादुर गुरुङ	२३			
३८.	आश नारायण डंगोल	८			
३९.	तरी महर्जन	१३			
४०.	जोगचा महर्जन	१४			
४१.	वेख नारायण	१६			

	महर्जन				
४२.	नुच्छे मान	२७			
४३.	हर्क नारायण डंगोल	११			
४४	नाति महर्जन	१८			
४५.	पञ्च नारायण महर्जन	२०			
४६.	लक्ष्मी महर्जन	२१, २४			
४७.	साहिला महर्जन	२२			
४८.	भाजु नारायण महर्जन	३०			
४९.	मोहन माया तण्डुकार	४५, ५०			
५०.	हेरमान महर्जन	४६			
५१.	मचाभाई महर्जन	४७			
५२.	हेरामान महर्जन	४९			
५३.	लक्ष्मी नारायण महर्जन	५२			
५४.	रत्नमाया डंगोलनी	६४, २९			
५५.	नारायण डंगोल	६५			
५६.	नाति महर्जन	६६			
५७.	कुल बहादुर महर्जन	६७			
५८.	बेखा नारायण महर्जन	७०			

५९.	लक्ष्मी माया महर्जन	७१			
६०.	सुकु महर्जन	८१			
६१.	कान्छाभाई महर्जन	८३			
६२.	नाति महर्जन	२५			
६३.	बिल बहादुर महर्जन	२६			

तालिका नं. ३

ललिता निवासको जग्गा सुवर्ण शम्शेरका हकदारहरूबाट गैह्रकानूनी रुपमा बकस लिने कर्मचारीका आफन्तहरूको संलग्नताको विवरणः-

क्र.सं.	नाम थर	बकस लिएको जग्गाको विवरण		लिखतको थैली अंक रु.	संलग्नताको विवरण	कैफियत
		र.नं./मिति	कि.नं. /क्षे.फ.			
१.	इन्द्र बहादुर थापा क्षेत्री	४१२२/ २०४९/०८/०१	नगर २३ ह कि.नं. २७ क्षे.फ. १-१०-२-०, कि.नं. २८ क्षे.फ. २-८-०-०	६,२३,५००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न प्र.मा.अ. कलाधर देउजाको साढुभाई नाता पर्ने।
२.	शान्ति मल्ल प्रधानाङ्ग	१२०१२/ २०४९/१२/२३	नगर २३ ह कि.नं. २७ क्षे.फ. १-१०-२-०, कि.नं. २८ क्षे.फ. २-८-०-०	६,२३,५००।-	मालपोत कार्यालय डिल्लीबजारबाट सगोलनामा लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न मालपोत अधिकृत सुरेन्द्रमान कपालीको भतिजा बुहारी नाता पर्ने।

					नाममा पारित गरी लिएको।	
३.	मिठूदेवी चापागाईं	४१२२/ २०४९/०८/०१	नगर २३ ह कि.नं. २७ क्षे.फ. १-१०-२-०, कि.नं. २८ क्षे.फ. २-८-०-०	६,२३,५००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न ना.सु. जगत प्रसाद पुडासैनीको दिदी नाता पर्ने।
४.	सरस्वती कुमारी श्रेष्ठ	१२०१२/ २०४९/१२/२३	नगर २३ ह कि.नं. २७ क्षे.फ. १-१०-२-०, कि.नं. २८ क्षे.फ. २-८-०-०	६,२३,५००।-	मालपोत कार्यालय डिल्लीबजारबाट सगोलनामा लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न खरिदार युक्तप्रसाद श्रेष्ठको श्रीमती नाता पर्ने।
५.	निर्मलादेवी श्रेष्ठ	१५२११/ २०५०/०२/२९	नगर २३ क्ष कि.नं. २० क्षे.फ. ०-५-०-० र कि.नं. २६ क्षे.फ. १-८-०-०	२,७१,९००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न खरिदार युक्त प्रसाद श्रेष्ठको बहिनी नाता पर्ने।
६.	मोहन प्रसाद भट्टराई	१५२१३/ २०५०।०२।२९ ४१२४/	नगर २३ ह कि.नं. १८ क्षे.फ. १-१४-२-०, कि.नं. १३	२,८६,०००।- १,७८,२००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न

		०४९।८।१	क्षे.फ. १-३-०-०		गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	शाखा अधिकृत धर्मप्रसाद गौतमको सालीको छोरा नाता पर्ने।
७.	बैकुण्ठ शर्मा रेग्मी	७२६१/ २०४९।१०।२	नगर २३ क्ष कि.न. २२ क्षे.फ. १-०-०-०	१,५०,०००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैहकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न महानिर्देशक मुकुन्दप्रसाद आचार्यको छोरी ज्वाँइ नाता पर्ने।
८.	विद्या पौडेल गौतम	१५२१२/ २०५०/०२/२९	नगर २३ ह कि.नं. ३४ क्षे.फ. ०-११-०-० नगर २३ क्ष कि.नं २१ क्षे.फ. ०-३-०-०	१,३१,३००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	समरजंग कम्पनीमा तत्कालीन अवस्थामा लेखापाल रहेका विनोद पौडेलको श्रीमती नाता पर्ने।
९.	सोदा कुमारी चापागाईं	१५२०९/ २०५०/०२/२९	नगर २३ ह कि.नं. १९ क्षे.फ. ०-१०-०-०	९३,७५०।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफू समेतको नाममा पारित गरी लिएको।	तत्कालीन श्री ५ को सरकारका शाखा अधिकृत गेहनाथ भण्डारीको सासु नाता पर्ने।
१०.	भुवन कुमारी चापागाईं	१५२१०/ २०५०।०२।२९	नगर २३ ह कि.नं. ३६ क्षे.फ. १-०-		मालपोत कार्यालय डिल्लीबजारबाट	श्री ५ को सरकारका शाखा अधिकृत गेहनाथ

		४१२३/ २०४९।०७।३०	२-० नगर २३ ह कि.नं.११ क्षे.फ.०-११-२-०, कि.नं.१७ क्षे.फ.,३-५-०-०	१,५४,७००।— ६,०४,७००।-	हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफूले समेतको नाममा पारित गरी लिएको।	भण्डारीको श्रीमती नाता पर्ने।
११.	खिमादेवी आङवुहाङ	४१२४/ २०४९।८।१	नगर २३ ह कि.नं. १८ क्षे.फ. १-१४-२-०	२,८६,०००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफूले समेतको नाममा पारित गरी लिएको।	तत्कालीन भूमिसुधार तथा व्यवस्थापन विभागका शाखा अधिकृत प्रेम बहादुर खापुङ्गको श्रीमती नाता पर्ने।
१२.	शशिकला सुब्बा	१५२१३/ २०५०/०२/२९	नगर २३ ह कि.नं. १३ क्षे.फ. १-३-०-०	१,७८,२००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा आफूले समेतको नाममा पारित गरी लिएको।	ललिता निवास क्याम्पको जग्गा गैह्रकानूनी फिर्ता दिलाउने निर्णयमा संलग्न तत्कालीन भूमिसुधार तथा व्यवस्थापन विभाग शाखा अधिकृत प्रेम बहादुर खापुङ्गको भाइ-बुहारी नाता पर्ने।
१३.	उर्मिला शाह	१५२१०/ २०५०/०२/२९ ४१२३/ २०४९/०७/३०	नगर २३ ह कि.नं. ३६ क्षे.फ. १-०-२-० नगर २३ ह कि.नं. ११ क्षे.फ. ०-११-	१,५४,७००।— ६,०४,७००।-	मालपोत कार्यालय डिल्लीबजारबाट हा.व.को लिखत गरी-गराई ललिता निवास क्याम्पभित्रको जग्गा	तत्कालीन मालपोत कार्यालय भक्तपुरका मालपोत अधिकृत सुधिर कुमार शाहकी श्रीमती नाता पर्ने।

			२-०,कि.नं.१७ क्षे.फ.३-५-०-०		आफूले समेतको नाममा पारित गरी लिएको।	
१४.	रामनाथ घिमिरे	६३९६/ २०५१/१०/०४	नगर २३ क्ष कि.नं. ८३ क्षे.फ. ३-४-०-०	४,८७,५००।-	मालपोत कार्यालय डिल्लीबजारका कर्मचारीहरूलाई अनुचित प्रभावमा पारी सरकारी जग्गा व्यक्ति विशेषलाई फिर्ता दिलाउने कार्यमा प्रत्यक्ष संलग्न रही सोही मध्येका जग्गा सुवर्णशम्शेरका परिवारहरूबाट सोझै बकस गरी आफ्नो नाममा कायम गरी लिएको।	सरकारी जग्गा गैह्रकानूनी रुपमा फिर्ता पाउने कार्यमा संलग्न सुवर्ण शम्शेरका हकदार हाटक शम्शेर समेतले उक्त गैह्रकानूनी कार्य प्रक्रियामा निज समेतको प्रत्यक्ष संलग्नता रहेको भनी खुलाई अनुसन्धान अधिकृत समक्ष बयान गरेको, सरकारी जग्गा गैह्रकानूनी रुपमा फिर्ता दिने निर्णयमा संलग्न कर्मचारीहरूले सो काम गरेबापत हालैको बकस गरी जग्गा लिएको देखिएकोमा त्यस्ता हा.ब.का लिखतमा साक्षी रहेको देखिएको।
१५.	रामकल्याण अधिकारी	६३९५/ २०५१/०९/१६	नगर २३ क्ष कि.नं. ९२ क्षे.फ. ०-८-०-०, कि.नं. ७१ क्षे.फ. १-१०-०-०	४,१२,५००।-	मालपोत कार्यालय डिल्लीबजारका कर्मचारीहरूलाई अनुचित प्रभावमा पारी सरकारी जग्गा व्यक्ति	सरकारी जग्गा गैह्रकानूनी रुपमा फिर्ता पाउने कार्यमा संलग्न सुवर्ण शम्शेरका हकदार हाटक शम्शेर समेतले उक्त

					विशेषलाई फिर्ता दिलाउने कार्यमा प्रत्यक्ष संलग्न रही सोही मध्येका जग्गा सुवर्णशम्शेरका परिवारहरूबाट सोझै बकस गरी आफ्नो नाममा कायम गरी लिएको।	गैह्रकानूनी कार्य प्रक्रियामा निज समेतको प्रत्यक्ष संलग्नता रहेको भनी खुलाई अनुसन्धान अधिकृत समक्ष बयान गरेको, सरकारी जग्गा गैह्रकानूनी रुपमा फिर्ता दिने निर्णयमा संलग्न कर्मचारीहरूले सो काम गरेबापत हालैको बकस गरी जग्गा लिएको देखिएकोमा त्यस्ता हा.ब.का लिखतमा साक्षी रहेको देखिएको र र निजले बयानको क्रममा समेत आफ्नो संलग्ना स्वीकारेको।

(२) **मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मिति २०६०/०९/१५ को हालसाविक सम्बन्धी निर्णयः**

पुनः नापीमा तत्कालीन श्री ५ को सरकार समरजंग कम्पनीको नाममा नाप नक्सा भई फिल्डबुक समेत कायम भएका ललिता निवास क्याम्प, बालुवाटार भित्रका काठमाण्डौं नगर २३ (क्ष) कि.नं. ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ५४, ५५, ५६, ५७, ५८, ६०, ६१, ६२, ७२, ७४, ७५, ८०, ४३, ४४, ५१, ५३, ५९, ७९, नगर २३(ह) कि.नं. ३३, ३८, ३९, २८, २९, ३०, ३२, ३४, ३६, १७, २०, १८, १९, २१, २३, ८, १३, १४, २६, २७, ११, २३(क्ष) कि.नं. १८, २०, २१, २२, २३, २४, ३०, ३१, ३२, ४१, ४५, ४६, ४७, ४९, ५०, ५२,

६४, ६५, ६६, ६७, ७०, ८१, ८२, ८३ समेतका ११२ रोपनी भन्दा बढी सरकारी जग्गा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारबाट मिति २०६०/०९/१५ मा तत्कालीन प्रमुख मालपोत अधिकृत टिकाराम घिमिरे, मालपोत अधिकृत हुपेन्द्रमणि के.सी., नायव सुब्बा टिका बहादुर बि.सी. र खरिदार जीवनाथ पोखरेलको प्रत्यक्ष संलग्नतामा सुवर्ण शम्शेरका हकदारहरू सुनिती राणा, शैलजा राणा, हाटक शम्शेर, हेमन शम्शेर र रुक्म शम्शेर समेतका व्यक्तिहरूका नाममा हालसाविक गरी जग्गाधनी प्रमाण पूर्जा दिएको देखिएकोमा तत्कालीन श्री ५ को सरकार समजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गरिदिनको लागि भूमिसुधार तथा व्यवस्थापन विभागबाट मिति २०५९/०६/२४ मा सहमति दिने निर्णय गरेको देखिएकोमा उक्त निर्णय प्रक्रियामा तत्कालीन महानिर्देशक रुद्रकुमार श्रेष्ठ, निर्देशक पुष्पराज उपाध्याय, शाखा अधिकृत इन्द्र प्रसाद ढुंगाना र नायव सुब्बा जगन्नाथ पनेरुको संलग्नता नायब सुब्बा जगन्नाथ पनेरुले कार्यालयबाट प्राप्त निवेदन मात्र पेश गरी आफ्नो स्पष्ट राय दिएको देखिदैन। त्यसपश्चात पुनः विभागबाट मिति २०६०/०४/२६ मा महानिर्देशक रुद्रकुमार श्रेष्ठ, निर्देशक पुष्पराज उपाध्यायले मिति २०५९/०६/२४ कै निर्देशन बमोजिम गर्नू भनी मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंलाई लेखी पठाउने निर्णय गरेको देखिन्छ।

(क) सरकारी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गर्ने कार्यमा संलग्न कर्मचारीहरूको बयानको संक्षिप्त व्यहोराः-

१) रुद्र कुमार श्रेष्ठको बयानः-

मिसिलसाथ संलग्न टिप्पणीमा मिति २०५९।६।२४ मा हुन्छ भनी गरेको हस्ताक्षर र मिति ०६०।४।२६ मा सदर भनी गरेको हस्ताक्षर मेरो हो ।साविकका कित्ता जग्गाहरू नयाँ नापीमा श्री ५ को सरकार समरजंग कम्पनी देखिएको हुँदा साविक दर्ता श्रेस्ता कायम भएको आधारमा नयाँ नापी अनुसारको हाल साविक गरी दर्ता गर्न मनासिव देखिएकोले निर्देशनको लागि पेश भएको।व्यक्तिको नाममा दर्ता श्रेस्ता प्रमाणित भईसकेको जग्गा हाल साविक गर्ने

भन्ने विषयमा सम्म साविक दर्तावालाको नाउँमा हाल-साविक गर्ने बाधा नपर्ने भनी निर्देशन दिएको भन्ने समेत व्यहोराको रुद्र कुमार श्रेष्ठले गरेको बयान।

२) **पुष्पराज उपाध्यायको नाममा जारी भएको सार्वजनिक सूचनाः-**

आयोगमा उपस्थित हुन आउनू भनी भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन निर्देशक पुष्पराज उपाध्याय समेतको नाउमा गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०७६।०३।२० मा सार्वजनिक सूचना जारी गरिएकोमा निज उपस्थित हुन नआएको।

३) **इन्द्रप्रसाद ढुङ्गानाको बयानः-**

म भूमिसुधार तथा व्यवस्थापन विभागमा पटक-पटक शाखा अधिकृत पदमा रही कार्य गरेको हुँ। भूमिसुधार तथा व्यवस्थापन विभागको मिसिल नं. टि ४/२०६०/६१ को सक्कल मिसिलमा रहेको मालपोत कार्यालय, डिल्लीबजारको प.स.हाल साविक ०५९।०६० च.नं. १६० मिति ०५९-६-१७ को पत्र प्राप्त भएपछि फाँटवाला ना.सु.ले पत्र संलग्न गरी पेश गरेको टिप्पणीमा मैले समेत निर्णय पुऱ्याउने प्रकृया अन्तर्गत पेश गरेको मालपोत कार्यालयको च.नं. १६० मिति ०५९।६।१७ को पत्रमा विभिन्न व्यक्तिका नाउँमा दर्ता, श्रेष्ता प्रमाणित रहेको सोही आधारमा सम्बन्धित दर्तावाला व्यक्तिकै नाउँमा हालसाविक गर्न मनासिव हुने भनी व्यहोरा उल्लेख हुँदा सो मनासिवै देखिन्छ भनी ०५९।६।२३ मा मैले टिप्पणीमा राय व्यक्त गरेको हुँ भन्ने समेत व्यहोराको ईन्द्र प्रसाद ढुङ्गानाले गरेको बयान।

४) **जगन्नाथ पनेरुको बयानः-**

म भूमिसुधार तथा व्यवस्थापन विभागमा पटक-पटक शाखा अधिकृत पदमा रही कार्य गरेको हुँ। मिसिल साथ संलग्न मिति २०४९।६।२२ को पत्रको व्यहोरा सारी फायल संलग्न गरी निर्देशनार्थ भनी टिप्पणी उठान गरेको हस्ताक्षर मेरो हो। मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंबाट प्राप्त फायलसाथ संलग्न पत्रको व्यहोरा उल्लेख गरी निर्देशनार्थ भनी टिप्पणी उठान गरी फायल अगाडि बढाएको मात्र हो। सो फायलका सम्बन्धमा मैले अध्ययन गरी

ना.सु.को हैसियतले राय प्रस्तुत गर्ने काम हुँदैन फायल साथ प्राप्त कार्यालयको पत्रको व्यहोरा मात्र प्रस्तुत गरेको र माथिल्लो अधिकृतहरूबाट के कस्तो निर्णय भयो र यस्तो निर्देशन गर्यो भन्ने कुरा आजै मात्र थाहा पाएँ भन्ने समेत व्यहोराको जगन्नाथ पनेरुले गरेको बयान।

५) टिकाराम घिमिरेको बयानः-

म मालपोत कार्यालय डिल्लीबजारमा कार्यालय प्रमुखको रुपमा मिति २०५९ साल माघ देखि २०६२ साल अन्त्य सम्म कार्यरत रहेको थिएँ। उल्लेखित जग्गा २०४९ सालमै दर्ता भई श्रेस्ता कायम भइसकेको मिति २०५८ सालमा समरजङ्ग कम्पनीका नाममा फिल्डबुक कायम भएको भन्ने विषयमा २०४९ सालमै व्यक्तिविशेषका नाममा दर्ता प्रमाणित भइसकेको जग्गा पुनः नापी हुँदा २०४९ सालको उक्त दर्तालाई नहेरी साविक बमोजिम समरजङ्ग कम्पनीको नाममा फिल्डबुकमा कायम भएको देखिएको र यस विषयमा विभागीय रायका लागि पत्राचार हुँदा साविक व्यक्तिविशेषका नाममा रहेका दर्ता प्रमाणित देखिएकाले सोही प्रमाणित श्रेस्ताका आधारमा हाल नापी अनुसार कायम भएका कित्ता नम्बरका जग्गाहरू सोही श्रेस्तालाई आधार मानी हाल साविक श्रेस्ता मिलान गर्न बाधा नपर्ने भन्ने उल्लेख भई आएकोले उक्त विभागीय निर्देशनका आधारमा साविककै तर्फबाट साविक बमोजिमको जग्गामात्र नयाँ नापी अनुसार हाल साविक गरिएको हो भन्ने समेत व्यहोराको टिकाराम घिमिरेले गरेको बयान।

६) हुपेन्द्रमणि के.सी. को बयानः-

म मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौंमा मालपोत अधिकृत पदमा २०५९ साल चैत्र महिना देखि २०६२ साल आषाढसम्म कार्यरत रहेको थिएँ। मालपोत कार्यालय डिल्लीबजार को मिति २०४९।७।२५ र मिति २०४९/९/२३ को निर्णयबाट शैलजा राणा समेतको नाममा साविक नापी बमोजिमका जग्गाहरू पुनः नापी बमोजिम साविकमा सो जग्गाको रेखदेख गरीआएको समरजंग कम्पनीको नामबाट नै नाप नक्सा भएको देखिएकोले साविक नापी बमोजिम व्यक्तिको नाममा दर्ता भएका जग्गाहरू पुनः नापी बमोजिम नेपाल सरकारको निकाय

समरजंग कम्पनीको नाम उल्लेख गरी नाप नक्सा भएको हुदाँ यस्तो अवस्थामा हाल साविक गर्न मिल्ने हो होइन भनी मालपोत कार्यालय डिल्लीबजारबाट भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाउँदा भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०५९ साल कार्तिक महिनाको च.न. १२७८ को पत्रबाट "साविक व्यक्तिविशेषका नाउँमा नापी अनुसार कायम भएका कि.नं. का जग्गाहरू सोही श्रेस्तालाई आधार मानी हाल साविक गर्न बाधा नपर्ने भन्ने व्यहोराको मिति २०५९।६।२४ मा निर्णय भएको भनी लेखिआएको र सोही विषयमा मालपोत कार्यालय डिल्लीबजारबाट पुनः निर्देशन माग गर्दा भूमिसुधार तथा व्यवस्थापन विभागबाट यस सम्बन्धमा मिति २०५९/६/२४ मा निर्देशन भईसकेको हुँदा थप निर्देशन दिईरहनु नपर्ने भनी लेखिआए अनुसार साविक नापी बमोजिम शैलजा राणा समेतको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको जग्गाको म बाट हाल साविक गर्ने कार्य भएको हो भन्ने समेत व्यहोराको हुपेन्द्रमणि के.सी.ले गरेको बयान।

७) टिका बहादुर बि.सी. को बयानः-

मिति २०५८।५।१५ मा तत्कालीन श्री ५ को सरकार समरजंग कम्पनीका नाउँमा दर्ता भई सकेको भन्ने मलाई कुनै जानकारी छैन, सो जग्गा निज व्यक्तिहरूका नाउँमा के कसरी आयो भन्ने पनि मलाई थाहा छैन। हाल साविक गरी हाल श्रेस्ता अद्यावधिक सम्म गरिदिन आवश्यक निर्देशनार्थ प्रस्तुत गरेको छु भनी तत्कालीन खरिदार श्री जिवनाथ पोखरेलले फायल पेश गरेको हुँदा सोही टिप्पणीमा मैले सही सम्म गरेको हुँ त्यसमा मेरो राय सुझाव केही पनि छैन भन्ने समेत व्यहोराको टिका बहादुर बि.सी.ले गरेको बयान।

८) अर्जुन प्रसाद भण्डारीको बयानः-

म समरजंग कम्पनीमा कार्यरत रहँदा गुठीको जग्गाको कुनै लगत तत्कालिन समयमा भेटिन र गुठी जग्गा हो, होइन थाहा भएन। गुठी संस्थान तहसिल कार्यालयबाटै के-कस्तो सरकारी हो तहाँको लगतबाटै हेरी गुठी वा सरकारी हो कारबाही गर्ने पत्र पठाइदिएको थिएँ, उक्त पत्रमा

भएको दस्तखत मेरो हो। तत्कालिन समयमा समरजंग कम्पनीबाट पत्राचार गरिएको सम्बन्धमा शोभाकान्त ढकालले चिट्ठी लिएर आएका थिए, उक्त चिट्ठीको (मालपोत) कार्यालयको जवाफ दिँदा कार्यालयमा कुनै रेकर्ड नदेखिएकोले त्यहींको श्रेस्ता हेरी आवश्यक कारबाही गर्नु हुन भन्ने व्यहोराको चिट्ठी पठाइदिएको थिएँ। उक्त जग्गा म पनि खरिद गर्छु भनि माग गर्दा हामी सबैले लिसक्यौं क्याविनेटबाट निर्णय भएपछि तपाईलाई पनि केही हेर्छौं भनि शोभाकान्तले भनेका थिए, पछि सम्पर्क भएन भन्ने समेत व्यहोराको समरजंग कम्पनीका कार्यालय प्रमुख अर्जुन प्रसाद भण्डारीले गरेको बयान।

९) **जीवनाथ पोखरेल समेतको नाममा जारी भएको सूचनाः-**

मिति २०७६/०३/२० गते गोरखापत्र राष्ट्रिय दैनिकमा आयोगमा उपस्थित हुन आउनू भनी जीवनाथ पोखरेलको नाममा सार्वजनिक सूचना जारी गरिएकोमा निज उपस्थित हुन नआएको।

तालिका नं.४ः

समरजंग कम्पनीको नामको सरकारी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गर्ने गैह्रकानूनी निर्णयमा संलग्न कर्मचारीको संलग्नताको विवरणः

क्र.स.	कर्मचारीको विवरण			गैह्रकानूनी निर्णय	संलग्नताको व्यहोरा	कैफियत
	नाम	पद	कार्यालय			
१.	रुद्र कुमार श्रेष्ठ	महानिर्देशक	भूमिसुधार तथा व्यवस्था विभाग	मिति २०५९/६/२४ र मिति २०६०/४/२६ मा समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम हुनेगरी हाससाविक गर्नको	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गा व्यक्तिविशेषको नाममा	

				लागि मालपोत कार्यालय, डिल्लीबजारलाई सहमति दिने।	हालसाविक गर्न सहमति प्रदान गर्ने निर्णय गरेको।	
२.	पुष्पराज उपाध्याय	निर्देशक	भूमिसुधार तथा व्यवस्था विभाग	मिति २०५९/६/२४ र मिति २०६०/४/२६ मा समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम हुनेगरी हाससाविक गर्नको लागि मालपोत कार्यालय, डिल्लीबजारलाई सहमति दिने।	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गर्न सहमति प्रदान गर्ने भनी स्पष्ट राय टिप्पणी पेश गरी निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न भएको।	
३.	इन्द्रप्रसाद ढुङ्गाना	शाखा अधिकृत	भूमिसुधार तथा व्यवस्था विभाग	मिति २०५९/६/२४ र मिति २०६०/४/२६ मा समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम हुनेगरी हाससाविक गर्नको लागि मालपोत कार्यालय, डिल्लीबजारलाई सहमति दिने।	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गर्न सहमति प्रदान गर्ने भनी स्पष्ट राय टिप्पणी पेश गरी निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न भएको।	
४.	जगन्नाथ	नायब सुब्बा	भूमिसुधार तथा	मिति २०५९/६/२४ र	मालपोतबाट प्राप्त निवेदनको	

	पनेरु		व्यवस्था विभाग	मिति २०६०/४/२६ मा समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम हुनेगरी हाससाविक गर्नको लागि मालपोत कार्यालय, डिल्लीबजारलाई सहमति दिने।	व्यहोरा उल्लेख गरी टिप्पणी पेश गरेको तर हालसाविक गर्न सहमति दिने भनी कुनै राय दिएको नदेखिएको।	
५.	टिकाराम घिमिरे	प्रमुख मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०६०/३/१५ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको ११२ रोपनी भन्दा बढी जग्गा विशेषको नाममा हालसाविक गरी समरजंगको नामको श्रेष्ता खारेज गरी व्यक्तिविशेषको नाममा श्रेष्ता अधावधिक गर्ने ।	सरकारी जग्गाको सरकारको नामको लगत कट्टा गरी गैह्रकानूनी रुपमा व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेष्ता खडा गर्ने गरी हालसाविक गर्ने निर्णय गरेको ।	
६.	हुपेन्द्रमणि के.सी.	मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०६०/३/१५ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको ११२ रोपनी भन्दा बढी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गरी समरजंगको	सावित हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गाको सरकारको नामको लगत कट्टा	

				नामको श्रेष्ता खारेज गरी व्यक्तिविशेषको नाममा श्रेष्ता अधावधिक गर्ने ।	गरी गैह्रकानूनी रुपमा व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेष्ता खडा गर्ने भनी स्पष्ट राय सहित टिप्पणी पेश गरी निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न भएको ।	
७.	टिकाबहादुर बि.सी.	नायब सुब्बा	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०६०/३/१५ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको ११२ रोपनी भन्दा बढी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गरी समरजंगको नामको श्रेष्ता खारेज गरी व्यक्तिविशेषको नाममा श्रेष्ता अधावधिक गर्ने ।	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गाको सरकारको नामको लगत कट्टा गरी गैह्रकानूनी रुपमा व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेष्ता खडा गर्ने भनी स्पष्ट राय सहित टिप्पणी पेश गरी निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न भएको।	
८.	जीवनाथ पोखरेल	खरिदार	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०६०/३/१५ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको ११२ रोपनीभन्दा बढी जग्गा व्यक्तिविशेषको नाममा हालसाविक गरी समरजंगको	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गाको सरकारको नामको लगत कट्टा	

				नामको श्रेष्ता खारेज गरी व्यक्तिविशेषको नाममा श्रेष्ता अधावधिक गर्ने।	गरी गैह्रकानूनी रुपमा व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेष्ता खडा गर्ने भनी स्पष्ट राय सहित टिप्पणी पेश गरी निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न भएको।	
९.	अर्जुन प्रसाद भण्डारी	नायव सुब्बा	समरजंग कम्पनी	गुठी संस्थान तहसिल शाखा कार्यालयलाई समरजङ्ग कम्पनीको तर्फबाट उक्त कम्पनीको नाममा भएका जग्गाहरू गुठीको हो होइन यकिन गर्न नसकिने भनी पत्राचार गरेको।	सावित हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको आफू कार्यालय प्रमुख रहेको नेपाल सरकार, समरजंग कम्पनीको नाममा कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी गुठीको नाममा दर्ता गर्न सहमती दिएको।	

अन्य व्यक्तिहरू

नाम थर		संलग्नताको विवरण	कैफियत
१०.	राम कुमार सुवेदी	सावित हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी आफू र आफूहरू समेत सञ्चालक रहेको कम्पनीको समेतको नाममा **हालसावित गर्ने-गराउने**, बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास परिसर बिस्तारको नाममा उक्त क्षेत्रको **सरकारी, सार्वजनिक जग्गा आफू समेतका अनाधिकृत व्यक्ति तथा संस्थाहरूको नाममा कायम गराउने**, सरकारले अधिग्रहण गरी प्राप्त गरेको जग्गामा **उनाउ गुठी कायम गरी-गराई अनाधिकृत व्यक्तिहरूलाई सरकारी, सार्वजनिक जग्गामा मोही कायम गर्ने** र ललिता निवास क्याम्प क्षेत्रभित्रका **सबैजसो कित्ताहरू खरिद गरी कित्ता एकीकरण गरी पुनः आफू समेत सञ्चालक रहेको कम्पनी, आफ्ना परिवारका सदस्यहरू र आफ्नो समेत नाममा ल्याई** सरकारी सार्वजनिक जग्गा मस्यौट गर्ने कार्यमा बिचौलियाको भूमिका निर्वाह गरी प्रत्यक्ष लाभ समेत लिएको देखिएको।	
११.	शोभाकान्त ढकाल	सावित हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी आफू र आफूहरू समेत सञ्चालक रहेको कम्पनीको समेतको नाममा **हालसावित गर्ने-गराउने**,	

		बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास परिसर बिस्तारको नाममा उक्त क्षेत्रको **सरकारी, सार्वजनिक जग्गा आफू समेतका अनाधिकृत व्यक्ति तथा संस्थाहरूको नाममा कायम गराउने**, सरकारले अधिग्रहण गरी प्राप्त गरेको **सरकारी, सार्वजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम** गर्ने-गराउने र ललिता निवास क्याम्प क्षेत्रभित्रका **सबैजसो कित्ता जग्गाहरू खरिद गरी कित्ता एकीकरण गरी पुनः आफू समेत सञ्चालक रहेको कम्पनी, आफ्ना परिवारका सदस्यहरू र आफ्नो समेत नाममा ल्याई** सरकारी सार्वजनिक जग्गा मस्यौट गर्ने कार्यमा बिचौलियाको भूमिका निर्वाह गरी प्रत्यक्ष लाभ समेत लिएको देखिएको।	
१२.	मिन बहादुर गुरुङ्ग	साविक हाँडिगाऊँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको नेपाल सरकार, समरजंग कम्पनीको नाममा कायम रहेको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी आफू र आफूहरू समेत सञ्चालक रहेको कम्पनीको समेतको नाममा **हालसाविक गर्ने-गराउने**, बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास परिसर बिस्तारको नाममा उक्त क्षेत्रको **सरकारी, सार्वजनिक जग्गा आफू समेतका अनाधिकृत व्यक्ति तथा संस्थाहरूको नाममा कायम गराउने**, सरकारले अधिग्रहण गरी प्राप्त गरेको **सरकारी, सार्वजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही कायम** गर्ने-गराउने र ललिता निवास क्याम्प क्षेत्रभित्रका **सबैजसो कित्ता जग्गाहरू खरिद गरी कित्ता एकीकरण गरी पुनः आफू समेत सञ्चालक रहेको कम्पनी, आफ्ना परिवारका सदस्यहरू र आफ्नो समेत नाममा ल्याई** सरकारी सार्वजनिक जग्गा मस्यौट गर्ने कार्यमा बिचौलियाको भूमिका निर्वाह गरी प्रत्यक्ष लाभ समेत लिएको देखिएको।	

(३) मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. ११४ मिति २०६२/०२/०३ को छुट जग्गा दर्ता सम्बन्धी निर्णयः

काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको सरकारले अधिग्रहण गरी आफ्नो नाममा कायम गरेको सरकारी जग्गा मध्येको नगर २३ स.कि.नं. १६ क्षे.फ. ८-१२-२-० रोपनी मध्येको कित्ताफोड भई कायम कि.न.२५ क्षेत्रफल ८-०-०-० रोपनी मात्र जग्गा सरकारले निर्णय गरी कनक शम्शेरलाई बिक्री गरेको र निजले उक्त कि.न. २५ को जग्गाको मालपोत कार्यालयबाट आफ्नो नाममा श्रेष्तापूर्जा कायम गरी-गराई लगेको देखिएकोमा सोही मध्येको कि.न. २६ क्षेत्रफल ०-१२-२-० जग्गा नेपाल सरकारकै नाममा कायम रहिरहेकोमा पुनः मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. ११४ मिति २०६२/०२/०३ बाट नेपाल सरकारको नाममा बाँकी रहेको साविक नगर २३ स कि.नं. १६ मध्येको कि.नं. २६ क्षे.फ. ०-१२-२-० रोपनी हाल नगर ४ सिट नं. १०२-१०२-१०२५-१५ कि.नं. १११ र ४८ का जग्गाहरू तत्कालीन प्रमुख मालपोत अधिकृत

टिकाराम घिमिरे, मालपोत अधिकृत हुपेन्द्रमणि के.सी., नापी अधिकृत मोहम्मद साविर हुसेन, नायव सुब्बा श्रीहरि पुडासैनी र खरिदार श्याम कुमार क्षेत्रीको प्रत्यक्ष संलग्नतामा मालपोत ऐन, २०३४ को बर्खिलाप हुनेगरी गैह्रकानूनी रुपमा सुनिती राणाको नाममा हालसाविक, नामसारी र छुट जग्गा दर्ता गर्ने निर्णय गरी जग्गाधनी प्रमाण पूर्जा दिएको देखिएको।

क) सरकारी जग्गा व्यक्तिविशेषको नाममा छुट जग्गा दर्ता गराउने कार्यमा संलग्न व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोराः

१) प्रमुख मालपोत अधिकृत टिकाराम घिमिरेको बयानः-

म मालपोत कार्यालय डिल्लीबजारमा कार्यालय प्रमुखको रुपमा मिति २०५९ साल माघदेखि २०६२ साल अन्त्यसम्म कार्यरत रहेको थिएँ। साविक का.जि. नगर २३/स कित्ता नं.२६ र हालको का.म.न.पा. वडा नं-४ सिट नं.१०२५/१५ कित्ता नं.१११ र कि.नं. ४८ को जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता गर्ने निर्णय प्रक्रियामा कार्यालय प्रमुख र छुट जग्गा दर्ता समितिको अध्यक्षका रुपमा मेरो संलग्नता थियो। उक्त जग्गा दर्ता गर्ने निर्णय मिसिलमा भएको हस्ताक्षर मैले गरेको हुँ। २०३६ सालको निर्णयबाट उक्त कित्ता नं. १६ को आठ रोपनी, बाह्र आना, दुई पैसा (८-१२-२-०) जग्गामध्ये आठ रोपनी (८-०-०-०) जग्गा कनक शम्शेरका नाममा दर्ता गरी बाँकी बाह्र आना, दुई पैसा (१२-२-०) जग्गा सोही प्रमाणमा निजकै नाममा बाँकी राखिएको र उनकै श्रीमती, छोराले दर्ता माग गर्दा २०३६ सालको निर्णयमा बाँकी देखाईएको जग्गा दर्ता गरिएको हो। आठ रोपनी जग्गा कनक शम्शेरका नाममा २०३६ सालकै सदर टिप्पणी बमोजिम दर्ता भई बाँकी रहेको जग्गा २०६२ सालमा उनका हकदारका नाममा दर्ता गरिएको हो भन्ने समेत व्यहोराको टिकाराम घिमिरेले गरेको बयान।

२) मालपोत अधिकृत हुपेन्द्रमणि के.सी.को बयानः-

म मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौंम मालपोत अधिकृत पदमा २०५९ साल चैत्र महिनादेखि २०६२ साल आषाढसम्म कार्यरत रहेको थिएँ। मालपोत कार्यालय, डिल्लीबजारबाट

मिति २०६२।२।३ गते भएको निर्णयमा भएको हस्ताक्षर तत्कालीन मालपोत अधिकृत तथा छुट जग्गा दर्ता समितीको सदस्यको हैसियतले मैले गरेको हो।उक्त समयमा मालपोत कार्यलयमा रहेको दर्ता श्रेस्ता, मोठ भीडी आएको र फायल संलग्न रहेको फिल्डबुक तथा प्लट रजिस्ट्रर उतार, काठमाण्डौं महानगरपालिकाको सिफारीस,सर्जमिन मुचुल्का लगायतका प्रमाणहरूको अध्ययन गरी म बाट निर्णय प्रकृया अघि बढाईएको हो भन्ने समेत व्यहोराको हुपेन्द्रमणी के.सी.ले गरेको बयान।

३) **नापी अधिकृत मोहम्मद साबिर हुसैनको बयानः-**

म नापी कार्यालय, डिल्लीबजारमा कार्यालय प्रमुखको रुपमा काम गरेको हुँ। मिति २०६२/०२/०२ गते का.जि. नगर २३/स कित्ता नं.२६ क्षेत्रफल ०-१२-२-० को जग्गा सुनिती राणाका नाममा मालपोत कार्यालयबाट छुट दर्ता गर्ने निर्णय भई छुट जग्गा दर्ता सिफारिस समितिमा पेश भएको हुँदा समितिको सदस्यको हैसियतले मैले छुट जग्गा दर्ता गर्ने निर्णयका कागजातमा हस्ताक्षर गरेको हुँ, उक्त हस्ताक्षर मेरो नै हो। यस सम्बन्धमा मेरो भूमिका भनेको नक्सा, फिल्डबुकको अध्ययन मात्र गर्ने रहेको थियो। नापी कार्यालयमा रहेको सो जग्गा सम्बन्धी नक्सा फिल्डबुक, प्लट रजिष्टारमा भएको विवरण, जग्गा दर्ता गर्दा मालपोत कार्यालयबाट छुट जग्गाको प्रक्रिया गरेको फायलमा लगत, मोठ , भोग स्थानीय निकायको सिफारिस सार्वजनिक सूचना, नाता प्रमाणित सबै प्रमाण भएकोले समिति सदस्यको हैसियतले छुट दर्ताको लागि सिफारिस गरेको हुँ । सिफारस गर्दा मैले कुनै किसिमको बदनियत गरेको छैन। उक्त कित्ता व्यक्तिकै नाममा फिल्डबुक कायम भएकोले नापीको हिसाबले यसलाई हेरिएको र अरु लगत भिडाउने काम मालपोत कार्यालयले गरेको हुनुपर्छ भन्ने समेतको व्यहोराको मोहम्मद साविर हुसैनले गरेको बयान ।

४) **नायब सुब्वा श्रीहरी प्रसाद पुडासैनीको बयानः-**

म मालपोत कार्यालय डिल्लीबजारमा मिति २०६० वैशाख देखि २०६३ श्रावण सम्म कार्यरत रहेको थिएँ। उल्लेखित साविक का.जि. नगर २३/स को जग्गा छुट जग्गा नामसारी दर्ताको लागि जग्गा दर्ता समिति समक्ष पेश गर्नको लागि छुट जग्गा दर्ता फाँटबाट पेश हुन आएको र मिसिल संलग्न प्रमाणहरू हेर्दा सो जग्गा सुनिती राणाको नाममा ना.सा.हाल साविक दर्ता गर्न म भन्दा माथिको अधिकृतज्यू समक्ष पेश सम्म गरेको हुँ । उक्त जग्गाको श्रेस्ता, फिल्डबुक सार्वजनिक सूचना, स्थलगत सर्जमिन, साविक लगत, वडाको सिफारिसको आधारमा दर्ताको लागि पेश गरिएको हो। कि.नं.२६ को निर्णयको बखत सो जग्गाको मुआब्जा कनक शम्शेरले लिईसकेको भन्ने जानकारी नभएको कारणले छुट जग्गा दर्ता गर्न मिसिल पेश गरेको हुँ । छुट जग्गा दर्ताको लागि सम्बन्धित फाँटबाट म समक्ष पेश हुँदा यो जग्गा अधिग्रहणमा परेको भन्ने कहींबाट नदेखिएको र सराकारी जग्गा हो भन्ने सामान्य शंका पनि लागेको थिएन र फायल पेश सम्म गरेको हुँ भन्ने समेतको व्यहोराको हरी प्रसाद पुडासैनीले गरेको बयान।

५) खरिदार श्याम कुमार क्षेत्रीको बयानः-

म मालपोत कार्यालय डिल्लीबजारमा २०६० साल देखि २०६२ साल सम्म खरिदार पदमा कार्यरत थिएँ। उल्लेखित साविक का.जि. नगर २३/स कित्ता नं.२६ लगायतको जग्गा छुट जग्गा नामसारी दर्ताको लागि मैले फाँटवाला कर्मचारीको हैसियतले फायल माथिल्लो अधिकारी समक्ष पेश गरेको हुँ। उल्लेखित कि.न. २६ को जग्गा सुनिती राणाको नाममा दर्ता गर्ने कार्यमा उक्त कित्ताको फिल्डबुक लगायतका प्रमाणका आधारमा नापी कार्यालयबाट आएको विवरण अनुसार दर्ता गरिएको हो। यस कार्यमा मेरो कुनै बदनियत छैन। हाल आएर उल्लेख गरेको कागजातहरूमा उक्त कि.न.२६ को जग्गा नेपाल सरकारका नाममा नै कायम हुनुपर्ने देखियो । आफ्नो नियत सफा भए पनि सो समयको मौजुदा कागजातका आधारबाट उक्त जग्गा व्यक्तिका नाममा दर्ता भएको भए पनि सो जग्गा नेपाल सरकारका नाममा कायम हुनुपर्ने हाल प्राप्त प्रमाणबाट देखिएको छ। जग्गा दर्ता गर्ने प्रकृयाको लागि सबै प्रमाणहरू फायलमा

ठिक थियो त्यस समय सबै कामहरू छिटो छरितो तरिकाले गर्नुपर्छ भन्ने कार्यालयको आदेश थियो सोही बमोजिम गरेको हुँ भन्ने समेत व्यहोराको श्याम कुमार क्षेत्रीले गरेको बयान।

६) **हेमाद्रि शम्शेर ज.ब.रा.को बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र हाल के कति कित्ता जग्गाहरू छन याद भएन। मेरो आमाको नाममा छुट दर्ता भएको १२ आना जग्गा अहिलेसम्म मेरो नाममा आएको छैन। मिति २०६२।०१।११ मा मैले मेरी आमा सुनिती राणाको नाममा छुट जग्गा दर्ता गराउने बेलामा हक दावी छोडी दिएको सम्बन्धमा लेखेको निवेदन हेरी सनाखत समेत गरिदिएँ भन्ने समेत व्यहोराको हेमाद्रि शम्शेर ज.ब.रा.ले गरेको वयान।

७) **जग्गा दर्ता गरिलिने व्यक्ति सुनिती राणाको मृत्यु भइसकेको हुँदा निजको नामको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि मिसिल संलग्न गरिएको ।**

तालिका नं.५

छुट जग्गा दर्ता गर्ने कार्यमा संलग्न कर्मचारीहरूको संलग्नताको विवरणः

क्र.स.	कर्मचारीको विवरण			गैरकानूनी निर्णय	संलग्नताको व्यहोरा	कैफियत
	नाम	पद	कार्यालय			
१.	टिकाराम घिमिरे	प्रमुख मालपोत अधिकृत	मालपोत कार्यालय डिल्लीबजार	मिति २०३६/७/२३ मा नै काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्यको कि.न. २६ क्षे.फ. ०-१२-२ जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम गर्ने भनी मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भैसकेकोमा सोही जग्गा सुनिती राणाको नाममा दर्ता छुट भएको भनी उक्त कि.न. २६ को सरकारी जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस	मालपोत ऐन, २०३४ को वर्खिलाप हुनेगरी सरकारी जग्गा व्यक्तिविशेषको नाममा छुट जग्गा दर्ता गर्ने निर्णय गरेको ।	

				गरेको र दर्ताको निर्णय समेत गरेको।		
२.	हुपेन्द्रमणि के.सी.	मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०३६/७/२३ मा नै काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्यको कि.न. २६ क्षे.फ. ०-१२-२ जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम गर्ने भनी मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भैसकेकोमा सोही जग्गा सुनिती राणाको नाममा दर्ता छुट भएको भनी उक्त कि.न. २६ को सरकारी जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गरेको र दर्ताको निर्णय समेत गरेको।	सरकारी जग्गा व्यक्तिको नाम छुट दर्ता गर्नको लागि छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गर्ने तथा दर्ताको लागि किटानी राय साथ टिप्पणी पेश गर्ने कार्य गरेको।	
३.	साबिर हुसैन	नापी अधिकृत	नापी कार्यालय, काठमाण्डौं	मिति २०३६/७/२३ मा नै काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्यको कि.न. २६ क्षे.फ. ०-१२-२ जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम गर्ने भनी मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भैसकेकोमा सोही जग्गा सुनिती राणाको नाममा दर्ता छुट भएको भनी उक्त कि.न. २६ को सरकारी जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गरेको र दर्ताको निर्णय समेत गरेको।	सरकारी जग्गा व्यक्तिको नाम छुट दर्ता गर्नको लागि छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गर्ने तथा दर्ताको लागि किटानी राय साथ टिप्पणी पेश गर्ने सिफारिस गरेको।	
४.	श्रीहरि पुडासैनी	नायव सुब्बा	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०३६/७/२३ मा नै काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्यको कि.न. २६ क्षे.फ. ०-१२-२ जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम गर्ने भनी मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भैसकेकोमा सोही	सरकारी जग्गा व्यक्तिको नाम छुट दर्ता गर्नको लागि छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस	

				जग्गा सुनिती राणाको नाममा दर्ता छुट भएको भनी उक्त कि.न. २६ को सरकारी जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गरेको र दर्ताको निर्णय समेत गरेको।	गर्ने तथा दर्ताको लागि किटानी राय साथ टिप्पणी पेश गर्ने सिफारिस गरेको।	
५.	श्याम कुमार क्षेत्री	खरिदार	मालपोत कार्यालय, डिल्लीबजार	मिति २०३६/७/२३ मा नै काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्यको कि.न. २६ क्षे.फ. ०-१२-२ जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम गर्ने भनी मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भैसकेकोमा सोही जग्गा सुनिती राणाको नाममा दर्ता छुट भएको भनी उक्त कि.न. २६ को सरकारी जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गरेको र दर्ताको निर्णय समेत गरेको।	सरकारी जग्गा व्यक्तिको नाम छुट दर्ता गर्नको लागि छुट जग्गा दर्ता सिफारिस समितिबाट दर्ताको लागि सिफारिस गर्ने तथा दर्ताको लागि किटानी राय साथ टिप्पणी पेश गर्ने सिफारिस गरेको।	
अन्य व्यक्तिहरू						
नाम थर		**संलग्नताको विवरण**				**कैफियत**
६.	सुनिती राणा	आफ्नो पति कनक शम्शेरले तत्कालीन श्री ५ को सरकारबाट खरिद गरी काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्येको कि.न. २५ क्षे.फ. ८ रोपनी जग्गा प्राप्त गरी मिति २०३६/७/२३ मा आफ्नो नाममा कायम गराएको र सोहीमध्येको काठमाण्डौं नगर २३ स कि.न. २६ क्षे.फ. ०-१२-२ रोपनीको जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम रहिरहेको देखिएकोमा उक्त कि.नं. २६ को सरकारी जग्गा दर्ता गर्न छुट भएको भनी आफ्नो नाममा छुट जग्गा दर्ता गरे-गराएको।				
७.	हेमाद्रि शम्शेर ज.ब.रा.	आफ्नो पिता कनक शम्शेरले तत्कालीन श्री ५ को सरकारबाट खरिद गरी काठमाण्डौं नगर २३ स.कि.न. १६ मध्येको कि.न. २५ क्षे.फ. ८ रोपनी जग्गा प्राप्त गरी मिति					

		२०३६/७/२३ मा आफ्नो नाममा कायम गराएको र सोहीमध्येको काठमाण्डौं नगर २३ स कि.न. २६ क्षे.फ. ०-१२-२ रोपनीको जग्गा तत्कालीन श्री ५ को सरकारमा कायम रहिरहेको देखिएकोमा उक्त कि.नं. २६ को सरकारी जग्गा दर्ता गर्न छुट भएको भनी सुनिती राणाले आफ्नो नाममा छुट जग्गा दर्ता गराई पाउँ भनी निवेदन दिएको देखिएकोमा निजले समेत सो कुरालाई स्वीकार गरी आफ्नो हकदाबी छाडी सुनिती राणाको नाममा छुट जग्गा दर्ता गर्न मञ्जुरीनामा दिएको देखिएको।	

(४) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६/१२/२९ समेतको बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धको निर्णयः

काठमाण्डौं बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६६/१२/२९ मा बालुवाटारस्थित प्रधानमन्त्री निवासको दक्षिणतर्फ परिसर विस्तार गर्ने क्रममा, विस्तार सम्बन्धी प्रारम्भिक कार्य भवन निर्माण संभार डिभिजन कार्यालय, काठमाण्डौंबाट भएको।

यस क्रममा भवन निर्माण संभार डिभिजन कार्यालयको प.सं.०६६/०६७ च.नं.७२४ मिति २०६६।१०।६ को पत्रबाट मालपोत कार्यालय काठमाण्डौं र भूमिसुधार कार्यालयलाई पत्राचार गरी विवरण माग गरिएको व्यहोरा उक्त कार्यालयहरूले पत्राचार गरेको पत्रहरूबाट देखिन आएको तर डिभिजन कार्यालयले प्रेषित गरेको पत्र मिसिल संलग्न रहेको नदेखिएको।डिभिजन कार्यालयको यसै पत्रको जवाफ स्वरुप मालपोत कार्यालय काठमाण्डौंको प.सं.०६६/०६७/मोठ/अर्जुन खतिवडा च.नं.९००९ मिति २०६६।१०।१० को पत्रानुसार सम्माननीय प्रधानन्यायाधिशज्यूको निवासमा पर्ने, सम्माननीय प्रधानमन्त्रीज्यूको निवास अन्तर्गत पर्ने, सम्माननीय सभाध्यक्षज्यूको निवासमा पर्ने, राजकुलोमा पर्ने, कित्ताकाटबाट बाटोमा कायम कायम भएको जग्गा, व्यक्ति विशेषका नाममा कायम भएका जग्गा र साविक नापी बमोजिम हाल नापीमा भिडी सर्वोच्च अदालतको मिति २०६४।११।३० को फैसला मुताविक मोही कायम रहेको जग्गाको र भवन विभागको लिष्टमा

छुटेका कि.नं.हरू हाल (प्रधानमन्त्री निवास बाहिर पर्ने) को विवरण उक्त डिभिजन कार्यालयमा उपलब्ध गराएको देखिएको। मालपोत कार्यालयको यस पत्रमा प्रधानन्यायाधिश, प्रधानमन्त्री, सभाध्यक्ष, निवासमा पर्ने, राजकुलो, बाटोमा पर्ने तथा व्यक्तिविशेषका नाममा कायम भएका जग्गामा मोहीको विवरण उल्लेख नभएको तर बाँकी विवरणमा भने विभिन्न व्यक्तिलाई विभिन्न कित्ताहरूमा मोही भनि उल्लेख भएको देखिन्छ।

त्यसैगरी, भवन निर्माण संभार डिभिजन कार्यालयको माथि उल्लिखीत पत्रको जवाफ स्वरुप भूमिसुधार कार्यालय, काठमाण्डौंको च.नं.५१४० मिति २०६६।१०।१५ को पत्रानुसार नेपाल सरकारका नाममा श्रेष्ता कायम रहेका जग्गाहरूको २ नं.अनुसूची अनुसारका कुल १६ जना मोहीहरूको विवरण पठाएको देखिन्छ। साथै, उक्त भूमोसुधार कार्यालयले प.सं.०६६/६७ च.नं.४७१८ मिति २०६६।१०।३ को पत्रबाट समेत कूल ५५ कित्ताहरूको मोही सम्बन्धी विवरण भवन निर्माण संभार डिभिजन कार्यालयलाई पठाएको देखिन्छ।

त्यसैगरी, नापी कार्यालय, काठमाण्डौंको प.सं.०६६/६७ च.नं.२६४८ मिति २०६६।११।२५ को पत्रबाट निवास परिसर विस्तारको लागी १४-१०-३-२.५ रोपनी क्षेत्रफलको जग्गा र सो देखि दक्षिणतर्फ कायम गर्न प्रस्तावित गरिएको ८ मिटरको बाटोको लागि नक्सामा रेखाङ्कन गरी विवरण ततयार गरी पठाएको देखिन्छ। यसरी विवरण तयार गर्दा विस्तार गर्ने र बाटोको विवरणका अतिरिक्त भूमिसुधार कार्यालय र मालपोत कार्यालयबाट प्राप्त विवरण समेतको आधारमा मोही भएका र नभएका जग्गाहरूको क्षेत्रफल समेत संगणना गरी पठाएको देखिन्छ।

यसरी, माथि उल्लिखीत विवरणहरू प्राप्त भएपश्चात भवन निर्माण संभार डिभिजन कार्यालयबाट निवास परिसर विस्तार तथा बाटो कायम मिति २०६६।१२।१८ मा टिप्पणी उठान भएको देखिन्छ। उक्त टिप्पणीमा अनुसूची १, अनूसुची २, अनूसुची ३ र अनुसूची ४ भनि उल्लेख भएतापनि ती अनूसुचीहरू टिप्पणीमा संलग्न रहेको देखिएन। मिसिल संलग्न ती अनुसूचीहरू विभागीय मन्त्रीबाट स्विकृत भएपश्चात् मात्र प्रस्तावको रुपमा तयार भई टिप्पणी उठानमा संलग्न कर्मचारीहरूको हस्ताक्षर भएको

देखिन्छ। अनूसुची १ मा प्रधानमन्त्री निवासको दक्षिणतर्फको परिसर विस्तार गर्ने सरकारी जग्गाको विवरण भनि नेपाल सरकार जग्गाधनी तथा विभीन्न व्यक्ति विशेष मोही रहेको विवरण तयार भएको देखिन्छ। यसरी विवरण तयार गर्दा देहाय बमोजिम भएको देखिन आयो।

- अनुसूची १ को सि.नं.३ को ३८ को जग्गामा ड्राइभर भाइचा मोही जनाएको देखिन्छ। तर, भूमिसुधार कार्यालयले पठाएको विवरणमा उक्त कित्ताको हकमा अनुसूची फेला नपरेको भनी उल्लख भएको देखिछ।

- अनुसूची १ मा संलग्न राजकुलोमा पर्ने जग्गा र विशिष्ट पदाधिकारीको निवासमा पर्ने जग्गामा समेत विभिन्न व्यक्तिलाई मोही भनी उल्लेख गरेको देखिन्छ। तर ती जग्गाहरूमा मोही सम्बन्धी कुनै विवरण भूमिसुधार कार्यालय तथा मालपोत कार्यालयबाट उपलब्ध गराइएको देखिन आएन।

- अनुसूची २ मा प्रधामन्त्री निवासको दक्षिणतर्फ परिसर विस्तार गर्ने प्रास्त गर्ने १४-१०-३-२.५ जग्गाको विवरण, अनुसूची-३ मा प्रधानमन्त्री निवास क्षेत्र विस्तार गरेपछि ८ मिटर बाटोमा पर्ने हाल विद्यमान विशिष्ट पदाधिकारीको निवासको उल्लेख भएको देखिन्छ।

विस्तार गर्ने कार्य गुरुयोजना वमोजिम गरिएको भनिए तापनि भवन निर्माण सम्भार डिभिजन कार्यालयको सुरु टिप्पणीको "मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने व्यहोरा" को बुँदा नं. १ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा मोही जनिएको ललिता निवास क्याम्प क्षेत्रभित्रको जम्मा क्षेत्रफल यकिन गरी सोमा मोही भाग कट्टा गरी बाँकी रहने क्षेत्रफल एवम् साविक बाटो तथा राजकूलोको क्षेत्रफल यकिन गरी कूल क्षेत्रफल १४-१०-३-२.५ रोपनी किटान भएपश्चात् मात्र विस्तारित क्षेत्रको क्षेत्रफल १४-१०-३-२.५ रोपनी हुने भनी किटान गरेको देखिएबाट उक्त विस्तार गुरुयोजनाबाट निर्देशित नभई ललिता निवास क्याम्पभित्र नेपाल सरकारका नाममा दर्ता श्रेस्ता कायम भई विभिन्न व्यक्तिहरूलाई मोही रहेको भनिएको जग्गाहरूमा ती व्यक्तिहरूको मोहियानी हक प्राप्त हुने कानूनी

आधार नरहेकोले सरकारी, सार्वजनिक जग्गामा मोहियानी हक प्राप्त नहुने प्रचलित कानूनी प्रावधानलाई छल्नको लागि घुमाउरो बाटोबाट अनाधिकृत व्यक्तिहरूलाई सरकारी जग्गामा स्वामित्व स्थापित गराउने निहित उद्देश्यले प्रेरित भई विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने नाममा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउनका लागि सरकारी, सार्वजनिक जग्गामा मोहीको अस्तित्व स्वीकार गरी ड्राइभर भाइचा जस्ता कृत्रिम व्यक्तिहरूलाई मोही खडा गरी-गराई गलत लिखत तयार गरी गराई सरकारी, सार्वजनिक जग्गा व्यक्तिविशेषको नाममा कायम गराउने दुषित मनशायबाट अभिप्रेरित भई आफ्नो निकायको क्षेत्राधिकार समेत नाघी प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्नका स्वीकृति प्रदान गरेको समेत देखिन्छ।

तालिका नं. ६

सरकारी, सार्वजनिक जग्गा गैह्रकानूनीरुपमा सट्टाभर्ना गरी लिने व्यक्तिहरू र जग्गाको विवरणः-

क्र.सं	मोहीको नाम	दाखिल खारेज गरिलिनेको नाम	ठेगाना	नक्सा सिट नं.	कि.नं.	कैफियत
मोहीका हैसियतले जग्गा पाउनेको विवरण						
१	लक्ष्मी नारायण महर्जन	श्रीकृष्ण महर्जन	का.म.न. पा. ३०	१०२५-१९	५ र ६/३६ मध्ये	
२	सुकु महर्जन भन्ने न्हुच्छे बहादुर महर्जन	द्वारिकामान महर्जन		१०२५-१९	१२, ३/३७ र १/४० मध्ये	
३	नारन्चा महर्जन	ग्वाराभाइ महर्जन		१०२५-१५	१०६/५४९ मध्ये	
४	न्हुच्छे महर्जन	मचानानी महर्जन		१०२५-१५	३१२, १९३/६२७, ६४/६२५	
५	पञ्चनारायण महर्जन भन्ने तुदुभाइ महर्जन	बाबुराजा महर्जन		१०२५-१५	९१/६१५, ७२, २०५/६२९, १४५/६२१,	
६	कर्ण बहादुर गुरुङ्ग	रेना गुरुङ्ग		१०२५-१५	१४५/६२०, १०४/५४४,	

					२५०/५४ ०, २५७,	
				१०२५-१४	२१/१३८	
७	आशा नारायण महर्जन	तीर्थमाया महर्जन		१०२५-१५	७४/६१८, ७३/६१६, ९१/६१४, २१२, २३६/५७ ८, ७६/५८६, ४७/६२३,	
				१०२५-१४	१२/१४३	
८	नाति महर्जन	तीर्थमाया महर्जन		१०२५-१५	७४/६१९, २११/५९ २	
९	नाति महर्जन	देवनाराण महर्जन		१०२५-१५	५४, ९/१२९	
१०	ड्राइभर भाइचा (आशाकाजी महर्जन)	देवनाराण महर्जन		१०२५-१४	११, २६, ३८, १२/१४४	
११	सुवेदार राम बहादुर	कान्छा महर्जन		१०२५-१४	२१/१३६	
१२	तरि महर्जन	हर्क नारायण महर्जन		१०२५-१५	२५३/५५ ८	
				१०२५-१४	२१/१३७	
जग्गाधनीका हैसियतले जग्गा पाउनेको विवरण						
क्र.सं	जग्गाधनीको नाम	दाखिल खारेज	ठेगाना	नक्सा सिट	कि.नं.	कैफियत

		गरिलिनेको नाम		नं.		
१	इन्द्रदेव गुरुङ्ग		का.म.न.पा. ५	१०२५-१५	११३*, १२०*, १२२*	संशोधनले खारेज
२	सरस्वती घले		का.म.न.पा. ५	१०२५-१४	२३*	संशोधनले खारेज
				१०२५-१५	६*	संशोधनले खारेज
३	माधवी सुवेदी उमाकुमारी ढकाल		का.म.न.पा. ५ इचङ्गुनारायण ९	१०२५-१५	२४३*, २८८*, १०६/१४ ८	*संशोधनले खारेज
				१०२५-१४	१२/१४२	
४	चमेली श्रेष्ठ बाबा कार्की अगम ढुङ्गाना खेमलाल खरेल लक्ष्मी ढकाल			१०२५-१५	२*, ३*, ११५*	*संशोधनले खारेज
५	डि.एल.एफ. थापाथली			१०२५-१५	८०, २३४, २४४, २४६, २८९, ५३२, ५१३, २३१, २९६,	

					२७३, २६८, २१७/६१२, ४७/६२२, ६४/६२४, १९३/६२६, २०५/६२८	
				१०२५-१४	२१/१३९, २१/१४०, १२/१४०	
				१०२५-१९	६/३५, ३/३८, १/४१, १/४३	
६	भाटभटेनी डेभलपमेन्ट प्रा.लि.			१०२५-१५	२१०, २११/५९१	
७	कल्याण गुरुङ्ग		नगर ५	१०२५-१५	११२*, ११४*, ११६*, ११९*, १२६*	*संशोधनले खारेज
				१०२५-१४	३*	

८	रजनी पनेरु		भक्तपुर बागेश्वरी गा.वि.स. ४	१०२५-१५	५३१,	
				१०२५-१९	३९, १/४२	
९	लक्ष्मी ढकाल चमेली श्रेष्ठ बाबा कार्की खेमलाल खरेल अगम ढुंगाना			१०२५-१५	२१९, २१७/६१३, ७३/६१७	
				१०२५-१९	१४, ६/३४	
				१०२५-२०	९/१२८	

सरकारले जुनसुकै प्रयोजनका लागि जग्गा अधिग्रहण गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्नुपर्ने प्रचलित कानूनी व्यवस्था विस्तार गर्ने क्रममा पालना नहुनु, जग्गा सम्बन्धी अभिलेख माग गरी विवरण तयार गर्दा र मन्त्रिपरिष्द्मा पेश गर्ने प्रस्ताव तयार गर्ने लगायतका जग्गा प्रशासनसंग सम्बन्धित कार्यमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई संलग्न नगराइनु, भूमिसुधार कार्यालय, काठमाण्डौंको च.नं. ५१४० मिति २०६६/१०/१५ को विवरण पठाएको सम्बन्धमा प्रेषित पत्रमा १४ जना मोही तथा तिनका हकदारहरूले निवेदन पेश गरी कारबाही चलिरहेको भनी स्पष्ट उल्लेख गरिएको देखिएको अवस्थामा समेत सोको अनदेखा गरी विवरणमा उल्लेखित व्यक्तिहरूलाई मोहीको हैसियतले प्रस्तावमा नाम समावेश गरी तिनलाई समेत जग्गा सट्टाभर्ना दिने व्यवस्था गर्नु, सम्बन्धित मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट पठाएको विवरणमा पारस्पारिक सामञ्जस्यता नमिलेको अवस्थामा सो विषयमा स्पष्ट नभई मनोगत ढंगले मोहीको विवरण तयार गर्नु, मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट पठाएको विवरणमा मोही उल्लेख भएको नदेखिएको अवस्थामा राजकुलो एवं विशिष्ट व्यक्तिहरूको निवास क्षेत्र रहेको जग्गामा समेत तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालय र सो अन्तर्गतका निकायबाट तयार गरिएको विवरणमा व्यक्तिविषेशलाई मोही भनी गलत

लिखत गर्नु जस्ता कार्यहरू गरेको देखिएबाट उल्लेखित प्रस्ताव विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्नको लागि आवश्यक पर्ने जग्गाको प्रबन्ध गर्नभन्दा सरकारी, सार्वजनिक जग्गामा घुमाउरो बाटोबाट मोहियानी हक दिलाउनेतर्फ केन्द्रित भएको प्रष्ट हुन आउँछ।

त्यसक्रममा सम्माननीय प्रधान न्यायाधीश निवास तथा सभाध्यक्षको निवासको कम्पाउण्ड फोडी सोझित्रको जग्गा समेत प्रयोग गरी मूल सडकसम्म बाटोको पहुँच पुर्याएको देखिएकोमा उक्त बाटो विशिष्ट व्यक्तिको निवास क्षेत्रको सुरक्षाको दृष्टिकोणले खोलिएको भए बाटोको बाहिरी किनारामा पर्खाल, कम्पाउण्ड लगाई बाटोलाई विस्तार क्षेत्रभित्र पार्नुपर्नेमा उल्टै विस्तार क्षेत्र र उक्त बाटोको बीचमा ठुलो पर्खाल लगाई छुट्याइएको देखिएबाट समेत उक्त कार्य सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा सुरक्षाको दृष्टिकोणले नभई व्यक्तिविषेशलाई अनुचित फाइदा पुर्याउने गरी विस्तारित निवास क्षेत्रलाई निजी घर जग्गाहरूसंग छुट्याउनको लागि ८ मिटर चौडाई भएको बाटो खोल्ने भनी तयार गरिएको प्रस्ताव विशिष्ट व्यक्तिको निवास क्षेत्रको सुरक्षाको दृष्टिकोणले भन्दा पनि विस्तारित क्षेत्रसंग जोडिएको निजी प्लटिङ्गभित्र रहेका घर घडेरीमा बाटोको पहुँच पुर्याउने निहित उद्देश्यबाट प्रेरित भई तयार भएको देखिन्छ।

तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले तयार गरी पेश गरेको प्रस्ताव बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६६/१२/२९ मा भएको निर्णयमा विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने क्रममा मोहीको हिस्सामा पर्ने जग्गा र परिसर विस्तार गर्दा विस्तारित क्षेत्रमा पर्ने जग्गाको सोधभर्ना र सट्टापट्टा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने भनी निर्णय भएपश्चात् उक्त निर्णय कार्यान्वयन गर्ने गराउने क्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तयार गरी पेश गरेको प्रस्तावमा मन्त्रिपरिषद्बाट मिति २०६७/०१/३१ मा निर्णय भएको देखिन्छ। मन्त्रिपरिषद्मा पेश गर्नको लागि तयार गरी स्विकृत भएको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प्रस्तावमा भौतिक योजना तथा निर्माण मन्त्रालयले तयार गरेको प्रस्ताव बमोजिम नै नेपाल सरकार जग्गाधनी भएका सरकारी र सार्वजनिक जग्गामा व्यक्तिविशेषलाई मोहीको हैसियत

देखिने गरी प्रचलित कानूनी प्रावधानको वर्खिलाप हुने गरी प्रस्ताव तयार भएको देखिन्छ। साथै, मोही सम्बन्धी कार्य गर्ने सम्बन्धित भूमिसुधार कार्यालयलाई निर्णय कार्यान्वयनका क्रममा नियतवश नै संलग्न नगराई जग्गाधनी र मोहीको हक, स्वामित्व, जग्गाको सट्टाभर्ना, प्लट मिलान जस्ता विषयहरू मालपोत कार्यालय काठमाण्डौं, डिल्लीबजारले गर्ने भनी कार्यालयनै किटान गरी प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराएको देखिएबाट सरकारी सार्वजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही खडा गराउने तथा सरकारी सार्वजनिक जग्गा मस्यौट गर्ने गराउने कार्यमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतका कर्मचारी, पदाधिकारीहरूको समेत प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन आउँछ।

भवन निर्माण संभार डिभिजन कार्यालयबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।१२।२९ र २०६७।०१।३१ को निर्णय अनुसार कार्यान्वयन गर्न मिति २०६६।१२।२९ को निर्णय प्रस्तावमा संलग्न भएका अनुसूची १, २ र ३ मा सामान्य त्रूटिहरू रहेको कार्य गर्दै जाँदा अवगत देखिन आएको भनी मिति २०६७।३।१ मा संशोधनको टिप्पणी उठान भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्ताव तयार भई नेपाल सरकार मन्त्रिपरिषद्मा पेश भएको र सोही प्रस्ताव बमोजिम नै हुने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।०४।२८ मा निर्णय भएको देखिन्छ। उक्त अनुसूची १,२ र ३ संशोधन गर्दा देहाय बमोजिम भएको देखिन आयो।

अनुसूची १ मा कि.नं.२५० को क्षेत्रफल संशोधन भएको देखिन्छ भने अन्य दुई कित्ताहरू कि.नं.२११ र कि.नं.३१२ छुट भएकोले थप भएको देखिन्छ। यसरी थपिएका दुई कित्ताहरूको मोही सम्बन्धि विवरण भूमिसुधार कार्यालयबाट प्राप्त विवरणमा रहेको देखिंदैन। मालपोत कार्यालयले पठाएको विवरणमा भने उल्लेख भएको देखिन्छ।

अनुसूची-२ को सि.नं.४, ६, ७ र २९ मा क्षेत्रफल मात्र संशोधन गरेको, सि.नं.१९,२३,२६ र ३१ मा नेपाल सरकारको नामबाट व्यक्तिविशेषको कायम हुने गरी संशोधन गरेको, सि.नं.५ मा क्षेत्रफल संशोधन गरी व्यक्तिविशेषको नामबाट नेपाल सरकार जग्गाधनी कायम गरी हर्क नारायण डंगोललाई

मोही कायम गरेको, सि.नं.१० मा डि.एल.एफ.क.प्रा.लि.को सट्टा रजनी पनेरू कायम गरेको तथा सि.नं.१५ मा मोही भनिएका व्यक्तिको नाम संशोधन गरी क्षेत्रफल संशोधन गरेको देखिन्छ।

त्यसैगरी, अनुसूची-३ को सि.नं.१७ र २७ मा क्षेत्रफल संशोधन गरेको, सि.नं.३० मा जग्गाधनी संशोधन गरेको र सि.नं.४७ को व्यहोरा थप गरी संशोधन गरेको देखिन्छ।

माथि उल्लिखित संशोधनहरू मिति २०६६।१२।२९ को निर्णयमा संलग्न अनुसूची १,२ र ३ मा सामान्य त्रुटीहरू रहेको कार्य गर्दै जाँदा अवगत देखिन आएको भनी भवन निर्माण संभार डिभिजन कार्यालयको संसोधन सम्बन्धी सुरू टिप्पणीमा उल्लेख गरेको देखिए तापनि मिति २०६६।१२।२९ र मिति २०६७।०१।३१ का मन्त्रिपरिषद्का निर्णयहरू मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंबाट मिति २०६७।०८।१६ पश्चात् मात्रै कार्यान्वयन भएको संलग्न मिसिल कागजातहरूबाट देखिन्छ।

माथि उल्लिखित निर्णय प्रक्रियाहरूमा देहायका विभिन्न निकायका देहाय बमोजिमका कर्मचारी, पदाधिकारीहरूको संलग्नता रहेको देखिएको।

क) निर्णय प्रक्रियामा संलग्न कर्मचारी/पदाधिकारीहरूको बयानको संक्षिप्त व्यहोराः

१) मालपोत अधिकृत हरिकृष्ण तिमल्सिनाको बयानः-

म २०६५ फाल्गुणदेखि २०६८ साल चैत्रसम्म मालपोत कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। भूमिसूधार तथा व्यवस्था मन्त्रालयको पत्रबाट मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्नुपर्ने लेखिआएबमोजिम ना.सु. प्रकाश भट्ट र टंक पौड्यालले टिप्पणी लेखी शा.अ.कृष्ण पौड्याल हुँदै मालपोत अधिकृत परशुराम पोखरेलले आफ्नो राय सहित पेश गरेकोमा मैले का.प्र.को जिम्मेवारी अनुसार म.प.को निर्णय कार्यान्वयन गर्ने गरी टिप्पणी सदर गरेको उक्त सही मेरो हो। उक्त निर्णयमा समरजंग कम्पनी बाटो र व्यक्तिविशेषका नाउमा रहेका जग्गा श्रेस्ता सच्चाई नेपाल सरकार प्रधानमन्त्रीज्यूको निवासका नाउमा दाखिल खारेज गर्ने, जग्गाहरूको दर्ता श्रेस्ता सच्चाई नेपाल सरकार बाटोका नाउमा दाखिल खारेज गर्ने र सरकारी जग्गा, राजकूलो र

विशिष्ट व्यक्तिका नाउँमा रहेका जग्गा र ती कित्ताहरूमा मोही भनी मोहीको समेत नाम उल्लेख भै आएको थियो । मन्त्रिपरिषद्बाट हुने प्रस्ताव निर्णयमा कागजात नपुगेको वा कानूनीसम्मत भएको/नभएको हेर्ने र रित पुऱ्याउने काम वा रित नपुगेको भए कानूनीसम्मत बनाउन लगाउने काम प्रस्ताव तयार गर्ने हेर्ने अधिकारीबाट हुनुपर्ने हो । सरकारी जग्गा व्यक्तिका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने र नेपाल सरकारबाट पनि सरकारी, सार्वजनिक जग्गामा मोही रहेको भनी मं.प. बाट निर्णय कार्यान्वयन गर्नू भन्ने व्यहोराको पत्राचार गरिनु समेतबाट उक्त दा.खा गर्ने निर्णय हुन गएको हो । मलाई साविक हाडीगाउँ हा.नं.४५६ भिड्ने जग्गा हुन् र ती जग्गा अधिग्रहण भैसकेका हुन् भन्ने कुनै श्रेस्ताबाट जानकारी प्राप्त भएको भए त्यस्तो त्रुटिपूर्ण निर्णय हुने थिएन । काम छिटो गर्नुपऱ्यो भनी भवन डिभिजन कार्यालयका तत्कालीन प्रमुखले वारम्बार ताकेता गर्ने र मलाई छिटो काम गर्नुपऱ्यो प्र.म. कार्यालयबाट मलाई (डिभिजन प्रमुख) ताकेता प्रेसर आईरहेको छ भन्नु हुने गरेको मलाई सम्झना छ भन्ने समेत व्यहोराको हरिकृष्ण तिमल्सिनाले गरेको बयान।

२) **मालपोत अधिकृत परशुराम पोखरेलः-**

तत्कालीन मालपोत अधिकृत परशुराम पोखरेलको मृत्यु भएको हुनाले निजको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि मिसिलसाथ संलग्न गरिएको।

३) **शाखा अधिकृत कृष्णप्रसाद पौडेलको बयानः-**

म २०६५ देखि २०६८ सम्म मालपोत कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। मिसिल नं. ४८४ (ता) मा दस्तखत गर्ने म पनि हुँ तर म सम्बन्धित फाँटवाला होईन। म सम्बन्धित फाँटवाला नभएको र मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनसम्म हो भनी त्यस फाँटका फाँटवाला आई भनेकाले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्म हुनेगरी उठेको टिप्पणीमा दस्तखत गरेको हुँ भन्ने समेत व्यहोराको कृष्ण प्रसाद पौडेलले गरेको बयान कागज।

४) **नायव सुब्बा प्रकाश नारायण भट्टको बयानः-**

म २०४० मा सेवा प्रवेश गरी २०६८ सालसम्म सेवामा रहँदा मालपोत कार्यालय डिल्लीबजारमा पनि कार्यरत थिएँ।मिति २०६७।१२ को तामेली मिसिल ४८४ को हेर्ने मौका पाएँ, त्यस मिसिलमा टिप्पणी उठाउने काम मेरो हस्ताक्षरबाट भएको हो। यसमा मन्त्रिपरिषद्को निर्णयले विभिन्न व्यक्तिका नाममा दा.खा भएको हो ।मैले पेश गरेको टिप्पणीमा के कुन कित्ता जग्गाहरू व्यक्ति विशेषलाई मोही र जग्गाधनी समेत कायम भएको छ आज सम्म मलाई हेक्का रहेको छैन। कि.का.तथा दाखिल खारेज पत्र फायल साथ हुनुपर्ने हो तर पत्र ओहोरदोर गर्ने व्यक्ति तत्काल आफ्नै काम हो भनी राम कुमार सुवेदीले पत्र लगेर जानुहुन्थ्यो र मन्त्रालयबाट पत्र ल्याउने काम पनि रामकुमार सुवेदीले नै गर्नुहुन्थ्यो। जहाँसम्म मलाई लाग्छ कि कुनै कुनै व्यहोरा मिलेन भनी राम कुमार सुवेदीलाई भन्दा नेपाल सरकार, मन्त्रिपरिषद्बाट संशोधन भएको पत्र ल्याएको जस्तो लाग्छ । यस्मा कस्तो कस्को संलग्नता रहेको थियो भन्ने विषयमा रामकुमार सुवेदीले मोठ देखि नापी कार्यालय र मन्त्रालय ल्याउने काम गर्थे साथै कहिले काहीँ व्यहोरा बुझ्न डा. शोभाकात ढकाल पनि आउने गर्नुहुन्थ्यो भन्ने समेत व्यहोराको प्रकाश नारायण भट्टले गरेको बयान।

५) नायव सुब्बा टंकनाथ पौडेलको बयानः-

म २०६६ साल फाल्गुणदेखि २०६८ सालसम्म मालपोत कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। नेपाल सरकार मन्त्रिपरिषद्बाट भए बमोजिमका निर्णयहरू कार्यान्वयन गर्नका लागि लेखी आएबमोजिमको पत्र, परिपत्र, आदेश निर्देशनको पालनासम्म गरेको हुँ। टिप्पणी निर्णयमा सही गर्ने अन्य कर्मचारीहरूले पनि सोही बमोजिमको पालना मात्र गरेका हुन्। मिति ०६७।८।१६ मा निर्णय हुँदा भुल त्रुटि हुन गई केही कित्ता जग्गा फरक पर्न गएकोले सो भुलत्रुटि लाई संशोधन गर्नुपर्ने भयो भनी पुनः संशोधनको टिप्पणीमा सही गरेको हुँ । मिति २०६७।०९।१२ को टिप्पणीमा टिप्पणी लेख्ने प्रकाश भट्ट र सही गर्ने म लगायतका

मालपोत अधिकृत पर्शुराम पोखरेल, शाखा अधिकृत कृष्ण पौडेल र निर्णय गर्ने कार्यालय प्रमुख हरिकृष्ण तिमिल्सिना हो भन्ने समेत व्यहोराको टंकनाथ पौडेलले गरेको बयान।

६) प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ्गको बयानः-

म मालपोत कार्यालय डिल्लीबजारमा २०६६ सालतिर पदस्थापना भएको थिएँ, साथै भूमिसुधार मन्त्रालयमा काजमा बसेको भवन निर्माण संभार डिभिजन कार्यालयमा पठाएको पत्रमा भएको हस्ताक्षर मेरो हो। भवन निर्माण सम्भार डिभिजन कार्यालयले पत्राचार गरी जग्गा विवरण माग गरेबमोजिम मोठ फाँटबाट विवरण तयार गरी पठाएको सम्म हो। तत्कालीन अवस्थामा विशिष्ट व्यक्तिको निवास सुधार र संभार गर्न भनी तर ताकेता मौखिक लिखित रुपमा भवन निर्माण सम्भार डिभिजन कार्यालयले गरेको हुँदा पनि चाँडो भन्दा चाँडो विवरण उतार गरी पठाइएको सम्झना सम्म छ । संलग्नता त कसको थियो केही थाहा भएन तर एकपटक तत्कालीन भूमिसूधार सचिवज्यू, यातायात सचिवज्यू, भवन विभागका पदाधिकारीज्यू लगायतको अनौपचारीक छलफल भने बालुवाटारमा भएको सम्झना आउँछ । मोठ श्रेस्तामा भएको सम्पूर्ण विवरणहरू जस्ताको तस्तै उतार तयार गरी पठाएको हो त्यस विवरण अध्ययन गरेर निर्णयकर्ताले सही निर्णय गर्नु थियो।त्यसले दुविधा भएको भए सम्बन्धित कार्यालयमा बुझी मन्त्रिपरिषद्बाट निर्णय गर्दा सम्बन्धित मन्त्रालयले समेत गहन अध्ययन गर्नुपर्ने थियो र त्यो भयो भएन प्रस्ताव अध्ययन गर्दा थाहा हुने नै छ। मेरो पत्नी खिमादेवी आङबुहाङले आफ्नो व्यवहार आफैं गर्ने हुँदा बालुवाटारस्थित जग्गा आफैं खरिद गरेकी हुन्, साली नाताकी शशिकला सुब्बाले के-कसरी खरिद गरिन त्यो सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रेम बहादुर खापुङले गरेको बयान।

७) नायव सुब्बा अर्जुन खतिवडाको बयानः-

म २०६५ सालदेखि २०६८ सालसम्म मालपोत कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। त्यो समयमा को (को कार्यालय प्रमुखहरूले के कस्ता निर्णयहरू गरे गराए सोही निर्णय मुताविक नै

भवन निर्माण सम्भार डिभिजन कार्यालयमा विवरण पठाएको हुनसक्ने देखिन्छ । त्यतिखेर गरिएको निर्णय र श्रेस्ता बमोजिम नै गरिएको हो , सो निर्णय र श्रेस्ता हेरेपछि नै थाहा हुने थियो ।म कुनै कानूनीको ज्ञाता होइन, मैले पढेको छैन। मैले त आफूभन्दा माथिल्लो स्तरका कार्यालय प्रमुखहरूबाट भए गरेको निर्णय मुताविक नै कामकाज गरेको थिएँ भन्ने समेत व्यहोराको अर्जुन खतिवडाले गरेको बयान।

८) **नापी अधिकृत कमल घिमिरेको बयानः-**

म नापी कार्यालय डिल्लीबजारमा २०६५ चैत्र देखि २०६८ फाल्गुणसम्म कार्यरत रहेको थिएँ। नापी कार्यालय काठमाण्डौंबाट मिति २०६७।५।२८ बाट मालपोत कार्यालय डिल्लीबजारलाई लेखेको पत्रमा भएको हस्ताक्षर मेरै हो। मालपोत कार्यालय, डिल्लीबजार काठमाण्डौंबाट नापी कार्यालयलाई मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि कित्ताकाट गर्न लेखिआएको निर्णय हेर्दा उल्लेखित कित्ता जग्गाहरू नेपाल सरकार बाटो र कुलो समेत भई कायम भएको भन्ने समेत उल्लेख भएको देखिन्छ । यसरी कित्ताबाट गर्ने क्रममा नापी कार्यालयबाट बाटो, कुलो, सरकारी वा सार्वजनिक जग्गाहरू व्यक्तिविशेषका नाममा प्रस्ताव गरी पठाएको होइन तर मालपोत कार्यालयबाट पठाईएका माथि उल्लखित पत्र र ती पत्र सम्बद्ध कागजात अनुसारको कित्ताकाट विवरण उपलब्ध गराइएको हो र मन्त्रिपरिषद्को २०६६।१२।२९ को निर्णय कार्यान्वनयका लागि कित्ताकाट गरिएको हो ।नेपाल सरकारले अधिग्रहण गरी सकेपछि मालपोत कार्यालयमा भएको श्रेस्तामा नेपाल सरकार जनिन्छ भन्ने समेत व्यहोराको कमल घिमिरेले गरेको बयान।

९) **सर्भेक्षक देव बहादुर लामिछानेको बयानः-**

म मिति २०६५ देखि २०६७ सम्म नापी कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। मालपोत कार्यालय काठमाण्डौंबाट प्राप्त नेपाल सरकारको निर्णय कार्यान्वयन गर्ने पत्रको सिलसिलामा कि.का गरी पठाइएको पत्रमा भएको हस्ताक्षर मेरो हो। मालपोत कार्यालय काठमाण्डौंको

पत्रानुसार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गरी कि.का. गरी पठाउनु हुन भनी लेखिआएको हुँदा मन्त्री परिषदका निर्णयलाई कार्यान्वयन गर्दा सार्वजनिक प्रकृतिको जग्गा कित्ताबाट भएको हो भन्ने समेत व्यहोराको देव बहादुर लामिछानेले गरेको बयान।

१०) अमिन भरतचन्द्र अर्यालको बयानः-

म नापी कार्यालय डिल्लीबजारमा २०६५ सालदेखि २०६८ सालसम्म कार्यरत थिएँ। विशिष्ट व्यक्ति निवास विस्तारको लागि भवन निर्माण संभार डिभिजन कार्यालय अनामनगरले विस्तार गर्नुपर्ने क्षेत्रको क्षे.फ. र बाटोको चौडाई समेत यकिन गरी पठाइएको उक्त पत्रमा भएको हस्ताक्षर मेरो हो। क्षेत्रफल जोड्ने प्राविधिक कार्य भएको हुँदा भूमिसुधार र मालपोतको पत्रमा उल्लेख भएको मोहीको विवरण हेरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र मालपोत कार्यालयको आदेश बमोजिम निर्णय कार्यान्वयन गरी कित्ताकाट गरी पठाइएको हो। कित्ता काट गर्दा सार्वजनिक प्रकृतिको राजकुलो र बाटो समेत कित्ता काट भएको थियो । राजकुलो र बाटो समेत कित्ताबाट गर्न मालपोत कार्यालयबाट कित्ता काट गर्न लेखी पठाएको हुँदा मालपोत कार्यालयकै पत्र तथा आदेशका आधारमा कित्ता बाट गरिएको हो भन्ने समेत व्यहोराको भरतचन्द्र अर्यालले गरेको बयान।

११) भूमिसुधार अधिकारी शंकर प्रसाद सुवेदीको बयानः-

म २०६५ फाल्गुणदेखि २०६६ फाल्गुणसम्म भूमिसुधार कार्यालय, काठमाण्डौं भूमिसुधार अधिकारीको हैसियतमा कार्यरत रहेको थिएँ। भवन निर्माण सम्भार डिभिजन कार्यालयबाट नेपाल सरकारका नाममा श्रेस्ता कायम भएका भनी जग्गाको कित्ता नं. समेत खुलाई उक्त कित्ताको साविक कित्तामा देखिने मोही र क्षेत्रफल समेत खुलाई पठाउन अनुरोध भई आए पछि मोहीको विवरणको उत्तार फाँटवालाहरूले तयार पारी आफू समक्ष पेश हुन आएको र मैले हस्ताक्षर गरी पठाईदिएको हो । मोही कायम गर्ने कार्य मोहीहरूले जग्गा वाडफाँड गरी पाऊँ भनी निवेदन दिएका आवश्यक प्रमाण बुझी भूमिसुधार अधिकारीले गर्ने निर्णय हो । साविक नापीमा

कायम भएको फिल्डबुकमा श्री ५ को सरकारको जग्गा हो भन्ने उल्लेख हुँदाहुँदै सोही समयमा नै उक्त जग्गाहरूमा मोहीहरूको विवरण भरी २ नं. अनुसूची विवरण तयार गर्नु हुँदैन थियो ।नेपाल सरकारका नाममा कायम रहेको जग्गामा मोही लाग्न सक्तैन भन्ने समेत व्यहोराको शंकर प्रसाद सुवेदीले गरेको बयान।

१२) नायव सुब्बा अंगुर कुमार सिग्देलको बयानः-

म भूमिसुधार कार्यालयमा २०६२ सालदेखि २०७२ सालसम्म कार्यरत थिएँ। भूमिसुधार कार्यालय काठमाण्डौं को च.नं. ५१४० मिति २०६६।१०।१५ को पत्रमा भएको हस्ताक्षर मेरो हो ।२०२१ सालमा तत्कालीन कानूनी बमोजिम तयार गरेको मोहीको २ नं. अनुसूचीलाई उतार गरी पठाइएको मात्र हो । सबै जग्गाहरू सरकारी सार्वजनिक भएको भए २०२१ को नापीकै समयमा मोही लेखिनु नपर्ने हो, तत्कालीन कर्मचारीहरूले के को आधारमा त्यो फिल्डबुक र २ नं. अनुसूची तयार गरे मलाई थाहा भएन भन्ने समेत व्यहोराको अंगुर कुमार सिग्देलले गरेको बयान।

१३) नायव सुब्बा केदार प्रसाद श्रेष्ठको बयानः-

म २०६५ सालदेखि २०७२ सालसम्म भूमिसुधार कार्यालयमा कार्यरत थिएँ। च.नं. ४७१८ मिति ०६६।१०।३ को पत्रको दस्तखत मेरो हो ।फिल्डबुकको कैफियतमा श्री ५ को सरकारको जग्गाको मैले कमाई खाई आएको भनी लेखीए तापनि मोही कायम गर्न मिल्दैन । श्री ५ को सरकारको जुनसुकै निकायले र अदालतहरूले मोही विवरण माग भएमा लेखी पठाउने गरेको हो नपठाएमा ताकेता आउने र कारबाही समेत र जरिवाना समेत गरिने भएकोले सोधिएको पत्रको विवरण मात्र पठाएको हो भन्ने समेत व्यहोराको केदार प्रसाद श्रेष्ठले गरेको बयान।

१४) नापी अधिकृत जनक बहादुर भण्डारीको बयानः-

म मिति २०६६ देखि २०६८ सम्म नापी कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगर काठमाण्डौंबाट माग भई आएका विवरण नक्सामा रेखाङ्कन गरी क्षेत्रफल संग्लनता गरी पठाइएको नापी कार्यालय काठमाण्डौंको च.न. २६४८ मिति २०६६।११ को पत्रमा रहेको प्रमाणित हस्ताक्षर मेरो हो। नापी नक्साको कित्ता भित्रको जग्गाको कित्ता नक्साको रेखाङ्कित एरियामा क्षेत्रफको विवरण खुलाउने क्रममा मेरो भूमिका क्षेत्रफलको विवरण खुलाउने क्रममा मेरो भूमिका क्षेत्रफलको जोड घटाउ तथा प्राविधिक कार्यको कार्यान्वयन गर्ने सिलसिलामा कार्यालयका कर्मचारीबाट तयार भएको विवरणमा प्रमाणित गर्ने मात्र थियो भन्ने समेत व्यहोराको जनक बहादुर भण्डारीले गरेको बयान।

१५) उपसचिव हुपेन्द्रमणि के.सीको बयानः-

तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६७।१।२७ गते भएको निर्णयको टिप्पणीमा भएको हस्ताक्षर मेरो हो। म बाट तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जग्गा प्रशासन शाखाको शाखा प्रमुखको हैसियतले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।१२।२९ गतेको निर्णय कार्यान्वयनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्नुपर्ने गरी निर्णयको लागि टिप्पणी पेश गरेको हुँ भन्ने समेत व्यहोराको हुपेन्द्रमणि के.सी.ले गरेको बयान।

१६) सह-सचिव जीत बहादुर थापाको बयानः-

म भूमिसुधार मन्त्रालयमा २०६६।१२।१४ देखि सह-सचिवको रुपमा कार्यरत थिएँ। नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय कार्यान्वयनको लागि प्राप्त फायल प्राप्त भएकै विवरण बमोजिम मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनको लागि उप-सचिव हुपेन्द्रमणि के.सी. ले टिप्पणी पेश गर्नुभएकोले थियो। विशिष्ट व्यक्तिहरूको आवास विस्तार गर्ने गुरुयोजना सहितको फायल अगाडि बढाउन पेश भएको फायलमा मैले दस्तखत गरेको छु। मैले समरजंग कम्पनी कार्यालय राजकुलो, बाटोमा समेत मोही देखिन्छ नि भनी सोध्दा उनले सबै विवरण भौतिक

योजना तथा निर्माण मन्त्रालयबाट संकलन भई मन्त्रिपरिषद्बाट निर्णय भई आएकोले हामी त्यतापट्टि गईरहनु परेन भनेकोमा सचिव छविराज पन्तलाई यस विषयमा सोध्दा उनले भौतिक योजना सचिवबाट ताकेता भई रहेको छ अगाडि बढाउँ भनेकोले मैले पेश गरेको हुँ भन्ने समेत व्यहोराको जित बहादुर थापाले गरेको बयान।

१७) सचिव छविराज पन्तको बयानः-

म भूमिसुधार सचिवका रुपमा २०६६ साल कार्तिकदेखि २०६७ माघसम्म कार्यरत थिएँ। मिसिलमा संलग्न मन्त्रिपरिषद् समक्ष पेश गरेको प्रस्तावमा भएको दस्तखत मेरो पनि हो । सचिवको हैसियतले मैले नेपाल सरकार (म.प.) बाट भएका मिति २०६६।१२।२९ र २०६७।१।३१ का निर्णय कार्यान्वयन गर्नका लागि मातहतका निकायमा पठाउने काम गरेको हो। भूमिसुधार मन्त्रीबाट मिति २०६७।१।२७ मा भएको निर्णय र निर्देशनको आधारमा आवश्यक निर्णय र निर्देशनका लागि मिति २०६७।१।३१ को म.प. को निर्णयका आधारमा मातहतका कार्यालयमा आवश्यक निर्देशन गएको हो। भौतिक योजना तथा निर्माण मन्त्रालयको बालुवाटारमा अवस्थित विशिष्ट व्यक्तिहरूको निवास परिसर विस्तार गुरुयोजना कार्यान्वयनका लागि आवश्यक जग्गाको व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ अनुसार गर्ने दायित्य पनि योजना कार्यान्वयन गर्ने मन्त्रालयको हुन्छ। वहाँहरूले सो प्रकृया किन अपनाउनु भएन त्यो कुरा वहाँहरूलाई सोधनी भएमा त्यसको जवाफ आउन सक्ला भन्ने समेत व्यहोराको छबिराज पन्तले गरेको बयान।

१८) भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठको बयानः-

जग्गा प्रशासनका उप-सचिव हुपेन्द्रमणि के.सी.द्धारा तयार पारिएको उक्त प्रस्ताव भूमिसुधार विभाग हुदैँ मन्त्रालयमा आएपछि मन्त्रालयका सचिव छविराज पन्तले म.प. मा प्रस्ताव लान मनासिवदेखि निर्णयार्थ पेश गरेको प्रस्तावलाई मैले सदर गरेको र सही मेरै हो।ललिता निवासभित्रको जग्गा नेपाल सरकारको सम्पति हो । एउटा सरकारले गरेको गलत निर्णयलाई

उल्टाई सरकारी सम्पतिको रक्षा यो सरकारले गरोस् भन्ने समेत व्यहोराको तत्कालीन भूमिसुधार मन्त्री डम्बर श्रेष्ठले गरेको बयान।

१९) ईन्जिनियर राजेन्द्रमान श्रेष्ठको बयानः-

म २०६५ देखि २०६७ सम्म भवन निर्माण सम्भार डिभिजन कार्यालयमा कार्यरत रहेको थिएँ। मिति २०६६।१२।१८ मा उठाइएको टिप्पणी र सो सँग सम्बन्धित अनुसूचीमा रहेको हस्ताक्षर मेरै हो। माथिको निर्देशन भनी कार्यालय प्रमुखको मौखिक निर्देशन बमोजिम विशिष्ट व्यक्तिहरूको निवास विस्तारको टिप्पणी उठाइएको हो। प्रधानमन्त्री निवास, बालुवाटारको विस्तार गर्ने क्रममा आवश्यक विवरण संकलन गर्ने निर्देशानुसार राखी १५ रोपनी जग्गाभित्रको र ८ मिटर बाटो मा पर्ने जग्गाहरूको मात्र केन्द्रित भई विवरण तयार गरेको छ, साथै उक्त विवरणहरू सबै सम्बन्धित भूमिसुधार मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको हो भन्ने समेत व्यहोराको राजेन्द्रमान श्रेष्ठले गरेको बयान कागज।

२०) सि.डि.ई. बालकृष्ण श्रेष्ठको बयानः-

म भवन निर्माण सम्भार डिभिजिन कार्यालयमा २०६६ सालदेखि २०६९ सालसम्म कार्यरत थिएँ। प्रधानमन्त्री निवास कार्यालयबाट प्राप्त निर्देशन अनुसार तयार गरेको विभिन्न अनुसूची अनुसार प्रधानमन्त्री निवासको जग्गा बढाउने कार्यको लागि टिप्पणी उठाएको हो। पहिलो निर्णयमा रेर्कड अनुसार अनुसूची तयार गर्दा केहीत्रुटि देखिएको हुँदा उक्त त्रुटि सच्चाई पुनः टिप्पणी उठाएको हो, उक्त संशोधित अनुसूचीहरूमा उठान गरेको टिप्पणीमा भएको दस्तखत मेरो हो। सरकारी जग्गामा मोही नलाग्ने हो भन्ने पनि भूमिसुधार मन्त्रालय अन्तर्गत कार्यालयलाई थाहा हुने हामी प्राविधिकलाई त्यस कुराको पनि ज्ञान भएन, साथै सरकारी जग्गामा मोही नलाग्ने उक्त कार्यालयलाई राम्रोसँग थाहा हुँदाहुँदै मोही जोडेर किन रेकर्ड पठाएको हो थाहा भएन भन्ने समेत व्यहोराको बालकृष्ण श्रेष्ठले गरेको बयान।

२१) सु.ई.सुरोजराज राजकर्णिकारको बयानः-

म भवन निर्माण सम्भार डिभिजन कार्यालयमा २०६५ सालदेखि २०७१ सालसम्म कार्यरत थिएँ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम विशिष्ट व्यक्तिहरूको सरकारी निवास भवन परिसर क्षेत्रको विस्तार सम्बन्धमा अनुसूची संशोधन गर्ने विषयमा सामान्य मानवीय त्रुटिले हुन गएको सो सम्बन्धी टिप्पणी महानिर्देशकज्यू समक्ष पेश गरिएको हो। भूमिसुधार कार्यालय काठमाण्डौंको पत्रमा साविक नगर २३ क्ष कि नं. ७६ हाल कि.नं. ३८,१२,२१ को मोही महलमा अनुसूची फेला नपरेको भनी उल्लेख भएको एवं सोही कित्ता सम्बन्धमा मालपोत कार्यालय काठमाण्डौंको च.नं. ९००९ मिति २०६६।१०।१० को पाना नं ६ दोस्रो हरफ सो कित्ताको मोही महलमा ड्राइभर भाइचा उल्लेख भएकोले समग्रमा अनुसूची तयार भएको हो। जग्गा सट्टापट्टा एवं मिलान सम्बन्धमा भूमिसुधार मन्त्रालय अन्तर्गतका निकायहरूबाट प्राप्त जग्गा सम्पत्ति विस्तृत विवरण सहित पटक-पटक भौतिक योजना मन्त्रालयबाट प्रधानमन्त्रीज्यूबाट भएको निर्देशनको आधारमा प्रस्ताव पेश गर्न टिप्पणी पेश भई अन्तिम निर्णय भएको व्यहोरा अनुरोध छ भन्ने समेत व्यहोराको सुरोजराज राजकर्णिकारले गरेको बयान।

२२) **महानिर्देशक अशोकनाथ उप्रेतीको बयानः-**

२३)म २०६६ सालदेखि २०६९ साल वैशाखसम्म शहरी विकास तथा भवन निर्माण विभागमा महानिर्देशकको रुपमा कार्यरत रहेको थिएँ।नेपाल सरकार मन्त्रिपरिषद्बाट विशिष्ट व्यक्तित्वहरूको सरकारी निवास भवन परिसर क्षेत्रको जग्गा विस्तार गर्ने सम्बन्धी निर्णय हुने सिलसिलामा मैले पेश गरेको टिप्पणीमा उल्लेखित हस्ताक्षर मेरो नै हो । उक्त टिप्पणी भवन निर्माण संभार डिभिजन कार्यालयले मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट प्राप्त विवरणको आधारमा अनुसूची तयार गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न म कहाँ पेश भएको र मैले सोही दिन सचिवज्यू समक्ष पेश गरेको हुँ। भवन निर्माण सम्भार डिभिजनबाट तयार भएको टिप्पणी डिभिजन कार्यालयका डिभिजन प्रमुख सुरोजराज कर्णिकारले हातहातै विभागमा ल्याई प्रधानमन्त्रीज्यूबाट छिटो पेश गर्नू भन्ने निर्देशन सचिवज्यूमार्फत् प्राप्त भएको हुँदा मैले हतारमा

टिप्पणीमा सही गरी डिभिजन प्रमुखले लिएर जानुभएको हो। भौतिक योजना मन्त्रालयका सचिवज्युले मा. उप-प्रधानमन्त्रीज्यू समक्ष पेश गरी मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय भएको र त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय भएको हो भन्ने समेत व्यहोराको अशोकनाथ उप्रेतीले गरेको बयान।

२४) उपसचिव(कानून) विनोद कुमार गौतमको बयानः-

म भौतिक योजना तथा निर्माण मन्त्रालयमा कानून अधिकृतको रुपमा सन् २००९।०१।०१ देखि सन् २०११।०४।२४ सम्म कार्यरत थिएँ। भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिवज्यूबाट ऐन नियम परामर्श शाखालाई राय पेश गर्ने निर्देशन भए बमोजिम २०६७।३।१४ मा दिएको राय र मिति ०६७।३।१८ मा पुनः सचिवबाट राय माग हुदाँ २०६७।३।२० मा दिएको राय मेरो हो उक्त रायमा भएको हस्ताक्षर मेरो हो । मन्त्री परिषदमा प्रस्ताव पेश गर्ने भनी टिप्पणी उठाउन भई आएपछि मैले मिति २०६६।१२।१९ मा विभागीय राय बमोजिम नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न स्वीकृतिका लागि मा. उप प्रधानमन्त्रीज्यू समक्ष पेश गर्ने राय दिएको हो।यदि कुनै निकाय वा तहबाट कुनै गलत व्यहोरा उल्लेख गरेको रहेछ भने त्यसको जिम्मेवारी त्यही व्यक्ति पदाधिकारीले लिनु पर्छ भन्ने समेत व्यहोराको विनोद कुमार गौतमले गरेको बयान।

२५) शाखा अधिकृत कृष्ण बहादुर राउतको बयानः-

म भौतिक योजना तथा निर्माण मन्त्रालयमा २०६६ साल कार्तिकदेखि २०६७ साल फाल्गुणसम्म शाखा अधिकृत पदमा कार्यरत रहेको थिएँ। भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७।३।१७ मा रायका लागि प्राप्त भएको सक्कलै निर्णय मिसिलमा मेरो हस्ताक्षर छ । भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्ताव पेश गरी नेपाल सरकार (म.प.) बाट मिति २०६६।१२।२९ र भूमिसुधार मन्त्रालयबाट प्रस्ताव पेश गरी नेपाल सरकार (मं.प.) बाट मिति २०६७।१।३१ मा भएको निर्णय कार्यान्वयनका सिलासिलामा

मं.प.का निर्णयहरूमा रहेका अनुसूचीका विवरण संशोधनका लागि पुनः नेपाल सरकार (मं.प.) मा प्रस्ताव पेश गर्ने क्रममा आवश्यक निर्णयका लागि आन्तरिक प्रशासन शाखा प्रमुख (उ.स.) लाई राय टिप्पणीसम्म पेश गरेकोले अन्य कानूनी प्रावधान र निकायको निर्णय प्रक्रियामा रहने भूमिकाका विषयमा मलाई जानकारी नभएको भन्ने समेत व्यहोराको कृष्ण बहादुर राउतले गरेको बयान।

२६) सह-सचिव नारायण गोपाल मलेगोको बयानः-

म २०६६ सालदेखि २०६९ सालसम्म भौतिक योजना तथा निर्माण मन्त्रालयमा कार्यरत थिएँ।मिति २०६६।१२।२९ को मन्त्रिपरिषद्को निर्णय गरिंदा मानवीय त्रुटि देखिएको, त्रुटि सच्चाउन नेपाल सरकार (मन्त्रिपरिषद्) मै पुनः निर्णय गर्नुपर्ने भनी ऐन नियम परामर्श शाखाको राय बमोजिम हुन राय प्रस्तुत गरिएको हो। राष्ट्रसेवकको नाताले निर्देशन बमोजिम अफ्नो जिम्मेवारी पूरा गरेको हो। मिसिलमा भएको आफ्नो हस्ताक्षर हेरी सनाखत गरिदिएँ । मैले मन्त्रिपरिषद्बाट भएको निर्णयको सामान्य मानवीय भुलबाट भएको प्राविधिक त्रुटि सच्चाउनका लागि माथिल्लो तहमा टिप्पणीसम्म पेश गरेको हो, त्यसपछि मन्त्रिपरिषद्मा लाने प्रस्ताव कोबाट कसरी के के विषयवस्तु राखेर तयार गरियो मलाई कुनै जानकारी छैन भन्ने समेत व्यहोराको नारायण गोपाल मलेगोले गरेको बयान।

२७) सचिव दीप बस्न्यातको बयानः-

म २०६६ भाद्रदेखि २०६७ फाल्गुण सम्म भौतिक योजना तथा निर्माण मन्त्रालयमा सचिवको हैसियतले कार्यरत थिएँ। प्रधानमन्त्री निवास विस्तार गर्ने सम्बन्धमा तयार भएको गुरुयोजना बमोजिम प्रस्ताव तयार भई मन्त्रिपरिषद्मा पेश भएको र उक्त प्रस्ताव केवल सैद्धान्तिक सहमतिको लागि पेश भएको हो।मोही र जग्गाधनी कायम गर्ने तथा सट्टापट्टा गर्ने कार्य भूमिसुधार मन्त्रालयबाट भएको हो। मलाई देखाईएका निर्णयहरूका फायलमा भएको दस्तखत मेरो हो सो दस्तखतमा कानून बमोजिम पेश भएका विषय राय स्वीकृत वा निर्णयको लागि पेश

गरेको हुँ। परिसर विस्तार सम्बन्धमा तयार गरेको प्रस्ताव सैद्धान्तिक सहमतिको लागि पेश भएको हो। सरकारी भवनको विस्तार तथा निर्माण लगायतका कार्य भौतिक योजना मन्त्रालय अन्तर्गत भवन विभागको क्षेत्राधिकार भएको र पटक-पटक तत्कालीन प्र.म.ज्यूबाट समेत निर्देशन भएको साथै सम्पूर्ण सचिव सम्मिलित मुख्य सचिवको संयोजकत्वको बैठकले काम नै तोकेर गर्नू भनेको विषय रहेको थियो। म सचिव हुनुपूर्व तयार भएको गुरुयोजना र सो गुरुयोजनामा उल्लेख भई मातहत निकायबाट प्रयत्न भएका एजेण्डा राखी तत्कालीन विभागिय मन्त्रीबाट स्वीकृत गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको हुँ। मन्त्रिपरिषद्बाट ठिक बेठिक ठहराई मन्त्रिपरिषद्मा पेश भै मन्त्रिपरिषद्ले निर्णय गरेको विषयमा मन्त्रिपरिषद् नै जिम्मेवार हुने हुँदा यसको अन्तिम जिम्मेवारी मुख्य सचिव र तत्कालीन मन्त्रीपरिषद्ले नै लिनुपर्ने हुन्छ। विवरणमा फरक परेको भए सो कुरा तत्काल दस्तखत सहित पेश गर्ने सम्बन्धित पदादिकारी/कर्मचारी नै जिम्मेवार हुन्छ भन्ने समेत व्यहोराको तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दिप बस्न्यातले गरेको बयान।

२८) राज्यमन्त्री संजय कुमार साहको बयानः-

म २०६६ सालमा राज्यमन्त्री भएको हो। मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयनको चरणमा रहेको जग्गाको विषयमा मानवीय त्रुटि तथा भुलवश भएको गल्ती सच्याउने भनी उप-प्रधानमन्त्री समक्ष मन्त्रिपरिषद्मा पेश गर्न उप-प्रधानमन्त्रीज्यू बाट निर्णय हुनको लागि उप-प्रधानमन्त्री समक्ष तत्कालीन सचिवले किटान राय सहित म समक्ष पेश गरेकोमा मेरो कुनै आफ्नो राय नराखी उप- प्रधानमन्त्री समक्ष उक्त फायल प्रक्रिया बमोजिम पठाईदिएको हो उक्त मिसिलमा मिति २०६७।३।२७ मा राज्य-मन्त्रीको हैसियतले गरेको हस्ताक्षर मेरो हो ।यस सम्बन्धमा मुख्य निर्णय पहिले नै भईसकेकोले सो निर्णय सच्याउनको लागि सचिवले राय सहित पेश गरेकोले आफूले कुनै निर्णय राय नदिई उप-प्रधानमन्त्री समक्ष उक्त फायल पेश गरिदिएको हो। सुरूको निर्णय प्रकृया बारेमा मलाई केही जानकारी आएको थिएन मेरो कुनै संलग्नता पनि

छैन भन्ने समेत व्यहोराको तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन राज्यमन्त्री सन्जय कुमार साहले गरेको बयान।

२९) उपप्रधानमन्त्री तथा विभागीय मन्त्री विजय कुमार गच्छदारको बयानः-

म २०४८ सालपछि पटक-पटक विभिन्न मन्त्रालय हुँदै ४,५ पटक भौतिक योजना तथा निर्माण मन्त्रालयमा विभागीय मन्त्रीको हैसियतमा थिएँ। तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट भएका निर्णयहरूका सम्बन्धमा २०६५/२०६६ सालमा तयार भएको गुरुयोजना कार्यान्वयन गर्न प्रधानमन्त्रीको निर्देशनअनुसार मन्त्रिपरिषद्मा प्रस्ताव पठाउँदा गरेको हस्ताक्षर मेरो हो। विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तयार भएको गुरुयोजना लागू गर्नको लागि मेरो मन्त्रालयको सचिवले तयार गरी म समक्ष पेश गरेको प्रस्ताव मन्त्रिपरिषद्मा लैजानको लागि मैले स्वीकृति दिएको हुँ भन्ने समेत व्यहोराको तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन विभागीय मन्त्री विजय कुमार गच्छदारले गरेको बयान।

३०) प्रधानमन्त्री माधव कुमार नेपालको बयानः-

म नेपाल सरकारको प्रधानमन्त्रीको रुपमा २०६६ जेठदेखि २०६७ फाल्गुणसम्म पदभार सम्हालेर बसेको थिएँ। बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तयार पारिएको गुरुयोजनाबाट प्रधानमन्त्री निवासको दक्षिणतर्फ पनि सरकारी जग्गा रहेको जानकारी भयो त्यसपछि गुरुयोजना अनुसार भवन निर्माणको कार्य अगाडी बढाई छिटो काम सम्पन्न गर्नको लागि सम्बन्धित कर्मचारीहरूलाई मैले पटक-पटक भनेको हुँ। मैले गुरुयोजनाअनुसार विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा भवन निर्माण कार्य चाँडो सम्पन्न गर्नेको लागि चासो देखाएको र कुनै पनि काम सुरू गरेपछि समयमा र छिटो सम्पन्न गर्नूपर्छ भन्ने मान्यता पनि राख्दछु। सोही बमोजिम मैले चाँडो काम सम्पन्न गर्नको लागि चासो देखाएको हुँ। सरकारी सार्वजनिक जग्गामा मोही हुने नहुने विषयमा छलफल नै भएको थिएन, मलाई जानकारी भएन। नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको प्रस्ताव सम्बन्धी आवश्यक

प्रमाण र अभिलेख, कागजात हेर्ने, यकिन गर्ने, उक्त प्रस्ताव कानून सम्मत र रितपूर्वक छ, छैन हेरी जाँची यकिन गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित मन्त्रालय सम्बद्द कर्मचारी/पदाधिकारीहरूको हो। मैले बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको सरकारी निवासको सुदृढिकरण र विस्तार सम्बन्धी गुरुयोजना अनुसार विशिष्ट व्यक्तिहरूको निवास फराकिलो बनाउनको लागि गुरुयोजना कार्यान्वयनको लागि मेरो नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको हो। सरकारी सार्वजनिक जग्गामा मोही कायम गर्ने, सट्टापट्टा दिने कार्यमा मेरो निर्देशन थिएन। मैले भवन निर्माण सम्बन्धमा मात्र चासो राखेको हो, जग्गा जमिनको सम्बन्धमा मेरो चासो होईन र थिएन भन्ने समेत व्यहोराको तत्कालीन प्रधानमन्त्री माधव कुमार नेपालले गरेको बयान।

ख) सरकारी जग्गा सट्टाभर्ना गरी प्राप्त गर्ने व्यक्ति/संस्थाको वयानको संक्षिप्त व्यहोराः

१) **श्रीकृष्ण महर्जनको बयानः-**

सरमजंग कम्पनीलाई वाली बुझाएको आधारमा पछि मोही कायम भई सट्टा भर्ना बापत पाएको जग्गा रामकुमार सुवेदीलाई विक्री गरी दिएको हो । मोही कायम लगायतका सम्पूर्ण अदालती प्रकृया समेतका काम राम कुमार सुवेदी ले गरेको हो भन्ने व्यहोराको श्रीकृष्ण महर्जनले गरेको बयान।

२) **द्वारिकामान महर्जनको बयानः-**

मेरो कित्ता नं. ३३, ३८, २७, २८ भूमिसुधारले मोहीयानी हकको प्रमाण-पत्र दीएको बाँकी रामकुमार सुवेदी के गर्यो थाहा छैन, पहिला समरजंगपछि मालपोत गएर बाली कुत बुझाएको हो। राम कुमार सुवेदीसँग जग्गा सम्बन्धमा चिनी निजले पटक पटक गरी २०,००,०००।- दिएको हो भन्ने समेत व्यहोराको द्वारिकामान महर्जनले गरेको बयान।

३) **ग्वाराभाइ महर्जनको बयानः-**

मेरो बाजेदेखि राणाहरूलाई कुत बुझाई कमाई आएकोमा पछि आएर समरजंग कम्पनीलाई बाली बुझाएको आधारमा मोही कायम भई सट्टा भर्ना बापत जग्गा पाएको हो । पछि आएर

त्यो जग्गा रामकुमार सुवेदीलाई विक्रि गरेको हो। अदालतले मलाई मोही कायम गरेको हो सो सम्बन्धि सम्पूर्ण काम पनि रामकुमार सुवेदीले गरेको हो भन्ने समेत व्यहोराको ग्वाराभाइ महर्जनले गरेको बयान।

४) **बाबुराजा महर्जनको बयानः-**

प्रधानमन्त्रीको क्वाटरको लागि जग्गा थप गर्दा (क्वाटर भित्र) त्यस भित्र परेका जग्गाहरूलाई वाहिर सट्टा भर्ना दिएको तर कित्ता नं. थाहा नभएको पुर्जा पनि नदेखेको । पटक पटक गरी डिल्लीबजार स्थित" शिव शक्ति ल" फर्मको मानिस राम कुमार सुवेदी मार्फत पैसा प्राप्त भएको। सरकारी जग्गाको मोही हुँदैन भनी थाहा थिएन । राम कुमार सुवेदीले उक्त जग्गाको मोहियानी हक पाउँछ भनेकाले जग्गा कमाएको हो, जग्गा आफ्नो नाममा कायम गर्दा जग्गा बापत राम कुमार सुवेदीबाट पैसा प्राप्त भएको मात्र हो भन्ने समेत व्यहोराको बाबुराजा महर्जनको बयान ।

५) **रेना गुरुङ्गको बयानः-**

ललिता निवास क्याम्पभित्रको जग्गाको कित्ताहरूको बारेमा मलाई केहि पनि थाहा छैन । मैले कुनै पनि कित्ताको पुर्जाहरू देखेको छैन । यो जग्गा सरकारी जग्गा हो भनेर मलाई थाहा भएन। मेरो नाममा पुर्जा छ भन्ने कुरा मलाई थाहा थिएन, हाल थाहा पाएँ ।यी सबै काम राम कुमार सुवेदीले गरेको हो, उसले भनेको ठाउँमा गएर भनेको ठाउँमा सहि गरेको छु । मलाई जग्गाको पैसा भनेर राम कुमार सुवेदीले पटक पटक गरेर २०/२५ लाख रुपैया दिएको हो भन्ने समेत व्यहोराको रेना गुरुङले गरेको बयान।

६) **तीर्थमाया महर्जनको बयानः-**

ललिता निवास क्याम्पभित्रको जग्गाको कित्ताहरूको बारेमा मलाई केहि पनि थाहा छैन । मैले कुनै पनि कित्ताको पुर्जाहरू देखेको छैन । यो जग्गा सरकारी जग्गा हो भनेर मलाई थाहा भएन। मेरो नाममा पुर्जा छ भन्ने कुरा मलाई थाहा थिएन, हाल थाहा पाएँ । यी सबै काम राम कुमार सुवेदीले गरेको हो, उसले भनेको ठाउँमा गएर भनेको ठाउँमा सहि गरेको छु ।

मलाई जग्गाको पैसा भनेर राम कुमार सुवेदीले पटक पटक गरेर २०/२५ लाख रुपैया दिएको हो भन्ने समेत व्यहोराको रेना गुरुङले गरेको बयान।

७) देवनारायण महर्जनको बयानः-

अहिले बालुवाटार ललिता निवासमा मेरो नामको जग्गा छैन । पहिले के कति जग्गा थियो, कति कित्ता थियो थाहा भएन, लालपुर्जा पनि देखिन । बाबुराजा महर्जनमार्फत चिनेका राम कुमार सुवेदीले बोलाएर कहिले डिल्लीबजार मालपोतमा, कहिले मीनबहादुरकोमा गएर सहि गरेकोमा के कति जग्गा हो मेरो नाममा आएको हो, मैले जग्गाको लालपुजी देखेको छैन । पटक पटक गरेर २० लाख जति पैसा मलाई रामकुमार सुवेदीले दिएको हो । जहाँ जहाँ भन्यो त्यहि मैले सही गरे, मलाई थाहाँ थिएन त्यो जग्गा सरकारी हो भनेर रामकुमार सुवेदीले भने अनुसार गरेको हो भन्ने समेत व्यहोराको देव नारायण महर्जनको बयान ।

८) कान्छा महर्जनको बयानः-

हामीले ललिता निवासको जग्गामा बाली गरेर मात्र बसेका थियौं, रामकुमार सुवेदीले म सँग सम्पर्क गर्न आई मलाई प्रलोभन पार्ने कुरा गरी मलाई मालपोत कार्यालय डिल्लीबजार लगायतका ठाउँमा लगि कागजमा ल्याप्चे सहिछाप गर्न लगाएको थाहा छ । अन्य केहि थाहा छैन। अघि-पछि गरि १२ लाख जति पैसा दिएको जस्तो लाग्छ। भन्ने समेत व्यहोराको कान्छा महर्जनले गरेको बयान।

९) इन्द्रदेव गुरुङ्गको बयानः-

मेरो नाममा बालुवाटारमा कायम रहेका कित्ता नं. ५९७ र २९९ का जग्गाहरू थाहा नभएको व्यक्तिसँग खरिद गरी सरकारी जग्गा भन्ने थाहा नभएकोले लिएको हो भन्ने समेत व्यहोराको इन्द्रदेव गुरुङ्गले गरेको बयान।

१०) सरस्वती घले गुरुङ्गको बयानः-

मेरो नाममा कायम साविक पहिला कि नं.२३ र १११ बाट बाटो परेको सोध भर्ना ६०१र १४७ आएको या कायम भएको छ ।हामीलाई सरकारी जग्गा भनी थाहा नभएको र हामीले

व्यक्तिबाट लिएको हो , सरकारी जग्गा आफ्नो नाममा कायम भएको सम्बन्धमा हामीलाई केही थाहा नभएको, हामीले व्यक्तिको जग्गा भनेर किनेको र हाल आएर सरकारी जग्गा रहेछ भनेर थाहा भएको ।हामीलाई सरकारी जग्गा भनी थाहा नभएको र मैले व्यक्तिबाट किनेको हो, पछि हामीलाई थाहा नपाई जग्गा किनाईएको रहेछ, उक्त जग्गा बेच्नेलाई कारबाही गरियोस् भन्ने समेत व्यहोराको सरस्वती घले गुरुङले गरेको बयान।

११) **सरला घलेको बयानः-**

मैले बालुवाटारस्थित ललिता निवास क्याम्पको जग्गा कित्ता नं.७३६ मिति २०७१/५/२७ गते खरिद गरेको र कित्ता नं. ७३६, १२५, ११८, १२१, १२३, १२८, १३०, बैकुण्ठ शर्मा रेग्मीबाट मिति २०६०/१२/१० मा खरिद गरेको हो तथा कित्ता नं. १२२, ११३, १२० मिति २०७०।११।२५ गते विद्या पौडेल (गौतम) बाट डिल्लीबजार मालपोत कार्यालयबाट राजीनामा पास गरी लिएको हो। के कति पैसा थाहा नभएको । हामीले किन्नुभन्दा अगाडि सो जग्गाहरू सरकारी भन्ने थाहा थिएन भन्ने समेतको व्यहोराको सरला घले गुरुङले गरेको बयान।

१२) **माधवी सुवेदीको बयानः-**

ललिता निवास क्याम्पभित्रका जग्गाहरू मेरो नाममा कायम भएको सम्बन्धमा सम्पूर्ण कारोवार मेरो श्रीमान् राम कुमार सुवेदीले गर्नु भएको हुँदा म मालपोतसम्म गई सही गरेको हुँ के कति जग्गा छ, कतिमा किनेको हो अथवा कसरी प्राप्त भयो थाहा छैन। मैले राणाहरू र किसानहरूबाट मालपोत कार्यालय डिल्लीबजारबाट पास गरी लिएको जग्गाको कारोवार मेरो श्रीमान् रामकुमार सुवेदीले गर्नु भएको हुँदा मलाई थाहा केही छैन भन्ने समेत व्यहोराको माधवी सुवेदीले गरेको बयान।

१३) **उमाकुमारी ढकाल्नीको बयानः-**

साविक हाडीगाँउ मौजा हा.न. ४५६ को लगत भिड्ने ललिता निवास क्याम्प भित्रको कित्ता नं.११ (नयाँ नापी अनुसान कित्ता नं. ८२ र २४३) र कित्ता न २८८ मेरो नाममा कायम

भएका थिएँ। जसमध्ये कित्ता नं. ११ उर्मिला साहसँग मिति २०६१ बैशाख १३ गते मालपोत कार्यालय काभ्रे धुलिखेलबाट पास गर्दा लाग्ने राजस्व दस्तुर तिरेर मेरो नाममा कायम भएको हो। अर्को कित्ता नं. २८८, शैलजा राणा समेतसँग मिति २०६० चैत्र २३ गते, मालपोत कार्यलय डिल्लीबजार, काठमाण्डौंबाट पास गर्दा लाग्ने राजस्व दस्तुर तिरेर मैले किनेको हो । उक्त जग्गा पास हुने समयमा मेरो श्रीमान् डा. शोभाकान्त ढकाल संगै हुनुहुन्थ्यो । र रामकुमार सुवेदी संगै हुनुहुन्थ्यो ।उल्लेखित कित्ता जग्गाहरू किन्दा मालपोत कार्यालयमा गई रजिष्ट्रेशन गरी किनेको हो, यसमा को कसको संलग्नता थियो भन्ने मलाई सम्झना नरहेकोले यस विषयमा मेरो श्रीमान्लाई सोधी पाउँ भन्ने समेत व्यहोराको उमा कुमारी ढकाल्नीले गरेको बयान।

१४) डि.एल.एफ डेभलपर्स प्रा.लि.को बयानः-

म डि.एल.एफ.प्रा.लि.को संचालक तथा शेयरधनी हुँ। मेरो प्रा.लि.को नाममा रहेको बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका जग्गाहरू खरिद गर्दा राम कुमार सुवेदी र माधवी सुवेदी संयुक्त नाम भएको जग्गा कि.नं. २५२,२४८ बापत रु.३६,१०,०००।- र रुपेश सुवेदीको संयुक्त नाममा रहेको कि.नं.२५५,२९१,८६,२१६ र ५१९ बापत २,३०,६१,२५९।— त्यसैगरी माधवी सुवेदीको संयुक्त नाममा रहेको कि.नं. २९२, २५४, २४०, २३९, २४१, २४२, २५१, २९०, २८९, र २३५ बापत रु ४,५५,७६,२५०।— प्रा.लि.ले भुक्तानी गरी रजिष्ट्रेसन पारित गरी लिएको हो भन्ने समेत व्यहोराको डि.एल.एफ.प्रा.लि.का संचालक कैलाशचन्द्र गोयलले गरेको बयान।

१५) कल्याण गुरुङ्गको बयानः-

मेरो नाममा काठमाण्डौं उपत्यकाभित्र ६/७ कित्ता जग्गा रहेको छ, जसमध्ये केही कित्ता जग्गा प्रधानमन्त्री निवास विस्तार गर्ने क्रममा सट्टा भर्नामा आएको हो।राम कुमार सुवेदीसँग जग्गाको सिलिसलामा भेटी सम्पर्क भएको हो। सरकारी जग्गा आफ्नो नाममा कायम गराएको भन्ने

सम्बन्धमा उक्त जग्गा मन्त्रिपरिषद्को निर्णयबाट जग्गा सट्टाभर्नाबाट प्राप्त भएको हो, मुआब्जा सम्बन्धी थाहा भएन भन्ने समेत व्यहोराको कल्याण गुरुङले गरेको बयान।

१६) रजनी पनेरुको बयानः-

मेरो श्रीमान् डि.एल.एफ.डेभलपर्स प्रा.लि.को कर्मचारी भएको नाताले विश्वासको आधारमा कम्पनीले मेरो नाममा जग्गा राखेको र पछि जागीर छोडेपछि सो जग्गा मैले कम्पनीका मालिकका श्रीमती निर्मला देवी गोयलको नाममा फिर्ता गरेको थिएँ, उक्त जग्गा के कतिमा लिएको मलाई केही थाहा छैन। डि.एल. एफ डेभलपर्स प्रा.लि. ले मेरो नाममा राखेको जग्गा कानून बमोजिम तुरुन्तै फिर्ता गरेको हुँ भन्ने समेत व्यहोराको रजनी पनेरुले गरेको बयान।

१७) मिन बहादुर गुरुङको बयानः-

म भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर्स प्रा.लि. व्यवसायमा संलग्न छु। भाटभटेनी डेभलेपमेन्ट प्रा.लि.को नाममा बालुवाटारमा ४-५ कित्ता जग्गाहरू विभिन्न व्यक्तिबाट खरिद गरी र केही कित्ता जग्गा प्रधानमन्त्री निवास विस्तारका क्रममा मन्त्री परिषदको निर्णयबाट सट्टा भर्नाबाट आएको हो। राम कुमार सुवेदी कानून व्यवसायी हुन निजसँग २०६० सालदेखि चिनजान मुआव्जाको सवालमा मलाई केही थाहा भएन। मैले जग्गा लिदाकै समयमा मालपोत कार्यालय डिल्लीबजारको श्रेस्तामा उल्लेखित जग्गाहरू रोक्का रहेको अवस्थामा थिएनन् र मैले खरिद गरी लिएको हो भन्ने समेत व्यहोराको मिन बहादुर गुरुङले गरेको बयान।

१८) शोभाकान्त ढकालको बयानः-

ललिता निवास क्याम्पभित्रको जग्गाहरू मैले मालपोत कार्यालयबाट विभिन्न मितिमा विभिन्न व्यक्ति तथा संस्थाबाट रजिष्ट्रेशन पास पारित गरी म र मेरा परिवारका नाममा लिएका जग्गाहरू हुन्। सुवर्ण शम्शेरका हकवालासँग मेरो २०५९।६० साल तिर मात्र भेटघाट भएको हो, मलाई यिनीहरूसँग युवराज कोइरालाले ललिता निवासको जग्गा बिक्रीमा छ म मिलाउँछु भनी भेटघाट गराएको हुन।राणाहरूसँग म लगायत अन्य व्यक्तिहरूले उक्त क्षेत्रको जग्गा किन्ने कुरो भएको हुँदा हामीहरूले भेटी जग्गा किन्ने कुरो

तय भए अनुसार राणाहरूको जग्गा हाल साविक भएपछि मा.पो. कार्यालय डिल्लीबजारबाट मेरो श्रीमती उमा कुमारी लगायत अन्य व्यक्तिहरूले किनेको। २०६० सालमा उमा कुमारी को जग्गा हा.सा भएको हो । मिति २०४९।७।२५ र २०४९।९।२३ निर्णयबाट फिर्ता भएको जग्गा फिर्ता ल्याउनेमा मेरो कुनै संलग्नता छैन। मोहीहरूले मोही कायम गराउन उनीहरू कानूनी व्यवसायी कहाँ गएका होलान वा आफैं गएको होलान् म कानूनी व्यवसायी पनि हैन मसँग आउने कुरो पनि भएन । जहाँ मोहीहरूको कुरा छ, साविकका मोहीहरूले ०५७ सालमा ज.ध.प्र.पु. पाएपछि निजहरूको काम गर्ने राम कुमारले जग्गा किन्नु होस भने पछि हाम्रो घर परिवारमा सल्लाह गरी उक्त जग्गा उमा कुमारीको नाउमा मालपोत कार्यालयबाट रजिष्ट्रेशन पास पारित गरी लिएको छ।टिकिन्छा गुठीका मोहीहरू मोही कायम भए पछि उक्त जग्गा लिई दिनुहोस भन्ने पछि प्रक्रिया पूरा गरी रजिष्ट्रेशन पास पारित लिएको छु। बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको सरकारी निवास भवन विस्तार गर्ने मन्त्रिपरिषद्को निर्णय मन्त्रीपरिषद्देखि सम्बन्धित निकायहरूले गरेको देखिन्छ । यस्तो निर्णय प्रक्रियामा मेरो संलग्न हुने विषय हुनै सक्दैन। यी निर्णयहरू माथिल्लो निकाय हुदै कार्यान्वयन तहसम्म भएको छ भन्ने समेत व्यहोराको शोभाकान्त ढकालले गरेको बयान।

१९) **रामकुमार सुवेदीको बयानः-**

म लेखापढी व्यसायी भएकोले मिति २०५०।५१ सालतिर केही व्यक्तिहरू आई हामी बालुवाटारको जग्गाको मोही हौं, जग्गाधनी सुवर्ण शम्शेरका छोरा नाति बुहारीहरूले हाम्रो नामको मोही लगत कट्टा गरी मोहीबाट निस्कासन गरिपाऊँ भनी हामीलाई भूमिसुधार कार्यालय, काठमाण्डौंमा मुद्दा हालेछन, उक्त जग्गाको हामी मोही भएको सबै प्रमाण कागज हामीसँग छन्। तपाईले हाम्रो तर्फबाट निवेदन लेखि हाम्रो तर्फबाट वारेस बसी हाम्रो काम गरी दिन पर्‍यो भनेकोले सोही बमोजिम गरेको हुँ। लेखापढी व्यवसायकै

सिलसिलामा ललिता निवास कम्पाउन्ड भित्रका मोही एवं जग्गाधनीहरूसँगको चिनजान र सम्बन्धको साथै जग्गा बिक्री गर्न चाहने ज.ध.हरूसँगको सरसल्लाह मुताविक समय अनुसारको चलन चल्तीको मूल्य तिरी श्रीमती माधवी सुवेदी र आफू सहितको नाममा अन्य व्यक्तिहरूसँग सगोल दर्तामा रहने गरी केही जग्गा किनेको अवस्था हो र उक्त जग्गा कति रकममा किने रकम खुलाउन सकिन भन्ने समेत व्यहोराको राम कुमार सुवेदीले गरेको बयान।

२०) **बाबा कार्कीको बयानः-**

बालुवाटार ललिता निवास क्याम्पभित्र रहेको कि.नं. १४४, २१९, ६१३, ३४ र १२८ को जग्गाहरू म समेत पाँच जनाको नाममा संयुक्त रुपमा रहेको र कि.नं. ७४० को जग्गा मेरो व्यक्तिगत नाममा रहेको छ। उक्त जग्गा शैलजा राणा, हेमन शम्शेर जवरा, हाटक शम्शेर जवराबाट २०६० सालमा खरिद गरी संयुक्त रुपमा मालपोत कार्यालय डिल्लीबजारबाट हाम्रो नाममा आएको हो भन्ने समेत व्यहोराको बाबा कार्कीले गरेको बयान कागज।

२१) **खेमलाल खरेलको बयानः-**

हामीलाई सरकारी जग्गा भन्ने थाहा नभएको हामीले व्यक्तिसँग किनेको जग्गाको सट्टा हामीलाई अर्को जग्गा सोध भर्ना दिएको थियो हामीले व्यक्ति सँग जग्गा किनेको हुँदा कसैलाई लाभ नदिएको ।पहिला हामीले जग्गा किन्दा व्यक्तिको भनिएर किनेको, पछि सरकारी भनि थाहा भएको भन्ने समेत व्यहोराको खेमलाल खरेलले गरेको बयान।

२२) **लक्ष्मी ढकाल समेतको नामको सार्वजनिक सूचनाः**

लक्ष्मी ढकाल, चमेली श्रेष्ठ, अगम ढुङ्गाना, मचानानी महर्जन, हर्क नारायण महर्जन, तिर्थमाया महर्जन, देवनारायण महर्जन, समेतको नाममा आयोगमा उपस्थित हुन आउनु भनी गोरखापत्र राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना जारी गरिएकोमा निजहरू उपस्थित हुन नआएको।

तालिका नं. ७

बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार सम्बन्धी निर्णयमा संलग्न पदाधिकारी/कर्मचारीको संलग्नताको विवरणः-

क्र.सं	संलग्न व्यक्तिको नाम र पद	कार्यालय	निर्णय मिति	निर्णयको व्यहोरा	संलग्नताको विवरण	कैफियत
१.	मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना (कार्यालय प्रमुख)	मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजार	२०६७/८/१६	प्रचलित कानूनको बर्खिलाप हुनेगरी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो)को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी, सार्वजनिक जग्गाहरू नेपाल सरकारको नामबाट लगत कट्टा गरी उनाऊ व्यक्ति तथा संस्थाका १७ जनालाई मोही तथा जग्गाधनीको हैयिसत दिई अनाधिकृत व्यक्तिको नाममा सरकारी सार्वजनिक जग्गा नामसारी दाखिल खारेज तथा दर्ता समेत गरिदिएको।	कार्यालय प्रमुखको हैसियतले निर्णय गर्ने	
२.	मालपोत अधिकृत परशुराम पोखरेल				शाखाबाट टिप्पणी पेश गर्ने	मृत्यु
३.	शाखा अधिकृत कृष्णप्रसाद पौडेल				टिप्पणी पेश गर्ने	
४.	नायव सुब्बा. प्रकाश भट्ट				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	
५.	नायव सुब्बा. टंक पौडेल				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	
६.	मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना (कार्यालय प्रमुख)		२०६७/९/१२	प्रचलित कानूनको बर्खिलाप हुनेगरी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो)को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी,	कार्यालय प्रमुखको हैसियतले निर्णय गर्ने	
७.	मालपोत अधिकृत				शाखाबाट टिप्पणी पेश गर्ने	मृत्यु

	परशुराम पोखरेल			सार्वजनिक जग्गाहरू नेपाल सरकारको नामबाट लगत कट्टा गरी उनाऊ व्यक्ति तथा संस्थाका १७ जनालाई मोही तथा जग्गाधनीको हैयिसत दिई अनाधिकृत व्यक्तिको नाममा सरकारी सार्वजनिक जग्गा नामसारी दाखिल खारेज तथा दर्ता समेत गरिदिएको।		
८.	शाखा अधिकृत कृष्णप्रसाद पौडेल				टिप्पणी पेश गर्ने	
९.	नायव सुब्बा. प्रकाश भट्ट				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	
१०.	नायव सुब्बा. टंक पौडेल				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	
११.	मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना (कार्यालय प्रमुख)		२०६७/१२/१४	मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारबाट मिति २०६७/९/१२मा भएको निर्णय संशोधन गरेको भनी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो)को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी, सार्वजनिक जग्गाहरू नेपाल सरकारको नामबाट लगत कट्टा गरी उनाऊ व्यक्ति तथा संस्थाका १७ जनालाई मोही तथा जग्गाधनीको हैयिसत दिई अनाधिकृत व्यक्तिको नाममा सरकारी सार्वजनिक जग्गा नामसारी दाखिल खारेज तथा दर्ता समेत गरिदिएको।	कार्यालय प्रमुखको हैसियतले निर्णय गर्ने	
१२.	मालपोत अधिकृत परशुराम पोखरेल				शाखाबाट टिप्पणी पेश गर्ने	मृत्यु
१३.	शाखा अधिकृत कृष्णप्रसाद पौडेल				टिप्पणी पेश गर्ने	
१४.	नायव सुब्बा. प्रकाश भट्ट				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	
१५.	नायव सुब्बा. टंक पौडेल				फाँटवालाको हैसियतले टिप्पणी उठान गर्ने	

१६.	प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ्ग	मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजार	२०६६/१०/१०	प्रधानमन्त्री निवास, प्रधानन्यायाधीस निवास र सभाध्यक्ष निवास तथा बाटो र राजकूलो समेतका सरकारी सार्वजनिक जग्गा मोही कायम रहेका भनी विवरण खुलाई च.नं. ९००९ मिति २०६६/१०/१० को पत्रबाट भवन निर्माण सम्बार डिभिजन कार्यालय, अनामनगरमा पत्राचार गरेको।	पत्राचार गर्ने	
१७.	नायव सुब्बा अर्जुन खतिवडा				पत्र तयार गरी हस्ताक्षर गर्ने	
१८.	नापी अधिकृत जनक बहादुर भण्डारी	नापी कार्यालय, डिल्लीबजार	२०६६/११/२५	प्रधानमन्त्री निवासको दक्षिण तर्फ विस्तारको लागि र त्यसको दक्षिणतर्फको ८ मिटर बाटो विस्तारको लागि रेखाङ्कन गरी सरकारी सार्वजनिक जग्गामा मोही भएको भनी च.नं. २६४८ मिति २०६६/११/२५ बाट पत्रबाट भवन निर्माण सम्भार डिभिजन कार्यालय, अनामनगरमा पत्राचार गरेको	पत्राचार गर्ने	
१९.	सर्भेक्षक देव बहादुर लामिछाने				पत्र तयार गरी हस्ताक्षर गर्ने	
२०.	अमिन भरतचन्द्र अर्याल				पत्र तयार गरी हस्ताक्षर गर्ने	
२१.	भूमिसुधार अधिकारी शंकर प्रसाद सुवेदी	भूमिसुधार कार्यालय, काठमाण्डौं	२०६६/१०/१५	सरकारी सार्वजनिक जग्गामा मोही भएको भनी च.नं. ५१४० मिति २०६६/१०/१५ बाट पत्रबाट भवन निर्माण सम्भार डिभिजन कार्यालय, अनामनगरमा पत्राचार गरेको।	निर्णय प्रक्रिया संलग्न	
२२.	नायव सुब्बा अंगुर सिग्देल				निर्णय प्रक्रिया संलग्न	
२३.	नायव सुब्बा,				निर्णय प्रक्रिया संलग्न	

	केदार प्रसाद श्रेष्ठ					
२४.	नापी अधिकृत कमल घिमिरे	नापी कार्यालय, डिल्लीबजार	२०६७/०५/२८	प्रचलित कानूनको बर्खिलाप हुनेगरी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो)को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी, सार्वजनिक जग्गाहरू कित्ताकाट गरी च.नं. ६९७, ६९८ मिति २०६७/०५/२८ र १४९८ मिति २०६६/०७/१२ को पत्रबाट मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजार समेतमा विवरण पठाएको।	निर्णय प्रक्रिया संलग्न	
२५.	सर्भेक्षक देव बहादुर लामिछाने				निर्णय प्रक्रिया संलग्न	
२६.	अमिन भरतचन्द्र अर्याल				निर्णय प्रक्रिया संलग्न	
२७.	उपसचिव हुपेन्द्रमणि के.सी.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२०६७/०१/२७	प्रचलित कानूनको बर्खिलाप हुनेगरी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो)को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी, सार्वजनिक जग्गाहरू नेपाल सरकारको नामबाट लगत कट्टा गरी उनाऊ व्यक्ति तथा संस्थाका १७ जनालाई मोही तथा जग्गाधनीको हैयिसत दिई अनाधिकृत व्यक्तिको नाममा सरकारी, सार्वजनिक जग्गा नामसारी दाखिल खारेज गर्नेगरी	टिप्पणी उठान गरी सह-सचिव समक्ष उठान गरेको।	
२८.	सह-सचिव जीत बहादुर थापा				सचिव समक्ष टिप्पणी पेश गरेको।	
२९.	सचिव छविराज पन्त				मन्त्री समक्ष टिप्पणी पेश गरेको।	
३०.	भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठ				टिप्पणी सदर गरेको।	

				नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/१२/२९को निर्णय मालपोत कार्यालय काठमाण्डौं, डिल्लीबजारबाट कार्यान्वयन गर्ने भनी प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको।		
३१.	ईन्जिनिर राजेन्द्रमान श्रेष्ठ	भवन निर्माण संभार डिभिजन कार्यालय	२०६६/१२/२९ (मन्त्रालयबाट स्वीकृत मिति २०६६/१२/१९)	प्रचलित कानूनको बर्खिलाप हुनेगरी नेपाल सरकार (समरजंग कम्पनी, राजकूलो र बाटो) को नाममा श्रेस्ता पूर्जा कायम रहेका १९-१५-१-२ रोपनी सरकारी, सार्वजनिक जग्गाहरू आफ्नो कार्यालयको क्षेत्राधिकार समेत नाघी नेपाल सरकारको नामबाट लगत कट्टा गरी उनाऊ व्यक्ति तथा संस्थाका १७ जनालाई मोही जग्गाधनीको हैयिसत दिई अनाधिकृत व्यक्तिको नाममा सरकारी, सार्वजनिक जग्गा नामसारी कायम गर्नेगरी नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्बाट मिति २०६६/१२/२९ निर्णय भएको।	टिप्पणी उठान गरी पेश गरेको।	
३२.	सि.डि.ई. बालकृष्ण श्रेष्ठ				माथिल्लो तहमा टिप्पणी पेश गरेको।	
३३.	सु.ई. सुरोजराज राजकर्णिकार				सिफारिससाथ निर्णयको लागि माथिल्लो तहमा टिप्पणी पेश गरेको।	
३४.	महानिर्देशक अशोकनाथ उप्रेती					
३५.	सचिव दीप बस्न्यात	भौतिक योजना तथा निर्माण मन्त्रालय			मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि उप-प्रधानमन्त्री समक्ष पेश गरेको।	
३६.	उपसचिव(कानून) विनोद कुमार गौतम				मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको उपयुक्त देखिएको भनी राय पेश गरेको।	
३७.	उप-प्रधानमन्त्री विजय कुमार गच्छदार				मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि स्वीकृत गरेको।	
३८.	सि.डि.ई.	भवन निर्माण	२०६७/४/२८	नेपाल सरकार मन्त्रिपरिषद्को	टिप्पणी उठान गरी पेश	

	वालकृष्ण श्रेष्ठ	संभार डिभिजन कार्यालय	(मन्त्रालयबाट स्वीकृत मिति २०६७/०३/२)	मिति २०६६/१२/२९ र मिति २०६७/०१/२९ को निर्णयमा त्रुटि भएको भनी अनाधिकृत व्यक्तिको नाममा सरकारी, सार्वजनिक जग्गा दा.खा नामसारी गर्नेगरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको। (मन्त्रिपरिषद्बाट मिति २०६७/०४/२८ मा संशोधनको निर्णय भएको।)	गरेको।	
३९.	सु.ई. सुरोजराज राजकर्णिकार				सिफारिससाथ निर्णयको लागि माथिल्लो तहमा टिप्पणी पेश गरेको।	
४०.	महानिर्देशक अशोकनाथ उप्रेती					
४१.	सचिव दीप बस्न्यात	भौतिक योजना तथा निर्माण मन्त्रालय			मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि राज्यमन्त्री समक्ष पेश गरेको।	
४२.	उपसचिव (कानून) विनोद कुमार गौतम					
४३.	शाखा अधिकृत कृष्ण राउत				मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको उपयुक्त देखिएको भनी राय पेश गरेको।	
४४.	सह-सचिव नारायण गोपाल मलेगो					
४५.	राज्यमन्त्री संजय कुमार साह				मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि उपप्रधानमन्त्री समक्ष पेश गरेको।	
४६.	उप-प्रधानमन्त्री विजय कुमार गच्छदार				मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि स्वीकृत गरेको।	

(५) मिति वि.सं.२०६९ सालमा पशुपति टिकिन्छा गुठी कायम गर्ने गरी भएको निर्णयः

नेपाल सरकार समरजंग कम्पनीको नाममा दर्ता भएको जग्गाधनीको लगतकट्टा गरी साविक काठमाण्डौं जिल्ला नगर २३ क्ष कि.नं. ७३ हाल कायम काठमाण्डौं महानगरपालिका वडा नं. ४ सिट नं. १०२-१०२-१०२-१०२५-१५ कि.नं. ४८ क्षेत्रफल ०-३-०, साविक काठमाण्डौं जिल्ला नगर २३(ह) कि.न.२२ हाल कायम काठमाण्डौं महानगरपालिका वडा नं. ४ सिट नं. १०२-१०२-१०२-१०२५-१५ कित्ता नम्बर २६२, २६७, २९५ र २५९ क्रमशः क्षेत्रफल ०-१०-३-०, ०-१३-३-३, ०-२-१-० र ०-२-१-१ साविक काठमाण्डौं जिल्ला नगर २३(ह) कित्ता नम्बर ३१ हाल कायम काठमाण्डौं महानगरपालिका वडा नं. ४ सिट नम्बर १०२-१०२-१०२-१०२५-१५ कित्ता नम्बर २७८ क्षेत्रफल १-११-२-२, ऐ. कित्ता नम्बर २८४ क्षेत्रफल ०-२-३-०, ऐ. कित्ता नम्बर २३२ क्षेत्रफल ०-१-१-०, साविक काठमाण्डौं जिल्ला नगर २३(ह) कित्ता नम्बर ३५ हाल कायम काठमाण्डौं महानगरपालिका वडा नं. ४ सिट नम्बर १०२-१०२-१०२-१०२५-१५ कि.नं. ५६ क्षेत्रफल २६२.८० बर्गमिटर, ऐ.ऐ. सिट नम्बर १०२-१०२५-२० कि.नं. ८० क्षेत्रफल ०-३-२-० जग्गाधनी पशुपति टिकिन्छा गुठी कायम गरी-गराई विभिन्न अनाधिकृत व्यक्तिहरूलाई मोही कायम गरेको निर्णयमा गुठी संस्था तहसील शाखा कार्यालयका कर्मचारीहरू, गुठी संस्थान केन्द्रिय कार्यालयका पदाधिकारीहरू र कर्मचारी, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका पदाधिकारीहरू र कर्मचारीहरू गुठी संस्थान केन्द्रीय कार्यालयका पदाधिकारी र कर्मचारी, गुठी संस्थान शाखा कार्यालयका कर्मचारीहरू तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाण्डौंका कर्मचारीहरूको देहाय बमोजिमको संलग्नता रहेको देखिन्छ।

क) संलग्न कर्मचारी/पदाधिकारीहरूको बयानको संक्षिप्त ब्यहोराः

१) सहायक प्रशासक अच्यूतानन्द पोखरेलको बयानः-

म गुठी संस्थानमा २०४४ पुष ६ गते देखि प्रवेश भएको थिएँ। म तहसिल शाखा कार्यालयको कार्यालय प्रमुख हुँदाको अवस्थामा मिति ०६१।५।७, मिति ०६१।६।२६, मिति ०५९।५।१८, मिति ०५९।६।१४, मिति ०६०।६।८ मिति ०६०।७।१९ र

मिति ०६१।६।२६ मा गुठी कायम गर्न प्रमाणको मूल्याङ्कन गर्दा समस्या पर्न गएकोले मिति ०५२।५।३० को सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न दुविधा भएको कुराको राय लेखि गुठी संस्थान केन्द्रिय कार्यालय पठाउने सहिछाप कार्यालय प्रमुखको हैसियतले म आफैंले गरेको हो। गुठी जग्गाहुनको लागि आवश्यक प्रमाणहरू नभएको भनी मिति ०६१।१२।२७ को निर्णय कार्यान्यन गर्न समस्या परेको कुरा उल्लेख गरी के.का. मा पेश गरेको छु। गुठीको लगत छैन गुठीको नाममा लगत भिडेको छैन यस्तो अवस्थामा कसरी गुठी कायम गर्ने भनी पटक-पटक लिखित रुपमा आफ्नो राय गुठी संस्थान केन्द्रिय कार्यालयमा पेश गरेको हुँ भन्ने समेत व्यहोराको अच्युतानन्द पोखरेलले गरेको बयान।

२) **बरिष्ठ सहायक रामेश्वर विडारीको बयानः-**

म गुठी संस्थानमा २०६० सालतिर गुठी संस्थान कार्यालयमा कार्यरत थिएँ। मिति २०७०।१।१७ को निर्णय मिसिलको टिप्पणीमा भएको हस्ताक्षर मेरो हो ।यसमा गुठी कायम भएको भनिएको जग्गाहरू गुठी संस्थानको प्रशासकले आफ्नो अधिकार प्रयोग गरी रैकर लगत कट्टा गरी गुठी कायम गरी निर्णयसाथ कार्यान्वयनको लागि कार्यालयमा लेखी आएबमोजिम फाँटवालाको हैसियतले पेश सम्म गरेको हुँ भन्ने समेत व्यहोराको रामेश्वर विडारीले गरेको बयान।

३) **बरिष्ठ सहायक पुरुषोतम पौडेलको बयानः-**

मैले गुठी संस्थानमा ०३५ मा नियुक्ति भई २०६० सालसम्म गुठी संस्थानमा कार्यरत थिएँ। मिति ०६०।११।१५ को आदेशबाट (का.प्र. अच्युतानन्द पोखरेलको आदेश) नापीको फिल्ड बुक, मालपोतको मोठ उतार पत्रमा हस्ताक्षर गरी पत्राचार गरी स्थलगत सर्जमिन गर्ने आदेश भए बमोजिम मैले सहिछाप गरेको हो र मिति २०६०।१२।१८ मा पर्न आएको निवेदनको सबै व्यहोरा खुलाई हकदाबी सम्बन्धी गोरखापत्रमा ३५ दिने सूचना प्रकाशित गर्नुपर्ने भनी कार्यालय प्रमुख समक्ष मैले टिप्पणी पेश गरेको हो। मिति

०६१।११।१५ को का.प्र. को आदेशबाट मैले पत्राचार गरेको हो भन्ने समेत व्यहोराको पुरुषोत्तम पौडेलले गरेको बयान।

४) **सहायक तेस्रो डवलसिंह ठगुन्नाको बयानः-**

म गुठी संस्थान कार्यालयमा ०५७ दखि ०५९ साल सम्म कार्यरत थिएँ।गुठी संस्थान केन्द्रिय कार्यालयको आदेशनुसार मिति ०६९।१०।५ र २०६१।६।२६ को फायलमा संलग्न सर्जमिन मुचुल्कामा उल्लेखित दस्तखत मेरो हो ।मैले स्थलगत सर्जमिन र गुठी संस्थान केन्द्रिय कार्यालयको आदेशाअनुसार नेपाल सरकारको लगत कट्टा गरी गुठीको नाममा कायम गर्ने कार्यमा मैले सुरू टिप्पणी र स्थलगत सर्जमिन सम्म गरेको हुँ। सुरू टिप्पणी आदेशलेखि कार्यालय प्रमुखको आदेशानुसार फायल अगाडी बढाएको र लगत सम्बन्धमा निवेदकले निवेदन मै खुलाई निवेदन पेश गरेको हुँदा सोही व्यहोरा लेखीपेश सम्म गरेको हो भन्ने समेत व्यहोराको डबलसिंह ठगुन्नाले गरेको बयान।

५) **बरिष्ठ सहायक राम कुमार घिमिरेको बयानः-**

म गुठी संस्थान कार्यालयमा ०६० देखि ०६२ सम्म वरिष्ठ सहायक पदमा कार्यरत रहँदा मिति २०६१।६।२६ मा मैले पेश गरेको टिप्पणी रायमा भएको सही मेरो हो। मितिमा गुठी संस्थानबाट ०५२।५।३० को परिपत्र बमोजिम बाली असुल गर्न र लगत अद्यावधिक गर्न भएको आदेश बमोजिम सरकारका नाममा दर्ता भएको जग्गाको गुठीबाट असुल गर्न नमिल्ने र सरकारको निर्णय आवश्यक हुन्छ भन्ने मैले टिप्पणी उठाई कार्यालय प्रमुख समक्ष पेश गरेको हुँ भन्ने समेत व्यहोराको राम कुमार घिमिरेले गरेको बयान।

६) **सहायक द्वितीय कृष्णराज अर्यालको बयानः-**

म गुठी संस्थान कार्यालयमा मिति २०६१ देखि मिति २०६४ सम्म कार्यरत थिएँ। २०६१।६।२६ मा गुठी संस्थानबाट स्पष्ट राय साथ मिसिल पेश गर्न भनीएकोमा गुठी संस्थानबाट गरेको आदेश व्यहोरा लेखी म भन्दा माथिल्लो अधिकारीसमक्ष पेश गरेको हो।

यो मिसिलमा कहिले के निर्णय भयो भन्ने अन्य जानकारी मलाई छैन। गुठी संस्थानबाट भएको आदेशको प्रक्रिया पूरा गरी पेश गरेको मिसीलमा भएको हस्ताक्षर मेरो हो भन्ने समेत व्यहोराको कृष्णराज अर्यालले गरेको बयान।

७) प्रशासक सेमन्तराज चापागाईंको बयानः-

म २०५९ देखि २०६१ र पुनः २०६३ देखि २०६५ सम्म गुठी संस्थानमा कार्यरत थिएँ।२०५९।६।२३ मा आदेश भएको विषय मेरै हस्ताक्षरबाट भएको हो।मिति २०६०।१२।२७ मा गुठीका नाउँमा दर्ता प्रमाणित भै पूर्जा प्राप्त भएका जग्गाहरूको सम्बन्धमा २०५२।५।३० को निर्णयको मार्गनिर्देशन बमोजिम गुठी यकिन गरी देवश्व हिनामिना हुन नदिन कार्यालयलाई सैद्धान्तिक निर्देशन दिएको हो । मेरो कार्यकाल पछि गुठीलगत बाट भिड्ने जग्गा हुन भनी कार्यालयबाट लेखिआएको आधारमा मन्त्रालयमा पेश गर्ने आदेश भएपछी मन्त्रालयबाट सोधिएका विवरणहरूमा मैले २०६३।७।३० मा सम्बन्धित कार्यालय बुझी विवरण सम्म पठाएको हो भन्ने समेत व्यहोराको सेमन्तराज चापागाईंले गरेको बयान।

८) प्रशासक दिलिप कुमार भट्टको बयानः-

म २०६१ सालदेखि २०६३ सम्म गुठी संस्थानमा गुठी प्रशासकको रुपमा कार्यरत थिएँ। गुठीको कार्यालयले यी जग्गाहरूका लगत टिकिन्छा गुठीसँग भिडछ भनी लेखिआए अनुसार नै मन्त्रालयमा पठाएको हुँ । मिति ०६१।८।८ मा स्वीकृति का लागि मन्त्रालय पठाउने गरी मैले हस्ताक्षर गरेको छु । साथै ०६१।११।२१ मा पनि मन्त्रालयको निर्देशन अनुसार बुझ्न कार्यालयमा पठाउने निर्णय गरिएको हो । यसमा कस्को के संलग्नता छ भन्ने कुरा मराई थाहा छैन। मैले ०६१।८।८ मा मैले गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रालय पठाउने निर्णय गरेको हो साथै पछि ०६२।११।२१ मा पनि

मन्त्रालयको निर्देशन अनुसार बुझ्नुपर्ने देखि मैले कार्यालयमा फायल पठाएको हो भन्ने समेत व्यहोराको दिलिप कुमार भट्टले गरेको बयान।

९) **मुख्य अधिकृत हरिवोल आचार्यको बयानः-**

म मिति २०३२ देखि २०६२ सालसम्म गुठी संस्थान कार्यालयमा कार्यरत थिएँ उक्त अवधीमा गुठी संस्थानबाट मिति २०६९।१०।०५ मा गरेको निर्णय मिसिलमा रहेको हस्ताक्षर मेरो पनि हो। सम्बन्धित मोहीले गुठीको जग्गा भनेको र पशुपति टिकिन्छा गुठी राजगुठी हो लगतमा पनि भएकोले पेश गरेको हो । सम्बन्धित कार्यालयबाट लेखिआएको र लेखिआएको व्यहोरामा तत्कालीन अवस्थामा आफूले फायलको विवरण हेरि राय मात्र दिएको हो भन्ने समेत व्यहोराको हरिवोल आचार्यले गरेको बयान।

१०) **सहायक चौथो बासुदेव पौडेलको बयानः-**

म २०४०।२।४ देखि गुठी संस्थानमा कार्यरत रहेको छु। जग्गा सम्बन्धी कारबाही प्रकृयामा ०६९।१०।५ को निर्णय मिसिलमा केही टिप्पणी केन्द्रीय कार्यालयमा खडा हुँदा मेरो दस्तखत भएको छ। तत्कालीन समयमा भूमि व्यवस्था शाखामा म भन्दा माथि सहायक पाँचौ र अधिकृत पदका कर्मचारी नहुँदा शाखा कार्यालयबाट लेखिआएकोव्यहोरा जस्ताको तस्तै उतार गरेर शाखा प्रमुख समक्ष पेश गरेको हुँ भन्ने समेत व्यहोराको बासुदेव पौडेलले गरेको बयान।

११) **सहायक प्रशासक पुण्डरी के.सी. को बयानः-**

म २०२९ सालमा गुठी संस्थान केन्द्रिय कार्यालयमा सहायक द्वितीय पदमा स्थायी सेवामा प्रवेश गरी समय समयमा पदोन्नति भई कार्यरत थिएँ। गुठीको लगत भित्रको दर्ता बाँकी जग्गा भनी निवेदकको निवेदनबाट सुरू भएको कारबाहीमा शाखा कार्यालयबाट पेश भएको र शाखा कार्यालयको माग निकासालाई कर्मचारीको हैसियतले आफूले आदेश निकासा दिन नसक्ने अवस्थामा आफू भन्दा माथिल्लो अधिकृत समक्ष पेश गर्ने दायित्व निर्वाह मात्र

गरेको हुँ उक्त मिसिलमा भएको चार (४) हस्ताक्षर मेरो हो भन्ने समेत व्यहोराको पुण्डरी के.सी.ले गरेको बयान।

१२) सहायक चौथो बद्री प्रसाद सुवेदीको बयानः-

म गुठी संस्थानको सेवामा २०४४ सालमा नियुक्ति भै हाल सम्म कार्यरत छु। २०६२ र २०६३ सालमा कार्यालयबाट पेश भएको र मन्त्रालयबाट सोधनी भएको पत्रको व्यहोरा गुठी संस्थान केन्द्रीय कार्यालयको टिप्पणीमा उतार गरी पेश गरेको टिप्पणीको दस्तखत मेरो हो। त्यस समयमा म खरिदार स्तरको पदमा कार्यरत रहेकोले मैले आएका फायल तथा पत्रहरू बुझी लिई अन्य कार्यालयबाट लेखिआएको पत्रको व्यहोरा जस्ताको त्यस्तै आफूभन्दा माथिल्लो पदाधिकारीलाई पेश गरेको हुँ भन्ने समेत व्यहोराको बद्री प्रसाद सुवेदीले गरेको बयान।

१३) मुख्य अधिकृत प्रेमहरी ढकालको बयानः-

म २०३५।६।१ देखि गुठी संस्थानमा कार्यरत थिएँ। नेपाल सरकारको नामको लगत पशुपति टिकिन्छा गुठीको नाममा कायम गरी व्यक्ति विशेषलाई मोही समेत कायम गर्ने गरी ०६९।१०।५ मा भएको निर्णयको सम्बन्धमा मैले भूमिसुधार मन्त्रालय तथा कार्यालयबाट लेखिआएको व्यहोरा सम्म उल्लेख गरी कार्यालय तथा मन्त्रालयबाट लेखिआएकोव्यहोरा सम्म आफूभन्दा माथिको अधिकारी समक्ष पेश गरेको हुँ। पशुपति टिकिन्छा गुठी राजगुठीमा दर्ता भएको गुठी हो। यो कारबाहीमा आएको जग्गा लगतनै नभिडेको जग्गा गुठी होइन भन्न नसकिने भनी टिप्पणीमा उल्लेख गरी पेश गरेको भन्ने कुरा मैले गरेको होइन त्यस्तो लेख्नुको कारण पेश गर्ने अधिकारीलाइ नै थाहा होला भन्ने समेत व्यहोराको प्रेमहरी ढकालले गरेको बयान।

१४) सहायक द्वितीय प्रशान्त पौडेलको बयानः-

म गुठी संस्थान केन्द्रिय कार्यालयमा २०६२।१२।१४ गते देखि २०६३।१२।१३ गते सम्म कार्यरत थिएँ।मैले २०६३।७।२६ र २०६३।७।२१ गते को राय टिप्पणीमा लेखिआएकोपत्रहरूलाई पेश मात्र गरेको हुँ उक्त संलग्न फायल हेर्दा उक्त दुई मितिमा गरेको सहि मेरै हो। मेरो काम कर्तव्य भित्र रही कार्यालयमा पेश हुन आएको फायल वा पत्रहरू आफूभन्दा माथि पेश गर्ने दायित्वभित्र रही मैले पेश सम्म गरेको हुँ भन्ने समेत व्यहोराको प्रशान्त पौडेलले गरेको बयान।

१५) वरिष्ठ सहायक विश्वविनय पन्तको बयानः-

म गुठी संस्थान केन्द्रीय कार्यालयमा २०४० साल देखि २०६४ सालसम्म कार्यरत थिएँ। मैले गुठी संस्थान केन्द्रिय कार्यालय जग्गा शाखामा कार्यरत रहँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त पत्रको व्यहोरा लेखी आदेशको लागि आफू भन्दा माथिल्लो पदमा रहनु भएका कर्मचारीसमक्ष पेश गरेको टिप्पणीमा भएको हस्ताक्षर मैले गरेको हो। मैले श्री पशुपति टिकिन्छा गुठीको टिप्पणी पेश गर्दा गुठीको चार किल्ला भिड्ने लगत, मोही भनिएका व्यक्तिहरूले सालवसाली गुठीमा कुत बाली बुझाएको अभिलेख फिल्डबुकको व्यहोरा समेतमा कुराहरू यकिन गरी पेश गरेको होइन भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयबाट प्राप्त पत्र सो व्यहोरा आदेशको लागि पेश गरेको हो भन्ने समेत व्यहोराको विश्वविनय पन्तले गरेको बयान।

१६) सहायक मिना भट्टराईको बयानः-

म मिति २०६७ देखि २०७० सम्म गुठी संस्थान प्रधान कार्यालयमा कार्यरत थिएँ। २०६९।१०।५ मा गरेको निर्णय मिसिलको हस्ताक्षर मेरै हो । म एउटा साधारण कर्मचारी भएकाले आफ्नो फाटँमा आएका निवेदन काजगातहरू आफू भन्दा माथिल्लो कर्मचारीलाई पेश गर्नुपर्ने भएकाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आएको पत्रको विषय लेखी मैले पेश गरेको हो भन्ने समेत व्यहोराको मिना भट्टराईले गरेको बयान।

१७) सहायक प्रशासक तुलसी पोखरेलको हकमाः-

सहायक प्रशासक तुलसी पोखरेलको मृत्यु भैसकेको हुँदा निजको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि मिसिलसाथ संलग्न गरिएको।

१८) उप प्रशासक हरी प्रसाद जोशीको बयानः-

म २०४९।१२।१ गतेदेखि हालसम्म गुठी संस्थानमा कार्यरत छु। नेपाल सरकार भूमिसुधार मन्त्रालयको च.नं. ७५७ मिति २०६९।७।२६ को पत्रबाट नेपाल सरकार समरजंग कम्पनीको नामको दर्ता श्रेस्ता सच्याई गुठी (टिकिन्छ) कायम गर्ने गरी मन्त्रीपिरषदबाट र निर्णय भएको भनी लेखिआए बमोजिम गुठी कायम गर्ने सम्मको कार्यका लागि आफूभन्दा मुनीबाट पेश भएको टिप्पणी फायल आफूभन्दा माथिका अधिकारी समक्ष कार्यरत कर्मचारीको नाताले पेश गरेको हुँ । पेश भएको टिप्पणीमा मिति २०६९।९।२४ मा पुच्छ्रे सहीसम्म गरेको हुँ भन्ने समेत व्यहोराको हरी प्रसाद जोशीले गरेको बयान।

१९) सह-प्रशासक हेमराज सुवेदीको बयानः-

म २०४० सालमा नियुक्त भई २०७४ सम्म कार्यरत थिएँ।मिति २०६९।१०।०५ को निर्णय मिसिलको टिप्पणीमा मेरो पनि दस्तखत रहेको छ। गुठीको जग्गा हो भनी पेश हुन आएको फायलमा मैले नेपाल सरकारको स्वीकृत सहमति वेगर केही गर्न मिल्दैन भनी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने राय व्यक्त गरेको हो। नेपाल सरकार मन्त्री परिषदबाट गुठीका नाममा दर्ता गर्ने स्वीकृति दिने निर्णय भए पछि सो व्यहोरा गुठीका संस्थान ऐन २०३३ को दफा ३९ (१) बमोजिम अधिकार प्राप्त व्यक्ति प्रशासक समक्ष फायल पेश गरेको हो भन्ने समेत व्यहोराको हेमराज सुवेदीले गरेको बयान।

२०) प्रशासक बलिराम प्रसाद तेलीको बयानः-

म गुठी संस्थानमा २०६८ देखि २ बर्षको लागि नियुक्त भई प्रशासक पदमा कार्यरत थिएँ।मिति २०६९।१०।०५ मा गरेको निर्णय मिसिलमा हेरी चिनि सनाखत गरें। निर्णय प्रक्रियामा भएको एउटा टिप्पणी र निर्णय पर्चामा भएको हस्ताक्षर मेरै हो । मिति २०६९।१०।५ को निर्णय पर्चाको सम्बन्धमा उक्त निर्णय पर्चा गर्नूको कारण नेपाल सरकार म.प.को मिति २०६९।६।१८ को निर्णय र उक्त निर्णय कार्यान्वयन गर्नको लागि भू.सु. तथा व्यवस्था मन्त्रालयको ताकेताको आधारमा मिति २०६९।१०।०५ निर्णय पर्चा खडा गरिएको हो । गुठी संस्थानका सबै कर्मचारी साथीहरूको लिखित राय सहितका तथ्यहरूले उक्त जग्गा गुठी संस्थानको नाममा जाने किसिमको भएको भनी पेश हुँदा म.पं.को निर्णय अनुसार मैले निर्णय गरेको हुँ भन्ने समेत व्यहोराको बलीराम प्रसाद साह तेलीले गरेको बयान।

२१) सहायक नवराज पौडेलको बयानः-

म २०६७ देखि २०७१ सम्म गुठी संस्थान कार्यालयमा सेवारत थिएँ। म गुठी संस्थानको तत्कालीन अवस्थामा सहायक स्तरको कर्मचारी हुँ। मेरो पदीय दायित्वबाट कोही कसैको हक जाने वा आउने वा नेपाल सरकारका नामको जग्गा उनाउ व्यक्तिका नाममा लैजान सक्ने अवस्था छैन, म कार्यरत कार्यालयबाट पटक-पटक विविध कुराहरू औंल्याई मिसिल फिर्ता गरिएको संलग्न कागजातबाट नै प्रष्ट हुन्छ।गुठी संस्थानका प्रशासकबाट मिति २०६९।१०।५ मा भएको निर्णयमा ज.ध मा पशुपति टिकिन्छा गुठी र मोहीमा जोताहा मोहीका नाममा कायम गर्नूका लागि लेखिआए अनुसार मैले आफू भन्दा माथिल्लो तहका अधिकृत कर्मचारी समक्ष पेश सम्म गरेको हुँ भन्ने समेत व्यहोराको नवराज पौडेलले गरेको बयान।

२२) सहायक प्रशासक शैलेन्द्र पौडेलको बयानः-

म मिति २०६९ देखि २०७२ सम्म गुठी संस्थानमा कार्यरत थिएँ। नेपाल सरकारको नाममा रहेको दर्ता कट्टा गरी गुठी कायम गर्ने गरी गुठी संस्थानका प्रशासकबाट निर्णय पर्चा भै गुठी संस्थान प्रधान कार्यालयको निर्णय कार्यान्वयन गर्न फाँटबाट पेश भएको भएको हस्ताक्षर मेरो हो। तालुक निकायले गरेको निर्णय र गरेको निर्देशन कार्यान्वयन गर्न पेश भएको टिप्पणीमा मैले समेत हस्ताक्षर गरेको हुँ। मैले प्रधान कार्यालयबाट भएको निर्देशन पालना गरी गुठी कायम गर्नेगरी निर्णयकर्ता समक्ष पेश गरेको हुँ। मालपोत कार्यालयबाट मोठ श्रेस्ता बनी आएपछि कार्यालयको निर्णय बमोजिम मोहीहरूलाई पूर्जाको प्रतिलिपि उपलब्ध गराएको हो भन्ने समेत व्यहोराको शैलेन्द्र पौडेलले गरेको बयान।

२३) उप-प्रशासक जयप्रकाश रेग्मीको बयानः-

म गुठी संस्थानमा २०४४।९।६ देखि कार्यरत छु। मिति २०७०।१।१७ को निर्णयमा भएको हस्ताक्षर मेरो हो। सो निर्णय नेपाल सरकारको स्वीकृति लिई गुठी संस्थान प्रधान कार्यालयको प्रशासकले गरेको निर्णय कार्यान्वयन गर्ने कानूनी व्यवस्था अनुसार कार्यान्वयन गर्न सही गरेको हुँ। गुठी सम्बन्धी कामको श्रेस्ता गुठीमा र रैकर सम्बन्धी लगत श्रेस्ता मालपोत कार्यालयमा एवं भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा हुनुपर्ने हुन्छ। गुठी र नापी बमोजिमको मोही भनी संस्थानले किटान निर्णय पर्चामै गरेकाले मैले अन्यथा भन्न निर्णय गर्न सक्ने अवस्था थिएन। तसर्थ नेपाल सरकारको नामको लगत कट्टा र मोही कायम गर्ने मेरो निर्णय नभएको व्यहोरा अनुरोध गर्दै भएको निर्णय पर्चा विनिमय ८ अनुसार कार्यान्वयनमा मात्र पनि रहेको हुँ भन्ने समेत व्यहोराको जयप्रकाश रेग्मीले गरेको बयान।

२४) उपसचिव हुपेन्द्रमणि के.सी. को बयानः-

समरजंग कम्पनीको नाममा भएको दर्ता लगत कट्टा गरी पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्ने स्वीकृतिका लागि गुठी संस्थान केन्द्रिय कार्यालयमा तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिआएकोले सो गुठी लगतभित्रको जग्गाको गुठीको लगतको

आधारमा नेपाल सरकार समरजंग कम्पनीको नामको दर्ता सच्चाई प्रचलित कानूनबमोजिम पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न गुठी संस्थानलाई स्वीकृति दिने गरी नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जग्गा प्रशासन शाखा हेर्ने उपसचिवको हैसियतले मबाट टिप्पणी पेश भएको हो भन्ने समेत व्यहोराको हुपेन्द्रमणि के.सी.ले गरेको बयान।

२५) सह-सचिव तेजराज पाण्डेको बयानः-

म २०६८ देखि २०७१ सम्म भूमिसुधार तथा व्यवस्थापन विभागमा कार्यरत थिएँ।तत्कालीन श्री ५ को सरकार समरजंग कम्पनीको नाममा रहेको जग्गा गुठी संस्थानको सिफारिसमा दर्ता सच्चाई निर्णयका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाईएकोमा मन्त्रालयबाट मन्त्रिपरिषद्मा प्रस्ताव पठाईएको थियो। म त्यस बखत सहसचिवको हैसियतले महाशाखामा कार्यरत थिएँ। पदीय जिम्मेवारी वहन गर्ने क्रममा मैले शाखाको उपसचिवले पेश गरेको फायल सचिवसमक्ष पेश गरेको छु। टिप्पणीमा रहेको दस्तखत मेरो हो।तत्कालीन श्री ५ को सरकार समरजंग कम्पनीको नाममा प्रस्ताब फिर्ता भएको विषय पहिला पेश हुँदाका बखत थाहा पाईन प्रस्ताव परिवर्तित सन्दर्भबाट फिर्ता भएको व्यहोरा अहिले हेर्दा थाहा पाएँ । प्रस्ताव लैजाने नलैजाने भन्ने विषयका जानकार सचिव र मन्त्री नै हुने हुँदा सहसचिवको भूमिका गौण हुन्छ भन्ने समेत व्यहोराको तेजराज पाण्डेले गरेको बयान।

२६) सचिव दिनेशहरि अधिकारीको बयानः-

म २०६८ देखि २०६९ सम्म तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिवको जिम्मेवारीमा थिएँ। मिति २०६९।०४।०९ मा तयार गरिएको प्रस्तावमा भएको दस्तखत मेरै हो । गुठीको जग्गामा मोही कायम गरिएको विषयमा निवेदन लिने, अनुसन्धान गर्ने र निर्णय गर्ने अधिकार पनि गुठी संस्थानको हो। गुठी संस्थानले पशुपति टिकिन्छा गुठीको

जग्गा हो भनी आधार र कारण सहित पठाएको र तहगत जिम्मेवारीमा रहेका म मातहतका महाशाखा प्रमुख समेतले त्यसलाई मनासिव ठानेको अवस्थामा मैले अन्यथा सोच्न मिल्दैन। अनुसन्धान र निर्णय गर्ने अधिकार भएको गुठी संस्थानले दर्ता सच्चाई समरजंग कम्पनीको नाममा रहेको जग्गा पशुपति टिकिन्छा गुठीको हो भनी आधार र कारणहरू उल्लेख गरी पठाएको मिसिल फायल मन्त्रालय आएपछि शाखा, महाशाखाले आवश्यक अध्ययन र छानविन गरेपछि म समक्ष पेश भएको र मैले तीनै कागजात र रायका आधारमा आफ्नो राय लेखी म.प. मा प्रस्ताव पठाउने निर्णयका लागि मा. मन्त्री समक्ष पेश गरेको र माननीय मन्त्रीबाट भएको निर्णय अनुसार मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको हुँ भन्ने समेत व्यहोराको दिनेशहरि अधिकारीले गरेको बयान।

२७) **मन्त्री चन्द्रदेव जोशीको बयानः-**

म भूमिसुधार मन्त्रालयमा मिति २०६९।०२।०७ देखि २०६९।०६।०२ सम्म मन्त्रीको रुपमा कार्यरत रहँदा मिति २०६९।०६।१८ मा भएको निर्णयको मिसिल हेरे नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मन्त्रीको हैसियतले स्वीकृत गरेको उक्त दस्तखत मेरो हो। उपरोक्त सम्बन्धमा उक्त जग्गा सरकारी हो भन्ने सम्बन्धमा मलाई अवगत गराईएको थिएन। यस विषय ०६३ सालमा नै प्रस्ताव मन्त्री मण्डलमा पेश भै सकेको र विशुद्ध प्राविधिक कारणले प्रस्ताव फिर्ता भएको अवस्था रहेछ। त्यस सम्बन्ध सचिवले सम्पूर्ण कुरा बताएको र त्यही पूरानो प्रस्तावको आधारमा र गुठीको अनुरोध सहितको गुठीको लगतबारे र अन्य प्रमाणकागजबारे खुलाई पठाएको टिप्पणी मिसिल समेतको आधारमा आफ्नै मन्त्रालयको सचिव दिनेश अधिकारीले यो कानूनी सम्मत भनी राय सल्लाह दिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव लैजान स्वीकृति दिएको हो भन्ने समेत व्यहोराको तत्कालीन भूमिसुधार मन्त्री चन्द्रदेव जोशीले गरेको बयान ।

२८) **प्रधानमन्त्री डा.बाबुराम भट्टराईको बयानः-**

मन्त्रिपरिषदको निर्णय नेपाल सरकार समरजंग कम्पनीको नाममा रहेको जग्गा पशुपति टिकिन्छा गुठी जग्गाधनी तथा मोही कायम गर्ने गराउने सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय भएको होईन। मन्त्रिपरिषद्को निर्णय पुनः नापी बमोजिम नेपाल सरकार समरजंग कम्पनीको नाममा दर्ता भएको सच्याई साविक लगतबमोजिम श्री पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न स्वीकृति दिने मात्र हो। व्यक्ति विशेषलाई मोही कायम गराउने सम्बन्धमा मन्त्रिपरिषद्मा प्रस्ताव आएको पनि छैन र निर्णय भएको पनि होईन। दर्ता सच्याउने प्रस्ताव प्रकृयागत रुपमा आएको र नेपाल सरकार कार्यसम्पादन नियमावली बमोजिम सामाजिक समितिमा पठाई समितिबाट निर्णय भएर आएबमोजिम मन्त्रिपरिषद्ले त्यसलाई स्वीकृति गरेको हो भन्ने समेत व्यहोराको तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले गरेको बयान।

२९) नायव सुब्बा फणिन्द्र प्रसाद दाहालको बयानः-

म २०६९ वैशाख महिना देखि २०७१ पौष महिनासम्म मालपोत कार्यालय, डिल्लीबजारमा सेवारत थिएँ। गुठी संस्थान शाखा कार्यालयको निर्णय सहितको सक्कल मिसिल अनुसार मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत रहँदा गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंको निर्णयानुसार श्रेस्ता खारेज गरी श्री पशुपति टिकिन्छा गुठी कायम गरी पठाएको निर्णयमा भएको हस्ताक्षर मेरो हो। मालपोत कार्यालय, डिल्लीबजारले आफूले कुनै निर्णय नगरी गुठीको निर्णय मात्र कार्यान्वयन गरेको हो र गुठी कार्यालयबाट निर्णय प्राप्त भएको हुँदा गुठी संस्थान पनि नेपाल सरकार अन्तर्गतको निकाय भएको र उसको पनि सरकारी जग्गा संरक्षण गर्ने दायित्व जिम्मेवारी हुनुपर्ने हो भन्ने समेत व्यहोराको फणिन्द्र प्रसाद दाहालले गरेको बयान।

३०) नायव सुब्बा मणि कुमार रानाको बयानः-

म मिति २०६६ देखि २०७१ सम्म मालपोत कार्यालय, डिल्लीबजरमा कार्यरत थिएँ। टिकिन्छा गुठीको नाममा दर्ता सच्याउने काम मात्र यस मालपोत कार्यालय, डिल्लीबजारबाट भएको र यसमा कुनै निर्णय भएको छैन। तत् तत् निकायबाट भएका निर्णय बमोजिम नै निर्णय कार्यान्वयन गरी श्रेस्ता पुर्जा तयार गरिएको हो। उक्त निर्णय कार्यान्वयन प्रक्रियामा भएको दस्तखत मेरो हो। नेपाल सरकार म.प को निर्णयबाट स्वीकृति लिई गुठी ऐन २०३३ को दफा ३६ बमोजिम गुठी प्रशासकबाट टिकिन्छा गुठी कायम गर्न र साविक श्रेस्तामा उल्लेखित मोही र मृतक मोहीको हकमा भूमिसुधार अधिकारीबाट मोही नामसारीका निर्णय भै आए बमोजिम नै निर्णय कार्यान्वयन मालपोत कार्यालयबाट भएको मात्र हो भन्ने समेत व्यहोराको मणि कुमार रानाले गरेको बयान।

३१) शाखा अधिकृत बद्री बहादुर कार्कीको बयानः-

म मालपोत कार्यालय, डिल्लीबजारमा २०७० देखि २०७१ कार्तिकसम्म शाखा अधिकृत पदमा कार्यरत थिएँ। मिति २०७१।१।१२ को निर्णयमा मैले ०७०।१।१० मा पेश भएको हस्ताक्षर मेरो हो। मोहीको सम्बन्धमा भूमिसुधार कार्यालयको निर्णय बमोजिम मोही नामसारीको व्यहोरा श्रेस्तामा जनाएको हो। नेपाल सरकार समरजंग कम्पनीको लगत कट्टा गरी टिकिन्छा गुठीको नाममा कायम गर्न मन्त्रिपरिषद्स्तरको निर्णय भएको र गुठी प्रशासकले साविक लगत भिडाई कार्यविधि पूरा गरी गुठी संस्थान ऐन, २०३३ को दफा ३९(१) बमोजिम निर्णय गरी लेखिआएको हुँदा नेपाल सरकार मन्त्रिपरिषद्स्तरको निर्णय समेतलाई आधार प्रमाण लिई गुठी प्रशासनको निर्णय बमोजिम मालपोत कार्यालयले लगत कट्टाको व्यहोरा श्रेस्तामा जनाएको हो भन्ने समेत व्यहोराको बद्री बहादुर कार्कीले गरेको बयान।

३२) उपसचिव लक्ष्मी नारायण उप्रेतीको बयानः-

म मालपोत कार्यालयमा २०६८ देखि २०७० सम्म कार्यरत थिएँ। गुठीको सिफारीस भएको फायल तथा सोसाथ संलग्न गुठी प्रशासकको निर्णय, मन्त्रिपरिषद्को निर्णय, सर्वोच्च अदालतको फैसला भूमिसुधार कार्यालयको निर्णय तथा हा.सा भिडी आएको विवरण प्रचलित कानूनका सबै प्रक्रियापूरा भएपछि गुठीको निर्णय भै माग बमोजिम श्रेस्ता कायम गरिएको हो। मिसिलमा देखाईएको टिप्पणी निर्णयको दस्तखत मेरो हो। जग्गाका सम्बन्धमा दर्ता सच्याउने निर्णय गुठी अन्तर्गत गुठी संस्थान गुठी प्रशासक हो भन्ने समेत व्यहोराको लक्ष्मी नारायण उप्रेतीले गरेको बयान।

३३) प्रमुख मालपोत अधिकृत दिनेश प्रसाद शर्माको बयानः-

म २०६९ देखि २०७०।०५।०७ सम्म प्रमुख मालपोत अधिकृतको रुपमा मालपोत कार्यालय, डिल्लीबजारमा कार्यरत थिएँ। मिति २०७०।०१।१२ मा निर्णय भएको मिसिलमा उल्लेख मोहीको कुराको सम्बन्धमा साविक श्रेस्तामा रहेका जीवित मोही हालको गुठीको श्रेस्तामा सार्ने र मृतक मोहीको हकमा भूमिसुधार कार्यालयको नामसारी निर्णयबाट नामसारी भएको मोही कायम भएको उक्त निर्णय प्रकृयामा भएको हस्ताक्षर मेरो हो। मैले गरेको दर्ता सच्याउने निर्णय कार्यान्वयन गर्ने निर्णयमा मोही कायम सम्बन्धी कुनै निर्णय नै भएको छैन केवल भूमिसुधार कार्यालयबाट ज.ध. टिकिन्छा गुठी उल्लेख भई मोही नामसारी भएको हुँदा श्रेस्तामा सो नाम कायम गरेको मात्र हो। निर्णयार्थ म समक्ष प्रस्तुत भएको मिसिलमा जग्गाको दर्ता सच्याउने सम्बन्धमा प्रचलित कानूनको प्रकृया अनुसार गुठी संस्थानले आफूसँग भएको लगतका आधारमा गुठी यकिन गरी दर्ता सच्याउने निर्णय गरी फायल पठाएको हो भन्ने समेत व्यहोराको दिनेश प्रसाद शर्माले गरेको बयान ।

३४) मुख्य सचिव लीलामणि पौड्यालको बयानः-

मन्त्रिपरिषद्को बैठकमा मुख्य सचिवको भूमिका मन्त्रालयले तयार गरी पेश गरेको प्रस्ताव प्रधानमन्त्रीको निर्देशनमा बैठकको कार्यसूचीमा समावेश भएको विषय प्रधानमन्त्रीको

आदेशमा पढेर सुनाइदिने सम्म हो, ततपश्चात मन्त्रिपरिषद्का सदस्यहरू प्रस्तावको छलफलमा सहभागी हुन्छन र निर्णय गर्छन्।सरकारी, सार्वजनिक जग्गामा पशुपति टिकिन्छा गुठीलाई जग्गाधनी कायम सम्बन्धमा गरिएका निर्णयहरूमा म संलग्न नभएको र ती विषयमा जानकारी राख्नुपर्ने मेरो पदीय कार्यक्षेत्रगत शर्तका कार्यक्षेत्र भित्रको विषय नभएकोले अन्य व्यक्तिले गरेका निर्णयमा मैले जवाफ दिन सक्ने कुरा भएन भन्ने समेत व्यहोराको तत्कालिन मुख्य सचिव लीलामणि पऔडयालले गरेको बयान ।

ख) मोही भनिएका व्यक्तिहरूको बयानको संक्षिप्त व्यहोराः

१) **संजय कुमार महर्जनको बयानः-**

यस सम्बन्धमा हामी किसानहरू जोतपोत गरिरहेको थियो, राम कुमार सुवेदीले नै हामीलाई कानूनी बमोजिम मोही गरिदिन्छु तपाईहरू आफ्नो जग्गामा जोतेर खाइराख्नु मैले सबैकुरा मिलाएर तपाईंहरूको हातमा मोहीको हक कायम गराइदिन्छु भनी हामीलाई आश्वासन दिलाउनु भएको थियो ।राम कुमार सुवेदीले नै श्री पशुपति टिकिन्छा गुठीको नाममा परेको जग्गा मोही कायम हुन्छ भनी मोही कायम गराईदिएको हो भन्ने समेत व्यहोराको संजय कुमार महर्जनको बयान।

२) **सकुलानन्द महर्जनको बयानः-**

राम कुमार सुवेदीबाट पाएको सल्लाह अनुसार यो जग्गा टिकिन्छा गुठीको हो पुर्जा लिई दिन्छु भनेर हामीले राम कुमार सुवेदीलाई वारेस नाम दिएको हो, पछि केही वर्ष पछि पुर्जा पनि निकालेको रहेछ, हाम्रो दाजु भाई संयुक्तको नाममा पुर्जा लिएकोमा पछि रामकुमार सुवेदीले हाम्रो काम गरे बापत दस्तुर चाहियो भनेपछि वहाँले हामीलाई अफ्ठयारोमा पारी जग्गा बेच्न लगाए, यी सबै हामीलाई पहिला नै कागज गराएर अफ्ठयारोमा परेको हो। हामीले राम कुमार सुवेदी लाई वारेसनाम दिएको हुनाले राम कुमारले हामीलाई हुने नहुने

काम गराई सरकारी जग्गा समेत आफैं मोहीयानीको नामबाट आफ्नै र परिवारको नाममा ल्याएको पछि थाहा पायौं भन्ने समेत व्यहोराको सकुलानन्द महर्जनले गरेको बयान।

३) **श्रीमती मोहन महर्जनको बयानः-**

रामकुमार सुवेदी भनेको डिल्लीबजारमा कानूनी कार्यालय खोलेर बसेको हो, पशुपति टिकिन्छा गुठीका नाममा सरकारी जग्गा कायम गरी मोही कायम गराउने लगायतका सम्पूर्ण काम राम कुमार सुवेदीले गर्नूभएको हो । त्यस बेला मैले जोत गरेको जग्गामा सरकारी जग्गा भनेर हामीलाई थाहा भएन र यसको सम्पूर्ण कार्यहरू निजले गरी जग्गाधनीबाट आधा आधा र मोहीबाट तीन खण्डका एक खण्ड लिएको हो। हाम्रो जग्गाको काम गर्न रामकुमार सुवेदीले के कस्तो सरकारी कर्मचारीलाई प्रलोभन दिएको हो जग्गाको मोही कायम गरी पुर्जा लिइदिएको हो हामीलाई थाहा छैन भन्ने समेत व्यहोराको श्रीमती मोहन महर्जनले गरेको बयान।

ग) अन्य व्यक्तिहरूको बयानः

१) **राम कुमार सुवेदीको बयानः-**

म लेखापढी व्यावसायी भएकोले मिति २०५०।५१ सालतिर केही व्यक्तिहरू आई हामी बालुवाटारको जग्गाको मोही हौं, जग्गाधनी सुवर्ण शम्शेरका छोरा नाति बुहारीहरूले हाम्रो नामको मोही लगत कट्टा गरी मोहीबाट निस्कासन गरिपाऊँ भनी हामीलाई भूमिसुधार कार्यालय, काठमाण्डौंमा मुद्दा हालेछन्, उक्त जग्गाको हामी मोही भएको सबै प्रमाण कागज हामीसँग छन्। तपाईले हाम्रो तर्फबाट निवेदन लेखी हाम्रो तर्फबाट वारेस बसी हाम्रो काम गरिदिन पर्‍यो भनेकोले सोही बमोजिम गरेको हुँ। लेखापढी व्यवसायकै सिलसिलामा ललिता निवास कम्पाउन्ड भित्रका मोही एवं जग्गाधनीहरूसँगको चिनजान र सम्बन्धको साथै जग्गा बिक्री गर्न चाहने ज.ध.हरूसँगको सरसल्लाह मुताविक समय अनुसारको चलन चल्तीको मूल्य तिरी श्रीमती माधवी सुवेदी र आफू सहितको नाममा

अन्य व्यक्तिहरूसँग सगोल दर्तामा रहने गरी केही जग्गा किनेको अवस्था हो र उक्त जग्गा कति रकममा किने रकम खुलाउन सकिन भन्ने समेत व्यहोराको राम कुमार सुवेदीले गरेको बयान।

२) **रुक्म शम्शेर ज.ब.रा.को बयानः-**

२०४७ सालको मन्त्रिपरिषद्को मिति २०४७।२।१४, २०४७।२।१६ र २०४७।५।३ मा सबै राजनीतिक व्यक्तिको जफत तथा हरण भएको जग्गा फुकुवा तथा फिर्ता गर्ने निर्णय र सो निर्णय बमोजिम मालपोतको मिति २०४७।७।२५ र २०४७।१।२३ को निर्णयले जफत गरिएको सुवर्ण शम्शेर र कञ्चन शम्शेरको जग्गा कुल ११४ रोपनी फुकुवा गरियो। यी सम्पतिहरू हाम्रो पैत्रिक सम्पति भएकाले हामीले कुनै व्यक्ति तथा कर्मचारीलाई कुनै प्रकारको प्रभावमा पारेका छैनौं। Lt.Con. कनक शम्शेरले ललिता निवास पूरै सरकारले लिईसकेको अवस्थामा उहाँलाई बसोवासको निमित्त बासस्थान चाहेकोले बेलाको नियम अनुसार उनले आफ्नो घर घडेरीको निम्ति सरकारसँग ८ रोपनी जग्गा सरकारी दरमा पाउन आग्रह गरेका हुन। मोहीको विषयमा मलाई केही थाहा छैन, यी मोहीहरूसँग मेरो कुनै सरोकार छैन। तपाईहरूको जग्गा फिर्ता आउँछ भनी विभिन्न मान्छेहरू आई सम्पूर्ण प्रक्रियाहरू उनीहरूले नै पूरा गरे। उनीहरूले नै मोहीको भाग कट्टा गरी आधा भाग मात्र दिए। का.जि. बालुवाटार ललिता निवासको घर जग्गा हाम्रा बाबुबाट हामी अंशियारबिच मिति २०१७।३।३१।५ र.नं. १५४७ बाट बण्डा भएको सम्पूर्ण सम्पत्ति जफत एवं रोक्का गरिएको थियो। हाम्रो सम्पति (सुवर्ण शम्शेर र कन्चन शम्शेरको) २०१८ सालमा नै जफत गरी रोक्का राखी समरजंग कम्पनीलाई रेखदेखको जिम्मा दिएको। २०२१ सालका नापी आउँदा कोहीहरूले आफूले कमाए अनुसार साथ किलो देखाई कित्ता कायम गरी मोही महलमा मोहीको नाम लेखाएका रहेछन। भने हाम्रा जग्गा जिम्मा लिखे समरजंग कम्पनी लाई बाली बुझाई आएको व्यहोरा उल्लेख गरेका

रहेछ। उक्त जग्गा २०४५ सालतिर पुनः नापी हुँदाको समयमा पनि जोतभोग अनुसार नापी गरी मोहीहरूले मोही महलमा नाम लेखाएका रहेछन् भन्ने समेत व्यहोराको रुक्म शम्शेर ज.ब.रा.ले गरेको बयान।

तालिका नं.८

पशुपति टिकिन्छा गुठी कायम गर्ने निर्णय प्रक्रियामा संलग्न व्यक्तिहरूको संलग्नताको विवरणः

क्र.स.	नाम	पद	कार्यालय	निर्णय	संलग्नताको विवरण	कैफियत
गुठी संस्थान र अन्तर्गतका कर्मचारीको विवरण						
१.	अच्यूतानन्द पोखरेल	सहायक प्रशासक/ का.मु कार्यालय प्रमुख	गुठी संस्थान तहसील कार्यालय कालमोचन, काठमाण्डौं	नेपाल सरकार, समरजंग कम्पनीको नामको जग्गा पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्ने-नगर्ने भन्ने सम्बन्धमा द्विविधा भएको भनी निर्देशनका लागि गुठी सस्थान केन्द्रीय कार्यालयमा फायल पेश गर्ने।	गुठी कायम गर्न दुविधा भयो भनी प्रधान कार्यालयसँग पटक-पटक थप निर्देशन माग गरेको तथा गुठी कायम गर्ने सम्बन्धमा नेपाल सरकारबाट निर्णय हुनु पर्ने भनी फायल गुठी संस्थान केन्द्रिय कार्यालयमा पेश गर्ने निर्णय गरेको।	
२.	रामेश्वर विडारी	बरिष्ठ सहायक			गुठीमा मोही समेत कायम गर्ने गरी मालपोत कार्यालयमा लेखी पठाउन भनी टिप्पणी पेश गरेको।	
३.	पुरुषोतम पौडेल	बरिष्ठ सहायक			जग्गा दर्ता प्रक्रियामा ३५ दिने सूचना प्रकाशित गर्ने निर्णयमा संलग्न ।	
४.	डवलसिंह ठगुन्ना	सहायक तेस्रो			जग्गा दर्ता प्रक्रियामा सर्जमिन गराएको र ३५ दिने सूचना प्रकाशित गर्ने निर्णयमा संलग्न ।	
५.	राम कुमार घिमिरे	बरिष्ठ सहायक			लगत तथा अभिलेख मलिकुली खेतको काम बाँकी लगत प्राप्त भएको भनी टिप्पणीमा उल्लेख गरेको देखिएको ।	

६.	कृष्णराज अर्याल	सहायक द्वितीय			टिकिन्छा गुठीको काम बाँकी लगत १९९३ साल वैसाख १२ गतेको साविक लगत उतार प्राप्त भएको भनी टिप्पणीमा उल्लेख गरेको देखिएको।	
७.	सेमन्तराज चापागाईं	प्रशासक	गुठी संस्थान केन्द्रीय कार्यालय	साविकमा सरकारले जग्गा प्राप्ति ऐन अनुसार प्राप्त गरेको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको नेपाल सरकार, समरगंज कम्पनीको नाममा कायम रहेको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी उनाउ लगतको आधारमा पशुपति टिकिन्छा गुठी कायम गर्न सहमतिका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा फायल पठाउने निर्णय	प्रमाण नै नपुग्ने जग्गामा जग्गा दर्ता प्रकृया पूरा गरी फायल पेश गर्न गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंलाई निर्देशन दिएको, जग्गाको लगत नभिडेकोले भिडाउनु पर्ने भन्ने रायमा समेत पटक-पटक गुठी संस्थान तहसील शाखा कार्यालयलाई सञ्चालक समितिको मिति २०५२।५।३० को निर्णय बमोजिम बाँकी वक्यौता कुत असूल गरी लगत अध्यावधिक गर्न निर्देशन दिने निर्णय गरेको। मन्त्रालयबाट थप स्पष्ट गर्नुपर्ने भन्ने विषयमा पशुपति टिकिन्छा गुठी कायम गर्नुपर्ने समेत राय भन्ने उल्लेख गरी मन्त्रालयमा जवाफ पठाउने निर्णय गरेको।	
८.	दिलिप कुमार भट्ट	प्रशासक	गुठी संस्थान केन्द्रीय कार्यालय		ललिता निबास क्याम्पभित्रको सरकारी जग्गालाई पशुपति टिकिन्छा गुठीको लगतभित्रको जग्गा भनी स्वीकृतिको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा फायल पठाउने र मन्त्रालयबाट थप स्पष्ट गर्नुपर्ने भनी राय माग भएको विषयमा पशुपति टिकिन्छा गुठी कायम गर्नुपर्ने भन्ने समेत राय उल्लेख गरी मन्त्रालयमा जवाफ पठाउने निर्णय गरेको ।	

९.	हरिवोल आचार्य	मुख्य अधिकृत	गुठी संस्थान केन्द्रीय कार्यालय	गरेको ।	प्रमाण नै नपुग्ने जग्गामा जग्गा दर्ता प्रकृया पूरा गरी फायल पेश गर्न गुठी संस्थान शाखा कार्यालय, काठमाण्डौंलाई निर्देशन दिएको, मोहीका वारेसको कागज, श्री ५ को सरकार समरजङ्ग कम्पनीसँग बुझ्दा गुठीको जग्गा होइन, तहाँको लगतबाट यकिन गर्नू भनेको पत्र, मोहीहरूले गुठीको जग्गा हो भनेको र स्थलगत सर्जमिन तथा सम्बन्धित वडाको सिफारीसमा गुठी होइन भन्न सकिने आधार देखिएन भन्ने समेतको व्यहोरा उल्लेख गरी बक्यौता कुतबाली असुल उपर गर्न शाखा कार्यालयलाई आदेश दिन पर्ने भनी राय सहितको टिप्पणी पेश गरेको । नेपाल सरकार, समरजङ्ग कम्पनीका नाममा दर्ता प्रमाणित भएकोले गुठी कायम गर्न द्विविधा पऱ्यो भनी तहसील शाखाबाट लेखिआएकोले फायल भूमिसुधार मन्त्रालयमा पठाउनु पर्ने राय सहित टिप्पणी पेश गरेको।	
१०.	बासुदेव पौडेल	सहायक चौथो	गुठी संस्थान केन्द्रीय कार्यालय		मातहत कार्यालयबाट फायल प्राप्त भएको भनी आफ्नो तर्फबाट स्पष्ट राय उल्लेख नगरी टिप्पणी फायल पेश गरेको देखिएको।	
११.	पुण्डरी के.सी.	सहायक प्रशासक	गुठी संस्थान केन्द्रीय कार्यालय		आफूसमक्ष पेश भएको टिप्पणीमा आफ्नो तर्फबाट स्पष्ट राय उल्लेख नगरी टिप्पणी फायल पेश गरेको देखिएको।	

१२.	बद्री प्रसाद सुवेदी	सहायक चौथो	गुठी संस्थान केन्द्रीय कार्यालय		मातहतको कार्यालयबाट प्राप्त विवरण तथा भूमिसुधार मन्त्रालयबाट प्राप्त विवरण उल्लेख गरी आफ्नो तर्फबाट स्पष्ट राय नलेखी टिप्पणी पेश गरेको देखिएको ।	
१३.	प्रेमहरि ढकाल	मुख्य अधिकृत	गुठी संस्थान केन्द्रीय कार्यालय		भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट माग गरिएको राय कार्यालयबाट माग गर्नुपर्ने र सोही व्यहोरा बमोजिम केन्द्रीय कार्यालयको राय संलग्न गरी पठाउने भनी राय सहितको टिप्पणी पेश गरी निर्णय प्रक्रियामा संलग्न भएको देखिएको।	
१४.	प्रशान्त पौडेल	सहायक द्वितीय	गुठी संस्थान केन्द्रीय कार्यालय		भूमिसुधार तथा व्यवस्था मन्त्रालयले थप स्पष्ट राय माग गरेको विषयको फायलसाथ संलग्न गरेको तर आफ्नो स्पष्ट राय उल्लेख नगरी टिप्पणी फायल पेश गरेको देखिएको।	
१५.	विश्वविनय पन्त	वरिष्ठ सहायक	गुठी संस्थान केन्द्रीय कार्यालय		भूमिसुधार तथा व्यवस्था मन्त्रालयले थप स्पष्ट राय माग गरेको विषय फायल साथ संलग्न गरेको तर आफ्नो स्पष्ट राय उल्लेख नगरी टिप्पणी फायल पेश गरेको देखिएको।	
१६.	मिना भट्टराई	सहायक	गुठी संस्थान केन्द्रिय कार्यालय	सावीकमा सरकारले जग्गा प्राप्ति ऐन अनुसार प्राप्त गरेको सावीक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं	मिति २०६९/८/१७ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त पत्रको व्यहोरा उल्लेख गरी आफ्नो तर्फबाट स्पष्ट राय उल्लेख नगरी टिप्पणी फायल पेश गरेको देखिएको।	
१७.	तुलसी	सहायक	गुठी संस्थान		भिड्दै नभिडेको उनाउ लगतलाई आधार	

	पोखरेल	प्रशासक	केन्द्रिय कार्यालय	बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको नेपाल सरकार, समरगंज कम्पनीको नाममा कायम रहेको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी उनाउ लगतको आधारमा नेपाल सरकार समरजंग कम्पनीको नाममा श्रेस्ता कायम भएका जग्गाहरूको श्रेष्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्न निर्णय पर्चा खडा गर्ने ।	मानी नेपाल सरकारको नामको जग्गा गुठीको नाममा कायम गर्नको लागि गुठीबाट निर्णय पर्चा खडा गर्नुपर्ने राय सहित निर्णयका लागि टिप्पणी फायल पेश गरेको र निर्णय सहितका फायलहरू गुठी संस्थान, अन्तर्गतको शाखा कार्यालय, काठमाण्डौं पठाएको देखिएको।	
१८.	हरि प्रसाद जोशी	उप-प्रशासक			भिड्दै नभिडेको उनाउ लगतलाई आधार मानी नेपाल सरकारको नामको जग्गा गुठीको नाममा कायम गर्नको लागि निर्णय पर्चा खडा गर्नुपर्ने भनी पेश भएको राय ग्रहण गरी राय सहितको टिप्पणी पेश गरेको र सोही सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट थप स्पष्ट राय माग गरेको विषयमा गुठी शाखा कार्यालय, काठमाण्डौंको तर्फबाट सरकारी जग्गामा गुठी कायम गर्नुपर्ने आधार सहितको जवाफ केन्द्रीय कार्यालयमा पठाएको देखिएको।	
१९.	हेमराज सुवेदी	सह-प्रशासक			साविकमा सरकारले जग्गा प्राप्ति ऐन अनुसार प्राप्त गरी नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सरकारी जग्गामा उनाउ गुठीको गुठीको उनाउ लगत भिडाई गुठी कायम गर्नको लागि नेपाल सरकारको स्वीकृतिका लागि मिसिल मन्त्रालयमा पठाउनु पर्ने राय सहित टिप्पणी पेश गरेको	

					देखिएकोमा उक्त रायमा कारबाहीमा आएका जग्गाहरू समेत एकै निर्णयले श्री ५ सरकार गुठीका नाममा प्रमाणित भएकोमा केही कित्ताको भने गुठीको नामबाट व्यक्तिको नाममा जाने केही कित्ता मात्र गुठी हुने भन्ने के आधारबाट प्रमाणबाट देखियो भन्ने पनि खुलेन। तसर्थ दुवै कारबाहीका जग्गा एकै प्रकृतिका र गुठीका लगतका भएका अवस्थामा साविक लगत बमोजिम गुठी नै कायम गर्नेतर्फ गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम कारबाही गर्नुपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिएको। सोही सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट थप स्पष्ट राय माग गरेको विषयमा समेत गुठी कायम गर्नु पर्ने राय सहित पुनः मन्त्रालय सिसिल पठाउने भनी उल्लेख गरेको तथा सपही विषयमा निर्णय पर्चा खडा गर्नको लागि भनी आफू समक्ष पेश भएको टिप्पणि सहितको राय ग्रहण गरी मिसलमा उल्लेख गरिएका केही जग्गा प्रधानमन्त्री निवासको परिसर विस्तार तथा ८ मिटर बाटो निर्माण गएको भन्ने भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको पत्रबाट देखिँदा उक्त जग्गा नै सट्टा भर्ना दिने वा कानून बमोजिम हुने मुआब्जा नेपाल	

					सरकारसँग माग गर्ने समेतको राय सहित पेश गरेको देखिएको।	
२०.	बलिराम प्रसाद तेली	प्रशासक			नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।०६।१८ को निर्णय अनुसार नेपाल सरकार समरजंग कम्पनीको नाममा दर्ता भएको जग्गा लगत बमोजिम पशुपति टिकिन्छ गुठी कायम गर्नको लागि सैद्धान्तिक स्वीकृति दिएको देखिएकोमा साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने साविककमा सरकारले जग्गा प्राप्ति ऐन अनुसार अधिग्रहण गरी प्राप्त गरेको ललिता निबास क्याम्पभित्र पर्ने जग्गामध्येका केही कित्तामा आफ्नो मातहतको कार्यालयबाट समेत किटानीसाथ भिडाउन नसकेको उनाउ लगत भिडाई नेपाल सरकारको नामको जग्गाधनी दर्ता श्रेस्ता कट्टा गरी पशुपति टिकिन्छ गुठीको नाममा जग्गा दर्ता गर्ने गरी आफू समक्ष पेश भएको टिप्पणी समेतलाई आधार लिई गुठी प्रशासकको हैसियतले मिति २०६९/१०/०५मा निर्णय पर्चा खडा गरेको देखिएको।	

२१.	नवराज पौडेल	सहायक	गुठी संस्थान शाखा कार्यालय कालमोचनका।	सावित्रिक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको नेपाल सरकार, समरगंज कम्पनीको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी उनाउ लगतको आधारमा नेपाल सरकार समरजंग कम्पनीको नाममा श्रेस्ता कायम भएका जग्गाहरूको श्रेष्ता खारेज गरी पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्ने र सो जग्गामा विभिन्न व्यक्तिलाई मोही कायम गरी श्रेष्ता अध्यावधिक गर्न निर्णय सहितको फायल मालपोत कार्यालय, डिल्लीबजार पठाउने तथा	भिड्दै नभिडेको उनाउ लगत समेतलाई आधार मानी नेपाल सरकाको नामको जग्गा उनाउ गुठीको नामम कायम गर्ने गरी निर्णय पर्छा खडा भएपछि उक्त जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही समेत कायम गर्ने गरी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउन तथा उक्त जग्गाको कुतबाली असुल गरी व्यक्तिहरूलाई पूर्जा वितरण गर्ने निर्णय गर्नुपर्ने ब्यहोरा उल्लेख गरी राय सहितको टिप्पणी पेश गरेको देखिएकको।	
२२.	रामेश्वर विडारी	बरिष्ठ सहायक				
२३.	शैलेन्द्र पौडेल	सहायक प्रशासक			भिड्दै नभिडेको उनाउ लगत समेतलाई आधार मानी नेपाल सरकाको नामको जग्गा उनाउ गुठीको नामम कायम गर्ने गरी निर्णय पर्छा खडा भएपछि उक्त जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही समेत कायम गर्ने गरी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउन तथा उक्त जग्गाको कुतबाली असुल गरी व्यक्तिहरूलाई पूर्जा वितरण गर्ने निर्णय गर्नुपर्ने ब्यहोरा उल्लेख गरी राय सहितको टिप्पणी पेश गरेको देखिएकको।	
२४.	जयप्रकाश रेग्मी	उप-प्रशासक			भिड्दै नभिडेको उनाउ लगत समेतलाई आधार मानी नेपाल सरकाको नामको जग्गा उनाउ गुठीको नामम कायम गर्ने गरी निर्णय पर्छा खडा भएपछि उक्त जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही समेत कायम गर्ने गरी सम्बन्धित मालपोत कार्यालयमा लेखी	

				त्यस्ता मोही भनिएका व्यक्तिहरूबाट कुतबाली असुल गरी पूर्जा वितरण गर्ने।	पठाउन तथा उक्त जग्गाको कुतबाली असुल गरी व्यक्तिहरूलाई पूर्जा वितरण गर्ने निर्णय गर्नुपर्ने व्यहोरा उल्लेख गरी आफू समक्ष पेश भएको रायलाई ग्रहण गरी सोही वमोजिमको निर्ण य गरेको देखिएको।	
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतका कर्मचारीको विवरण						
१.	हुपेन्द्रमणि के.सी.	उपसचिव	भूमिसूधार तथा व्यवस्था मन्त्रालय	सावित्र हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको नेपाल सरकार, समरगंज कम्पनीको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी उनाउ लगतको आधारमा नेपाल सरकार समरजंग कम्पनीको नाममा श्रेस्ता कायम भएका सरकारी जग्गाहरूको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्न स्वीकृति दिने ।	भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्ने स्वीकृतिको लागि भनी गुठी संस्थानबाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश भएको फायलमा उल्लेखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास विस्तारमा परिसकेको भनी सावित्र हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको तत्कलीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरी प्राप्त गरेका विभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमाण्डौं नगर २३ क्ष कि.नं. ७३ , ऐ.ऐ. वडा नं. २३ "ह" २२, ३१ र ३५ का जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गादनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न राय साथ टिप्पणी पेश गरेको र मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव समेत तयार गरेको देखिएको।	

२.	तेजराज पाण्डे	सह-सचिव	भूमिसूधार तथा व्यवस्था मन्त्रालय		भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्ने स्वीकृतिको लागि भनी गुठी संस्थानबाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश भएको फायलमा उल्लेखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास विस्तारमा परिसकेको भनी साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको तत्कलीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरी प्राप्त गरेका विभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमाण्डौं नगर २३ क्ष कि.नं. ७३ , ऐ.ऐ. वडा नं. २३ "ह" २२, ३१ र ३५ का जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गादनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न भनी आफू समक्ष पेश भएको राय सहितको टिप्पणीलाई ग्रहण गरी पेश गरेको र सोही वमोजिम मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव समेत परिमार्जन गर्ने कार्यमा संलग्न भएको देखिएको।	
३.	दिनेशहरि अधिकारी	सचिव	भूमिसूधार तथा व्यवस्था मन्त्रालय		भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्ने स्वीकृतिको लागि भनी गुठी संस्थानबाट	

					भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश भएको फायलमा उल्लेखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास विस्तारमा परिसकेको भनी साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको तत्कलीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरी प्राप्त गरेका विभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमाण्डौं नगर २३ क्ष कि.नं. ७३ , ऐ.ऐ. वडा नं. २३ "ह" २२, ३१ र ३५ का जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गादनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न भनी आफू समक्ष पेश भएको राय सहितको टिप्पणीलाई ग्रहण गरी निर्णय गरेको र सोही वमोजिमको प्रस्ताव समेत मन्त्रिपरिषद्मा पेश गर्ने कार्यमा संलग्न भएको देखिएको।	
४.	चन्द्रदेव जोशी	मन्त्री	भूमिसूधार तथा व्यवस्था मन्त्रालय		भिड्दै नभिडेको उनाउ लगतको आधारमा सरकारी जग्गा गुठीको नाममा कायम गर्ने स्वीकृतिको लागि भनी गुठी संस्थानबाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश भएको फायलमा उल्लेखित ३० रोपनी जति जग्गा प्रधानमन्त्री निवास विस्तारमा परिसकेको भनी साविक हाँडिगाउँ मौजा	

					हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्पभित्रको तत्कलीन सरकारले जग्गा प्राप्ति ऐन अनुसारको प्रक्रिया पूरा गरी अधिग्रहण गरी प्राप्त गरेका विभिन्न कित्ता जग्गाहरू मध्ये जिल्ला काठमाण्डौं नगर २३ क्ष कि.नं. ७३, ऐ.ऐ. वडा नं. २३ "ह" २२, ३१ र ३५ का जग्गाहरूको नेपाल सरकार समरजंग कम्पनीको नामको जग्गादनी दर्ता श्रेस्ता खारेज गरी पशुपति टिकिन्छा गुठी कायम गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने गरी तयार गरेको मन्त्रिपरिषद्मा पेश गर्नको लागि स्कृति दिने निर्ण गरेको देखिएको।	
५.	फणिन्द्र प्रसाद दाहाल	नायव सुब्बा	मालपोत कार्यालय , डिल्लीबजार	सावित हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको नेपाल सरकार, समरगंज कम्पनीको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी उनाउ लगतको आधारमा नेपाल सरकार समरजंग कम्पनीको नाममा श्रेस्ता कायम	नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम रहेको काठमाण्डौं बालुवाटारस्थित ललिता निबास क्याम्पभित्रको सरकारी जग्गाको सावितको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी गुठीको नाममा दाखिल खारेज हाल सावित गरी पशुपति टिकिन्छा गुठी कायम गरी गुठीको निर्णय कार्यान्वयन गर्ने राय सहितको टिप्पणी पेश गरेको देखिएको।	
६.	मणि कुमार राना	नायव सुब्बा	मालपोत कार्यालय , डिल्लीबजार		नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम रहेको काठमाण्डौं बालुवाटारस्थित ललिता निबास क्याम्पभित्रको सरकारी जग्गाको सावितको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी गुठीको नाममा दाखिल खारेज	

				भएका जग्गाहरूको श्रेष्ता खारेज गरी पशुपति टिकिन्छा गुठीको नाममा दर्ता श्रेष्ता हाल साविक र दाखिल खारेज गरी विभिन्न व्यक्तिहरूलाई मोही जनाई मोही नामसारी गरी गुठीलाई जानकारी दिने ।	हाल साविक गरी पशुपति टिकिन्छा गुठी कायम गरी गुठीको निर्णय कार्यान्वयन गर्ने राय सहितको टिप्पणी पेश गरेको देखिएको।	
७.	बद्री बहादुर कार्की	शाखा अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार		नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम रहेको काठमाण्डौं बालुवाटारस्थित ललिता निबास क्याम्पभित्रको सरकारी जग्गाको साविकको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी गुठीको नाममा दाखिल खारेज हाल साविक गरी पशुपति टिकिन्छा गुठी कायम गरी गुठीको निर्णय कार्यान्वयन गर्ने राय सहितको टिप्पणी पेश गरेको देखिएकोमा उक्त जग्गाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको रोक्का समेत फुकुवा गरी सरकारी जग्गा गुठीको हाल साविक, दाखिल खारेज एवं मोही नामसारी समेत गरी गुठीको निर्णय कार्यान्वयन गरी फायल फिर्ता गर्ने राय सहित टिप्पणी पेश गरेको देखिएको।	
८.	लक्ष्मी नारायण उप्रेती	उप-सचिव	मालपोत कार्यालय, डिल्लीबजार		नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम रहेको काठमाण्डौं बालुवाटारस्थित ललिता निबास क्याम्पभित्रको सरकारी जग्गाको साविकको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी गुठीको नाममा दाखिल खारेज हाल साविक गरी पशुपति टिकिन्छा गुठी कायम गरी गुठीको निर्णय कार्यान्वयन गर्ने राय सहितको टिप्पणी पेश गरेको	

					देखिएकोमा उक्त जग्गाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको रोक्का समेत फुकुवा गरी सरकारी जग्गा गुठीको हाल साविक, दाखिल खारेज एवं मोही नामसारी समेत गरी गुठीको निर्णय कार्यान्वयन गरी फायल फिर्ता गर्ने राय सहित आफू समक्ष पेश भएको टिप्पणी ग्रहण गरी पेश गरेको देखिएको।	
९.	दिनेश प्रसाद शर्मा	प्रमुख मालपोत अधिकृत	मालपोत कार्यालय, डिल्लीबजार		नेपाल सरकार समरजंग कम्पनीको नाममा कायम रहेको काठमाण्डौं बालुवाटारस्थित ललिता निबास क्याम्पभित्रको सरकारी जग्गाको साविकको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी गुठीको नाममा दाखिल खारेज हाल साविक गरी पशुपति टिकिन्छा गुठी कायम गरी गुठीको निर्णय कार्यान्वयन गर्ने राय सहितको टिप्पणी पेश गरेको देखिएकोमा उक्त जग्गाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको रोक्का समेत फुकुवा गरी सरकारी जग्गा गुठीको हाल साविक, दाखिल खारेज एवं मोही नामसारी समेत गरी गुठीको निर्णय कार्यान्वयन गरी फायल फिर्ता गर्ने राय सहित आफू समक्ष पेश भएको टिप्पणी ग्रहण गरी सोही वमोजिम नेपाल सरकार समरजंग कम्पनीको नामको दर्ता समेत सच्याई पशुपति टिकिन्छा गुठीको नाममा दर्ता कायम गरी मोही समेत कायम	

					गरी गुठी कार्यालयलाई निर्णयको जानकारी दिने गरी निर्णय गरेको देखिएको।	
अन्य व्यक्तिहरू						
१.	राम कुमार सुवेदी	*	*	*	नेपाल सरकार, समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेष्ता खारेज गरी सरकारी जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही समेत कायम गर्ने निर्णय प्रक्रियामा मोही भनिएका व्यक्तिहरूको हकदारका तर्फबाट वारेस भई गुठी संस्थानमा निवेदन दिएको र, "यो जग्गा गुठीको हो, अज्ञानतावस अन्य व्यहोरा लेखिन गएको हो कहिंकतै कुतबाली बुझाएका छैनौं, गुठीमै बुझाउनु पर्ने हो भन्ने समेतको व्यहोरा उल्लेख गरी कागज गरिदिएको र मोही भनिएका व्यक्तिहरूका नाममा जग्गा आइसकेपछि सम्पूर्ण जग्गाहरू आफू समेतको नाममा कायम गरी लिएको ।	
२.	रुक्म शम्शेर ज.ब.रा.	*	*	*	गुठी संस्थानबाट सुवर्ण शम्शेरका नाममा जारी गरिएको म्याद बुझी उक्त जग्गा साविक खला नं.१० को श्री ५ को सरकार टिकिन्छा गुठीको जग्गा हो भन्ने समेत व्यहोराको कागज गरी दिएको ।	
३.	सुनिती राणा	*	*	*		
४.	शैलजा राणा	*	*	*		
५.	संजय महर्जन	*	*	*	साविक नगर २३ 'क्ष' कि.नं. ७३ हाल का.म.न.पा. ४ सिट नं.१२०-१०२५-१४ कित्ता नं. ४८ आफू समेतको नाममा मोही कायम गराएको ।	
६.	सकुलानन्द	*	*	*	साविक नगर २३ 'क्ष' कि.नं. ७३ हाल	

	महर्जन				का.म.न.पा. ४ सिट नं.१२०-१०२५-१४ कित्ता नं. ४८ आफू समेतको नाममा मोही कायम गराएको ।	
७.	मोहन महर्जन	*	*	*	साविक नगर २३ 'क्ष' कि.नं.२२ हाल कायम का.म.न.पा-४ सिट नं १०२ १०२-१०२-१०२५-१५ कि.नं. २६७, २६२, २९५८,२५९ आफ्नो नाममा मोही कायम गरे/गराएको।	
८.	द्वारिका महर्जन	*	*	*	साविक नगर २३ 'क्ष' कि.नं. ३१ हाल कायम का.म.न.पा-४ सिट नं १०२ १०२-१०२-१०२५-१५ कि.नं. २७८, २८४, २३२ आफ्नो नाममा मोही कायम गरे/गराएको।	
९.	देव नारायण महर्जन	*	*	*	साविक नगर २३ ' कि.नं. ३१ 'क्ष' हाल कायम का.म.न.पा-४ सिट नं १०२ १०२-१०२-१०२५-१५ को ५६ र ऐ ऐ सिट नं. १०२-१०२५-२० कि.नं. ८० आफ्नो नाममा मोही कायम गरे/गराएको।	

६) साविक हाँडिगाउँ मौजा हा.नं.४५६ भिड्ने ललिता निवास क्याम्पभित्रको जग्गाको हालको विवरणः

तालिका नं. ९

ललिता निवास क्याम्पभित्रका जग्गाहरूको हालका जग्गाधनीहरूको नाम र जग्गाको विवरण

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
१.	कल्पना तुलाधर	१०२-१०२५-१५	६४३	४५	राजिनामा	
			६४५	१८४		
			७३४	३.१०		
			४५९	४९.६८		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			४५१	३.९६		
			४४४	१११.२९		
			६२६	१८.९०		
			६२७	३७.७६		
२.	शर्मिला शाक्य/बज्राचार्य	१०२-१०२५-१५	४०१	२१०.६०	नामसारी	
			४८०	३.९७		
			५०४	१.९९		
			४७८	२.९८		
			४५५	२०५.६८		
३.	प्रगति कंसकार	१०२-१०२५-२०	१०४	३८.७५	हालैदेखिको बकस	
			११७	१२.९१		
			११९	८.००		
			११५	१.९९		
			१२१	३.९७		
		१०२-१०२५-१५	४९३	३३.७८		
			४९९	४५.७१		
			५०२	६५.६१		
४.	गैर आवासीय नेपाली संघ	१०२५-१५	७४८	३.०३	राजिनामा	
			७५२	५८३.५०		
			७४४	२२५.८३		
			७४६	८८.५१		
			७५०	६२५.४९		
५.	कामना गुरुङ्ग	१०२५-१५	३८५	७.९५	राजिनामा	
			७४१	२३६.७०		
६.	कल्याण गुरुङ्ग	१०२५-१५	७३८	१७८८.४६	राजिनामा	
७.	सज्जन कुमार चाचान	१०२५-१५	७४२	२५४.३२	राजिनामा	संयुक्त
८.	देवान्शी गोयल					
९.	सरस्वती घले गुरुङ्ग	१०२५-१४	२९	०-८-०-१	राजिनामा	संयुक्त
१०.	सरला घले		१४७	२०००.२१	राजिनामा	
		१०२५-१५	६७६	६१.६०		
			६०१	१३.९०		
११.	सरला घले	१०२५-१५	७३६	८२६.४३	राजिनामा	
			७३७	५०८.९५		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			२८३	०-१५-३-०		
			३७४	७.९३		
			५१८	१५४.२५		
			७३५	६३२.००		
१२.	मिन बहादुर गुरुङ्ग	१०२५-१५	७०४	२९.५०	राजिनामा	
			७०८	६.८७		
			७१२	३१.७९		
			७१६	७.४८		
			७२०	२.८०		
			४७६	२९.७७		
			१३७	०-०-३-१		
			४१३	२१०.६२		
			६६०	१३५.५५		
			७३३	५५.४७		
		१०२५-२०	७४	०-०-०-३		
		१०२५-१४	३०	०-५-२-०		
१३.	मनोज कुमार केडिया		२२५	०-०-३-०	राजिनामा	
			४०९	५.९५		
			५२१	७.९४		
			५२३	४७०.९९		
			६३४	२२८.५२		
			६३७	२५.८३		
			६३१	७.९१		
			६३३	१०२.००		
१४.	शोभाकान्त ढकाल	१०२५-१४	७७	३९.७५	राजिनामा	संयुक्त
			७९	२१६.५९		
१५.	उमा कुमारी ढकालनी		८१	१९.८६		
			८६	३९.७५		
			११३	३८७.५०		
१६.	शोभाकान्त ढकाल	१०२५-१४	१३७	०-३-३-२	राजिनामा	संयुक्त
			५८६	२३८.४७		
			१३८	४३.७२		
१७.	रामकुमार सुवेदी	१०२५-१५	१४३	९३.४०		
			६४०	११०.४८		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			५४९	६००.६५		
			६४६	१९९.५४		
			६४२	३२.३१		
			६४४	४८.३६		
			६३८	५३.६६		
			६८५	५३४.१		
			६२३	६६.५८		
			६१४	५८८.२३		
			५४	०-१-०-२		
१८.	मनोज कुमार गौतम	१०२५-१५	७४३	९५.४४	राजिनामा	
१९.	मन्ती गोर्खाली	१०२५-१५	५२५	८३.५०	राजिनामा	
			५२७	११.००		
			५२९	९१.००		
		१०२५-२०	१२४	४७.००		
२०.	उमा कुमारी ढकालनी	१०२५-१४	१३६	१६६.९३	राजिनामा	संयुक्त
			२६	०-२-३-०		
२१.	माधवी सुवेदी		३८	०-४-०-२		
			११	१-५-३-२		
			१४४	२९.८५		
			१४२	१७४.८८		
		१०२५-१५	२७७	५५.६४		
			३०८	११.९३		
			५४८	१८८.७९		
			७५१	१३६१.७६		
			५४६	१९८७.२५		
			२६६	२३.८५		
			२७९	४६८.९१		
			९८	२९.८२		
			२९४	२५.८४		
			७५३	९.९५		
			७४७	७२.२९		
			२६५	२३.८५		
		१०२५-१९	३६	५१२.३५		
			५	१९६.२		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
२२.	निर्मलादेवी गोयल	१०२५-१५	५४०	१३.९०	राजिनामा	
			२१२	०-२-३-०		
			२५७	०-३-२-२		
			५४४	४६६.६१		
			५५८	१३.९८		
			५७८	१३.९३		
			५३१	०-४-०-०		
२३.	निकिता तुलाधर	१०२५-१५	६४१	१०.३९	राजिनामा	
			६३९	२८३.००		
२४.	अमिताम्भ तुलाधर	१०२५-१५	५०६	२८२.१५	राजिनामा	
२५.	उमा प्रसाई	१०२५-१५	३३७	१९.८७	राजिनामा	
			३५०	३७.७६		
			५३३	२१.८४		
२६.	युरिशोभा तुलाधर	१०२५-१४	११७	४३.५०	राजिनामा	
		१०२५-१५	४९२	१२७.१८		
		१०२५-१९	१६	७.९५		
			३२	३९४		
		१०२५-२०	११८	२२.४०		
			११४	५.९६		
२७.	रेणुका बज्राचार्य	१०२५-१४	१०१	१२५.२०	राजिनामा	
			१११	३९.७४		
			९८	४७.६९		
२८.	सुविस्ता तुलाधर	१०२५-१५	४३५	३.९८	राजिनामा	संयुक्त
			४५८	४३.७२		
			४४८	१०१.३५		
			४४२	३४३.७९		
२९.	अञ्जना तुलाधार ताम्राकार		४५०	१५.९०		
३०.	चन्द्रिका कंसाकार तुलाधर					
३१.	सानुछोरी बज्राचार्य	१०२५-१४	९९	४५.७०	राजिनामा	
			१०४	६३.५९		
			१०२	६१.६०		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
		१०२५-१५	४७०	१७.८८		
			४९६	२५.८३		
३२.	सिपिका खेतान	१०२५-१५	४२३	३३.७८	राजिनामा	
			३३९	०-०-०-३		
			४३२	१०९.३०		
			४३४	९७.३८		
३३.	सुष्मा बज्राचार्य (शाक्य)	१०२५-१५	४८८	०.९९	राजिनामा	
			४८२	१३.९१		
			४५६	२५.८३		
			४७४	२३.८५		
			४९१	०.९९		
			४८१	१४९.०४		
३४.	सन्ध्या शाक्य	१०२५-१४	११६	१९४.७५	राजिनामा	
		१०२५-१९	२९	५.९६		
			३१	१.९९		
			२४	५.९६		
३५.	संगिता राखेचा काठोरी बोथरा	१०२५-१४	१३४	२९.८०	राजिनामा	
			१३२	१२३.१९		
			७०	९५.३५		
			१२८	२७४.१७		
			७२	२३४.४४		
			१३०	६.१५		
३६.	शोभाकान्त ढकाल	१०२५-१५	२२०	०-०-२-०	राजिनामा	
			४०६	३१९.९५		
			४०८	१३.९०		
३७.	नुतन श्रेष्ठ	१०२५-१४	९४	४२.७१	राजिनामा	
			८९	९.९४		
			९३	४.९७		
			९६	६७.५६		
		१०२५-१५	४८६	१.९९		
			४६६	२५.८३		
			४६८	१३.९१		
३८.	धर्मशोभा शाक्य	१०२५-१४	१०९	२०२.७०	राजिनामा	
३९.	डिम्पल वंशल	१०२५-१५	४७२	१०१.३५	राजिनामा	

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
४०.	सरिता मानन्धर श्रेष्ठ	१०२५-१५	३२५	१३९.११	राजिनामा	
			३४४	६.९६		
		१०२५-२०	१०२	०-१-३-०.५		
			१००	०-०-०-०.५		
			९८	०-०-०-३.५		
४१.	सरस्वती घले गुरुङ्ग	१०२५-१५	१३३	०-१३-०-१	राजिनामा	
			१३२	०-१-३-०		
			५०९	११.८९		
४२.	गीता गौतम खनाल	१०२५-१५	३६१	३.९७	राजिनामा	
			३७३	५.९६		
			३६९	४.९७		
			३५९	१.९९		
			३०३	०-०-०-२		
			३७५	३.९७		
			३९७	१३.९०		
			३९३	१७०.९०		
			३७९	८०.४७		
			३९६	१२७.८१		
४३.	नितु गुरुङ्ग	१०२५-१५	३६२	५५.६४	राजिनामा	
			३६५	१९.८६		
			३६७	१.९९		
			३७०	४९.६८		
			३७२	५७.६२		
			३१	०-३-०-३		
			३४	०-२-०-३		
			२९८	०-०-२-०		
			३५१	६५.५५		
४४.	रीता ओझा गौतम	१०२५-१५	३६८	०.९९	नामसारी	
			३७१	५.९६		
			३९२	१३५.१३		
			३७८	०.९९		
			३९५	३५.७७		
			३८१	१२७.१८		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			३८४	११.९२		
४५.	रत्नहिरा बज्राचार्य	१०२५-१५	२६१	०-८-३-०	राजिनामा	
			२६४	०-८-१-०		
४६.	प्रतिमा वैद्य प्रधान	१०२५-१४	५३	७.९५	राजिनामा	
			५५	५.९६		
			५७	१०१.३५		
			५९	३०२.०६		
			११८	११.९७		
		१०२५-१५	४९४	६७.५७		
			४९५	७३.५३		
			४९८	५७.६३		
४७.	प्रविण ताम्राकार	१०२५-१५	४३१	११७.२५	राजिनामा	
			४२९	९१.४१		
			४२२	३९.७४		
४८.	विजय ताम्राकार	१०२५-१४	९२	०.९९	राजिनामा	
			७६	३३.७८		
			८५	२१.८६		
			१७	०-०-२-०		
		१०२५-१५	४१९	२५.८३		
			४४	०-०-०-३		
			१७९	०-०-२-२		
			४२८	१०१.३५		
			४२१	२३.८५		
			४८५	०.९९		
४९.	माया शेर्पा गौचन	१०२५-१४	८२	७९.४७	राजिनामा	
			१०७	१४५.०७		
			८०	५.९४		
			८७	२३.८५		
५०.	महेशराजा तुलाधर	१०२५-१४	५१	१७६.८६	राजिनामा	
		१०२५-१९	१५	१५.९७		
			१८	१३.९१		
५१.	द्वारिकादेवी श्रेष्ठ	१०२५-१५	३६४	४३.७२	राजिनामा	
			३६६	२९.८०		
			३९०	७.९५		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			३५२	७.९५		
			३८७	१५८.९८		
			३५४	९७.३८		
			३३५	१५५.००		
			३५७	१३५.१३		
५२.	इन्द्रदेव गुरुङ्ग	१०२५-१५	१२५	०-१-०-०	राजिनामा	
			११८	०-०-२-०		
			१२१	०-०-३-२		
			६५१	१०२.७०		
			१२३	०-०-३-०		
			२२	८३.३९		
		१०२५-१९	३३	२१.८६		
५३.	कुमार रेग्मी	१०२५-१५	५११	४०.४४	राजिनामा	
५४.	इन्दु शर्मा	१०२५-२०	१०५	७९.४९	राजिनामा	
			१०७	९९.३६		
			१०९	१७४.८८		
			१११	७.९५		
			७३	०-२-१-२		
		१०२५-१९	७२	०-१२-०-२	राजिनामा	
			७६	०-०-१-२		
			१९	२२४.५६		
			२१	२३८.४७		
		१०२५-१५	९३	१९०.७८		
५५.	संदिप ढकाल	१०२५-१५	२८१	०-०-२-३	हालैदेखिको बकस	
			२७४	०-१३-३-२		
			२७५	०-१-३-२		
			३०७	०-१-१-२		
			७४५	३३६.५७		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
५६.	भवानी जोशी	१०२५-१४	७५	१७०.९०	राजिनामा	
			८४	८१.४		
५७.	भारती पाण्डे	१०२५-१५	३२१	१.९९	राजिनामा	
			३४७	५.९६		
			५३४	१५७.२१		
५८.	विवेक कुमार सुवेदी	१०२५-१५	२७६	०-८-०-२	हालैदेखिको बकस	
			१००	१-४-३-३		
			७४९	५६.५७		
५९.	केशव तुलाधर	१०२५-१५	४७७	१४.९२	राजिनामा	
			४६१	१२.९२		
			४६३	१९.८७		
			४५४	१३३.१३		
			४६५	९.९४		
			४७३	१.९९		
६०.	अनिता देवी कंसाकार	१०२५-१४	९५	०.९९	राजिनामा	
			१२४	१.२६		
			१२२	११५.००		
६१.	ॐ विर मान ताम्राकार	१०२५-१५	४७५	९.९४	राजिनामा	
			४८३	९.९४		
			४६९	३९.७३		
			४९०	१५५.००		
६२.	भाटभटेनी डेभलपर्स कं.प्रा. लि.	१०२५-२०	१०	२-६-०-१	राजिनामा	
			१७	०-१-०-२		
			७९	०-४-२-३		
			८२	०-२-०-२		
			८१	०-१-०-०		
			१२	०-०-२-२		
			१४	०-०-०-०.५		
		१०२५-१५	२८६	०-५-०-०		
			५७	०-४-०-०		
			५८	०-०-१-०		
		१०२५-१४	१२१	३८१.५६		
६३.	अनिल मान ताम्राकार	१०२५-१४	११०	१५.९०	राजिनामा	
			१२५	२०.५९		
			१२३	५८.९०		
६४.	गोविन्द लाल	१०२५-१५	५०१	५३.६९	राजिनामा	

क्र.सं.	हालको जग्गाधनीको नाम संघाई	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			४५७	९.९४		
			५००	११.९१		
			४९७	१३.९१		
			४८९	१२१.२२		
६५.	गायत्री श्रेष्ठ (कंसाकार)	१०२५-१४	८८	१९.८७	राजिनामा	
			१०८	२२६.५५		
६६.	सानु कान्छा भन्ने पञ्च नारायण महर्जन	१०२५-१५	२२१	०-७-०-०	राजिनामा	संयुक्त
			२२३	०-८-१-१		
६७.	राधा सिग्देल आचार्य		२२४	०-१-२-३		
६८.	माधवी सुवेदी		३०५	०-०-२-०		
६९.	मचाबाबु प्रजापति	१०२५-१५	२६६	०-०-३-०	नामसारी/राजिनामा	संयुक्त
७०.	उमा कुमारी ढकाल्नी		९८	०-०-३-३		
७१.	माधवी सुवेदी		२९४	०-०-३-१		
			३१६	०-७-३-१		
७२.	मिन बहादुर गुरुङ्ग	१०२५-२०	८३	०-१३-३-१	राजिनामा	संयुक्त
७३.	शोभाकान्त ढकाल					
७४.	रामकुमार सुवेदी	१०२५-१५	५०७	७.९५		
७५.	डि. एल. एफ. डेभलपर्स प्रा. लि.	१०२५-१५	२५१	०-९-२-०	राजिनामा	
			२१५	०-९-०-०		
			२९३	०-०-२-३		
			२५६	०-१०-०-०		
			५१७	११०.००		
			५१५	६६९.६२		
			५४२	५३६.४३		
			५५५	१०९.२७		
			५६४	१९.८५		
			५६६	६०४.१०		
			५६०	२८६.०८		
			५७०	३०६.०५		
			५८०	१३.८३		
			५८३	७९०.९०		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			२९६	१५८.९५		
			२७३	११.९१		
			२६८	१५.९०		
			२५२	०-८-२-२		
			२४८	०-०-३-२		
			२५५	०-०-२-०		
			२९१	०-०-३-०		
			८६	१-१२-१-२		
			२१६	१-६-३-१		
			२१९	२६२.६८		
			२९२	०-०-२-२		
			२५४	१-३-०-०		
			२३९	०-२-१-१		
			२४१	०-१-०-३		
७६.	सरला गुरुङ्ग	१०२५-१५	२८२	१-४-३-२	राजिनामा	संयुक्त
७७.	उमा कुमारी ढकाल्नी		२८५	०-२-१-२		
७८.	माधवी सुवेदी		२७०	६६९.५८		
७९.	रुपेस कुमार सुवेदी	१०२५-१५	२६३	०-९-३-२	हालैदेखिको बकस	संयुक्त
८०.	सरोज ढकाल		२७१	१-१-०-२		
			४०५	३१९.९१		
			५२०	१०६.८७		
८१.	पहलमान गुरुङ्ग	१०२५-१५	३३५	९९.५१	राजिनामा	
			३५८	६३.५५		
		१०२५-१४	६६७	२७३.७३		
८२.	पुरुषोत्तम पौडेल	१०२५-२०	९२	७६३.११	राजिनामा	
८३.	प्रमोद शेरचन	१०२५-२०	९३	३९१.४९	राजिनामा	
८४.	बाबा कार्की	१०२५-१५	७४०	८७१.६५	राजिनामा	
८५.	नविन पौडेल	१०२५-१५	३०९	०-०-१-१	राजिनामा	
			३१५	०-७-२-३		
८६.	कनक हर्बल	१०२५-२०	८७	०-२-३-०	राजिनामा	
			९०	०-७-३-०		
८७.	अच्युतराज श्रेष्ठ	१०२५-१५	३४५	४५.७१	राजिनामा	
			३३१	४०१.४२		
			३२८	१५.९		

क्र.सं.	हालको जग्गाधनीको नाम	जग्गाको विवरण			प्राप्तिको श्रोत	कैफियत
		सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)		
			३९९	५१.६७		
८८.	विजेन्द्र जोशी	१०२५-१४	३५	२९.८२	राजिनामा	
			१२७	४६.७५		
			१३५	२३८.४४		
		१०२५-१५	५१२	४५७.०३		
८९.	बद्री लक्ष्मी श्रेष्ठ	१०२५-२०	१२५	१६.५९	राजिनामा	
		१०२५-१५	३४३	२५.८३		
			५२६	७५.४८		
			५२८	६.८८		
			३२७	७.५९		
९०.	खेमलाल खरेल	१०२५-१५	४४६	२२१.३३	राजिनामा	
९१.	अगम ढुङ्गाना	१०२५-१५	२२६	२३६.४५	राजिनामा	
			३८	६५.५७		
			४४३	११५.२६		
			४४९	११.९२		
			४३८	१७.९		
			४३६	८		
			४४५	६१.६		
			४२६	१०९.३		
			४४०	११३.२७		
			३४१	३.९८		
			१९४	१५.९		
			४२४	५.९६		
			३३८	२.९९		
९२.	सुनिती राणा	१०२५-२०	४८	१४.८६	छुट जग्गा दर्ता	
		१०२५-१५	१११	३९२.९९		

क) हालका जग्गाधनीहरूको बयानको संक्षिप्त व्यहोराः-

१) कल्पना तुलाधरको बयानः-

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र रहेको कि.नं. ६४३ र ६४५ को जग्गा शोभाकान्त ढकाल र रामकुमार सुवेदीसँग, कि.नं. ७३४ सरला घले गुरुङ्गसँग, कि.नं. ४५९ अगम ढुंगानासँग, कि.नं.४५१ र ४४४ को खेमलाल खरेलसँग, कि.नं. ६२६ शोभाकान्त ढकालसँग र कि.नं. ६२७ राम कुमार सुवेदीसँग खरिद गरी मालपोत कार्यालयमा गएर पास गरेको हो। सो जग्गाको जम्मा मुल्य रू.१,२८,८७५००।- तिरी राजिनामा लिखित गरी लिएको हो। मलाई उक्त जग्गाहरू सरकारी हुन भन्ने थाहा थिएन भन्ने समेत व्यहोराको कल्पना तुलाधरले गरेको बयान।

२) **शर्मिला शाक्य/बज्राचार्यको बयानः-**

मेरो नाममा बालुवाटार ललिता निवास क्याम्पभित्र रहेको कित्ता नं. ४८० को जग्गा चमेली श्रेष्ठसंग, कित्ता नं. ५०४ को जग्गा सरस्वती घलेसँग, कित्ता नं. ४७८ को जग्गा अगम ढुंगानासँग र कित्ता नं. ४०१ को जग्गा रेणु कुमारी मारवाडी भन्ने व्यक्तिसँग २०७१ सालमा खरिद गरेको हो, उक्त जग्गाहरू सरकारी हुन भन्ने मलाई थाहा थिएन भन्ने समेत व्यहोराको शर्मिला शाक्य बज्राचार्यले गरेको बयान।

३) **गैर-आवासीय नेपाली संघको बयानः-**

गैर आवासीय नेपाली संघका नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ७४८, ७५२, ७४४, ७४६ र ७५० गरी पाँच कित्ता रहेका छन्। ती जग्गाहरू शोभाकान्त ढकाल तथा उनका परिवार र राम कुमार सुवेदी तथा उनका परिवारका नाममा रहेको जग्गा प्रतिआना रु.२६,५०,०००।—का दरले ४८ आना रु.१२,७२,००,०००।- मा खरिद गरेको हो। संघले ती जग्गा खरिद गर्न सम्झौता गरी नेपाल सरकारका सम्बन्धित निकायहरूको सिफारिसमा मन्त्रिपरिषद्को निर्णय अनुसार खरिद गरेको हो। संघले जग्गा आफ्नो नाममा कायम गर्नू भन्दा अगाडी यी जग्गा सरकारी प्रकृतिका हुन भन्ने कुनै जानकारी थिएन। नेपाल सरकार मन्त्रिपरिषद्को मिति

२०७२।१।३१ को निर्णय अनुसार रजिष्ट्रेसन दस्तुर समेत छुट गरिएको थियो भन्ने समेत व्यहोराको गैर-आवासीय नेपाली संघका प्रतिनिधि राजेश शम्शेर राणाले गरेको बयान।

४) सज्जन कुमार चाचानको बयानः-

मैले खरिद गरेको कि.नं. ७४२ को जग्गा ललिता निवासभित्रको जग्गा हो भन्ने थाहा थिएन। उक्त जग्गा मनोज कुमार गौतमसँग मिति २०७१।७।१४ गते मालपोत कार्यालयबाट राजीनामा रजिस्ट्रेशन पास गरी रू.२४,००,०००।- मा म र छोरी देवान्शी गोयलको नाममा संयुक्त रुपमा खरिद गरेको हो। यो जग्गा सरकारी भएको कुनै जानकारी थिएन भन्ने समेत व्यहोराको सज्जन कुमार चाचानले गरेको बयान।

५) देवान्शी गोयलको बयानः-

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ७४२ क्षेत्रफल २५४.३२ वर्ग मिटर जग्गा रहेको छ। मैले उक्त जग्गा मनोज कुमार गौतमसँग मिति २०७१।७।१४ मा रू.२४,०००,००।- मा सज्जन कुमार चाचनसँग मिली संयुक्त रुपमा खरिद गरी लिएको हो। उक्त जग्गा सरकारी हो भनी मलाई थाहा थिएन भन्ने समेत व्यहोराको देवान्शी गोयलले गरेको बयान।

६) मनोज कुमार केडियाको बयानः-

मेरो नाममा बालुवाटारस्थित ललिता निवसा क्याम्पभित्र कि.नं. २२५, ४०६, ५२३ , ५२१, ६३१, ६३३, ६३४, ६३७ का जग्गाहरू रहेको छ। मैले ती जग्गाहरू सरोज ढकाल र रुपेश कुमार सुवेदीबाट म मनोज कुमार केडिया, शोभाकान्त ढकाल र राम कुमार सुवेदीले मिली २०६५।८।११ मा खरिद गरी तथा शोभाकान्त ढकाल र रामकुमार सुवेदी समेत दुई जनाको हक हिस्सा जम्मा रु. ३,३६,८०,०००।—मा पटक-पटक गरी किनेको हुँ। जग्गाका काम गर्ने मान्छेहरूले बालुवाटारमा जग्गा रहेको भनी

शोभाकान्त र राम कुमार सुवेदीलाई भेटाई दिनु भएको थियो र उक्त जग्गाहरू मालपोत कार्यालय डिल्लीबजारबाट पास गरेको हुँ भन्ने समेत व्यहोराको मनोज कुमार केडियाले गरेको बयान।

७) **मनोज कुमार गौतमको बयानः-**

काठमाण्डौं बालुवाटारस्थितका कि.नं. ७४३ को जग्गा मेरी आमाले देवकी चाचानबाट रु.११,०१,०००।- मा खरिद गरी मिति २०६६।५।२ गते आमाबाट अंशमार्फत् प्राप्त भएको हो, मालपोत कार्यालयबाट रजिष्ट्रेसन गर्दा समेत सरकारी जग्गा रहेको कही कतैबाट जानकारी नभएको भन्ने समेत व्यहोराको मनोज कुमार गौतमले गरेको बयान।

८) **मन्ती गोर्खालीको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं ५२५, कित्ता नं ५२७, कित्ता नं. ५२९ र कि.नं. १२० को जग्गा रहेको छ। मैले यी जग्गाहरू मिनु जोशीसँग रू.४,३९,०००।- मा मिति २०६७/१२/१० गते डिल्लीबजार मालपोत कार्यालयबाट राजिनामा लिखत गरी खरिद गरेको हुँ भन्ने समेत व्यहोराको मन्ती गोर्खालीले गरेको बयान।

९) **निर्मलादेवी गोयलको बयानः-**

बालुवाटारमा मेरो नाममा भएका कित्ता नं. ५४०, कित्ता नं. २१२, कित्ता नं. २५७, कित्ता नं. ५४४, कित्ता नं. ५५८ र कित्ता नं. ५७८ को जग्गाहरू छन्।ती जग्गाहरू सरकारी भएको जानकारी मलाई भएन, त्यस्तो जानकारी भएको भए सो जग्गा म किन्ने नै थिइन, मैले उक्त जग्गाहरू शोभाकान्त ढकाल तथा राम कुमार सुवेदी र रजनी पनेरुबाट नेपाल सरकारको कानूनी बमोजिम रजिष्टेशन शुल्क बुझाई खरिद गरेको हुँ भन्ने समेत व्यहोराको निर्मलादेवी गोयलले गरेको बयान।

१०) **निकिता तुलाधरको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र रहेको कित्ता नं. ६४१ र ६३९ को जग्गा मिति २०७० मा राम कुमार सुवेदी र शोभाकान्त ढकालसँग मालपोत कार्यालयबाट मूल्य रु ८३,१०,०००।- मा मालपोत कार्यालयबाट लिखत गरी किनेको हो। यो जग्गा सरकारी प्रकृतिको भनेर मलाई थाहा थिएन भन्ने समेत व्यहोराको निकिता तुलाधारले गरेको बयान।

११) **अभिताम्भ तुलाधरको बयानः-**

वालुवाटारस्थित ललिता निवास क्यामभित्र मेरो नाममा कित्ता नं. ५०६ को जग्गा छ, यो जग्गा मैले मिन बहादुर गुरुङ्ग, राम कुमार सुवेदी र शोभाकान्त ढकालबाट मिति २०७०/०३/१२ गते मालपोत कार्यालय डिल्लीबजारमा गई रजिष्टेशन नामसारी गरी रु.८०,००,०००।- मा खरिद गरेको हुँ।यी जग्गाहरू मेरो नाममा आउनुअघि सरकारी प्रकृतिका हुन भनेर केही जानकारी थिएन भन्ने समेत व्यहोराको अमिताम्भ तुलाधारले गरेको बयान कागज।

१२) **उमा प्रसाईको बयानः-**

मेरो नाममा बालुवाटार ललिता निवास क्याम्पभित्र कि.नं. ३३७, कि.नं. ३५०, कि.नं. ५३३ को जग्गा रहेको छ । उक्त जग्गाहरू रुपतारा बज्राचार्यसँग २०६६/०८/०५ गते मालपोत कार्यालय, डिल्लीबजारबाट राजीनामा पास गरेर रू.७,५०,०००।- मा खरिद गरेर लिएको हो। मलाई उक्त जग्गाहरू सरकारी हुन् भनेर थाहा थिएन भन्ने समेत व्यहोराको उमा प्रसाईंले गरेको बयान।

१३) **युरिशोभा तुलाधरको बयानः-**

मेरो नाममा बालुवाटारमा एउटा ८-९ आना जग्गा मेरो छोराले १० वर्ष अगाडी किनि दिएको हो, उक्त जग्गा सरकारको हो भन्ने मलाई थाहा थिएन भन्ने समेत व्यहोराको युरीशोभा तुलाधारले गरेको बयान।

१४) **रेणुका बज्राचार्यको बयानः-**

मेरो नाममा काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. १०१,१११ र ९८ कित्ताका जग्गाहरू रहेका छन्।उक्त जग्गाहरू मैले मालपोत कार्यालयको डोरबाट रु. १०,००,०००।- रकममा लिएको हो, यो जग्गा सरकारी हो भन्ने मलाई थाहा भएन भन्ने समेत व्यहोराको रेणुका बज्राचार्यले गरेको बयान।

१५) **सुविस्ता तुलाधरको बयानः-**

म समेतको संयुक्त नाममा बालुवाटारस्थित ललिता निवास क्यामभित्र कित्ता नं. ४३५, ४५८, ४४८, ४४२ र ४५० को जम्मा क्षेत्रफल १ रोपनी जग्गा मिति २०६४।०४।०६ मा खेमलाल खरेल र अगम ढुङ्गानासँग रु. २४,००,०००।— मा डोर मार्फत् राजिनाम पास गरी किनेको हो, यी जग्गाहरू सरकारी हुन भनेर मलाई थाहा थिएन भन्ने समेत व्यहोराको सुविस्ता तुलाधारले गरेको बयान।

१६) **अञ्जना तुलाधर ताम्राकारको बयानः-**

मेरो बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ४३५, ४५८, ४४८, ४४२ र ४५० का जग्गाहरू रहेका छन। ती जग्गाहरू खेमलाल खरेल र अगम ढुङ्गानाबाट २०६४/०४/०६ मा रु.२४,००,०००।- मा किनेको हो।उक्त लिएको जग्गाहरू सरकारी प्रकृतिका हुन भनेर थाहा थिएन भन्ने समेत व्यहोराको अन्जना तुलाधर ताम्राकारले गरेको बयान।

१७) **चन्द्रिका कंसाकार तुलाधारको बयानः-**

मैले संयुक्त रुपमा बालुवाटारस्थित कित्ता नं. ४३५, ४५८, ४४८, ४४२, ४५० जम्मा क्षेत्रफल १ रोपनीको जग्गा खेमलाल खरेल र अगम ढुङ्गानासंग मिति २०६४।४।६ मा रु.२,४०,०००।— मा डोर मार्फत् राजिनाम गरी लिएको हो, हामीलाई यो जग्गा सरकारी हो भनेर थाहा थिएन भन्ने समेत व्यहोराको चन्द्रिका कंसाकार तुलाधरले गरेको बयान।

१८) **सानुछोरी बज्राचार्यको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्यापभित्र कित्ता नं. १०४ को जग्गा माधबी सुवेदीसँग, कित्ता नं. १०२ को उमा कुमारी ढकाल र सरला घले गुरुङ्गसँग, कित्ता नं. १९९ र कित्ता नं. ४७० को कुमार रेग्मीसँग, कित्ता नं. ४९६ को चमेली श्रेष्ठसँग खरिद गरी लिएको हो। मैले यी जग्गाहरू नेपाल सरकारको कानूनबमोजिम राजश्व तिरी मिति २०६४/०३/२८ मा डोरमार्फत् किनेको हो। मलाई यी जग्गाहरू सरकारी प्रकृतिका हुन भनेर थाहा थिएन भन्ने समेत व्यहोराको सानुछोरी बज्राचार्यले गरेको बयान।

१९) **सिपिका खेतानको बयानः-**

बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र मेरो नाममा कायम रहेको जग्गाहरू मेरो पति नविन खेतानले भने पछि बाह्र वर्ष अगाडी मिन बहादुरसंग किनेको हो भन्ने समेत व्यहोराको सिपीका खेतानले गरेको बयान।

२०) **सन्ध्या शाक्यको बयानः-**

बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र मेरो नाममा कित्ता नं. ११६, २९, ३१, २४ जग्गाहरू रहेको छ उक्त जग्गा मैले मिनबहादुर गुरुङ्गबाट २०६४/४/६ मा प्रती आना सात लाखका दरले खरिद गरी लिएको यी जग्गाहरू मलाई सरकारी भन्ने थाहा थिएन भन्ने समेत व्यहोराको सन्ध्या शाक्यले गरेको बयान।

२१) **संगिता कोठारी राखेचाको बयान व्यहोराः-**

मेरो नाममा काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कायम रहेका कित्ता नं. ७०, ७२, १२८, १३०, १३२, १३४ का जग्गा मैले मिनबहादुर गुरुङ्ग, पहलमान गुरुङ्ग र विजेन्द्र जोशीबाट मिति २०६४/११/०८ मा मालपोत कार्यालयबाट पास गरी रु. ४६,००,१२५।— मा खरिद गरी जग्गा सरकारी प्रकृतिका हुन् भनेर

हामीलाई थाहा नभई लिएको हो भन्ने समेत व्यहोराको संगिता कोठारी राखेचाले गरेको बयान।

२२) **नुतन श्रेष्ठको बयानः-**

बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र मेरो नामको कित्ता नं. ४८६ इन्द्र देव गुरुङ्गबाट, कित्ता नं. ९६र ४६८ कुमार रेग्मीसँग खरिद गरेको, कित्ता नं. ८९ र ९३ मिन बहादुर गुरुङ्गसँग खरिद गरेको र कित्ता नं. ९४ र ४६६ सरस्वती गुरुङ्गसँग रु. ३००००० .२।-मा मालपोत कार्यालय, डिल्लीबजारबाट पास गरी खरिद गरेको हुँ। यी जग्गाहरू सरकारी प्रकृतिका हुन भनेर मलाई थाहा थिएन भन्ने समेत व्यहोराको नुतन श्रेष्ठले गरेको बयान।

२३) **धर्मशोभा शाक्यको बयानः-**

मैले बालुवाटारस्थित कित्ता नं. १०० को जग्गा भाटभटेनी डेभलपमेन्ट कं.प्रा.लि. सँग राजिनाम पास गरी मिति २०६४ सालमा रु १५,००,०००।— तिरेर लिएको हुँ, मलाई उक्त जग्गा सरकारी हो भनेर थाहा थिएन भन्ने समेत व्यहोराको धर्मशोभा शाक्यले गरेको।

२४) **डिम्पल वंशलको बयानः-**

मेरो नाममा काठमाण्डौं जिल्ला बालुवाटारमा कित्ता नं. ४७२ को जग्गा रहेको छ। यो जग्गा मैले मिन बहादुर गुरुङ्गसंग NDEP बैंकबाट लोन गरी लिएको हो। उक्त जग्गाहरू मैले डोर कार्यालय मार्फत् लिखत गरी सात लाख रुपैयाँ आनाको दरले लिएको थिएँ। जग्गा बिक्रीमा छ भनेर मैले नविन खेतानबाट थाहा पाएको हुँ, उक्त जग्गा सरकारी हो भनेर मलाई कुनै जानकारी थिएन भन्ने समेत व्यहोराको डिम्पल वंशलले गरेको बयान।

२५) **सरिता मानन्धर श्रेष्ठको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास कम्पाउण्ड भित्र कि.नं. ९८, १००, १०२, ३२५, ३४४ को जम्मा ०-६-२-२ जग्गा छ। ती जग्गाहरू मिन बहादुर गुरुङ्ग, सरस्वती घले गुरुङ्ग, कल्याण गुरुङ्गबाट २०६३ साल मंसिर १८ मा कान्तीपथ स्थित डोर कार्यालय र २०६३ माघ १९ मालपोत कार्यालय डिल्लीबजारबाट रू.३२,२५,०००।— मा खरिद गरेको हो। उक्त समयमा उक्त जग्गा सरकारी भएको बारेमा केही थाहा पाएन थाहा पाएको भए किन्ने पनि थिइन भन्ने समेत व्यहोराको सरिता मानन्धर श्रेष्ठले गरेको बयान।

२६) **गीता गौतम खनालको बयानः-**

काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ३९३, ३७९, ३९६, ३९७, ३५७, ३०३, ३६०, ३७३, ३९९ का १० आना जग्गाहरू मेरो नाममा छन। त्यति बेला २०६४ सालमा मिनबहादुर गुरुङ्ग, पहलमान गुरुङ्ग, शोभाकान्त ढकाल, राम कुमार सुवेदीबाट मालपोतमा पास गरी लिएको हो या डोर पास गरेको त्यो मलाई याद छैन। उक्त जग्गाहरूको कारोबार श्रीमानले गरेकोले कति रकममा लिएको मलाई थाहा छैन, यी जग्गाहरू मेरो नाममा कायम हुनुपूर्व सरकारी प्रकृतिका हुन्, भनेर मलाई थाहा थिएन भन्ने समेत व्यहोराको गीता गौतम खनालले गरेको बयान।

२७) **नितु गुरुङ्गको बयानः-**

मेरो नाममा काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं.३१५, कि.नं. ३८९ कि.नं. ३३५, कि.नं. ३७७, कि.नं. ३८०, कि.नं. ३८३, कि.नं. ३६२, कि.नं. ३६५, कि.नं. ३६७, कि.नं. ३७०, कि.नं. ३७२, कि.नं. ३१, कि.नं. ३४, कि.नं. २९८, कि.नं. १७३ र कि.नं. ३८५ समेतका जग्गाहरू रहेका छन्, सो जग्गा किनबेच गर्ने व्यक्तिले मिलाएर मिन बहादुर गुरुङ्ग र पहलमान गुरुङबाट मालपोत कार्यालयको श्रेस्तामा कायम भए अनुसार मिति २०६३।८।२४ गते मालपोत कार्यालय

डिल्लीबजारबाट सरकारी नियमपूरा गरी रकम तिरेर लिएको हो, यी जग्गाहरू सरकारी हुन भन्ने मलाई थाहा थिएन भन्ने समेत व्यहोराको नितु गुरुङले गरेको बयान।

२८) **रत्नहिरा बज्राचार्यको बयानः-**

मेरो नाममा बालुवाटारमा कित्ता नं. २६१ र कित्ता नं. २६४ जग्गाहरू रहेका छन् उक्त जग्गाहरू रुपेश कुमार सुवेदी र सरोज ढकालसँग मिति २०६४।१।५ मा रु. आठ लाख पचास हजारमा किनेको हो, यी जग्गाहरू मलाई सरकारी प्रकृतिका हुन भनेर थाहा थिएन भन्ने समेत व्यहोराको रत्नहिरा बज्राचार्यले गरेको बयान।

२९) **प्रविण ताम्राकारको बयानः-**

काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका कित्ता नं. ४३१ को मुल्य रु. २५,८१,२५०।- मा मिन बहादुर गुरुङबाट, कित्ता नं. ४२२ को मुल्य रु. ८,७५,०००।- मा विवेक सुवेदीसँग र कित्ता नं. ४२९ को मुल्य रु. २०,१२,५००।— मा सरस्वती घले गुरुङसँग मालपोत कार्यालयको डोरमार्फत् कान्तिपथमा राजीनामा पास गरी मेरो नाममा कायम भएको हो। मलाई यी जग्गाहरू सरकारी हुन भनेर थाहा थिएन भन्ने समेत व्यहोराको प्रविन ताम्राकारले गरेको बयान कागज।

३०) **विजय ताम्राकारको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ९२, ७६, ४१९, ४४, १७९, ८५, १७, ४२८, ४२१ र ४८५ का जग्गाहरू मिति २०६४ साल आषाढ महिनाम सरस्वती घले गुरुङ, इन्द्रदेव गुरुङ, विवेक सुवेदी र कामना गुरुङबाट रु. ११,८१,२५१।— मोल तिरी राजीनामा पास गरी लिएको हो भन्ने समेत व्यहोराको विजय ताम्राकारले गरेको बयान।

३१) **माया शेर्पा गौचनको बयानः-**

मेरो नाममा बालुवाटार स्थित ललिता निवास क्यापभित्र ४ कित्ता जग्गा छ यो जग्गा भाटभटेनी डेभलपर्स, सरस्वती घले गुरुङ र कामना गुरुङबाट २०६४।४।११ मा खरिद गरेकी हुँ।भाटभटेनी डेभलपर्सले प्लटिङ गरेको एउटा प्लट बाँकी रहेको र मालपोतमा बुझ्दा कुनै झमेला नभएको थाहा भएपछी मैले १२,००,०००।— रुपैयाँमा मालपोत कार्यालय डिल्लीबजारको डोरमार्फत् कान्तिपथबाट खरिद गरेको हुँ।सरकारी जग्गा थियो भन्ने कुरा मलाई कुनै जानकारी थिएन।जग्गाको बारेमा बुझेपछि नेपाल सरकारकै मालपोतबाट नामसारी गरी लिएको हुँ कुनै झमेला र किचलो भएको यहाँ थाहा भएको भए आफ्नो मेहनतको कमाई डुबाउने थिएन भन्ने समेत व्यहोराको माया शेर्पा गौचनले गरेको बयान।

३२) **महेशराजा तुलाधरको बयानः-**

मेरो बालुवाटार ललिता निवास क्याम्पभित्र कि.नं. ५१, १५, १८ को क्रमश क्षेत्रफल ००१७६.८६, ००१५.९०, ०.००१३:९१ को जग्गा रहेको छ। उक्त जग्गाहरू सरोज बज्राचार्यबाट मिति २०६४।०४।२४ मा मालपोत कार्यालय डिल्लीबजारमा गई रजिष्ट्रेसन पास गरी लिएको हो। सो जग्गा सरकारी प्रकृतिको भन्ने थाहा नपाएको भन्ने समेत व्यहोराको महेशराजा तुलाधरले गरेको बयान।

३३) **द्वारिकादेवी श्रेष्ठको बयानः-**

मेरो काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ३५४४ ३३५, ३८७, ३६४, ३६६, ३९०, ३५२ गरी जम्मा २० आना जग्गा छ। ती जग्गाहरू पहलमान गुरुङ्ग, संदिप ढकाल, सरला घले गुरुङ्ग र विवेक कुमार सुवेदीबाट २०६३ सालमा मालपोत कार्यालयको डोर खटी भाटभटेनी सुपरमार्केटको घरबाट खरिद गरेको हो।यी जग्गाहरू नेपाल सरकारको हो भन्ने कुरा हामीलाई थाहा थिएन भन्ने समेत व्यहोराको द्वारिका देवी श्रेष्ठले गरेको बयान।

३४) **कुमार रेग्मीको निवेदनः-**

मैले मिति २०६१।१०।११ गते कानूनबमोजिम मालपोत कार्यालय डिल्लीबजारबाट राजिनामा रजिष्ट्रेशन पारित गरी साविक काठमाण्डौं नगरपालिका वडा नं.४ को कित्ता नं.४४ बाट क्षे.फ.०-५-३-०,कि.नं.४६ बाट ०-५-३-० र कि.नं.१६५ बाट क्षे.फ.०-०-२-२ जग्गा खरिद गरी मिति २०६४।४।६ मा बिक्री समेत गरीसकेकोमा मैले सार्वजनिक प्रयोजनका लागि छाडेको का.जि.का.न.पा.वडा नं.४ सिट नं.१०२-१०२-१०२-१०२५-१५ कि.नं.५११ क्षे.फ.४०.४४ व.मि.जग्गा सार्वजनिक वा सरकारी हुन गर्न मेरो मन्जुरी रहेको छ भन्ने समेत व्यहोराको निवेदनमा निजले मिति २०७६।०६।१४ मा गरेको सनाखत।

३५) **संदिप ढकालको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. २८१, कित्ता नं. २७४, कित्ता नं. २७५, कित्ता नं. ३०७, कित्ता नं. ४८ र कित्ता नं. ७४५ को जग्गाहरू छन। यी जग्गाहरू मैले आमा उमा कुमारी ढकाल्नीबाट हालैदेखिको बकसबाट मिति २०६१।१०।२८ मा प्राप्त गरेको हुँ भन्ने समेत व्यहोराको संदिप ढकालले गरेको बयान।

३६) **भवानी जोशीको बयानः-**

अहिले मेरो नाममा ललिता निवास क्याम्पभित्र २ कित्ता जग्गा रहेको छ। यो जग्गा कामना गुरुङ्गबाट २०६४ सालमा मेरो छोरी निरा जोशीले रु.११,९०,६२५।- मा खरिद गरी फेरी २०६६ सालमा मालपोत कार्यालय, डिल्लीबजारबाट मेरो नाममा बकस पासगरिदिएको हो, मलाई सो जग्गा सरकारी प्रकृतिका हुन भन्ने कुरा थाहा थिएन भन्ने समेत व्यहोराको भवानी जोशीले गरेको बयान।

३७) **भारती पाण्डेको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ३४७, ३२१ र ५३४ को लगभग ५ आना जग्गा रहेको छ यो जग्गा मैले रुपतारा बज्राचार्यबाट २०६६ सालमा किनेको हुँ। सो जग्गा मालपोत कार्यालय डिल्लीबजारबाट राजिनाम पास गरी रु.१७,००,०००।- मा खरिद गरी लिएको हुँ। यी जग्गाहरू मलाई सरकारी हुन भनेर कुनै जानकारी थिएन। जग्गा लिने क्रममा सो जग्गा मिलन कोपरेटिभले मिन बहादुर गुरुङ्ग मार्फत् किनेको र प्लटिङ गरी बेचेको भन्ने जानकारी पाएको थिएँ भन्ने समेत व्यहोराको भारती पाण्डेले गरेको बयान।

३८) केशव तुलाधरको बयानः-

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्यापभित्र ६ कित्ता जग्गा छ। सो जग्गा मैले विवेक कुमार सुवेदी र अगम ढुंगानाबाट मिति २०६४।०४।०६ गते मालपोत कार्यालय, डिल्लीबजारबाट राजीनामा रजिष्ट्रेसन पास गरी लिएको हुँ। सम्बन्धित मालपोत कार्यालयबाट नियमपूर्वक रजिष्ट्रेसन पास गरी सरकारी राजस्व दस्तुरहरू तिरी त्यस बखत चलन चल्लीको मूल्य तिरी साविक एन.डि.ई.पी बैंक बाट ऋणधन गरी मेरो नाममा कायम गरेको उक्त जग्गाहरू मेरो नाममा कायम गर्नूभन्दा अगाडी सरकारी प्रकृतिका जग्गा हुन भनेर थाहा थिएन भन्ने समेत व्यहोराको केशव तुलाधारले गरेको बयान।

३९) ॐ विर मान ताम्राकारको बयानः-

मेरो नाममा बालुवाटारमा कित्ता नं. ४७५, ४६९, ४९०, ४८३ जग्गा रहेको छ। ती जग्गाहरू मीन बहादुर गुरुङ्ग, कुमार रेग्मी, चमेली श्रेष्ठ र अगम ढुङ्गानाबाट डोरबाट कान्तिपथमा बसी २०६४/०४/६ गते जम्मा जग्गा ६ आना दुई पैसा मात्र रु.२८,९९,०५६।- मा लिएको हो। उक्त जग्गाहरू मलाई सरकारी हुन् भनेर जानकारी थिएन भन्ने समेत व्यहोराको ॐ वीरमान ताम्राकारले गरेको बयान।

४०) अनिलमान ताम्राकारको बयानः-

मेरो काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कायम रहेको जग्गा कित्ता नं. ११०, १२५, १२३ को तीन कित्ता जग्गा कामना गुरुङ्ग, भाट भटेनी डेभलपमेन्ट कं.प्रा.ली, कुमार रेग्मी र सरस्वती घले गुरुङ्गबाट अन्दाजी २०६२/२०६३ सालतिर अन्दाजी रु.१०,००,०००।-मा राजिनाम गरी डोर मार्फत् खरिद गरी प्राप्त गरेको हुँ, मलाई उक्त जग्गाहरू सरकारी प्रकृतिका हुन भन्ने कुरा थाहा थिएन भन्ने समेत व्यहोराको अनिलमान ताम्राकारले गरेको बयान।

४१) **गोविन्दलाल संघाईको बयानः-**

मेरो नाममा बालुवाटार स्थित ललिता निवास क्याम्पमा कि.नं. ४५७ र कि.नं. ५०० का दुई कित्ता जग्गा अगम ढुङ्गानाबाट रू.१,०३,१२५।- मा खरिद गरी लिएको र ऐ.ऐ मा रहेको कि.नं. ४९७ र कि.नं. ४८९ का जग्गा चमेली श्रेष्ठको अ.वा. मिन बहानुर गुरुङबाट मिति २०६४।४।६ मा रू.१७,००,०००।— मा ऐ.ऐ. को कि.नं. ५०१ क्षेजग्गा सरस्वती घले गुरुङ्गबाट रू.२५,३१,०२५।—मा खरिद गरेको हुँ, उक्त जग्गाहरू सरकारी हो भन्ने मलाई जानकारी थिएन भन्ने समेत व्यहोराको गोविन्दलाल संघईले गरेको बयान कागज।

४२) **गायत्री श्रेष्ठ (कंसाकार) को बयानः-**

मेरो नाममा बालुवाटार ललिता निवास क्याम्पभित्र रहेको कित्ता नं. ८८ र कित्ता नं. १०८ को जग्गा भाटभटेनी कम्पनीका मीनबहादुर गुरुङसँग मिति ०६४।४।६ मा मालपोत कार्यालय, डिल्लीबजारबाट राजीनामा पास गरी लिएको हो। उक्त जग्गा करीव ५० लाखमा १० लाख नगद र ४०,००,०००/- NDI बैंकबाट सापटी लिएर किनेको हुँ, मलाई यो जग्गा सरकारी हो भनेर थाहा थिएन भन्ने समेत व्यहोराको गायत्री कंसाकारले गरेको बयान।

४३) **राधा सिग्देल आचार्यको बयानः-**

मैले बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका कित्ता नं. ११२ र हाल यती कित्ता कायम २२१, २२३, २२४, ३०५ जग्गा पन्चनारायण मर्हजनबाट सगोलनाम पास गरी निजबाट तीन भागको एक भाग मैले रु.२,१८,७५०।- मा मिति २०५७।११।२ मा किनेको हुँ, मलाई यो जग्गा सरकारी हो भनेर थाहा भएन भन्ने समेत व्यहोराको राधा सिग्देल आचार्यले गरेको बयान।

४४) **मिन बहादुर गुरुङ्गको बयानः-**

म भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर्स प्रा.लि. व्यवसायमा संलग्न छु। म, मेरो परिवार र मेरा साथीहरूले शैलजा राणा, सुनिती राणाहरूसँग २०६०।१२।२५ मा र रुकम शम्शेर ज.व.रा. सँग २०६१।१।८ मा जग्गा मालपोत कार्यालय, डिल्लीबजारबाट रजिष्ट्रेशन पास गरी लिएको हो । भाटभटेनी डेभलेपमेन्ट प्रा.लि.को नाममा बालुवाटारमा ४-५ कित्ता जग्गाहरू विभिन्न व्यक्तिबाट खरिद गरी र केही कित्ता जग्गा प्रधानमन्त्री निवास विस्तारका क्रममा मन्त्रिपरिषद्को निर्णयबाट सट्टा भर्नाबाट आएको हो।राम कुमार सुवेदी कानून व्यवसायी हुन् निजसँग २०६० सालदेखि चिनजान/मुआव्जाको सवालमा मलाई केही थाहा भएन । मैले जग्गा लिदाकै समयमा मालपोत कार्यालय डिल्लीबजारको श्रेस्तामा उल्लेखित जग्गाहरू रोक्का रहेको अवस्थामा थिएनन् र मैले खरिद गरी लिएको हो भन्ने समेत व्यहोराको मिन बहादुर गुरुङले गरेको बयान।

४५) **सरोज ढकालको बयानः-**

मेरो नाममा कायम रहेका बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका कि.नं. २६३, कित्ता नं. २७१, कित्ता नं. ४०५ र कित्ता नम्बर ५२० का जग्गाहरू मिति २०६१/११/३ मा मेरो आमाले आफ्नो भागबाट हालैको बकसपत्रले दिनुभएको हो अहिले यी जग्गाहरू रुपेश सुवेदीसँग संयुक्त रुपमा छ भन्ने समेत व्यहोराको सरोज ढकालले गरेको बयान।

४६) **पहलमान गुरुङ्गको बयानः-**

मेरो नाममा बालुवाटार ललिता निवासमा कि.नं. ६६७, कि.नं. १३२ र कि.नं. ६४ को जग्गा रहेको छ। मैले किनेको जग्गाधनीको नाम थाहा भएन। सो जग्गाहरू मालपोत कार्यालय डिल्लीबजार गई पास गरी लिएको हुँ। मलाई यो सरकारी जग्गा भनेर थाहा नभएको थाहा भएको भए मैले यो जग्गा कसरी मेरो नाममा ल्याउन सक्छु भन्ने समेत व्यहोराको पहलमान गुरुङले गरेको बयान।

४७) **पुरुषोत्तम पौड्यालको बयानः-**

मेरो नाममा बालुवाटार स्थित ललिता निवास पछाडि १-८-०-० जग्गा रहेको छ। उक्त जमिन २०६३/०८/१७ मा इन्दु शर्मासँग रु ३०,००,०००।- मा सरकारी प्रकृतिका जग्गा होईन भनी मालपोत कार्यालय डिल्लीबजार, काठमाडौबाट खरिद गरी लिएको हो भन्ने समेत व्यहोराको पुरुषोत्तम पौडयालले गरेको बयान।

४८) **नविन पौडेलको बयानः-**

हाल म अष्ट्रेलियाको राजधानी क्यानवेरामा बस्छु, मेरो नाममा बालुवाटारमा कुल आठ आना जग्गा रहेको छ। सो जग्गा मैले मिति २०६१।९।२९ मा तत्कालीन जग्गाधनी उमाकुमारी ढकाल्नी र माधवी सुवेदीबाट खरिद गरेको हुँ। प्रचलित कानून बमोजिम जग्गा बिक्री गर्ने जग्गाधनी व्यक्तिको नाममा मालपोत कार्यालय, डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको कहीं कतैबाट रोक्का नभएको र सम्बन्धित मालपोत कार्यालयले खरिद बिक्री गर्न मिल्ने भनी यकिन गरेपछि मैले सो जग्गा प्रचलीत कानून बमोजिम रजिष्ट्रेशन लिखत पारित गरी लाग्ने राजश्व बुझाई रु. ४,००,०००।— मा खरिद गरेको हुँ। उक्त जग्गा सार्वजनिक सरकारी प्रकृतिका हुन भन्ने कुरा अनुसन्धानका क्रममा मलाई जानकारी भएकोले सरकारी सार्वजनिक जग्गा भए त्यस्ता जग्गाहरू पुनः नेपाल सरकारको नाममा कायम गर्नूपर्छ भन्ने समेत व्यहोराको नविन पौडेलले गरेको बयान कागज।

४९) **अच्युतराज श्रेष्ठको बयानः-**

मेरो बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र मिन बहादुर गुरुङ्गलगायतबाट मिति २०६३ साल मंसिर १४ गते खरिद गरेको कित्ता नं. ३४५, कित्ता नं. ३२८, कित्ता नं. ३३१ कित्ता नं. ३३९ का जग्गाहरू रहेका छन्। मैले उक्त जग्गाहरू डोरबाट राजीनामा लिखित गरी लिएको हुँ, सो जग्गा रु.बीस लाख दुई सयमा लिएको हुँ। मलाई यी जग्गाहरू सरकारी हुन भन्ने थाहा थिएन भन्ने समेत व्यहोराको अच्यूतराज श्रेष्ठले गरेको बयान।

५०) **विजेन्द्र जोशीको बयानः-**

मेरो नाममा बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ३५ क्षे, कित्ता नं. ५१२, किता नं. १३५, किता नं. १२७ को जग्गा सुरुमा खरिद गर्दा मेरो नाममा पास गरिएको र मिति २०६६/५/१५ गते मेरो बुबा नुतन गोविन्द जोशीको नाममा नामसारी भएकोमा पुनः मिति २०७४।४।२० मा मेरो बुबाबाट मेरो नाममा पास भएको सो जग्गा कुमार रेग्मी, कामना गुरुङ, विवेक सुवेदी, मीन बहादुर गुरुङ्ग र संदिप ढकाल समेतबाट नामसारी भएको हो भन्ने समेत व्यहोराको विजेन्द्र जोशीले गरेको वयान।

५१) **प्रतिमा वैद्य प्रधानको बयानः-**

मेरो नाममा वालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं. ५३, ५५, ५७, ५९, ११८, ४९४, ४९५ र ४९८ का जग्गा रहेका छन। मैले यी जग्गाहरू भाटभटेनीको तर्फबाट कान्तिपथमा डोर बोलाई राजिनामा पास गरी रु. ९९,३१,२५०।- तिरेर लिएको थिएँ, त्यसबेला यो सरकारी जग्गा हो भनेर थाहा थिएन भन्ने समेत व्यहोराको प्रतिमा प्रधानले गरेको बयान।

५२) **बद्री लक्ष्मी श्रेष्ठको बयानः-**

मेरो नाममा वालुवाटारस्थित ललिता निवास क्याम्पभित्र कित्ता नं.१२५, ३४३, ५२६, ५२८ र ३२७ का जग्गा रहेका छन। मैले यी जग्गाहरू मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६६।०१।१० गते विना पोखरेलबाट राजिनामा पारित गरी रु.१५,२०,०००।— मा खरिद गरी लिएको हो। त्यसबेला यो सरकारी जग्गा हो भनेर थाहा थिएन भन्ने समेत व्यहोराको बद्री लक्ष्मी श्रेष्ठले गरेको बयान।

५३) सुनिती राणाको मृत्यु भैसकेको हुँदा निजको मृत्यु दर्ताको प्रमाणपत्रको फोटोकपी मिसिलसाथ संलग्न गरिएको।

५४) **उपस्थित हुन आउने बारेको सार्वजनिक सूचनाः-**

कनक हर्बल, अगम ढुङ्गाना, प्रमोद शेरचन, रुपेस कुमार सुवेदी, मचाबाबु प्रजापति, अनिता देवी कंसाकार, सानुकान्छा भन्ने पञ्च नारायण महर्जन, विवेक कुमार सुवेदी, इन्दु शर्मा, सुष्मा बज्राचार्य (शाक्य), कामना गुरुङ्ग, रीता ओझा गौतम समेतको नाममा आयोगमा उपस्थित हुन आउनु भनी मिति २०७६।०५।१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना जारी गरिएकोमा निजहरू उपस्थित हुन नआएको।

तालिका नं. १०

ललिता निवास क्याम्पभित्रका जग्गाहरूको विभिन्न बैंक तथा वित्तीय संस्थामा राखिएको धितोको विवरण

क्र.सं.	बैंकको नाम	जग्गाधनीको नाम	र.नं./मिति	रकम रु.	कैफियत
१	आइ.एम.ई.फा. इन्स्टिच्युसन	उमाकुमारी ढकाल माधवी सुवेदी	र.नं. २३९६ मिति २०६७।११।३	७२५८०००	
			र.नं. ८२८ मिति २०६७।६।२५	१९०००००	
२	नेपाल बैंक लिमिटेड	भारती पाण्डे	र.नं. ७०५ क मिति २०७३।२।२६	१००००००	
३	यति डेभलपमेन्ट	नविन पौडेल	र.नं. ४१७क	४९०००००	

	बैंक		मिति २०७०।७।४		
४	नेपाल इन्भेष्टमेन्ट बैंक	पुरुषोत्तम पौडेल	र.नं. १७१८ग मिति २०६३।१०।२३	२६००००००	
			र.नं. १६७५क मिति २०७२।३।२४	४३१०००००	
५	युनिक फाइनासन्स इन्स्टिच्युसनल	मन्ती गोर्खाली	र.नं. १२१क मिति २०६७।१२।२२	२०००००००	
६	ग्लोबल आई.एम.ई.बैंक	शोभाकान्त, उमा कुमारी	र.नं. ८१८क मिति २०७०।१०।८	३७५०००००	
७	लक्ष्मी बैंक	सरला गुरुङ	र.नं. १११०क मिति २०७१।१०।१९	१८३५०००००	
८	लक्ष्मी बैंक	कामना गुरुङ	र.नं. ११०८क मिति २०७१।१०।१९	१४३५०००००	
९	हिमालयन बैंक	संगीता कोठारी राखेचा	र.नं. ७८५क मिति २०७३।३।१६	३३१०००००	
१०	लक्ष्मी बैंक	कल्याण गुरुङ	र.नं. ११०९क मिति २०७१।१०।१९	१४३५०००००	
११	आर्या तारा बचत तथा ऋण स.सं.लि.	केशव तुलाधर	र.नं. ७८७क मिति २०७३।३।१६	२०००००००	हाल फुकुवा
१२	युनिक फाइनान्स इन्स्टिच्युसनल	बद्री लक्ष्मी श्रेष्ठ	र.नं. ८०२ग मिति २०६६।३।२६	१०००००००	
१३	बैंक अफ एशिया नेपाल	प्रविण ताम्राकार	र.नं. ९२७७ग मिति २०६५।११।२८	७५७८१२५	
१४	नेपाल इन्भेष्टमेन्ट बैंक	विवेक कुमार सुवेदी	र.नं. १४८४० मिति २०६१।१२।२९	१०००००००	हाल फुकुवा
१५	एन.आई.डि.सी. डेभलपमेन्ट बैंक	डि.एल.एफ.डेभलपर्स	र.नं. १३२९क मिति २०७१।१।२	१५०००००००	हाल फुकुवा
१६	काष्ठमाण्डप डेभलपमेन्ट बैंक	नितू गुरुङ	र.नं. ४४३क मिति २०७०।७।११	१४०००००	
१७	नेपाल डेभलपमेन्ट एण्ड इमपलायमेन्ट प्रोमशन बैंक	नुतन श्रेष्ठ	र.नं. १६९ग मिति २०६४।४।१४	२००००००	
१८	प्राइम कमर्सियल	सन्ध्या शाक्य	र.नं. १४७०क मिति २०७१।२।११	१८२०००००	
			र.नं.२५३६	६००००००	

	बैंक		मिति २०६६।१०।११		
१९	किष्ट बैंक	सरस्वती घले गुरुङ र सरला गुरुङ	र.नं. ३७६क मिति २०६८।८।६	१०००००००	
२०	नेपाल इन्भेष्टमेन्ट बैंक	इन्दु शर्मा	र.नं. १६६३क मिति २०७२।३।१७	४३१०००००	
			र.नं. २५५३ग मिति २०६४।१।२३	२६०००००००	
२१	यति डेभलपमेन्ट बैंक	संदिप ढकाल	र.नं. ८०५क मिति २०७१।९।३	४९०००००	
जम्मा				**२,४१,६९,३६,१२५।-**	

३. अनुसन्धानबाट देखिएको वस्तुस्थितिको विश्लेषणः

व्यवस्थापिका संसद अन्तर्गतको सुशासन तथा अनुगमन समितिको पत्रसाथ प्राप्त निर्देशन, विभिन्न व्यक्तिहरूको नामबाट आयोगमा दर्ता भएका उजुरी निवेदनहरू, नेपाल सरकारले गठन गरेको शारदा प्रसाद त्रितालको संयोजकत्वमा रहेको छानविन समितिको सिफारिस समेतको आधारमा काठमाण्डौं जिल्ला साविक हाँडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निवास क्याम्पभित्र पर्ने २९९-९-२-० रोपनी जग्गाका सम्बन्धमा देहायका विवादित प्रश्नहरूमा केन्द्रित भई विश्लेषण गर्नुपर्ने देखियो ।

- साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललित निवास क्याप्पभित्र पर्ने २९९ रोपनी जग्गा तत्कालीन अवस्थामा सरकारले राजनैतिक पूर्वाग्रहबाट जफत गरिलिएको हो वा सम्बन्धित जग्गाधनीहरूलाई कानून बमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति (मुआब्जा) समेत दिई कानून बमोजिमको प्रक्रिया पूरा गरी सरकारी प्रयोजनका लागि अधिग्रहण गरी लिई सरकारीकरण गरेको हो ?
- तत्कालीन सरकारले प्रजातन्त्रको पुनर्स्थापनापश्चात् राजनैतिक पूर्वाग्रहबाट हरण भएका व्यक्तिविशेषका जग्गाहरू गृहमन्त्रालयबाट छानविन गरी हदबन्दीभित्रको भए सम्बन्धित जग्गाधनीलाई फिर्ता दिने र सोभन्दा बढी भए कानून बमोजिमको क्षतिपूर्ति दिने भनी

वि.स.२०४७ सालमा विभिन्न मितिमा ३ फरक-फरक निर्णय गरेको पृष्ठभूमिमा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.न. १०२४ र मि.न. १०२५ बाट मिति २०४९/७/२५ र मिति २०४९/९/२३ मा ललिता निवास क्पाम्पभित्रका ११२ रोपनी भन्दाबढी जग्गा जफत भएको थियो भनी सुवर्ण शम्शेरका हकदारलाई फिर्ता दिनेगरी भएको निर्णय कानून सम्मत हो, होइन ?

- पूरानो श्रेष्ता अनुसार व्यक्तिविशेषको नाममा फिर्ता भई श्रेस्ता पूर्जा कायम भइसकेका ललिता निवास क्याम्पभित्रका ११२ रोपनीभन्दा बढी जग्गाको पुनः नाप नक्सा हुँदा तत्कालीन श्री ५ को सरकार, समरजङ्ग कम्पनीको नाममा दर्ता श्रेष्ता कायम भएको अवस्थामा मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६०/९/१५ मा उक्त जग्गाको सरकारी लगत कट्टा गरी व्यक्तिविशेषको नाममा श्रेष्ता पूर्जा अद्यावधिक हुनेगरी हालसाविक गर्ने गरी भएको निर्णय कानून सम्मत थियो वा थिएन ?
- मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६२/२/२ मा साविक नगर २३ स कि.न. २६ क्षे.फ. ०-१२-२-० को जग्गा सुनिती राणाको नाममा छुट जग्गा दर्ता तथा हालसाविक गर्ने गरी भएको निर्णय गैह्रकानूनी थियो वा थिएन ?
- काठमाण्डौं जिल्ला बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने नाममा मिति २०६६/१२/१९, मिति २०६७/३/२८ मा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नका लागि तयार गरी स्वीकृत भएको प्रस्ताव तथा सोही सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६७/०१/२७मा नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नका लागि तयार भई स्वीकृत भएको प्रस्ताव सम्बन्धित मन्त्रालयको क्षेत्राधिकारभित्रको र कानूनसम्मत् थियो वा थिएन ?
- वि.सं.२०६९ सालमा नेपाल सरकार समरजङ्ग कम्पनीको नाममा दर्ता श्रेष्ता कायम रहिरहेका साविक हाँडिगाँउ मौजा हा.नं. ४५६ को लगत भिड्ने सरकारी जग्गाको

सरकारको लगत कट्टा गरी पशुपति टिकिन्छा गुठीको नाममा श्रेष्ता कायम गरी व्यक्ति विशेषलाई मोही कायम गर्नको लागि गुठी संस्थान हुँदै भूमिसुधार मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरेको प्रस्ताव कानूनसम्मत् थियो वा थिएन ?

क) सान्दर्भिक कानूनी प्रावधानहरूः-

❖ **जग्गा प्राप्ति ऐन, २०१८**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ३ मा सार्वजनिक काम वा कर्पोरेशनका लागि जग्गा प्राप्त गर्न सकिने, दफा ६ मा सरोकारवाला व्यक्तिले उजूर गर्न पाउने, दफा ७, जग्गा लिने ठहर भएमा सूचना जारी गर्ने, दफा १० मा सरोकारवाला व्यक्तिलाई टाँस पूर्जि दिने, दफा १३ को उपदफा (२) मा क्षतिपूर्ति अंकको सम्बन्धमा श्री ५ सरकारले गरेको निर्णय अन्तिम हुने र त्यस्तो निर्णय उपर कुनै अदालतमा अपील, उजुर लाग्न नसक्ने, दफा १३ को उपदफा (३) मा सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट क्षतीपुर्ति दिने, दफा १३ को उपदफा (६) मा क्षतिपूर्तिको रकम बुझी नलिएमा सम्बन्धित अधिकारीले त्यस्तो रकम इलाकामाल अड्डामा धरौटी आम्दानी बाध्नु पर्ने त्यसको सूचना सरोकारवालालाई दिनुपर्ने, सूचना पाएको ६ महिनाभित्र रुपैयाँ दाबी गर्न नआएमा श्री ५ को सरकारको नाममा जम्मा हुने, ६ महिना नाघेको ३५ दिनभित्र रुपैया बुझी लिन नसकेको सन्तोषजनक कारण ठहऱ्याउन सकेको अवस्थामा बाहेक उक्त रुपैया श्री ५ को सरकारको हुने व्यस्था रहेको देखिन्छ।

सोही ऐनको दफा १६ मा कब्जामा लिने अधिकार अन्तर्गत, सरकारले कानून बमोजिम जग्गा कब्जामा लिएको मितिदेखि उक्त जग्गामा कसैको कुनै कुराको हकदैया कायम नरही जग्गा श्री ५ को सरकारको हुने, दफा १७ मा ऐन बमोजिम जग्गा सरकारको हुने भैसकेपछि त्यस्तो जग्गाको मालपोतको लगत काटिने र दफा १९ मा क्षतिपूर्तिको अंक कायम गर्दा उक्त मितिमा हुन सक्ने उचित र मुनासिव माफिकको मूल्य, जग्गावालाले व्यहोर्नु परेको

नोक्सानी तथा सरोकारवाला व्यक्तिलाई आफ्नो बसोवास छाडी अन्त जान कर लागेकोमा व्यहोर्नु पर्ने मनासिव माफिकको खर्च समेत विचार गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ।

यसबाट जग्गा प्राप्ति ऐन, २०१८ मा नेपाल सरकारलाई सार्वजनिक प्रयोजनका लागि आवश्यक पर्ने जग्गा सरकारले कानून बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित जग्गाधनीलाई पर्याप्त सुनुवाईको मौका र मनासिव माफिकको नोक्सानी, खर्च तथा क्षतिपूर्ति समेत दिई अधिग्रहण गरिलिन सक्ने र सरकारले त्यसरी अधिग्रहण गरिलिएको जग्गामा कसैको कुनै किसिमको हकदैया नलाग्ने समेतको व्यवस्था रहेबाट जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम सरकारले प्राप्त गरेको जग्गामा प्राप्त गरेको मितिदेखि कुनै किसिमको मोहीयानी हक समेत प्राप्त नहुने देखिन्छ।

❖ **जग्गा नाप जाँच ऐन, २०१९**

जग्गा नाप जाँच ऐन, २०१९ जारी भएपछि नेपालमा पहिलो नापी सुरु भएको हो। जग्गाको नापजाँचको क्रममा स्थलगत रुपमै नाप जाँच गरी प्राविधिकले नक्सा, क्षेत्रीय किताब (फिल्ड बुक), तत्कालीन प्राप्त प्रमाणका आधारमा जग्गाधनी दर्ता श्रेस्ता समेतका प्रमाण, अभिलेख तयार गरिने प्रबन्ध रहेकोमा त्यस्तो क्षेत्रीय किताबमा सम्बन्धित जग्गाको विवरण, क्षेत्रफल, प्रकृति, चौहद्दी, जग्गाधनी र मोहीको विवरण तथा कैफियत समेत खुलाउने गरिएको देखिन्छ।

❖ **भूमि सम्बन्धी ऐन, २०२१**

भूमि सम्बन्धी ऐन, २०२१ जारी भएर लागू भएपछि उक्त ऐनमा नेपालभरिका जग्गाधनीहरूले आफ्नो स्वामित्वका सम्पूर्ण घर-जग्गाको विवरण खुलाई ७ नं. अनुसूची भर्नुपर्ने, मोहीले आफूले कमाई आएको जग्गाको सम्बन्धमा १ र ३ नं. अनुसूचीहरू समेत भर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। ऐनमा जग्गाधनी र मोहीको हैसियतमा आफ्नो नाममा राख्न पाउने जग्गाको हदवन्दीको किटानी तथा मोही हक प्राप्ति र समाप्तिका प्रावधानहरू

समेतका व्यवस्था रहेको देखिन्छ। उक्त ऐनको दफा २५ को उपदफा (१) मा "यो दफा प्रारम्भ भएको मितिसम्म जग्गावालाको जग्गा मोहीको हैसियतले कमाई आएको व्यक्तिलाई सो जग्गामा यो परिच्छेद बमोजिमको मोही हक प्राप्त हुनेछ।" भन्ने समेतको व्यवस्था रहेकोमा सोही ऐनको दफा २५ को उपदफा (४) को खण्ड (ग) मा नेपाल सरकारको स्वामित्व भएको जग्गा कमाउने व्यक्तिले मोही हक नपाउने भनी उल्लेख भएको देखिन्छ।

❖ **मालपोत ऐन, २०३४**

मालपोत ऐन, २०३४ मा जग्गा प्रशासन मालपोत कार्यालयबाट हुने, सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्न नहुने, दर्ता भएको भए मालपोत अधिकृतले त्यस्तो दर्ताको लगत कट्टा गरी पुनः सरकारको नाममा कायम गर्नुपर्ने व्यवस्था समेत रहेको देखिन्छ। (दफा २४ को उपदफा (२)

❖ **गुठी सम्बन्धी ऐन, २०३३**

गुठी संस्थान ऐन, २०३३ मा गुठी जग्गाको अभिलेख, दर्ता तथा गुठी जग्गाको प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गुठी संस्थानले गर्ने भनी उल्लेख भएको देखिन्छ।

❖ **जग्गा प्राप्ति ऐन, २०३४**

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३१ मा "यस ऐनबमोजिम प्राप्त गरिएको कुनै जग्गालाई जग्गा प्राप्त गरिएको प्रयोजनमा नल्याएसम्म नेपाल सरकार वा संस्थाले कबुलियत गराई कसैलाई दिन सक्नेछ । त्यसरी जग्गा कमाएको नाताले जग्गा कमाउने व्यक्तिलाई प्रचलित कानूनीबमोजिम मोहीयानी हक प्राप्त हुने छैन।" भनी उल्लेख भएको देखिएबाट जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम सार्वजनिक प्रयोजनका लागि सरकारले अरु कसैको स्वामित्वमा रहेको जग्गा अधिग्रहण गरी लिन सक्ने र यसरी अधिग्रहण गरी प्राप्त गरेको जग्गामा कसैलाई मोहीयानी हक प्राप्त नहुने समेतको व्यवस्था रहेको देखिन्छ।

❖ **जग्गा प्रशासन निर्देशिका, २०५८**

जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ७७ मा "नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम दर्ता नेपाल सरकारले कुनै व्यक्ति, संघ संस्थाको नाममा दर्ता गरिदिने निर्णय भएकोमा निर्णय बमोजिम दर्ता गरी निर्णयमा कुनै शर्त उल्लेख भएकोमा सो व्यहोरा श्रेस्ता पूर्जामा जनाउनु पर्छ। नेपाल सरकारको नाममा दर्ता भै सकेको जग्गा दर्ता हुने भए पाउनेका नाममा दाखिल खारेज दर्ता गर्ने र भोग अधिकार सम्म दिएको भए नेपाल सरकारको दर्ता श्रेस्तामा भोग गर्न पाउने कित्तामा सोही व्यहोरा जनाई सो को प्रतिलिपि पाउने व्यक्ति वा संस्थालाई दिनुपर्छ।" भन्ने व्यस्था भएबाट नेपाल सरकारको नाममा दर्ता भैसकेको जग्गा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले मात्र दाखिल खारेज गर्न सकिने देखिन्छ। त्यस्तै सोही निर्देशिकामा छुट जग्गा दर्ताको प्रक्रिया र कार्यविधि, जग्गा हालसाविक गर्ने सम्बन्धी व्यस्था, जग्गाधनी र मोहीको स्वामित्वको हक हस्तान्तरण सम्बन्धी व्यवस्थाको बारेमा समेत उल्लेख भएको देखिन्छ।

सोही निर्देशिकाको दफा ३५८. मा "हालवालाको नामबाट दाखिल खारेजः नामसारी भएपछि नेपाल सरकार वा आयोजनालेजग्गा कब्जामा लिएको मितिदेखि स्वतः लगत कट्टा भएको ठहरिने जग्गा प्राप्ति ऐनले ब्यवस्था गरेको हुँदा त्यस्तो प्राप्त भएको जग्गा हाल पारित नामसारी दाखिल खारेज गराई लिनेको हक नहुने हुँदा जति सुकै पटक स्वामित्व सारेको भए पनि हालवालाको नामबाट प्राप्त गर्ने निकायका नाममा दाखिल खारेज गरी हाल जग्गावाला व्यक्तिलाई जानकारी दिनुपर्छ र त्यस्तो जग्गा हालवालाका नाउँमा जग्गा रोक्का भए रोक्का राख्ने निकायलाई समेत जानकारी समेत दिनुपर्छ।" भन्ने व्यवस्था रहेको देखिन्छ।

❖ **सर्वोच्च अदालतको मिति २०५३।६।८ को आदेशः**

सर्वोच्च अदालतको विशेष इजलासको सम्वत २०५१ सालको रिट नं.२५५० निवेदक अधिवक्ता बालकृष्ण न्यौपाने र विपक्षी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत

भएको मुद्दाको मिति २०५३।०६।०८ गते भएको आदेशमा *"मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले गरेको नीतिगत निर्णय बाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रक्रियामा अथवा सामूहिक रुपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारीता, बेवास्ता, ढिलासुस्ती, अक्षमता इत्यादि अख्तियार दुरुपयोगको विषयमा चाँही अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्य उपर कारबाही चलाउन दफा ४ को उपदफा (४) को व्यवस्थाले बाधा नदिने हुँदा अरु विवेचना गर्नु परेन।"* भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ।

उल्लेखित कानूनी प्रवन्धहरू तथा अदालतबाट भएको फैसलाहरू समेतलाई दृष्टिगत गरी माथि उल्लेखित प्रश्नहरूको सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न मिति २०१७।०३।२९ गते भूमि प्रशासन कार्यालयबाट पारित भएको र.नं. १५४७ को हालैदेखिको बकस पत्र, मिति २०१८ फाल्गुण १९ गते मा प्रकाशित सुवर्ण शम्शेर ज.ब.रा ललिता निवास काठमाण्डौं समेतको नाउँमा जारी भएको उपस्थित हुन आउने बारेको सूचना, मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित जग्गा अधिग्रहण गर्ने बारेको सूचना, मिति २०२१|०९|०६ को जग्गा क्षतिपूर्ति लिन आउने बारेको सूचना, अंचलाधीशको अफिस, बागमती अंचलको मिति २०२३।०६।०७ गतेकोको क्षतिपूर्ति लिन आउने बारेको सूचना, मिति २०२५ माघ ८ गते गोरखापत्रमा प्रकाशित बुझ्न बाँकी मुआब्जा रकम भूमि प्रशासन कार्यालयको धरौटी राखिदिएको सूचना, मेजिष्ट्रेट अफिस, काठमाण्डौंको घर कम्पाउण्ड सरकारीकरण भएको भन्ने व्यहोराको मिति २०२२।०२।२४ को सूचना समेतका कागज प्रमाणहरूको अध्ययन विश्लेषण गरी हेर्दा, मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित जग्गा अधिग्रहण गर्ने बारेको सूचनामा प्रकाशित भएबमोजिमकाः-

(१) महाविर भवन, नक्साल, काठमाण्डौं १५४-४-२-० र सो जग्गामा रहेको सबै घरहरू,

(२) हरिहर भवन, ललितपुर पुल्चोकको २४०-१-२-० जग्गा र जग्गामा रहेका सबै घरहरू,

(३) सीताभवन, नक्साल काठमाण्डौंको ११९-१२-३-० जग्गा र सोमा रहेका सबै घरहरू,

(४) लक्ष्मी निवास, महाराजगंजको २५८-१४-०-० जग्गा र सोमा रहेको सबै घरहरू,

(५) बबरमहल कुरिया गाउँ २५३-३-३-१ जग्गामध्ये भरत शम्शेरको भागको घर र जग्गा १२-१२-२-० श्री ५ को सरकार लागिसकेकाले (जफत भइसकेको) सो कट्टा गरी बाँकी रोपनी २४०-५-३-१ रोपनी जग्गा र सोमा रहेका सबै घरहरू,

(६) ललिता निवास, बालुवाटारको २९९-९-२-० जग्गामध्ये सुवर्ण शम्शेर र कंचन शम्शेरको भागमा रहेको १४-११-०-० जग्गा श्री ५ को सरकार लागिसकेकोले (जफत भएको) सो कट्टा गरी बाँकी २८४-१४-३-० जग्गा र सोमा रहेका सबै घरहरू।

समेत गरी काठमाण्डौं उपत्यकाभित्रका ६ वटा घर कम्पाउण्डहरू एकै पटक एउटै प्रक्रियाद्वारा सरकारले अधिग्रहण गरेको देखिएकोमा माथि उल्लिखित घर दरबारहरू सोही समयदेखि सरकारीकरण भई हालसम्म अनवरतरुपमा सरकारी स्वामित्व र भोगमा रहेको तथ्य निर्विवादित देखिन्छ। आयोगमा उजुरी परी यसै अनुसन्धानसँग सम्बन्धित काठमाण्डौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको जग्गा समेत माथि उल्लिखित मिति २०२१।०८।१७ को राजपत्रमा प्रकाशित उक्त सूचनाको छैठौं बुँदामा परेको देखिन्छ।

यसरी हालसम्मको अनुसन्धानको सिलसिलामा संकलित मिसिल संलग्न मिति २०१७।०३।२९ गते भूमि प्रशासन कार्यालयबाट पारित भएको र.नं. १५४७ को हालैदेखिको बकस पत्र, मिति २०१८ फाल्गुण १९ गते मा प्रकाशित सुवर्ण शम्शेर ज.ब.रा ललिता निवास काठमाण्डौं समेतको नाउँमा जारी भएको उपस्थित हुन आउने बारेको सूचना, मिति २०२१।०८।१७ को नेपाल गजेटमा प्रकाशित जग्गा अधिग्रहण गर्ने बारेको सूचना, मिति २०२१|०९|०६ को जग्गा क्षतिपूर्ति लिन आउने बारेको सूचना, अंचलाधीशको अफिस, बागमती अंचलको मिति २०२३।०६।०७ गतेकोको क्षतिपूर्ति लिन आउने बारेको सूचना, मिति २०२५ माघ ८ गते

गोरखापत्रमा प्रकाशित बुझ्न बाँकी मुआब्जा रकम भूमि प्रशासन कार्यालयको धरौटी राखिदिएको सूचना, मेजिष्ट्रेट अफिस, काठमाण्डौंको घर कम्पाउण्ड सरकारीकरण भएको भन्ने व्यहोराको मिति २०२२।०२।२४ को सूचना, कनक शम्शेरले साविक नगर ४ कि.नं. २५ क्षे.फ. ८-०-०-० रोपनी जग्गा रु. ४५,८८२।६९ मा खरिद गरी आफ्नो नाममा श्रेस्ता कायम गरिपाउँ भन्ने समेत व्यहोराको निवेदन, बागमती अंचलाधीश कार्यालयको श्री ५ को सरकारको नाममा लालपूर्जा बनाइदिने भन्ने समेत व्यहोराको पत्र, प्रतिवादीहरूको बयान, अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको कागजको व्यहोरा साथै सम्बन्धित निकायहरूबाट प्राप्त विवरण सहितका प्रमाण कागजातहरूको अध्ययन विश्लेषण गरी हेर्दा,

साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निवास क्याम्पभित्रका क्षेत्रफल २९९-९-२-० रोपनी जग्गामध्येको क्षेत्रफल २८४-१४-३-० रोपनी जग्गा तत्कालीन श्री ५ को सरकारले प्रचलित नेपाल कानून बमोजिमका सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी सम्बन्धित जग्गाधनीहरूलाई आफ्नो दाबी प्रस्तुत गर्नका लागि पर्याप्त सुनुवाईको मौका समेत दिई कानून बमोजिमको क्षतिपूर्ति निर्धारण गरी सो क्षतिपूर्ति लिन आउनू भनी पटक-पटक सार्वजनिक सूचना जारी गरी सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम अधिग्रहण गरी लिएको र त्यसमध्येको ६० रोपनी जग्गा मिति २०२२/११/२१ मा राष्ट्र बैंकलाई प्रदान गरी र बाँकी क्षेत्रफल २१२-१५-२.५ रोपनी जग्गा श्री समरजंग कम्पनीको रेखदेखमा रहने गरी निर्णय भएको र समरजंग कम्पनीले विभिन्न ४७ जना किसानलाई सरकारले चाहेको बखत फिर्ता गर्ने र जग्गाको आयस्ता आफूलाई बुझाउने शर्तमा कमाउन दिएको देखिएकोमा समरजंग कम्पनीको रेखदेखमा रहेको उल्लेखितत जग्गाहरूमध्ये तत्कालीन श्री ५ को सरकारको मिति २०२२।०४।१० को निर्णयबाट सरकारले खरिद गरेकै मूल्य तिर्नेगरी मे.क. कनक शम्शेरलाई ८ रोपनी जग्गाको मोल रू.४५,८८२।६९ मा बिक्री गरेको, त्यसैमध्येको ८ रोपनी जग्गा तत्कालीन सरकारले दामोदर उपाध्याय समेतका व्यक्तिहरूलाई दिनेगरी निर्णय गरेको

देखिएकोमा वि.सं. २०२३ सालतिर सुरू नापी हुँदा कायम भएका क्षेत्रीय किताबमा उक्त ललिता निवास क्याम्पभित्रका जग्गाहरूमा श्री ५ को सरकार जग्गाधनी कायम गरी सबैजसो कित्ता जग्गाको कैफियत महलमा यो जग्गा श्री ५ को सरकारको हो, मैले समरजंग कम्पनीलाई आयस्ता बुझाई कमाई आएको छु भन्ने समेतको व्यहोरा उल्लेख भएको त्यसमध्येका केही कित्ता जग्गाहरूमा मिति २०४२/०१/१८ को गुठी संस्थानको पत्रको आधारमा गुठीको नाममा श्रेस्ता कायम गरेको देखिन्छ भने बाँकी कित्ता जग्गाहरूमा श्री ५ को सरकार जग्गाधनी कायम रहिरहेको देखिन्छ।

नक्सा नं. १

साबिक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने ललिता निबास क्याम्प क्षेत्र

साविक ललिता निवास क्याम्प क्षेत्र



१:२,०००

नक्सा नं.१ मा साविक ललिता निवास अन्तर्गत नाप नक्सा भएको साविक नगर २३ क्ष, २३ ह र २३ स का नक्सा देखाईएको छ, जसमा विशिष्ट व्यक्तिहरूको निवास आकाशे निलो रंगले जनाईएको छ। नेपाल राष्ट्र बैंकको उत्तर तर्फआकाशे निलो रंगले जनाईएको क्षेत्र प्रधानमन्त्री र प्रधानन्यायाधिस निवास परिसर रहेको छ भने सो बैंकको दक्षिण पश्चिममा अवस्थित आकाशे निलो रंगले जनाईएको क्षेत्र राष्ट्रिय सभा अध्यक्षको निवास परिसर रहेको छ। साविक नक्सा अनुसार कुन कुन कित्तामा विशिष्ट व्यक्तिहरूको निवास पर्दछन भनि यकिन भई श्रेस्ता कायम नभएकोले साविक नक्सामा देखाईएको विशिष्ट व्यक्तिको निवास क्षेत्र तलको नक्सामा नक्साकंन गरिएको निवास क्षेत्रलाई आधार लिइएको हो।

वि.सं. २०१७ सालपछिको प्रजातन्त्रको पुनःस्थापनाको आन्दोलनमा संलग्न भएबापत राजनीतिक कारणले सरकारबाट हरण भएका जग्गा फिर्ता दिने भन्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट २०४७ सालमा भएका निर्णयहरू, मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. १०२४ मिति २०४९/०७/२५ को निर्णय, मि.नं. १०२५ मिति २०४९/०७/२५ को निर्णय, तत्कालीन श्री ५ को सरकारको मिति २०२२।०४।१० को मे.क. कनक शम्शेरलाई ८ रोपनी जग्गा बिक्री गर्ने सम्बन्धी निर्णय र सोको जानकारी, मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं.१०२४ मिति २०४९/०९/२३ को निर्णय, मि.नं.१०२५ मिति २०४९/०९/२३ को निर्णय समेतका आधार, प्रमाण, कागजातहरू, उल्लेखित निर्णय प्रक्रियामा संलग्न व्यक्तिहरूको बयान व्यहोरा, अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको कागज, सम्बन्धित निकायहरूबाट प्राप्त विवरण सहितका कागजातहरूको अध्ययन विश्लेषण गरी हेर्दा मालपोत कार्यालय, डिल्लीबजारको मि.नं.१०२४ र मि.नं.१०२५ बाट मिति २०४९/०७/२५ र मिति २०४९/०९/२३ मा ललिता निवास क्याम्पभित्रका तत्कालीन सरकाकारले कानून वमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरी कानून वमोजिमको सुनुवाईको मौका र क्षतिपूर्ति समेत दिई

अधिग्रहण गरी प्राप्त गरेको साविक हाँडिगाउँ मौजा हा.नं. ४५६ को लगत भिड्ने क्षे.फ. २८४-१४-३-० रोपनी जग्गाको प्रतिरोपनी रु.५,७३५।३४ का दरले जम्मा हुन आउने रकम रु.१६,३३,९२२।१९ क्षतिपूर्ति समेत दिई प्राप्त गरी मिति २०२२/०२/२४ देखि सरकारीकरण भएका सरकारी जग्गाहरू सुवर्ण शम्शेरका हकदारहरू रुक्म शम्शेर जबरा समेतका ५ जनालाई जग्गाधनी र अन्य ४७ जना अनाधिकृत र कृत्रिम व्यक्तिहरूलाई मोही खडा गरी-गराई जग्गा प्राप्ति ऐन, २०१८, भूमि सम्बन्धी ऐन, २०२१ तथा मालपोत ऐनमा व्यवस्थित सान्दर्भिक कानूनी प्रावधानहरूको बर्खिलाप हुनेगरी व्यक्तिविशेषको नाममा फिर्ता गरे-गराएको देखिन्छ।

नक्सा नं. २

वि.सं. २०४९ मा गैह्रकानूनीरुपमा फिर्ता दिएको जग्गा

साविक ललिता निवास क्याम्प क्षेत्र



१:२,०००

नक्सा नं.२ मा आकाशे निलो रंगले जनाईएको क्षेत्र विशिष्ट व्यक्तिहरूको निवास परिसर रहेको छ भने हरियो रंगले जनाईएको क्षेत्र मालपोत कार्यालय, काठमाण्डौंबाट मिति २०४९।०७।२५ र मिति २०४९।९।२३ को मि.नं.१०२४ र १०२५ को निर्णयबाट व्यक्तिविशेषहरूलाई गैह्रकानूनी तवरले फिर्ता गरिएको जग्गाहरू हुन। यस नक्सामा देखिएअनुसार व्यक्तिविशेषलाई जग्गा फिर्ता गर्दा साविक नगर २३ क्ष कि.नं.१८ र साविक नगर २३ ह कि.नं.८ मध्येबाट विशिष्ट व्यक्तिहरूको निवास रहेको र सरकारी भोगचलनमा रहेको जग्गा समेत फिर्ता गरिएको देखिन्छ।

सरकारी जग्गा व्यक्तिविशेषलाई फिर्ता दिने निर्णय गरिसकेपछि त्यसको लगतै जग्गा फिर्ता दिने निर्णय प्रक्रियामा संलग्न मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत कलाधर देउजा मालपोत अधिकृत सुरेन्द्र मान कपाली, नायब सुब्बा जगत प्रसाद पुडासैनी र खरिदार युक्त प्रसाद श्रेष्ठ तथा भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन कर्मचारी, पदाधिकारीहरू महानिर्देशक मुकुन्द प्रसाद आचार्य, शाखा अधिकृतद्वय धर्म प्रसाद गौतम र प्रेम बहादुर खापुङका परिवारका सदस्य र नजिकैका नातेदारहरू एवं विद्या पौडेल गौतम, उर्मिला शाह, भुवन कुमारी चापागाईं, सोदा कुमारी चापागाईं, रामकल्याण अधिकारी र रामनाथ घिमिरेले गैह्रकानूनीरुपमा फिर्ता दिएको जग्गामध्येबाट जग्गा फिर्ता गरिलिने कार्यमा संलग्न सुनिती राणा, शैलजा राणा समेतका व्यक्तिहरूको नामबाट हालैदेखिको बकसपत्रको लिखत पारित गरी-गराई कमिसनको रुपमा जग्गा बकस गरिलिएको देखिन्छ।

त्यसरी जग्गा बकस गरिलिनेहरूमध्ये निर्मला देवी श्रेष्ठ, विद्या पौडेल गौतम, शशिकला सुब्बा, उर्मिला शाह, भुवन कुमारी चापागाईं, सोदा कुमारी चापागाईं र मोहन प्रसाद भट्टराई समेतका सात जना व्यक्तिहरूले मिति २०५०/०२/२९ मा पारित लिखतबाट जग्गा प्राप्त गरेको देखिन्छ। जसमध्ये निर्मला देवी श्रेष्ठ, मोहन प्रसाद भट्टराई र शशिकला सुब्बा मिति २०४९/०७/२५ र मिति २०४९/०९/२३ मा गैह्रकानूनी रुपमा फिर्ता दिने निर्णय प्रक्रियामा संलग्न कर्मचारीहरू क्रमशः

मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन खरिदार युक्त प्रसाद श्रेष्ठ, भूमिसुधार तथा व्यवस्थापन विभागका शाखा अधिकृतद्वय धर्म प्रसाद गौतम र प्रेम बहादुर खापुङका नजिकैका नातेदारहरू रहेको देखिएकोमा सोही मिति २०५०/०२/२९ मा मालपोत कार्यालय डिल्लीबजारबाट खटिई गएको उही डोरमार्फत ती नै जग्गाधनीहरूबाट उही साक्षीहरू (रामनाथ घिमिरे र राम कल्याण अधिकारी समेत) राखी उस्तै प्रकृतिको हालैदेखिको बकसपत्रको लिखतमार्फत उर्मिला शाह, भुवन कुमारी चापागाईं, सोदा कुमारी चापागाईं र विद्या पौडेल गौतमले जग्गा गैह्रकानूनी फिर्ता भएको मिति २०४९/०९/२३ बाट जम्मा आठ दिनभित्रमा (२०४९/१०/२) मा तयार भएको र मिति २०५०/०२/२९ मा पारित भएको लिखतबाट आफू समेतको नाममा ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा प्राप्त गरेको देखियो।

यसरी, आठ दिनभित्रको अवधिमा उक्त प्रकरणमा संलग्नता र सरोकार नभएका स्वतन्त्र व्यक्तिहरूले जग्गाधनी भनिएका राणा परिवारलाई खुसी बनाई, रिझाई क्षेत्रफल ६-९-०-० रोपनी जग्गा हालैदेखिको बकसपत्र मार्फत प्राप्त गरेको हो भनी विश्वास गर्नसक्ने स्पष्ट आधार र ठोस प्रमाण समेत नदेखिएको तथा निजहरूले आयोगका अनुसन्धान अधिकृतसमक्ष गरेको वयानमा समेत आफूहरूले दाता भनिएका राणाहरूबाट ६ रोपनीभन्दा बढी जग्गा बकस पाउनुपर्ने आधार र कारण खुलाउन नसकी गोलमटोल जवाफ लेखे-लेखाएको देखिएकोले बकसमार्फत जग्गा प्राप्त गर्ने निजहरू उर्मिला शाह, भुवन कुमारी चापागाईं, सोदा कुमारी चापागाईं र विद्या पौडेल गौतम गैह्रकानूनी रुपमा जग्गा फिर्ता गर्ने कार्यमा प्रत्यक्ष संलग्न कर्मचारीहरूका आफन्त भएको नदेखिए तापनि निजहरू निर्दोष हुन् भनी माथि विवेचित आधार, कारण र मिसिल संलग्न रहेको हालैदेखिको बकसपत्रको लिखत समेतका परिस्थितिजन्य प्रमाणहरूबाट विश्वास गर्नसक्ने अवस्था देखिँदैन।

त्यसैगरी बकसमार्फत जग्गा प्राप्त गर्नेमध्येका रामनाथ घिमिरे र रामकल्याण अधिकारीहरूको जग्गा गैह्रकानूनी रुपमा फिर्ता दिने कार्यमा संलग्नता भएको भनी हाटक शम्शेर ज.ब.रा. समेतले आयोग समक्ष गरेको वयानमा खुलाएको तथा राम कल्याण अधिकारी स्वयम्ले आयोग समक्ष गरेको वयानमा

समेत आफ्नो संलग्नता स्वीकार गरेको र रामनाथ घिमिरेले आयोगबाट जारी भएको म्याद सूचनाभित्र आयोगमा उपस्थित नभई म्याद गुजारी बसेको देखिएकोबाट समेत उल्लेखित गैह्रकानूनी निर्णय प्रक्रियामा निजहरूको संलग्नता पुष्टि हुन आयो।

मालपोत कार्यालय, डिल्लीबजार, नापी कार्यालय, डिल्लीबजार समेतबाट प्राप्त कागजात, अनुसन्धानको क्रममा लिइएको संलग्न व्यक्तिहरूको बयान ब्यहोरा समेतबाट पुनः नापीमा तत्कालीन श्री ५ को सरकार, समरजंग कम्पनीको नाममा नाप नक्सा भई फिल्डबुक कायम भई नेपाल सरकार, समरजंग कम्पनीको नाममा जग्गाधनी दर्ता श्रेस्ता र प्रमाण पूर्जा समेत कायम भएका ललिता निवास क्याम्प, बालुवाटारभित्रका ११२ रोपनी भन्दाबढी सरकारी जग्गाहरू भूमिसुधार तथा व्यवस्थापन विभाग समेतको सहमतिमा मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारबाट मिति २०६०/०९/१५ मा सुवर्ण शम्शेरका हकदारहरू सुनिती राणा, शैलजा राणा, हाटक शम्शेर, हेमन शम्शेर र रुक्म शम्शेर समेतका व्यक्तिहरूका नाममा जग्गा प्रशासन निर्देशिका, २०५८ को प्रावधान विपरित नेपाल सरकारको नामको लगत कट्टा गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पेश गर्नुपर्नेमा सो नगरी आफ्नो पद र कार्यालयको क्षेत्राधिकार समेत नाघी गैह्रकानूनीरुपमा सरकारी जग्गाको हालसाविक गरी व्यक्तिविशेषलाई जग्गाधनी प्रमाण पूर्जा समेत दिएको देखियो।

मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. ११४ मिति २०६२/०२/०३ को छुट जग्गा दर्ता सम्बन्धी सक्कलै मिसिल, उल्लिखित जग्गा दर्ता प्रक्रियमा संलग्न व्यक्तिहरूको बयान ब्यहोरा समेतबाट काठमाण्डौं जिल्ला बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रको सरकारले अधिग्रहण गरी आफ्नो नाममा कायम गरेको, साविक नगर २३ स कि.नं. १६ मध्येको कि.नं. २५ क्षे.फ. ८-०-०-० रोपनी जग्गा कनक समशरलाई बिक्री गरेपछि नेपाल सरकारको नाममा बाँकी रहेको ऐ.ऐ. को कि.नं. २६ क्षे.फ. ०-१२-२-० रोपनीको हाल नगर ४ सिट नं. १०२-१०२-१०२५-१५ कि.नं. १११ र ४८ का जग्गाहरू मालपोत कार्यालय, काठमाण्डौं, डिल्लीबजारको मि.नं. ११४ मिति २०६२/०२/०३ बाट मालपोत ऐन, २०३४ को बर्खिलाप हुनेगरी गैह्रकानूनी रुपमा सुनिती

राणाको नाममा हालसाविक, नामसारी र छुट जग्गा दर्ता गर्ने निर्णय गरी जग्गाधनी प्रमाण पूर्जा दिएको देखियो।

नक्सा नं. ३

वि.सं. २०६२ सालमा गरिएको छुट जग्गा दर्ता

साविक ललिता निवास क्याम्प क्षेत्र



१:२,०००

नक्सा नं.३ मा साविक नगर २३ स कि.नं.१६ देखाईएको छ, जुन कित्ताकाट भई कि.नं.२५ र कि.नं.२६ बनाईएको छ। कि.नं.२५ गुलाफी रातो रंगले जनाईएको कनक समसेरलाई तत्कालिन सरकारले अधिग्रहण गर्दा दिइएको मुआब्जाको दर अनुसारकै रकममा बिक्री गरी बाँकी कि.नं.२६ तत्कालिन श्री ५ को सरकारको नाममा कायम गर्ने निर्णय भएको देखिन्छ। यस कि.नं.२६ को जग्गा मालपोत कार्यालय, काठमाण्डौंबाट मिति २०६२।२।३ मा सुनिती राणाको नाममा गैह्रकानूनी छुट दर्ता गराएको देखिन्छ।

मिति २०६६/१२/२९, मिति २०६७/०१/३१ र मिति २०६७/०४/२८ गतेका नेपाल सरकारका निर्णयहरू, सो सम्बन्धमा सम्बन्धित मन्त्रलायबाट तयार गरिएको प्रस्तावहरू तथा संलग्न पदाधिकारी, कर्मचारीहरूको बयान व्यहोरा समेतको अध्ययन, विश्लेषण गरी हेर्दा, काठमाण्डौं बालुवाटारस्थित विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने सम्बन्धमा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६६/१२/२९ मा बालुवाटारस्थित प्रधानमन्त्री निवासको दक्षिणतर्फ परिसर विस्तार गर्ने कार्य गुरुयोजना वमोजिम गरिएको भनिए तापनि भवन निर्माण सम्भार डिभिजन कार्यालयको सुरु टिप्पणीको "मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने व्यहोरा" को बुँदा नं. १ मा नेपाल सरकार समरजंग कम्पनीको नाममा मोही जनिएको ललिता निवास क्याम्प क्षेत्रभित्रको जम्मा क्षेत्रफल यकिन गरी सोमा मोही भाग कट्टा गरी बाँकी रहने क्षेत्रफल एवम् साविक बाटो तथा राजकूलोको क्षेत्रफल यकिन गरी कूल क्षेत्रफल १४-१०-३-२.५ रोपनी किटान भएपश्चात् मात्र विस्तारित क्षेत्रको क्षेत्रफल १४-१०-३-२.५ रोपनी हुने भनी किटान गरेको देखिएबाट उक्त विस्तार गुरुयोजनाबाट निर्देशित नभई ललिता निवास क्याम्पभित्र नेपाल सरकारका नाममा दर्ता श्रेस्ता कायम भई विभिन्न व्यक्तिहरूलाई मोही रहेको भनीएको जग्गाहरूमा ती व्यक्तिहरूको मोहियानी हक प्राप्त हुने कानूनी आधार नरहेकोले सरकारी, सार्वजनिक जग्गामा मोहियानी हक प्राप्त नहुने प्रचलित कानूनी प्रावधानलाई छल्नको लागि घुमाउरो बाटोबाट अनाधिकृत व्यक्तिहरूलाई सरकारी जग्गामा स्वामित्व स्थापित गराउने निहित उद्देश्यले प्रेरित भई विशिष्ट

व्यक्तिहरूको निवास विस्तार गर्ने नाममा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउनका लागि सरकारी, सार्वजनिक जग्गामा मोहीको अस्तित्व स्वीकार गरी ड्राइभर भाइचा समेत **तालिका नं.२** को सि.नं.५ देखि ६२ सम्मका गरी ५८ जना कृत्रिम व्यक्तिहरूलाई मोही खडा गरी-गराई गलत लिखत तयार गरी गराई सरकारी, सार्वजनिक जग्गा व्यक्तिविशेषको नाममा कायम गराउने दुषित मनशायबाट अभिप्रेरित भई आफ्नो निकायको क्षेत्राधिकार समेत नाघी प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्नका स्वीकृति प्रदान गरेको समेत देखिन्छ।

सरकारले जुनसुकै प्रयोजनका लागि जग्गा प्राप्ति/अधिग्रहण गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्नुपर्ने प्रचलित कानूनी व्यवस्था भएकोमा विशिष्ट व्यक्तिहरूको बालुवाटारस्थित निवास परिसर विस्तार गर्ने क्रममा उक्त कानूनी प्रावधानको पालना नहुनु, जग्गा सम्बन्धी अभिलेख माग गरी विवरण तयार गर्दा र मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव तयार गर्ने लगायतका जग्गा प्रशासनसँग सम्बन्धित कार्यमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई संलग्न नगराइनु, भूमिसुधार कार्यालय, काठमाण्डौंको च.नं. ५१४० मिति २०६६/१०/१५ को विवरण पठाएको सम्बन्धमा प्रेषित पत्रमा १४ जना मोही तथा तिनका हकदारहरूले निवेदन पेश गरी कारबाही चलिरहेको भनी स्पष्ट उल्लेख गरिएको देखिएको अवस्थामा समेत सोको अनदेखा गरी विवरणमा उल्लेखित व्यक्तिहरूलाई मोहीको हैसियतले प्रस्तावमा नाम समावेश गरी तिनलाई समेत जग्गा सट्टाभर्ना दिने व्यवस्था गर्नु, सम्बन्धित मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट पठाएको विवरणमा पारस्पारिक सामञ्जस्यता नमिलेको अवस्थामा सो विषयमा स्पष्ट नभई मनोगत ढंगले मोहीको विवरण तयार गर्नु, मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट पठाएको विवरणमा मोही उल्लेख भएको नदेखिएको अवस्थामा राजकुलो एवं विशिष्ट व्यक्तिहरूको निवास क्षेत्र रहेको जग्गामा समेत तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालय र सो अन्तर्गतका निकायबाट तयार गरिएको विवरणमा व्यक्तिविषेशलाई मोही भनी गलत लिखत गर्नु जस्ता कार्यहरू गरेको देखिएबाट उल्लेखित प्रस्ताव विशिष्ट व्यक्तिहरूको निवास विस्तार

गर्नको लागि आवश्यक पर्ने जग्गाको प्रबन्ध गर्नभन्दा सरकारी, सार्वजनिक जग्गामा घुमाउरो बाटोबाट मोहियानी हक दिलाउनेतर्फ केन्द्रित भएको स्पष्ट देखिन्छ।

त्यसक्रममा प्रधान न्यायाधीश निवास तथा सभाध्यक्षको निवासको कम्पाउण्ड फोडी सोभित्रको जग्गा समेत प्रयोग गरी मूल सडकसम्म बाटोको पहुँच पुर्याएको देखिएकोमा उक्त बाटो विशिष्ट व्यक्तिको निवास क्षेत्रको सुरक्षाको दृष्टिकोणले खोलिएको भए बाटोको बाहिरी किनारामा पर्खाल, कम्पाउण्ड लगाई बाटोलाई विस्तार क्षेत्रभित्र पार्नु पर्नेमा उल्टै विस्तार क्षेत्र र उक्त बाटोको बीचमा ठुलो पर्खाल लगाई छुट्याइएको देखिएबाट समेत उक्त कार्य सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा सुरक्षाको दृष्टिकोणले नभई व्यक्ति विषेशलाई अनुचित फाइदा पुर्याउने गरी विस्तारित निवास क्षेत्रलाई निजी घर जग्गाहरूसंग छुट्याउनको लागि बीचमा ८ मिटर चौडाई भएको बाटो खोल्ने भनी तयार गरिएको प्रस्ताव विशिष्ट व्यक्तिको निवास क्षेत्रको सुरक्षाको दृष्टिकोणले भन्दा पनि विस्तारित क्षेत्रसंग जोडिएको निजी प्लटिङ्ग भित्र रहेका घर घडेरीमा बाटोको पहुँच पुर्याउने निहित उद्देश्यबाट प्रेरित भई तयार भएको देखिन्छ।

तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले तयार गरी पेश गरेको प्रस्ताव बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६६/१२/२९ मा भएको निर्णयमा विशिष्ट व्यक्तिहरूको निवास विस्तार गर्ने क्रममा मोहीको हिस्सामा पर्ने जग्गा र परिसर विस्तार गर्दा विस्तारित क्षेत्रमा पर्ने जग्गाको सोधभर्ना र सट्टापट्टा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने भनी निर्णय भएपश्चात् उक्त निर्णय कार्यान्वयन गर्ने गराउने क्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तयार गरी पेश गरेको प्रस्तावमा मन्त्रिपरिषद्बाट मिति २०६७/०१/३१ मा निर्णय भएको देखिन्छ। मन्त्रिपरिषद्मा पेश गर्नको लागि तयार गरी स्विकृत भएको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प्रस्तावमा भौतिक योजना तथा निर्माण मन्त्रालयले तयार गरेको प्रस्ताव बमोजिम नै नेपाल सरकार जग्गाधनी भएका सरकारी र सार्वजनिक जग्गामा व्यक्तिविशेषलाई मोहीको हैसियत दिने गरी प्रचलित कानूनी प्रावधानको वर्खिलाप हुने गरी प्रस्ताव तयार भएको देखिन्छ। साथै, मोही

सम्बन्धी निर्णय गर्ने सम्बन्धित भूमिसुधार कार्यालयलाई निर्णय कार्यान्वयनका क्रममा नियतवश नै संलग्न नगराई जग्गाधनी र मोहीको हक, स्वामित्व, जग्गाको सट्टाभर्ना, प्लट मिलान जस्ता विषयहरू मालपोत कार्यालय काठमाण्डौं, डिल्लीबजारले गर्ने भनी कार्यालय नै किटान गरी प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराएको देखिएबाट सरकारी, सार्वजनिक जग्गामा अनाधिकृत व्यक्तिहरूलाई मोही खडा गराउने तथा सरकारी सार्वजनिक जग्गा मस्यौट गर्ने गराउने कार्यमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतका कर्मचारी, पदाधिकारीहरूको समेत प्रत्यक्ष संलग्नता रहेको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/१२/२९ र २०६७/०१/३१ को निर्णय कार्यान्वयन गर्ने क्रममा उल्लिखित निर्णयहरूमा मानवीय भूलवश त्रुटि हुन गएको भनी भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट टिप्पणी उठान भई सोही बमोजिम प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरेको र प्रस्ताव बमोजिम नै मन्त्रिपरिषद्बाट मिति २०६७/०४/२८ मा निर्णय भई उक्त निर्णयको कार्यान्वयन नापी कार्यालय काठमाण्डौं, डिल्लीबजार र मालपोत कार्यालय काठमाण्डौं डिल्लीबजारले गरेको देखिन्छ।

